कक्षा तीनको खस भाषाको स्थानीय पाठ्यपुस्तकको प्रयोग सान्दर्भिकता

रणबहादुर रावत

नेपाली शिक्षा विषयमा दर्शनाचार्य (एम. फिल.) उपाधिका लागि प्रस्तुत

शोधप्रबन्ध

त्रिभुवन विश्वविद्यालय

शिक्षाशास्त्र सङ्काय, डिनको कार्यालय

ग्राजुएट स्कुल अफ एजुकेसन

कीर्तिपुर, काठमाडौं

२०८३/२०२६

कक्षा तीनको खस भाषाको स्थानीय पाठ्यपुस्तकको प्रयोग सान्दर्भिकता

रणबहादुर रावत

शिक्षा शास्त्र संकाय
डीनको कार्यालय
ग्राजुएट स्कूल अफ एजुकेसन
कीर्तिपुर

नेपाली शिक्षा विषयमा दर्शनाचार्य (एम. फिल.) उपाधिका लागि प्रस्तुत

शोधप्रबन्ध

त्रिभुवन विश्वविद्यालय

शिक्षाशास्त्र सङ्काय, डिनको कार्यालय

ग्राजुएट स्कुल अफ एजुकेसन

कीर्तिपुर, काठमाडौं

२०८३ / २०२६

कक्षा तीनको खस भाषाको स्थानीय पाठ्यपुस्तकको प्रयोग सान्दर्भिकता

रणबहादुर रावत

रोल नं : ३१/२०८१

त्रि. वि. दर्ता नम्बर : ९-२-५७-१२५७-२००५

शिक्षा शास्त्र संकाय
डीनको कार्यालय
ग्राजुएट स्कुल अफ एजुकेशन
कीर्तिपुर

नेपाली शिक्षा विषयमा दर्शनाचार्य (एम. फिल.) उपाधिका लागि प्रस्तुत

शोधप्रबन्ध

शोधनिर्देशक

डा. राजेन्द्र खनाल

त्रिभुवन विश्वविद्यालय

त्रिभुवन विश्वविद्यालय

शिक्षाशास्त्र सङ्काय, डिनको कार्यालय

ग्राजुएट स्कुल अफ एजुकेसन

कीर्तिपुर, काठमाडौँ

२०८३ / २०२६

शोधार्थीको प्रतिबद्धता

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, ग्राजुएट स्कुल अफ एजुकेसनमा नेपाली शिक्षा विषयअन्तर्गत दर्शनाचार्य (एम. फिल.) उपाधिको निम्ति प्रस्तुत *कक्षा तीनको खस भाषाको स्थानीय पाठ्यपुस्तकको प्रयोग सान्दर्भिकता* शीर्षकको अनुसन्धान शोधनिर्देशकको कुशल निर्देशनमा तयार पारिएको नितान्त मौलिक कार्य हो । प्राज्ञिक लेखनका आधारमा तयार गरिएको प्रस्तुत शोधप्रबन्धलाई अन्य कुनै पनि निकाय, सम्बन्ध उपाधि एवम् प्रयोजनका निम्ति उपयोग नगरिएको प्रतिबद्धता व्यक्त गर्दछु । प्रस्तुत प्रतिबद्धताका विरुद्ध कुनै प्रमाण भेटिएमा म त्यसप्रति पूर्णतः जावफदेही हुने छु ।

....

रणबहादुर रावत

(शोधार्थी)

मितिः २०८३ / ०२ / २२

June 05, 2026

शोधनिर्देशकको सिफारिस

कक्षा तीनको खस भाषाको स्थानीय पाठ्यपुस्तकको प्रयोग सान्दर्भिकता शीर्षकको प्रस्तुत शोधप्रबन्ध रणबहादुर रावतद्वारा मेरो प्रत्यक्ष निर्देशनमा तयार पारिएको हो । अनुसन्धान चेतको प्रयोग गर्दै अनुसन्धानका मापदण्ड पूरा गरी सम्पन्न गरिएको प्रस्तुत शोधप्रबन्ध आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय ग्राजुएट स्कुल अफ एजुकेसनमा पेस गर्न सिफारिस गर्दछु ।

....

उपप्रा. डा. राजेन्द्र खनाल

(शोधनिर्देशक)

ग्राजुएट स्कुल अफ एजुकेसन

शिक्षाशास्त्र सङ्काय

त्रि.वि. , कीर्तिपुर

मितिः २०८३ / ०२ / २२

June 05, 2026

स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय ग्राजुएट स्कुल अफ एजुकेसनअन्तर्गत दर्शनाचार्य (एम. फिल.) उपाधिको प्रयोजनार्थ रणबहादुर रावतद्वारा तयार पारिएको प्रस्तुत *कक्षा तीनको खस भाषाको स्थानीय पाठ्यपुस्तकको प्रयोग सान्दर्भिकता* शीर्षकको यो शोधप्रबन्ध नेपाली शिक्षा विषयमा दर्शनाचार्य (एम. फिल.) उपाधिका लागि उपयुक्त देखिएकाले स्वीकृत गरिएको छ ।

शोधप्रबन्ध मूल्याङ्कन समिति

क्र. स.	नामथर	हस्ताक्षर
१.	उपप्रा. डा. राजेन्द्र खनाल (शोधनिर्देशक)	....
२.	प्रा. डा. पारसमणि भण्डारी (बाह्य परीक्षक)	....
३.	सहप्रा. डा. रविन्द्र शिवाकोटी (निर्देशक : ग्राजुएट स्कुल अफ एजुकेसन)	....
४.	प्रा. डा. वेदराज आचार्य (डीन तथा अध्यक्ष अनुसन्धान समिति) शिक्षाशास्त्र सङ्काय	....

शिक्षा शास्त्र संकाय
डीनको कार्यलय
ग्राजुएट स्कूल अफ एजुकेशन
कीर्तिपुर

मिति : २०८३ / ०२ / २६

June 09, 2026

कृतज्ञताज्ञापन

प्रस्तुत शोधप्रबन्धलाई वर्तमान स्वरूपसम्म पुऱ्याउने सिलसिलामा प्रत्यक्ष एवम् परोक्ष रूपमा सहयोग, सद्‌भाव र मार्गदर्शन प्रदान गर्नुहुने सम्पूर्ण महानुभावहरूप्रति म हृदयदेखि नै कृतज्ञता व्यक्त गर्दछु । सर्वप्रथम सुरुवातदेखि शोधपत्र तयार पार्दासम्म उपुयुक्त मार्ग निर्देशन दिँदै अनुसन्धान तथा लेखन कार्यलाई सफल बनाउन महत्त्वपूर्ण भूमिका प्रदान गर्नुभएका शोधनिर्देशक आदरणीय गुरु उपप्रा डा. राजेन्द्र खनालप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । उहाँको अगाध विद्‌त्ता, निरन्तरको उत्प्रेरणा, सूक्ष्म दृष्टि र विशिष्ट प्राज्ञिक मार्गदर्शनविना यस शोधकार्यले पूर्णता पाउने थिएन । उहाँको समय र दिशानिर्देश नै यस अनुसन्धानको सफलताको मुख्य आधार हो ।

शोधप्रबन्धमा प्राज्ञिक बिमर्श गरी अमूल्य सुझाव प्रदान गर्नुका साथै शोधप्रबन्धलाई मूल्याङ्कनको तराजुमा अन्तिम फैसला गर्नुहुने शिक्षाशास्त्र सङ्कायका डीन आदरणीय व्यक्तित्व प्रा. डा. वेदराज आचार्यप्रति विशेष कृतज्ञता प्रकट गर्दछु । शोधयात्राको क्रममा प्रशासनिक एवम् प्राज्ञिक वातावरण निर्माण गर्न सहयोग गर्नुहुने ग्राजुएट स्कुल अफ एजुकेसनका निर्देशक सहप्रा. डा. रविन्द्र शिवाकोटीप्रति विशेष आभारी छु । प्रस्तुत शोधप्रबन्धमाथि गहन टिप्पणी र परिमार्जनका लागि महत्त्वपूर्ण सुझाव दिनुहुने बाह्य परीक्षक प्रा. डा. पारसमणि भण्डारीप्रति हार्दिक आभार प्रकट गर्दछु । शोधलाई परिष्कृत बनाउन अमूल्य सुझाव प्रदान गर्नुहुने आन्तरिक मूल्याङ्कनकर्ता सहप्रा. डा. हर्कबहादुर शाही, डा. कुश्मिला आचार्य र अनुसन्धान समिति सदस्य डा. हरिमाया शर्माप्रति हृदयदेखि अनुगृहीत छु ।

अनुसन्धानको सिलसिलामा सदैव सकरात्मक ऊर्जा, उत्प्रेरणा र आवश्यक सुझाव प्रदान गर्नुहुने आदरणीय गुरुहरू प्रा. डा. रामप्रसाद भट्टराई, उपप्रा. डा. दिनेश घिमिरेप्रति आभारी छु । भाषिक परिष्कार र परिमार्जनले शोधप्रबन्धलाई स्तरीय बनाउन अतुलनीय सहायता प्रदान गर्नुहुने आदरणीय गुरु उपप्रा. डा. प्रेमप्रसाद चौलागाईँप्रति कृतज्ञ छु । शोधको प्रारम्भदेखिका विभिन्न प्रक्रिया र चरणहरूमा गम्भीर चासोका साथ परामर्श तथा सल्लाह दिई आवश्यक सहयोग गर्ने आत्मीय मित्रहरू चन्द्रबहादुर बडुवाल, राजबहादुर कुँवर, नगेन्द्रप्रसाद आचार्य, राजन ढुङ्गानाप्रति नतमस्तक छु । तथ्य सङ्कलनको क्रममा कार्यक्षेत्रमा सहजीकरण गरिदिनुहुने रामचन्द्र बुढा, सिँजा गाउँपालिकाका अध्यक्ष पूर्णप्रसाद धिताल,

लालप्रसाद तिवारी तथा तथ्य र सूचना सङ्कलनमा अमूल्य समय व्यवस्थापन र तथ्य सङ्कलनमा सहयोग गर्नुहुने अनुसन्धानका सम्पूर्ण सहभागीहरूप्रति हार्दिक धन्यवाद अर्पण गर्दछु ।

अन्तमा मेरो अध्ययन तथा अनुसन्धानमा सदा हौसला तथा सहयोग प्रदान गर्नुहुने मेरा पूजनीय मातापिता बिउराकली रावत र कलिमान रावत, जीवनसंगिनी हरिकला वि.सी. , घरपरिवार र आफन्तजनप्रति हार्दिक आभार व्यक्त गर्दछु । अन्ततः प्रस्तुत अनुसन्धान यात्राको क्रममा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सघाउनुहुने सम्पूर्ण शुभेच्छुक महानुभावप्रति आभार प्रकट गर्दछु ।

रणबहादुर रावत

(शोधार्थी)

ईमेल : sanjeevktwoh@gmail. com

मिति : २० ८३ / ०२ / २२

June 05, 2026

शोधसार

प्रस्तुत शोधप्रबन्ध 'कक्षा तीनको खस भाषाको स्थानीय पाठ्यपुस्तकको प्रयोग सान्दर्भिकता' शीर्षकमा केन्द्रित रही तयार पारिएको छ। अनुसन्धान जुम्ला जिल्लाको सिँजा गाउँपालिकाले निर्माण गरी कार्यान्वयनको अभ्यास गरेको 'खस भाषा र संस्कृति' पाठ्यपुस्तकको विशेषता, प्रयोग अवस्था र सान्दर्भिकताको पहिचानसँग सम्बन्धित रहेको छ। आन्तरिक तथा बाह्य विशेषताका आधारमा कक्षा तीन 'खस भाषा र संस्कृति' पाठ्यपुस्तकको विश्लेषण गर्नु, खस भाषाको पाठ्यपुस्तकको निर्माण प्रक्रिया र प्रयोगको अवस्था पहिचान गर्नु र खस भाषाको पाठ्यपुस्तकको सान्दर्भिकता विश्लेषण गर्नु जस्ता उद्देश्यहरू राखिएको छ। गुणात्मक ढाँचाको सामान्य गुणात्मक विधि उपयोग गरिएको शोधप्रबन्धमा क्षेत्रकार्य र पाठ विश्लेषणका माध्यमबाट सङ्कलन गरिएका तथ्यहरूलाई विषयवस्तु (थिम) का आधारमा विश्लेषण गरी निष्कर्षमा पुगिएको छ। जुम्ला जिल्लाको सिँजा गाउँपालिकाभित्रका सामुदायिक विद्यालय, समुदाय र सरोकारवालामध्येबाट सुविधामूलक नमुना छनौट विधिका आधारमा सहभागी छनौट गरिएको अनुसन्धानमा तथ्य सङ्कलनका साधनको रूपमा लक्षित समूह छलफल तथा असंरचित अन्तर्वार्ताको प्रयोग गरिएको छ। पाठ विश्लेषण गर्न खस भाषा र संस्कृति कक्षा तीनको पाठ्यपुस्तक र खस भाषा र संस्कृति कक्षा १-३ पाठ्यक्रम तथा सन्दर्भ पुस्तकहरूको उपयोग गरिएको छ।

भिगोत्सीको सामाजिक निर्माणवादको सिद्धान्तलाई आधार मानेर विश्लेषण गरिएको शोधमा आन्तरिक संरचनात्मक विशेषताका आधारमा पाठ्यपुस्तकका कमजोरीहरू देखिएका छन् भने बाह्य विशेषता र संरचनाका दृष्टिले सन्तोषजनक रहेको पाइएको छ। सिँजाको सभ्यता र इतिहास, स्थानीय स्रोत तथा सम्पदा, पेसा तथा व्यवसाय, धर्म, संस्कृति, रीतिरिवाज, मान्यता, परम्पराको प्रचारप्रसार, पहिचान र संरक्षणका सवालमा पाठ्यपुस्तक उपयोगी हुने देखिन्छ। पाठ्यपुस्तक निर्माणका क्रममा नीतिगत व्यवस्था, विधि र प्रक्रियाको अवलम्बन नहुनु, शिक्षक लगायत सरोकारवालाहरूको सहभागितालाई व्यापक बनाउन नसक्नु, अभ्यास तथा चित्रको अप्रर्याप्तता र विविधताको कमी, विद्यार्थीको स्तर र क्षमता प्रतिकूलताको पाठ्यवस्तु, बालमनोविज्ञान र पाठ्यवस्तुको छनोट तथा

स्तरणमा बेवास्ता, कार्यान्वयनमा स्थानीय तहको सक्रियताको कमी हुनु आदि पाठ्यपुस्तकका दुर्बलता रहेको देखिन्छ । स्थानीय तह पूर्ण सक्रिय र जिम्मेवार बनी पाठ्यपुस्तक निर्माणका नीति, विधि र प्रक्रियालाई पच्छ्याएर सरोकारवाला सबैलाई सहभागी गराइ पाठ्यपुस्तकका आन्तरिक तथा बाह्य संरचनात्मक विशेषताहरूमा आवश्यक सुधार तथा परिमार्जन गरी स्तरीय बनाएर पुनः प्रयोगयोग्य बनाएमा पाठ्यपुस्तक सान्दर्भिक हुने निष्कर्ष अनुसन्धानबाट प्राप्त भएको छ ।

विषय सूची

शोधार्थीको प्रतिबद्धता क

शोधनिर्देशकको सिफारिस ख

स्वीकृतिपत्र ग

कृतज्ञताज्ञापन घ

शोधसार च

अध्याय एक १

परिचय १

पृष्ठभूमि १

समस्या कथन ७

अनुसन्धान उद्देश्य ९

अनुसन्धान प्रश्न ९

अध्ययनको औचित्य १०

शोधप्रबन्धको रूपरेखा १२

अध्याय दुई पूर्वकार्यको पुनरवलोकन १३

  पाठ्यपुस्तकको आन्तरिक संरचनात्मक पुनरवलोकन १३

  पाठ्यपुस्तकको बाह्य संरचनात्मक पुनरवलोकन २२

  पाठ्यपुस्तक निर्माण प्रक्रियासम्बन्धी पुनरावलोका २४

  पाठ्यपुस्तकको उपयोगितासम्बन्धी पुनरवलोकन २७

  पाठ्यपुस्तकको प्रयोग अवस्थासम्बन्धी पुनरवलोकन ३३

सैद्धान्तिक अवधारणा ४२

  अवधारणात्मक ढाँचा ४४

अध्याय तीन अनुसन्धान विधि र प्रक्रिया ४६

  सत्य शास्त्र ४६

  ज्ञानशास्त्र ४६

  मूल्यशास्त्र ४७

  विधिशास्त्र ४७

    सहभागी ४९

    तथ्यको स्रोत ५१

तथ्य सङ्कलनका साधन ५१
तथ्य सङ्कलन प्रक्रिया ५२
नतिजा विश्लेषण र प्रस्तुतीकरण ५३
अनुसन्धानको नैतिकता ५३
अध्याय चार ५५
संरचनात्मक विशेषताका आधारमा कक्षा तीनको खस भाषाको पाठ्यपुस्तक ५५
स्थानीय पाठ्यपुस्तकमा समाविष्ट पाठ्यवस्तु ५५
पाठ्यपुस्तकमा प्रयुक्त चित्र ६८
बाह्य आधारमा चित्र ६८
आन्तरिक पक्षका आधारमा विश्लेषण ७३
विषयवस्तुको छनोट र स्तरण ८३
छनोट ८४
स्तरण ९०
शब्दभण्डार र वाक्य ९२
पाठ्यपुस्तकमा समाविष्ट अभ्यास ९७
पाठ्यपुस्तकको बाह्य संरचना १०२
बनोट १०२
छपाइ र बँधाइ १०२
कागजको स्तर १०३
मूल्य र सुलभता १०४
अध्याय पाँच १०६
खस भाषा पाठ्यपुस्तकको निर्माण, प्रयोग, प्रयोगका चुनौती र सान्दर्भिकता १०६
पाठ्यपुस्तकको निर्माण प्रक्रिया १०६
पाठ्यपुस्तक निर्माण सहभागिता ११०
पाठ्यपुस्तकको प्रयोग अवस्था ११६
पाठ्यपुस्तक प्रयोगका चुनौती १२१
स्थानीय आवश्यकता १२३
भाषिक सांस्कृतिक पहिचान १२५
शिक्षक अभिभावकको अनुभव १२८
पाठ्यपुस्तकको उपयोगिता १३०

पाठ्यपुस्तकको सान्दर्भिकता १३९

अध्याय छ नतिजा र छलफल १४४

पाठ्यपुस्तकको स्वरूप १४४

पाठ्यपुस्तक निर्माण प्रक्रिया र सहभागिता १४८

पाठ्यपुस्तकको प्रयोग अवस्था १५१

उपयोगिता र सान्दर्भिकता १५३

अध्याय सात निष्कर्ष र सुझाव १५८

निष्कर्ष १५८

सुझाव १६२

सन्दर्भ सामग्री १६४

परिशिष्ट एक : शोधार्थीको व्यक्तिगत विवरण १७५

परिशिष्ट दुई : अनुसन्धानमा उपयोग गरिएका पाठ्यपुस्तक तथा पाठ्यक्रम १७६

परिशिष्ट चार : अन्तर्वार्ता तथा छलफलमा सोधिएका असंरचित प्रश्नावली १८२

परिशिष्ट पाँच : अन्तर्वार्ता तथा छलफलको लिप्यन्तरणअंश १८७

अध्याय एक

परिचय

प्रस्तुत अध्यायको पृष्ठभूमिअन्तर्गत खस भाषा, ऐतिहासिक पृष्ठभूमि र खस भाषाको प्रयोग क्षेत्रको उल्लेख गरिएको छ। त्यस्तै कक्षा तीनका विद्यार्थीहरूका लागि तयार पारिएको खस भाषाको पाठ्यपुस्तक प्रयोगको सन्दर्भ र मातृभाषा शिक्षा तथा स्थानीय पाठ्यपुस्तक प्रयोगको नीतिगत व्यवस्थावारे उल्लेख गरिएको छ। त्यस्तै पाठ्यपुस्तकको संरचना, प्रयोगको अवस्था र प्रयोगको सान्दर्भिकता सम्बन्धी तीनओटा उद्देश्य रहेको अनुसन्धान उद्देश्य राखिएको छ। त्यस्तै अनुसन्धान प्रश्न तथा अध्ययनको सीमाङ्कन्, अध्ययनको औचित्य र शोधप्रबन्धको रूपरेखाका विषयहरू यस अध्यायमा उल्लेख गरिएको छ।

पृष्ठभूमि

प्रस्तुत अनुसन्धान 'कक्षा तीनको खस भाषाको स्थानीय पाठ्यपुस्तकको प्रयोग सान्दर्भिकता' शीर्षकमा केन्द्रित रहेको छ। खस भाषाको उद्गम थलो जुम्ला जिल्लाको सिँजा गाउँपालिकाभित्रका विद्यालयहरूमा कार्यान्वयनमा आएको कक्षा तीन खस भाषाको स्थानीय पाठ्यपुस्तकको विशेषता, निर्माण प्रक्रिया, प्रयोग अवस्था र सान्दर्भिकताको अध्ययन र विश्लेषणमा अनुसन्धान केन्द्रित रहेको छ। अनुसन्धेय पाठ्यपुस्तक खस भाषामा तयार पारिएको छ जुन भाषा नेपाली भाषाको पनि जननी भाषा मानिन्छ। नेपाली भाषाको माउ भाषा खस भएको तथ्यलाई विभिन्न विद्वान्हरूले स्वीकार गरेका छन्। नेपाली भाषाको उत्पत्तिको वर्णन गर्ने सन्दर्भमा लम्साल (२०६८) भन्छन् : "नेपाली भाषाको उत्पत्तिका सम्बन्धमा विभिन्न विद्वान्हरूको विभन्न मत विभिन्न किसिमले व्यक्त भए पनि समग्रः नेपाली भाषा संस्कृत भाषाबाट उत्पन्न खस प्राकृतअन्तर्गत खस अपभ्रंशबाट विकसित आधुनिक आर्य भाषा हो भन्ने निष्कर्ष निस्कन्छ " (पृ. ५)। नेपाली भाषाको उत्पत्ति र विकास खस भाषाबाट भएको मान्यतालाई गौतम र चौलागाई (२०७०) ले आफ्नो पुस्तकमा यसरी उल्लेख गरेका छन् " नेपाली भाषाको उत्पत्ति स्थल कर्णाली अञ्चलको सिञ्जा क्षेत्र हो। यो क्षेत्र खस भाषाको स्थल हो। खस भाषाबाट विकसित भएकाले प्रारम्भमा नेपाली भाषालाई पनि खस भाषाकै नाम दिइएको पाइन्छ" (पृ. ३८७)। नेपाली भाषाको

पूर्वरूप मानिएको खस भाषा कर्णालीमा हालसम्म पनि अस्तित्वमा रहेको देखिन्छ भने जनसाधारणले खस भाषामै अन्तरसंवाद एवम् विचार विनिमय गर्ने गरेको पाइन्छ। यसको संरक्षण र विकासमा समयमै उचित योगदान पुऱ्याउन नसकेमा यसको अस्तित्व नै सङ्कटमा पर्ने देखिन्छ ।

खस भाषाको जति ऐतिहासिक महत्त्व छ खस संस्कृतिको पनि उत्तिकै ऐतिहासिक महत्त्व छ। खस भाषाको ऐतिहासिक स्थितिबारे बानियाँ (सन २०२१) ले उल्लेख गरेका छन् "खस एउटा अलगै भाषा, धर्म, संस्कृति र सभ्यता भएको जाति थियो। उसका आफ्नै मौलिक परम्परा र रीतिरिवाजहरू थिए। खसहरूको आफ्नै धर्म थियो, आफ्नै भाषा थियो, आफ्नै संस्कृति र सभ्यता थियो" (पृ. २)। आफ्नै भाषा सांस्कृतिक इतिहास रहेको खसहरूको खस संस्कृतिका विषयमा गिरी (सन २०२१) ले वैदिक देवताहरूका पूजनको परम्पराका सट्टा खसहरूले तिनमा प्राकृतिक तत्त्व र मष्टो, जगन्नाथ, महाबै, नौ बहिनी मालिका आदि स्थानीय देवदेवीको पूजा गर्ने र मागल, फाग, सगुन, धमारी आदि संस्कारसँग सम्बन्धित गीतहरू गाउने प्रचलन रहेको उल्लेख गरेका छन्।

खसहरूको प्राचीन भाषा र यस खाले संस्कृतिहरू खस क्षेत्र तथा खस समाजमा विद्यमान पनि रहिआएकाले यसको संरक्षण तथा विकासका लागि पनि यस सम्बन्धी विषयहरूको पठनपाठन व्यवस्था हुन जरुरी देखिन्छ। नेपालको संविधान २०७२ को धारा ५१ (ग) ३ मा उल्लेख छ " ऐतिहासिक, पुरातात्त्विक तथा सांस्कृतिक सम्पदाको संरक्षण, संवर्धन र विकासका लागि अध्ययन, अनुसन्धान, उत्खनन तथा प्रचार प्रसार गर्ने" (पृ . २१)। यसरी आफ्नो भाषा र संस्कृतिको संरक्षण र विकासका लागि पठनपाठनको व्यवस्था गर्नु, प्रचारप्रसार गर्नु जो कोही मातृभाषीको कर्तव्य हुन आउँछ।

भाषा र संस्कृतिको केन्द्र मानिँदै आएको कर्णाली र सेरोफेरोका क्षेत्रमा बोलिँदै आएको खस भाषाका सन्दर्भमा निरौला, (२०७२) ले आफ्नो अनुसन्धानमा यस्तो उल्लेख गरेका छन् " जुम्ली भाषिकाको बोधगम्यता हुम्ला, मुगु, डोल्पा, कालिकोट र सुर्खेतमा सबैभन्दा बढी १०० प्रतिशत नै रहेको देखिन्छ।.... दार्चुलामा सबैभन्दा कम ६३ प्रतिशत र वैतडी, डडेल्धुरा तथा रुकुममा क्रमशः७०, ६७, ७७ प्रतिशत बोधगम्यता रहेको देखिन्छ" (पृ. १६८)। बोधगम्यतामा कुनै अन्तर नआउनु भनेको एउटै भाषा प्रयोग सरह नै हुने भएकाले कर्णालीमा खस भाषाको प्रयोग व्यापक र अन्य परिधीय क्षेत्रमा केही मात्रामा गरिन्छ भन्ने प्रस्ट हुन्छ। भाषा आयोगको वार्षिक प्रतिवेदन (२०८०) मा उल्लेख भएअनुसार खस

भाषाका वक्ता ११७५११ अर्थात् नेपालको कुल जनसङ्ख्याको ०.४ प्रतिशतले बोल्ने गरेको देखाएको छ। राष्ट्रिय जनगणना २०७८ को प्रदेश जनसाङ्खिक प्रतिवेदन ले कर्णाली प्रदेशका ६.३ प्रतिशत जनसङ्ख्याले खस भाषाको प्रयोग गरेको देखाएको छ।

वर्तमान समयसम्म खस क्षेत्रका हरेक बालबालिकाहरूले समेत खस भाषालाई नै आफ्नो मातृभाषाको रूपमा सिक्दै, प्रयोग गर्दै आइरहेका छन् भने खस भाषा र संस्कृतिलाई अवलम्बन गर्दै आइरहेका छन्। बन्धु (२०७८) को भनाइमा "सिँजा र त्यसका वरिपरिका ठाउँ जुम्ला, हुम्ला, मुगु, तिब्रीकोट जिल्लाहरूमा सिँजाली बोलिन्छ र यस क्षेत्रको शिक्षा, प्रसार र प्रशासनमा नेपालीको उपयोग हुन्छ " (पृ. ११)। २०२८ मा चूडामणि बन्धुले गरेको अध्ययन निष्कर्षले खस क्षेत्रमा खस भाषालाई प्रयोग व्यवहारमा ल्याएको र स्तरीय नेपालीको प्रयोग शिक्षा प्रशासन क्षेत्रमा मात्र गर्ने गरेको देखाइएको छ। यो अवस्था अहिलेसम्म पनि कायम छ भन्न सकिन्छ। वर्तमानमा पनि स्तरीय नेपाली भाषालाई औपचारिक स्थान र परिवेशमा मात्र प्रयोग गर्ने गरेको देखिन्छ।

औपचारिक संस्थाहरूमध्ये विद्यालयमा विद्यार्थीहरूले खस भाषाको स्थानमा स्तरीय नेपालीको प्रयोग गरिरहेको र खस भाषी विद्यार्थीहरूले नेपाली भाषालाई दोस्रो भाषासरह सिकिरहेको परिप्रेक्षमा खस भाषामा विद्यार्थीले पढ्न पाउनुपर्ने आवश्यकता देखिन्छ। बालबालिकाले मातृभाषाको उपयोग गर्न पाउने अधिकार सुनिश्चित गरिएको बालअधिकार महासन्धि १९८९ को धारा ३० मा भनिएको छ "जातिगत, धार्मिक, भाषिक अल्पसङ्ख्यकहरू वा आदिवासी मूलका व्यक्तिहरू रहेका राष्ट्रहरूमा त्यस्ता अल्पसङ्ख्यक वा आदिवासीका बालबालिकालाई आफ्ना समूहका अन्य सदस्यअरूसँग मिलेर आफ्नो संस्कृतिको उपयोग गर्ने, आफ्नो धर्मको अवलम्बन तथा अभ्यास गर्ने वा आफ्नै भाषा प्रयोग गर्ने अधिकारबाट वञ्चित गरिने छैन " (पृ. १६)।

मातृभाषा प्रयोग गर्न पाउने अधिकारका विषयमा नेपाल सरकार पाठ्यक्रम विकास केन्द्र (२०७६) मा यस्तो उल्लेख छ " मातृभाषामा सिक्न पाउने बाल अधिकार सुनिश्चित गर्न विद्यालय तहमा मातृभाषालाई विषय र सिकाइको माध्यम भाषाका रूपमा प्रयोग गर्न सकिने छ" (पृ. ३५)। त्यस्तै गरी बालबालिकालाई मातृभाषामा सिक्न पाउने नीतिगत प्रक्रियाका सवालमा नेपाल सरकार शिक्षा मन्त्रालय (२०६६) मा भनिएको छ " सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा मातृभाषामा दिन सकिने

छ" (पृ. ३) । विभिन्न नीतिगत व्यवस्थाहरूलाई निर्देशन गर्ने गरी मातृभाषामा शिक्षाका सन्दर्भमा नेपालको संविधान २०७२ को धारा ३१ को उपधारा ५ मा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हक हुने छ भन्ने उल्लेख छ ।

स्थानीय मातृभाषामा पठनपाठन कै सन्दर्भमा " नेपालमा ३३ भन्दा बढी मातृभाषामा पाठ्यक्रम र पाठ्यपुस्तक तयार भई कार्यान्वयन भएको तर १२४ भाषामा अन्य भाषामा विषयका रूपमा पठनपाठन हुन सकेको छैन " (भाषा आयोग, २०८२, पृ. ७९) । यसरी संविधानले दिएको अधिकारलाई सदुपयोग गर्दै केही स्थानीय तहहरूले पनि मातृभाषामा पाठ्यक्रम तथा पाठ्यपुस्तकहरू तयार पारी कार्यान्वयन गर्ने गरेको पाइन्छ । जुम्लामा पनि खसभाषा प्रतिको जागरण पैदा हुनुका साथै खस भाषामा पाठ्यक्रम तथा पाठ्यपुस्तकहरू तयार पारी पठनपाठनको अभ्यास भइहेको देखिन्छ । बुढा, (२०८०) का अनुसार “जुम्लाका चन्दननाथ नगरपालिका तथा सिँजा र तातोपानी गाउँपालिकाले खस भाषामा पाठ्यक्रम निर्माण गरी पढाउन थालेका छन् । अहिले ७१ विद्यालयका करिब १० हजार बालबालिका खस भाषामा पढ्छन्” (पृ. १) । २०७६ देखि खस भाषामा पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गरी कार्यान्वयनको प्रक्रियामा रहेको देखिन्छ । खस भाषाको अमूल्य इतिहास, कानुनी तथा नीतिगत व्यवस्था र वर्तमान अवस्थालाई मध्यनजर गर्दा नेपाली भाषाको जननी मानिने खस भाषाको संरक्षण र विकास गर्न तथा विद्यार्थीको रूचि एवम् सिकाइ सहजताका लागि पनि खस भाषामा पाठ्यक्रम तथा पाठ्यपुस्तकको निर्माण तथा प्रयोगको आवश्यकता देखिन्छ ।

इतिहासको संरक्षण र वर्तमानको सम्बोधनमा पाठ्यक्रम तथा पाठ्यपुस्तकको महत्त्वपूर्ण भूमिका रहन्छ । जसले विद्यार्थीको भाषिक तथा सामाजिक, सांस्कृतिक परिवेशको सम्बोधन गर्दै सिकाइलाई सहज र स्थायी बनाउन भूमिका खेल्छ । पाठ्यक्रमका विषयमा ढकाल (२०६४) ले भनेका छन् “शिक्षण तथा सिकाइलाई व्यवस्थित, सहज, स्वाभाविक र क्रमबद्ध बनाउन निर्माण गरिएको शैक्षिक योजना नै पाठ्यक्रम हो” (पृ. ४) । सिकाइको योजनालाई सफल र सम्पन्न गर्नका लागि पाठ्यपुस्तकको आवश्यकता पर्छ भन्ने पुष्टि हुन्छ ।

पाठ्यपुस्तकले पाठ्यक्रमको उद्देश्य पूरा गर्नुका साथै शिक्षक तथा विद्यार्थीहरूलाई सिकाइका लागि सहजता प्रदान गर्ने साधनको रूपमा काम गर्दछ । पाठ्यपुस्तकलाई चिनाउने सन्दर्भमा भण्डारी र

अन्य (२०६८) का अनुसार पाठ्यक्रमको उद्देश्यअनुरूप शिक्षण गर्नका लागि तयार पारिएका पुस्तकलाई पाठ्यपुस्तक भन्ने गरिन्छ। यस्ता पाठ्यपुस्तक सम्बन्धित तह र कक्षाअनुरूप तयार पारिन्छ। कुन कक्षा र कुन तहका विद्यार्थीलाई पाठ्यक्रमका कस्ता उद्देश्यहरू पूरा गर्ने हुन सोही अनुसार पाठ्यपुस्तकहरू तयार पारिन्छ। दाहाल (२०६४) का अनुसार "पाठ्यक्रममा उल्लेख गरिएका उद्देश्य वा सिकाइ उपलब्धि हासिल गर्नुमा पाठ्यपुस्तकको मुख्य हात हुन्छ। पाठ्यपुस्तक विद्यार्थीका लागि स्वअध्यन सामग्री मानिन्छ भने शिक्षकहरूका लागि सन्दर्भ सामग्री हुन्छ" (पृ . ४५)। विद्यार्थी र शिक्षकका लागि उपयुक्त सहयोगी सामग्रीको रूपमा रहने पाठ्यपुस्तक समयको आवश्यकता, विद्यार्थीको भाषिक पृष्ठभूमि, सामाजिक मूल्यमान्यता, भाषा संस्कृतिअनुकूल हुन आवश्यक हुन्छ। भाषा संस्कृति, समाज तथा स्थानीय आवश्यकता अनुकूलको पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माणका लागि नेपाल सरकारले गरेको नीतिगत तथा कानुनी व्यवस्थका आधारमा स्थानीय तहहरूले स्थानीय विषय तथा मातृभाषामा पाठ्यक्रम तथा पाठ्यपुस्तक तयार गरी कार्यान्वयन गर्ने गरेको पाइन्छ।

स्थानीय मातृभाषा पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण सहजीकरणका लागि भाषा आयोग (२०८०) अनुसार "खस मातृभाषा शिक्षाको पाठ्यक्रम तथा पाठ्यसामग्री निर्माण तथा प्रबोधीकरण कार्यक्रम सम्पन्न भएका छन्" (पृ. १२९)। मातृभाषामा पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गरी कार्यान्वयन गर्ने क्रममा कर्णाली प्रदेशमा रहेका विभिन्न स्थानीय तहहरूमध्ये जुम्ला जिल्लाको सिँजा गाउँपालिका खस भाषी विद्यार्थीहरूको बाहुल्य रहेको क्षेत्र रहेको र भाषा संस्कृतिको संरक्षण तथा विद्यार्थीको सिकाइ सहजता लगायत विविध उद्देश्य पूरा गर्न पालिकाले खस भाषामा पाठ्यक्रम तयार पारेको देखिन्छ। गाउँपालिकाले तयार पारेको 'खस भाषा र संस्कृति पाठ्यक्रम' कक्षा १,२ र ३ ले राखेका उद्देश्यअनुसार 'खस भाषा र संस्कृति' नामक पाठ्यपुस्तकसमेत निर्माण गरी कार्यान्वयनको अभ्यास गरेको पाइएको छ। स्थानीय पाठ्यक्रमले स्थानीय स्रोत सामग्रीको प्रयोग गर्दै स्थानीय भाषा, संस्कृतिको संरक्षण गर्नुका साथै विद्यार्थीको सिकाइमा सहज र स्थायी बनाउने अपेक्षा राखेको हुन्छ। पाठ्यक्रम विकास केन्द्र (२०७१) स्थानीय पाठ्यक्रम प्रारूपमा उल्लेख भएअनुसार स्थानीय तहमा प्रचलित धर्म, संस्कृति, परम्परा, मूल्य, मान्यता र स्रोत सामग्रीको संरक्षण, संवर्धन, परिचालन एवम् विकासका लागि मार्ग निर्देश गर्ने र शिक्षालाई स्थानीय परिवेशअनुरूप व्यवहारसँग जोड्न स्थानीय

पाठ्यक्रमले भूमिका खेल्ने देखिन्छ । खस भाषाको पाठ्यक्रमले खस भाषामा भाषिक सिप विकास गर्ने, स्थानीय स्रोत सामग्रीको उपयोगिताबारे प्रचार गर्न, प्राचीन तथा ऐतिहासिक विषयहरूको पहिचान र संरक्षणमा योगदान दिने उद्देश्य राखेको देखिन्छ ।

खस भाषाका विद्यार्थीहरूले खस भाषालाई पहिलो भाषा र नेपालीलाई दोस्रो भाषासरह सिक्ने गरेका छन् । पहिलो तथा दोस्रो भाषाका सन्दर्भमा नेपालको संविधान २०७२, राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६, बहुभाषिक शिक्षा कार्यान्वयन निर्देशिका २०६६, बाल अधिकार महासन्धि १९८९ आदिमा स्पष्ट कानुनी तथा नीतिगत व्यवस्थाहरू गरिएका छन् । यस खाले नीतिगत व्यवस्थाका आधारमा वर्तमानमा पनि प्रयोग अवस्थामा रहेर ऐतिहासिक महत्त्व बोकेको खस भाषा र यसको औपचारिक प्रयोग तथा संरक्षण गर्न नसकेमा खस भाषा तथा संस्कृति सङ्कटमा पर्ने देखिएकाले खस मातृभाषामा पठन व्यवस्थाको अझ आवश्यकता र सान्दर्भिकता देखिएको पाइन्छ ।

खस भाषा र संस्कृतिको विकास र संरक्षणका लागि आएको जागरणकै परिणाम तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा स्थानीय तहमा मातृभाषामा विद्यालय खोल्न अनुमति प्रदान गर्ने स्पष्ट भएको कानुनी व्यवस्थालाई सदुपयोग गर्दै सिँजा गाउँपालिकाले खस भाषाका पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गरी कार्यान्वयनको अभ्यास गरेको देखिन्छ । खस भाषाको पाठ्यक्रममा सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिप का साथै व्याकरण, सिँजाको गीत, सङ्गीत र कला, सिँजाको पेसा व्यवसाय, सिँजाको चिनारी, स्थानीय उपचार विधि, स्थानीय खेल र नाच, धार्मिक स्थल र देउता जस्ता क्षेत्र र क्रमका विभिन्न उद्देश्य तय गरिएका देखिन्छन् । प्रस्तुत अनुसन्धानमा तिनै क्षेत्र, क्रम र उद्देश्यका आधारमा पाठ्यपुस्तकको सान्दर्भिक र उपयोगिताको विश्लेषण गरिएको अनुसन्धानले ऐतिहासिक महत्त्व बोकेको खस भाषा र संस्कृतिको विकास र संरक्षणमा टेवा पुऱ्याउने अपेक्षा गरिएको छ । खस भाषी विद्यार्थी, अभिभावक, शिक्षक, स्थानीय शिक्षा प्रशासक तथा सम्पादकहरूको अनुभव, दृष्टिकोण र पाठ्यपुस्तकका विशेषताका आधारमा पाठ्यपुस्तकको मूल्याङ्कन तथा विश्लेषण गर्न, पाठ्यपुस्तकको प्रयोग अवस्थाको विश्लेषण गर्न, पाठ्यपुस्तकको सान्दर्भिकता औँल्याउन प्रस्तुत 'कक्षा तीनको खस भाषाको स्थानीय पाठ्यपुस्तकको प्रयोग सान्दर्भिकता' शीर्षकको शोध कार्य सम्पन्न गरिएको छ ।

समस्या कथन

पाठ्यपुस्तकको प्रयोगबाट शिक्षक, विद्यार्थी, अभिभावक तथा अन्य सबै सरोकारवालाहरूमा केही न केही प्रभाव पर्न सक्छ। त्यस किसिमको प्रभावमा पाठ्यपुस्तकको गुणस्तरणमा पनि भरपर्छ। शिक्षक, विद्यार्थी, अभिभावक र अन्य सरोकारवालाले पाठ्यपुस्तकलाई कसरी हेरेका छन्, पाठ्यपुस्तकको गुणस्तर कस्तो रहेको छ र यसको प्रयोगको अवस्था कस्तो छ भन्ने विषयले पाठ्यपुस्तकको प्रभावकारिता र सान्दर्भिकता पहिल्याउन सकिन्छ। पाठ्यपुस्तकप्रति शिक्षक, विद्यार्थी, अभिभावक र अन्य सरोकारवालाको दृष्टिकोण, प्रयोगको अवस्था र सान्दर्भिकताका सम्बन्धमा सीमित अनुसन्धानहरू भएको पाइन्छन्। माझी (सन२०२३) ले आफ्नो अनुसन्धानमा अङ्ग्रेजी भाषा शिक्षणमा पाठ्यपुस्तकको प्रयोग सम्बन्धी शिक्षकहरूले गरेको अनुभवका आधारमा पाठ्यपुस्तकको प्रयोग अवस्था र सान्दर्भिकताको अध्ययन गरेका छन्। अध्ययनमा पाठ्यपुस्तकले शिक्षकहरूलाई विषयवस्तुको विस्तृत ज्ञान प्रदान गरिरहेको, शिक्षण पद्धतिको मूल आधारको रूपमा काम गरेको उल्लेख छ।

उनको अध्ययनमा पाठ्यपुस्तक शिक्षणका लागि मानकीकृत माध्यमको भूमिकामा रहेको र शिक्षक, विद्यार्थी दुबैका लागि अत्यावश्यक र उपयोगी सिकाइ उपकरणको रूपमा उपयोग गरिएको अवस्था देखाइएको छ। त्यस्तै पाठ्यपुस्तक उपयोग तथा प्रभावकका सम्बन्धमा दङगाल र जोशी (सन २०२०) ले शिक्षक र विद्यार्थीको दृष्टिकोणमा पाठ्यपुस्तक प्रयोगको अवस्था, पाठ्यपुस्तकको भूमिका, सान्दर्भिकता, उपयुक्तता र गुणस्तरसम्बन्धी गरेको अनुसन्धानमा सहभागीले गुणस्तरीय सिकाइ, विद्यार्थीको भविष्य निर्माण र शैक्षिक सफलताको प्रवर्द्धनमा पाठ्यपुस्तकले महत्त्वपूर्ण भूमिका खेलेको बताएका छन्। पाठ्यपुस्तकको प्रयोग गुणस्तरीय सिकाइ, शैक्षिक सफलता र विपन्न विद्यार्थीका लागि उपलब्धिपूर्ण रहेको तथा दुर्गमका विद्यालयहरूमा समयमै पाठ्यपुस्तक पुग्न नसक्दा पाठ्यपुस्तकको अधिकतम प्रयोगबाट विद्यार्थी वञ्चित हुन परेको अनुसन्धानमा उल्लेख छ। यसरी पाठ्यपुस्तक प्रयोग अपरिहार्य रहेको र प्रयोगको सान्दर्भिकता अझ वृद्धि भएको निष्कर्ष निकालिएका अनुसन्धानहरू भएका छन्। सबै मातृभाषालाई समान अधिकारको नीतिगत व्यवस्था भएपछि विभिन्न भाषाहरूमा विकास

भएका पाठ्यपुस्तकको प्रयोग सान्दर्भिकता र प्रयोगको अवस्थाको अध्ययन गरी थप प्रक्रिया अघि बढाउन आवश्यक हुन्छ ।

खस भाषाको उत्थान र विकासमा टेवा पुग्नेगरी खस भाषामा पाठ्यक्रम तथा पाठ्यपुस्तकहरू निर्माण भई कार्यान्वयन अभ्यास भएको छ । सिँजा गाउँपालिकाले आफ्ना विद्यालयका आधारभूत तहहरूमा त्यसको कार्यान्वयनको अभ्यास गरे पनि पूर्णता पाउन भने सकिरहेको देखिँदैन । खस भाषाका पाठ्यपुस्तकहरू पूर्ण रूपमा कार्यान्वयनमा आउन नसक्दा गाउँपालिकाले पनि पुनः निरन्तरता दिने आँट गरेको देखिँदैन । स्थानीय शिक्षा अधिकृत (२०८२) का अनुसार पाठ्यपुस्तकहरू पुन: मुद्रण तथा वितरण हुन सकिरहेका देखिन्न । त्यस्तै आधारभूत विद्यालयका शिक्षक (२०८२) अनुसार विद्यालयमा खस भाषाका पाठ्यपुस्तकहरू अहिले उपलब्ध पनि नभएको, अभिभावकहरूले पनि खासै चासो नदेखाएकोले सीमित विद्यालयबाहेक अन्य विद्यालयहरूमा खस भाषामा अध्ययन अध्यापन कार्य रोकिएको देखिन्छ । एकातिर पाठ्यपुस्तक पूर्ण रूपमा कार्यान्वयनमा आउन नसक्नु प्रमुख समस्याको रूपमा देखिएको छ भने अर्कोतिर खस भाषाका पाठ्यपुस्तकका विशेषता, प्रयोगको अवस्था, प्रयोगका चुनौतीहरू र त्यसको सान्दर्भिकतासम्बन्धी कुनै पनि अनुसन्धान तथा अध्ययनहरू भएको पाइँदैन ।

पाठ्यक्रम तथा पाठ्यपुस्तकको कार्यान्वयनका क्रममा विभिन्न कारणले समस्याहरू देखा परेर पूर्ण कार्यान्वयन नहुने अवस्था समेत सृजना हुन सक्छन् । त्यस किसिमको समस्या के कारणले सृजना हुन जान्छ भन्ने विषयमा भट्टराई (..) ले पाठ्यक्रम तथा पाठ्यपुस्तकहरू तयार भएर पठनपाठनका कार्यहरू आरम्भ भैसकेको विषयमा समेत कार्यान्वयनमा गतिरोध देखिएकाले पाठ्यपुस्तकको सान्दर्भिकता, आवश्यकता र औचित्यमाथि प्रश्न उठ्नु स्वभाविक नै हुन्छ । यसरी खस पाठ्यपुस्तकको निर्माण र प्रयोगको अभ्यास हुँदा समेत पूर्ण प्रयोगमा आउन नसकेर किन असफल भयो, प्रयोगमा चुनौती आउनुका कारणहरू के के हुन, चुनौतीहरू कसरी निराकरण हुन्छन् र स्थानीय सरकार, शिक्षक लगायत सरोकारवालाले पनि यस विषयमा गम्भीरताका साथ चासो किन राखेनन् भन्ने विषय नै अनुसन्धानको समस्याको रूपमा देखिएको छ । सरोकारवालाले स्वीकार नगर्नुमा शैक्षिक उपयोगिता र सामाजिक सांस्कृतिक पहिचान, निर्माणमा सहभागिता र प्रतिष्ठाका कारण आदि के हुन सक्छन् भन्ने पहिचान गर्नु पनि समस्याको रूपमा देखिएको छ ।

नेपालको संविधान २०७२ को धारा ३१ उपधारा ५, राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ परिच्छेद ३ को ३.२.३, बहुभाषिक शिक्षा कार्यान्वयन निर्देशिका २०६६ परिच्छेद २ को ४ आदिको कानुनी तथा नीतिगत दस्तावेजमा बालबालिकाले कम्तीमा आधारभूत तहसम्म मातृभाषामा शिक्षा लिन पाउने कानुनी तथा नीतिगत व्यवस्था भए पनि त्यसलाई पूर्ण रूपमा कार्यान्वयन गर्न नसकिएकाले त्यसका कारणहरू पहिचान गर्नु प्रमुख समस्याको रूपमा लिन सकिन्छ। प्रस्तुत अनुसन्धानमा पाठ्यपुस्तकालाई सरोकारवालाले चासो नराख्नु तथा पूर्ण रूपमा कार्यान्वयन हुन नसक्नुका कारणहरू पहिचान गर्नका लागि पाठ्यपुस्तकको संरचना तथा सैद्धान्तिक दृष्टिबाट आन्तरिक तथा बाह्य विशेषताका आधारमा खस पाठ्यपुस्तकको विशेषता, भिगोत्सीको सामाजिक निर्माणवादी सिद्धान्तका आधारमा पाठ्यपुस्तकको वर्तमान प्रयोग अवस्था र त्यसको सार्थकता एवम् सान्दर्भिकता पहिचान गर्ने कामलाई प्रमुख समस्याको रूपमा लिएर अनुसन्धान अघि बढाइएको छ।

अनुसन्धान उद्देश्य

प्रस्तुत शोधप्रबन्धमा देहायअनुसारका उद्देश्यहरू रहेका छन् :

(क) कक्षा तीन खस भाषाको स्थानीय पाठ्यपुस्तकको आन्तरिक तथा बाह्य संरचनात्मक विशेषताहरू पहिचान गर्नु,

(ख) खस भाषाको पाठ्यपुस्तकको निर्माण प्रक्रिया, प्रयोगको वर्तमान अवस्था र कार्यान्वयनका चुनौतीहरूको विश्लेषण गर्नु,

(ग) स्थानीय आवश्यकता, भाषिक सांस्कृतिक पहिचान, शिक्षक, अभिभावकको अनुभव र विद्यार्थीको सिकाइ स्तरका आधारमा पाठ्यपुस्तकको सान्दर्भिकताको मूल्याङ्कन गर्नु।

अनुसन्धान प्रश्न

प्रस्तुत अनुसन्धान निम्नानुसारका प्रश्नहरूको खोजीमा केन्द्रित रहेको छ **:**

(क) खस भाषाको पाठ्यपुस्तकका आन्तरिक तथा बाह्य विशेषताहरू के कस्ता रहेका छन् ?

(ख) खस भाषाको पाठ्यपुस्तक कुन प्रक्रियाका आधारमा निर्माण गरिएको छ ?

(ग) विद्यालय तहमा खस भाषाको पाठ्यपुस्तकको प्रयोग अवस्था कस्तो रहेको छ ?

(घ) खस भाषा पाठ्यपुस्तकको कार्यान्वयनमा के कस्ता समस्याहरू देखिएका छन् ?

(ङ) शिक्षक, विद्यार्थी र अभिभावकको दृष्टिमा खस भाषा पाठ्यपुस्तकको शैक्षणिक सान्दर्भिकता कस्तो रहेको छ ?

(च) पाठ्यपुस्तक भाषिक सांस्कृतिक दृष्टिमा कस्तो रहेको छ ?

(छ) स्थानीय आवश्यकतालाई पाठ्यपुस्तकले सम्बोधन गरेको छ वा छैन ?

(ज) शिक्षक, विद्यार्थी र अभिभावकको दृष्टिमा खस भाषा पाठ्यपुस्तकको सामाजिक सान्दर्भिकता कस्तो रहेको छ ?

अध्ययनको औचित्य

प्रस्तुत अनुसन्धान भिगोत्सीको सामाजिक निर्माणवादी सिद्धान्तका आधारमा कक्षा तीनको खस भाषाको पाठ्यपुस्तकको प्रभावकारिता र सान्दर्भिकताको समीक्षा गरिएकाले औचित्यपूर्ण मानिएको छ। त्यस्तै प्राप्त अनुसन्धानहरूले राष्ट्रिय पाठ्यक्रमलाई जोड दिइएका भए पनि सिँजा क्षेत्रको खस भाषा र संस्कृतिमा आधारित 'खस भाषा र संस्कृति कक्षा १,२,३' पाठ्यक्रमअनुसार 'खस भाषा र संस्कृति' कक्षा तीनको पाठ्यपुस्तकको समीक्षात्मक अध्ययन तथा यसको प्रयोग अवस्था र प्रयोग सान्दर्भिकतासम्बन्धी गहन अध्ययन भएको नपाइएकाले त्यस सम्बन्धी रिक्तताको परिपूर्तिका सन्दर्भमा प्रस्तुत अनुसन्धान औचित्यपूर्ण रहेको छ।

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, राष्ट्रिय पाठ्यक्रम प्रारूप आदि कानुनी तथा नीतिगत व्यवस्थाअनुसार नै निर्माण तथा प्रयोगमा ल्याइएको खस भाषाको पाठ्यक्रम तथा पाठ्यपुस्तक असफलताको मार्गमा जानुको कारण पहिचान हुँदा नीति निर्माता र सरोकारवाला सबैका लागि मार्गदर्शक हुने भएकाले अनुसन्धान औचित्यपूर्ण देखिन्छ। अनुसन्धान सिँजा गाउँपालिकाका लागि पाठ्यक्रम तथा पाठ्यपुस्तकको परिमार्जन र पुनः मुद्रण गरी सफल रूपमा कार्यान्वयन गर्नका लागि र शिक्षकहरूको शिक्षणमा सहजीकरण तथा विद्यार्थीहरूको सिकाइ सहजताका आधार प्रदान गर्ने भएकाले अनुसन्धान उचित रहेको छ। खस भाषा, संस्कृति र सिँजाको ऐतिहासिक विषयहरू लोप हुने अवस्थाबाट जोगाउनका लागि पाठ्यपुस्तकको भूमिकाका विषयमा व्याख्या तथा विश्लेषण गरिएकाले अनुसन्धान औचित्यपूर्ण रहेको छ। समग्रमा खस भाषाको पाठ्यपुस्तक प्रयोग तथा कार्यान्वयनको

स्थायित्व र कार्यान्वयका चुनौतीहरूको समाधानका लागि उपायको खोजी गरिएको, विद्यार्थी, शिक्षक, अभिभावक, विद्यालय र सरोकारवाला सबैका लागि खस पाठ्यपुस्तकका सन्दर्भमा आवश्यक सुझावहरू सिफारिस गरिएकाले अनुसन्धान औचित्यपूर्ण रहेको छ।

अध्ययनको सीमाङ्कन

(क) अनुसन्धान गुणात्मक ढाँचाको सामान्य गुणात्मक विधिमा आधारित भएर पुस्तकालय कार्य र क्षेत्रकार्यको नतिजाबाट निष्कर्षमा पुगिएको छ

(ख) प्रस्तुत अनुसन्धान जुम्ला जिल्लाको सिँजा गाउँपालिकामा रहेका सामुदायिक विद्यालयहरूमा मात्र केन्द्रित रहेको छ।

(ग) तथ्य सङ्कलनका लागि सिँजा गाउँपालिकाभित्रका रूपमा ६ ओटा विद्यालयका आधारभूत तहका १० जना शिक्षकहरू, ८ जना विद्यार्थीहरू ४ जना अभिभावकहरू, एक जना लेखक तथा सम्पादक र एक जना स्थानीय शिक्षा प्रशासकलाई सहभागीको रूपमा लिइएको छ।

(घ) प्रस्तुत अनुसन्धान सिँजा गाउँपालिकद्वारा प्रकाशित कक्षा ३ को 'खस भाषा र संस्कृति' पाठ्यपुस्तक, सहभागीका अनुभव, विचार तथा धारणाहरूलाई प्राथमिक स्रोत सामग्रीको रूपमा लिइएको छ।

(ङ) तथ्य विश्लेषणका लागि भिगोत्सीको सामाजिक निर्माणवादको सैद्धान्तिक आधारलाई अवलम्बन गरिएको छ।

(च) असंरचित अन्तर्वार्ता, लक्षित समूह छलफल जस्ता साधनहरूको प्रयोग गरिएको अनुसन्धानमा सिँजाको विशिष्ट परिवेशलाई मात्र चित्रण गरिएको छ।

(छ) अनुसन्धानलाई विभिन्न थिमका आधारमा व्याख्या तथा विश्लेषण गरिएको छ।

शोधप्रबन्धको रूपरेखा

प्रस्तुत शोधप्रबन्धलाई निम्नानुसारको रूपरेखामा सङ्गठित र संरचित गरिएको छ :

अध्याय एक : परिचय

अध्याय दुई : पूर्वकार्यको पुनरवलोकन

अध्याय तीन : शोध विधि र प्रक्रिया

अध्याय चार : संरचनात्मक विशेषताका आधारमा कक्षा तीनको खस भाषाको पाठ्यपुस्तक

अध्याय पाँच : खस भाषा पाठ्यपुस्तकको निर्माण, प्रयोग, प्रयोगका चुनौती र सान्दर्भिकता

अध्याय छ : नतिजा र छलफल

अध्याय सात : निष्कर्ष र सुझाव

सन्दर्भ सामग्री

परिशिष्ट

अध्याय दुई

पूर्वकार्यको पुनरवलोकन

प्रस्तुत अनुसन्धानका लागि सम्बन्धित विषयक्षेत्रका आवश्यक पूर्वकार्यहरूको पुनरवलोकन गरिएको छ । पाठ्यपुस्तकका विशेषताका आधारसँग सम्बन्धित विभिन्न पूर्व अनुसन्धान तथा सन्दर्भ पुस्तकहरू र सामाजिक, सांस्कृतिक, भाषिक पक्षका साथै सरोकारवालाहरूको अनुभव, धारणा र भूमिकासँग सम्बन्धित पूर्व अनुसन्धान तथा सन्दर्भ पुस्तकहरूको पुनरवलोकन गरिएको छ । पुनरवलोकनकार्यले प्रस्तुत अनुसन्धानको खाका कोर्न तथा मार्गलाई निश्चित र स्पष्ट पार्न महत्त्वपूर्ण भूमिका खेलेको छ ।

पाठ्यपुस्तकको आन्तरिक संरचनात्मक पुनरवलोकन

पाठ्यपुस्तकको आन्तरिक तथा बाह्य संरचनात्मक विशेषताहरूलाई आधार मानेर त्यससँग सम्बन्धित पूर्व अध्ययन तथा अनुसन्धानहरूको पुनरवलोकन गरी प्रस्तुत अध्ययनलाई अघि बढाइएको छ । त्यस्ता संरचनात्मक विशेषताहरूमा पाठ्यवस्तु, पाठगत चित्र, शब्दभण्डार, पाठ्यपुस्तकमा प्रयोग गरिएको भाषा, अभ्यास जस्ता विषयसँग सम्बन्धित पूर्वकार्यहरूको पुनरवलोकन गरिएको छ ।

पाठ्यवस्तुको उचित संयोजन भएको पाठ्यपुस्तक नै उपयुक्त शैक्षणिक सामग्री बन्न सक्दछ । त्यसैले पाठ्यपुस्तक निर्माण र विकास गर्दा समय सान्दर्भिक पाठ्यवस्तुको छनोट र व्यवस्थापन गर्न जरुरी हुन्छ । घिमिरे (२०७६) ले हाम्रो भाषा (२०१८) भाषा पुस्तकका विषयवस्तुहरू विभिन्न जाति, धर्म, लिङ्ग, भाषा, भूगोल, विशेष क्षमता आदिको प्रतिनिधित्व नभएको, महेन्द्र माला (२०२८) मा पनि ज्ञान, विज्ञानका विषय, भाषिक, धार्मिक, जातिगत, विशेष शारीरिक क्षमता आदि दृष्टिले समावेशिताको कमी रहेको र नेपाली (२०७३) मा पनि धार्मिक, सांस्कृतिक दृष्टिले पाठ्यपुस्तकमा हिन्दु धर्म र संस्कारबाहेकका धर्म, संस्कार र चाडपर्वहरूका विषयहरू समेटिएको पाठ्यवस्तु नभएको देखाइएको छ । त्यस्तै गरी व्याकरण पाठ्यक्रमका पाठ्यवस्तु (अक्षर संरचना, वर्णविन्यास, शब्दस्रोत, वाक्यतत्त्वपरक रचना, वाक्यान्तरण, वाक्य संश्लेषण) मा आधारित भई शर्मा (सन २०२२) ले गरेको अध्ययनमा स्नातक तहको भाषातत्त्वका विभिन्न पक्षको शिक्षणमा पाठ्यवस्तु अनुकूल सन्दर्भ र पाठलाई सबै कक्षामा

आधार नबनाएको, व्याकरण शिक्षणको परम्परागत नियम, परिभाषा र वर्गीकरणमा आधारित रहेकाले पाठ्वस्तु पाठ्यक्रमको उद्देश्य अनुकूल व्यावहारिक, सिर्जनात्मक र विद्यार्थीकेन्द्रित बन्न नसकेको निष्कर्ष निकालेका छन् ।

तिमल्सेना (२०८०) ले तल्ला कक्षाका लागि नियात्रा, संस्मरण र मनोवाद जस्ता कठिन विधा निर्धारण गरिनु, कथा र कविता विधाको बाहुल्य हुनु, व्यावहारिक लेखन तथा साहित्येतर विधाका पाठहरू कम समेटिनु आदि समस्या पाठ्यवस्तु चयनमा रहेको उल्लेख गरेका छन् । त्यस्तै आचार्य (२०८१) ले कक्षा नौको नेपाली पाठ्यपुस्तकका पाठ्यवस्तुहरूले संस्कृति, विज्ञान प्रविधिलाई समेट्नुका साथै विश्वमा देखिएका नवीनतम आयामहरूलाई समेत बहन गर्न प्रयास गरेको र पाठ्पुस्तकको वितरण भाषिक सिपमा केन्द्रित रहेको उल्लेख गरेका छन् । विषयगत जटिलता, रूचिपूर्णता, सूचनामूलकताका दृष्टिले पाठ्यपुस्तक मध्यम किसिमको रहेको, समावेशिताका दृष्टिमा पनि पाठहरूले भाषागत, जातिगत, लिङ्गगत, फरक क्षमताका सिकारुलाई सम्बोधन हुने गरी पाठ्यसामग्रीको व्यवस्था गर्नुपर्ने निष्कर्ष प्रस्तुत गरेका छन् ।

पाठ्यपुस्तकमा पाठ्यवस्तुको समायोजनका सन्दर्भमा स्थानीय सरकार (२०७७) मा पाठ्यवस्तु समायोजन ढाँचाको लागि मुख्य आधारहरू प्रस्तुत गर्ने क्रममा मिल्दाजुल्दा पाठ्यवस्तु एवम् सिकाइ उपलब्धिलाई एकै पटक सिकाउने गरी पाठ्यक्रममा पाठ्यवस्तु एकीकृत गर्नुपर्ने उल्लेख छ । विषयवस्तुअनुसार पाठ्यवस्तुलाई समूहमा विभाजन गरी मिल्दा विषयहरूको पाठ्यवस्तुलाई सामुहिकीकरण गर्ने त्यस्तै पहिले सिक्ने र त्यसपछि सिक्ने विषयवस्तु छुट्याएर प्रथामिकीकरण गरेर पाठ्यवस्तुको समायोजन गर्नुपर्ने बताइएको छ ।

विभिन्न पूर्व अनुसन्धानहरूको पुनरवलोकन गर्दा पाठ्यवस्तु छनौट गर्दा विद्यार्थीको स्तर, रूचि, विधा, सूचनामूलकता तथा विद्यार्थीको भाषा, लिङ्ग र सम्प्रदायलाई समेत समेट्ने किसिमको हुनुपर्ने निष्कर्ष निकाल्न सकिन्छ । त्यसैले प्रस्तुत अनुसन्धानमा कक्षा तीनको खस भाषाको स्थानीय पाठ्यपुस्तकमा समायोजन गरिएको पाठ्यवस्तुमा पनि घिमिरे (२०७६), तिमल्सेना , (२०८०), आचार्य (२०८१) ले प्राप्त गरेको निष्कर्ष जस्तै भाषिक, लैङ्गिक , धार्मिक, सामाजिक, सांस्कृतिक विषयगत

जटिलता, रूचिपूर्णता, सूचनामूलकताका, स्तरयुक्तता, तथा बालमनोविज्ञान आदि विषयवस्तुका आधारमा पाठ्यवस्तुको के कसरी समावेश गरिएको छ भन्ने अध्ययन गरिएको छ ।

पाठ्यपुस्तकमा विद्यार्थीको स्तर, रूचि, पाठ तथा विषयवस्तु अनुकूलका पाठगत चित्र हुन आवश्यक छ । पाठ्यपुस्तकमा रहेका पाठगत चित्रको समायोजन तथा व्यवस्थापनका विषयमा घिमिरे (२०७६) चित्र प्रस्तुतिका हिसाबले हाम्रो भाषा, महेन्द्रमाला र नेपाली तीन ओटै पाठ्यपुस्तकमा चित्रहरू अपर्याप्त रहेको निष्कर्ष निकाल्दछन् । नेपाली पाठ्यपुस्तमा एकाङ्कीमा बाहेकका चित्रहरू सान्दर्भिक एवम् नेपालको सामाजिक सांस्कृतिक परिवेश झल्काउने खालका रहेको, हाम्रो भाषाका चित्रहरू लैङ्गिकता, धार्मिक तथा सांस्कृतिक विविधता, विशेष क्षमता आदिका दृष्टिले उपयुक्त नभएको बताएका छन् । त्यस्तै महेन्द्र मालाका चित्रहरू सामाजिक सांस्कृतिक विविधताका विषयमा केही ख्याल भए पनि लैङ्गिक सचेतनाका दृष्टिले सचेत नरहेको र वर्तमान पाठ्यपुस्तकका चित्रहरूमध्ये एकाध बाहेक लैङ्गिक दृष्टिले समानता झल्काउने खालका रहेको अनुसन्धानमा उल्लेख गरेका छन् ।

देवकोटा (२०७२) ले कक्षा दशको नेपाली पाठ्यपुस्तकका चित्रहरू श्यामश्वेत रङमा रहेको, धेरैजसो चित्रहरू बनोटका आधारमा त्यति स्तरीय नभएको, कविता र जीवनी पाठका चित्रहरू सङ्ख्याका हिसाबले उपयुक्त रहे पनि दुरुस्तता र वास्तविकताका आधारमा कमजोर रहेको, आकारगत हिसाबले चित्रहरू सामान्य रहेको, विषयवस्तुका हिसाबले चित्रहरू अपुग रहेको देखाएका छन् । त्यस्तै कविता र जीवनीका चित्रहरू अमूर्त र अन्य चित्रहरू सरल रहेको, भाव र विचारतर्फ सचेतता नअपनाइएकाले सिकाइमा यसखाले चित्रबाट धेरै अपेक्षा गर्न नसकिने अध्ययनको निष्कर्ष निकालेका छन् ।

त्यसै गरी ढुङ्गेल (२०७६) ले कक्षा ३ को मेरो नेपाली किताबका सबै पाठमा प्रस्तुत चित्रहरूले पाठ र पाठभित्रको विषयवस्तुको मर्मलाई आत्मसात गरेको पाइएको र प्रस्तुत चित्रहरू बालबालिकाको सिकाइलाई रूचिपूर्ण र सहज बनाउन भूमिका खेल्ने किसिमका रहेको निष्कर्ष निकालेका छन् । चित्रका दृष्टिले पुस्तकको समीक्षा गर्दै ढुङ्गेल (सन् २०२५) ले कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तक (२०७८) मा प्रयुक्त चित्रहरू विषयवस्तुलाई प्रस्ट्याउन सक्षम रहेको, रङ्गीन चित्रहरूको प्रयोग गर्नु सबल पक्ष रहेको भए पनि मसीको उपयुक्त संयोजन नहुँदा कतिपय चित्रहरू स्पष्ट हुन नसक्नु कमजोर पक्ष

रहेको अध्ययनमा उल्लेख गरेका छन् । त्यस्तै फुयाल (सन् २०२२, पृ.७७) ले २०५५ र २०६५ को नेपाली भाषा पाठ्यपुस्तकको चित्र तुलना गर्दा २०६५ को चित्रले कथ्यलाई वहन गर्न नसकेको, सबै पाठहरूमा चित्र संयोजन गरिएको भए पनि चित्रहरू आकर्षक नभएकाले विद्यार्थीलाई आकर्षित गर्न नसकेको र २०५५ को पाठ्यपुस्तकमा तुलनात्मक रूपमा कथ्यलाई वहन गर्ने उद्देश्यले चित्रहरू समावेश गरिएको विश्लेषण गरेकी छन् ।

पूर्व अनुसन्धाताहरूको अनुसन्धानबाट चित्रहरू स्पष्ट, आकर्षक, विषयवस्तुको भाव बोक्न सक्ने, पर्याप्त र रङ्को उचित प्रयोग भएका हुनुपर्ने निष्कर्ष प्राप्त हुन्छ । प्रस्तुत अनुसन्धानमा पनि पाठ्यपुस्तकमा रहेका चित्रहरू आकारका दृष्टिले, आकर्षकताका दृष्टिले, रखाइका दृष्टिले, छपाइका दृष्टिले, चित्रले व्यक्त गर्ने भावका दृष्टिले, विषयवस्तु अनुकूलताका दृष्टिले, स्वसिकाइ प्रर्वद्धन गर्ने दृष्टिले र स्तर सापेक्षताका दृष्टिले उपयुक्तताको खोजी गर्दै अनुसन्धान तथा विश्लेषण विश्लेषण गर्ने कार्य गरिएको छ ।

सबल गुणहरूले सम्पन्न पाठ्यपुस्तक हुनका लागि विषयवस्तुको छनोट र स्तरणमा पनि उत्तिकै अब्बल हुन जरुरी छ । उचित विषयवस्तुको छनोट गरेर स्तरणमा समेत ख्याल गरिएको पाठ्यपुस्तक सबै बालबालिकाको लागि उपयोगी शैक्षणिक स्रोत सामग्री बन्न पुग्दछ । पाठ्यपुस्तकहरूमा विषयवस्तुको छनोट र स्तरणको अवस्थासँग सम्बन्धित अध्ययन गर्ने अध्येताहरूमा क्युरोगा (सन् २०१६) ले विद्यार्थीहरूलाई अन्तरसांस्कृतिक जागरुकता र समझ प्राप्त गर्न गहिरो सांस्कृतिक पक्षले मद्दत गर्ने भएकाले स्विडेनका पाठ्यपुस्तकमा गहिरो सांस्कृतिक विषयवस्तु छनौट गरिनुपर्ने र यसमा शिक्षकको भूमिका महत्त्वपूर्ण हुने बताएका छन् ।

ओझा (२०७३) ले कक्षा नौको नयाँ (२०७३) नेपाली पाठ्यपुस्तकमा ऐतिहासिक, सांस्कृतिक, लोक जीवनसँग सम्बन्धित, वैज्ञानिक, नैतिक मूल्यमान्यतामा सजक गराउने, वास्तविक गाउँले जीवनको बोध गराउने, प्रेम, भावना र नैतिक पक्षको विकास गराउने जस्ता व्यावहारिक पक्षलाई अँगालेका विषयवस्तुहरू समावेश गरेको देखाएका छन् । कक्षा नौको पुरानो (२०६४) नेपाली किताबमा पौराणिक, वैज्ञानिक, धार्मिक, ऐतिहासिक, प्राकृतिक, राष्ट्रियता झल्काउने, घरायसी, सामाजिक, नीतिवादी,

व्यावहारिक, सूचनामूलक, मानवता झल्काउने, लोकजीवनसँग सम्बन्धित आदि विषयवस्तु समावेश गरिएको उल्लेख गरेका छन् ।

स्तरणका सम्बन्धमा ढुङ्गेल (२०७६) ले स्तरणका आधारमा कक्षा तीनको नेपाली किताब बालबालिकाको रूचि, स्तर, उमेर वा मनोविज्ञानलाई ख्याल गरेर तयार पारिएको, बाल मानसिकता बाल बौद्धिकता र बाल विकासमा ध्यान दिइएको, मनोरञ्जनका साथै ज्ञान, बोध, प्रयोग, सिर्जना जस्ता क्षमताको विकासमा मदत गरको उल्लेख गरेका छन् । पाठ्यपुस्तक विद्यार्थीको मनोविज्ञान र शिक्षणको सिद्धान्तअनुसार क्रमबद्ध गरी शिक्षणलाई सरल, सरस र प्रभावकारी बनाउने प्रयास गरिएको, पाठ्यपुस्तकको स्तरण ज्ञातबाट अज्ञात, सरलबाट जटिलतर्फ लगिएको, विभिन्न विधालाई क्रमबद्ध रूपले संयोजन गरी चक्रीय आधारमा स्तरण गरिएको र स्तरणका आधारमा पाठ्यपुस्तक उपयुक्त रहेको निष्कर्ष निकालेका छन्

पूर्व अनुसन्धानहरू अनुसार पाठ्यपुस्तकको उपयुक्त स्तरण र छनौटले विद्यार्थीको ज्ञान, बोध, र सिर्जना जस्ता क्षमता विकासमा मद्दत पुगेको र पुस्तकमा बाल मनोविज्ञान, बालविकास, ऐतिहासिक, सांस्कृतिक, वैज्ञानिक तथा नैतिक मूल्यसँग सम्बन्धित पाठ्यवस्तुहरूको छनौट गरिनुपर्ने र सरलदेखि जटिलतर्फ उन्मुख हुनुपर्ने निष्कर्षअनुसार प्रस्तुत अनुसन्धानमा कक्षा तीन खस भाषाको पाठ्यपुस्तकमा समायोजन गरिएको विषयवस्तुले बालमनोविज्ञान, स्थानीय विषयवस्तु, स्रोत साधन, सामाजिक सांस्कृतिक पक्ष, रीतिरिवाज र मूल्यमान्यता तथा ऐतिहासिक पक्षलाई दिइएको स्थानका विषयमा महत्त्वका साथ अनुसन्धान गरिएको छ ।

विद्यार्थीको भाषिक पृष्ठभूमि, तह, स्तर, उमेर र विषयगत विधासमेतलाई ख्याल गरेर उपयुक्त भाषा प्रयोग गरी विकास गरिएको पाठ्यपुस्तकले मात्र विद्यार्थीको सिकाइमा सहजता ल्याउनुका साथै उपलब्धि हात पार्न मद्दत गर्दछ । त्यसैले पाठ्यपुस्तक निर्माण गर्दा भाषिक समायोजनमा पनि ख्याल गरिनु पर्छ । पाठ्यवपुस्तकमा प्रयोग भएका भाषा र त्यसको प्रभावका विषयमा विभिन्न अध्ययन तथा अनुसन्धान हुने गरेका छन् । वोभिन (सन् २०१५) ले स्विडेनमा अङ्ग्रेजी भाषाका पाठ्यपुस्तकहरूले स्विडिस राष्ट्रिय पाठ्यक्रमलाई कसरी पालाना गरेका छन् भन्ने अध्ययन गर्नका लागि गरेको अनुसन्धानबाट स्विडेनमा विदेशी भाषाको बढ्दो प्रभावका बिच राष्ट्रिय भाषामा मात्र ध्यान केन्द्रित गरेर

स्विडिसहरू संसारबाट टाढा हुने छन् भन्ने अनुभूतिका साथ भाषिक सिप विकासका लागि अङ्ग्रेजीलाई महत्त्वपूर्ण भाषा मान्दै दोस्रो भाषाको रूपमा मान्यता दिइएको बताएका छन् ।

पाठ्यपुस्तकमा प्रयोग गरिने भाषाका सन्दर्भमा घिमिरे (२०७६) ले नेपाली (२०७३) मा तत्सम शब्दको बढी प्रयोगले विमातृभाषी विद्यार्थीलाई कठिनाइ सिर्जना भएको, शिक्षणीय शब्दको अनुपातमा सन्तुलन मिलाउनुपर्ने देखिएको र अप्रचलित तत्सम शब्दहरूको सट्टा प्रचलित तत्सम वा सम्भव भएसम्म तद्भव शब्दको प्रयोग गर्ने विषयमा ध्यान दिनुपर्ने औँल्याएका छन् । भाषा पाठ्यपुस्तकमा सरल र छोटा वाक्यहरूको प्रयोग बढी अपेक्षित हुने हुँदा यसका लागि विस्तारित सरल, संयुक्त र मिश्र वाक्यको प्रयोग कम गर्नुपर्ने देखिएको निष्कर्ष निकालेका छन् । दाहाल (२०७७) ले शिक्षकहरूको प्रतिक्रियाका आधारमा विद्यार्थीको सक्षमताअनुकूलको भाषाको प्रयोग भएको छ वा छैन भन्ने प्रतिक्रियामा शतप्रतिशत र पाठ्यक्रमअनुसार सुनाइ सिपमा ध्यान दिने प्रकृतिको छ वा छैन भन्ने प्रतिक्रियामा पनि शतप्रतिशत नतिजा रहेको निष्कर्ष प्रस्तुत गरेका छन् ।

ढकाल (२०६७) ले कक्षा ४ को मेरो नेपाली किताबमा प्रयोग गरिएका भाषा सरल, आकर्षक र रूचिपूर्ण रहेको र गद्य विधाका पाठहरू सरल र संयुक्त वाक्यहरूद्वारा संरचित भएकाले विद्यार्थीको सिकाइमा यसले सकरात्मक प्रभाव पार्ने निष्कर्ष प्रस्तुत गरेका छन् । पाठ्यपुस्तकमा प्रस्तुत भाषाका सन्दर्भमा ढुङ्गेल (२०७६) ले कक्षा तीनको मेरो नेपाली पाठ्यपुस्तकमा प्रयोग भएको भाषा विद्यार्थीको स्तर र क्षमताअनुरूप सरल, व्यावहारिक, रूचिपूर्ण र दैनिक जीवनमा प्रयोग हुने उपयोगी रहेको पाइएको बताएका छन् । तीनचार ओटा शब्दद्वारा संरचित वाक्यदेखि बढीमा सोह / सत्र ओटा शब्दद्वारा संरचित वाक्यहरूबाट संयोजन भएका पाठहरू प्रस्तुत गरिएको अनुसन्धान नतिजामा उल्लेख छ । पाठ पन्ध्रमा रहेको सगरमाथा प्रबन्ध र पाठ एघारमा रहेको कविता विद्यार्थीको स्तरभन्दा माथि रहेको र अन्य पाठहरूमा शुद्ध, स्पष्ट, मानक, आकर्षक र रोचक भाषाको प्रयोग भएको निष्कर्ष उल्लेख गरेका छन् ।

पाठ्यपुस्तकमा विद्यार्थीको सक्षमताअनुकूलको भाषा हुनुपर्ने, प्रचलित शब्दको प्रयोग हुनुपर्ने र वाक्यहरू सरल, छोटा तथा संयुक्त र मिश्र वाक्यको प्रयोगष कम भएका हुनुपर्ने निष्कर्ष पूर्व अनुसन्धानको अध्ययनबाट प्राप्त भएको छ । त्यसैले प्रस्तुत अनुसन्धानमा समावेश गरिएको पाठ्यपुस्तकमा प्रयोग

गरिएको भाषालाई विद्यार्थीको अनुकूलता, सिकाइमा पारेको प्रभाव, पाठ्यपुस्तकमा प्रयोग गरिएका शब्द तथा वाक्यहरूको संरचना आदिको विषयमा गम्भीरताका साथ अध्ययन गरिएको छ ।

शब्दभण्डार पाठ्यपुस्तकका लागि अभिन्न अङ्ग हो जसको अभावमा पाठ्यपुस्तकको कल्पना पनि गर्न सकिन्न । विषयवस्तुको बोध तथा सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपको विकासका लागि शब्दभण्डार अपरिहार्य छ । पाठ्यपुस्तकमा शब्दभण्डारको संयोजन र त्यसको आवृत्तिका सम्बन्धमा भण्डारी (सन् २०१९, पृ. ८३) ले कक्षा एकको मेरो नेपाली किताबमा प्रयुक्त शब्दभण्डारको आवृत्ति गणना गर्ने क्रममा किताबमा ४३९ शब्दहरू रहेका र तिनीहरूको समुच्चा आवृत्ति ९२५ रहेको उल्लेख छ । शब्दहरूको आवृत्ति गणना गर्दा मूल पाठ र अक्षर सिकाउनका निम्ति प्रयोग गरिएका शब्दहरूलाई समावेश गरेको र अभ्यासका शब्दहरू सूचीमा समावेश नगरेको उल्लेख छ । नेपाली पाठ्यपुस्तकभित्रका कथाको भाषिक विश्लेषण गर्ने क्रममा त्यसमा प्रयुक्त शब्दहरूको विभिन्न कोणबाट विश्लेषण गर्दै चौलागाईँ(२०७७) का अनुसार शब्द स्रोतका आधारमा पाठ्यपुस्तकभित्रका चार ओटा कथामा जम्मा २१० ओटा शब्दहरूको प्रयोग गरिएकोमा सबैभन्दा धेरै तद्भव शब्दहरूको प्रयोग गरिएको उल्लेख छ ।

प्रकाशन शैलीका अनुसार आधारभूत तहमा चार अक्षरीभन्दा कम अक्षरका शब्द उपयुक्त भएको तथा अक्षर र शब्द संरचनाका आधारमा दुई अक्षरी शब्दको धेरै प्रयोग हुनु शब्द प्रयोगका दृष्टिले उपयुक्त भएको उल्लेख छ । वाक्य संरचनाका आधारमा ८ शब्दभन्दा कम शब्द भएका वाक्यहरू धेरै रहेको, वाक्य बनोटका आधारमा सरल वाक्यहरू बढी प्रयोग भएको तथा संयुक्त वाक्यको सबैभन्दा कम प्रयोग भएको पाइनु आधारभूत तहको पाठ्यपुस्तका लागि उपयुक्त रहने निष्कर्ष पाइएको छ । ढुङ्गेल (सन् २०२५ पृ. १७८) ले उल्लेख गरेअनुसार कक्षा १० को पुस्तकमा २५१ वटा नयाँ शब्द राखिएको र तत्सम, तद्भव र आगन्तुक तीन वटै स्रोतका शब्द दिइएको उल्लेख छ । पाठको प्रकृतिअनुकूल शब्दभण्डारको व्यवस्था गरिएको छ । 'उज्यालो यात्रा' कवितामा बढी तत्सम शब्दको प्रयोग, ' पाब्लो पिकासो ’ जीवनीमा आगन्तुक शब्दको धेरै प्रयोगले विद्यार्थीको सिकाइमा केही जटिलता उत्पन्न गर्ने उल्लेख छ ।

दाहाल (२०८१) ले नेपाली भाषामा संस्कृतबाट आएका मौलिक शब्दहरू, रूप फेरिएका तद्भव शब्दहरू र अन्य भाषाबाट आएका आगन्तुक शब्दहरूको समेत बाहुल्य रहेको उल्लेख गरेका

छन् । त्यस्तै परिवारका दृष्टिले भारोपेली तथा अभारोपेली परिवारका शब्दहरू रहेको, बनोटका आधारमा मूल तथा व्युत्पन्न शब्दहरू रहेको बताएका छन् । तत्सम शब्द र आगन्तुक शब्दहरू विद्यार्थीका लागि तद्भव शब्दभन्दा कठिन हुने उल्लेख छ । फुयाँल (सन् २०२२) का अनुसार पाठ्यपुस्तकले शब्दभण्डारको नियन्त्रण गर्न सकेको छैन । कविता, निबन्ध, जीवनी लगायतका पाठमा अत्यधिक नवीन शब्दहरू भएका तर पुनः प्रयोगमा ध्यान नदिएको बताइएको छ । पुस्तकमा सरल, संयुक्त र मिश्र वाक्यको प्रयोग भएको उल्लेख छ ।

प्रस्तुत अनुसन्धानले पनि पाठ्यपुस्तकमा शब्दभण्डारको संयोजनको उचित अवस्था अध्ययन गरेको छ । खस भाषाका शब्द, नेपाली तत्सम, तद्भव, आगन्तुक शब्दहरूको कति र कसरी प्रयोग गरिएको भन्ने विश्लेषण गर्नुका साथै शब्दहरूको आवृत्ति तथा वाक्यमा शब्दहरूको मात्रालाई समेत अनुसन्धानमा महत्त्वका साथ अध्ययन गरिएको छ ।

अभ्यासको उचित समायोजन गरिएका पाठ्यपुस्तकहरू प्रभावकारी शिक्षण सिकाइका साधन हुन । उपयुक्त अभ्यासहरूले नै पाठमा भएका विषयवस्तुको लक्षित ज्ञान हासिल गराउन सक्दछ । पाठ्यपुस्तकमा अभ्यासको उपयुक्तता अध्ययन गर्ने सन्दर्भमा ढकाल (२०६७) ले कक्षा ४ को मेरो नेपाली किताबमा अभ्यासहरू मूल पाठ्यवस्तुको प्रकृति र विषय क्षेत्रसँग सम्बन्धित रहेको, कविता, संवाद, कथा, चिठी आदिका अभ्यासहरू पात्र तथा प्रसङ्गअनुसार रहेको तथा प्राथमिक कक्षामा मौखिक अभ्यासहरूमा जोड दिनुपर्ने उल्लेख गरेका छन् । त्यस्तै साह (२०७३) ले कक्षा ४ को नेपाली पाठ्यपुस्तकमा अभ्यासात्मक सन्तुलन कायम गरिएको, पुस्तकका १४४ पृष्ठहरू मध्ये ६४ पृष्ठमा अभ्यासहरू भएकाले पाठ्यपुस्तक ज्यादा अभ्यासमूलक रहेको उल्लेख गरेका छन् । पाठ्यपुस्तकमा भाषिक सिपलाई एकअर्कोमा अन्तरसम्बन्धित गरेर अभ्यास गराउने जमर्को गरेको र भाषिक सिपहरू मध्ये लेखाइ सिपलाई सबैभन्दा बढी र त्यसपछि बोलाइ, पढाइ र सुनाइका अभ्यासहरू व्यवस्थित गरिएको उल्लेख गरेका छन् ।

अभ्यासका दृष्टिले पनि पाठ्यपुस्तकलाई विश्लेषण गर्दै घिमिरे (२०७५) ले अभ्यासहरू भाषिक सिप विकासका लागि सुनाइ, बोलाइ, पढाइ र लेखाइ भाषाका चारओटै सिप विकासका लागि छुट्टाछुट्टै रूपमा अभ्यासलाई प्रस्तुत गरिएको बताएका छन् । पाठको प्रकृति र विधागत विशेषतालाई

ख्याल नगरी अभ्यासहरू समावेश गरिएको, रूपक विधामा पढाइ र बोलाइ सिपको विकासमा कम ध्यान दिइएको, भाषिक सिपहरू मध्ये सुनाइ र बोलाइ सिपका लागि पर्याप्त अभ्यासहरू समावेश गरिएको, वर्णविन्याससम्बन्धी अभ्यासलाई व्याकरण शीर्षकमा नराखी पाठ्यपुस्तकमा राखिएको, सिर्जनात्मक अभ्यासको कमी रहेको, अनेकार्थी, विपरितार्थक, श्रुतिसमभिन्नार्थक शब्दसम्बन्धी अभ्यासहरू ज्यादै न्यूनमात्रामा रहेको, कविता वाचन तथा लेखन प्रतियोगिता, कवि सम्मेलन गर्ने, जस्ता कविता विधालाई रूचिपूर्ण बनाउने अभ्यासहरूको कमी रहेको जस्ता दुर्बल पक्ष रहेको अनुसन्धानमा उल्लेख गरेका छन्।

भण्डारी (२०७७) ले नेपाली २०६४ का अभ्यासहरूलाई विधागत रूपमा विश्लेषण गरेर ज्ञान, बोध, प्रयोग तथा उच्च तहका प्रश्नको रूपमा वर्गीकरण गरेको पाइएको र बोध तहका प्रश्नहरू बढी र ज्ञान तहका न्यून रहेको पाइएको देखाएका छन्। बोध तहका प्रश्नहरूमा पनि मौखिक उत्तरात्मक प्रश्नहरू सबैभन्दा बढी र एक वाक्यात्मक प्रश्नहरू सबैभन्दा न्यून रहेको उल्लेख गरेका छन्। भाषिक सिप विकासका दृष्टिले सुनाइ सिप विकासमा मौन रहनुका साथै पढाइ सिप विकासलाई पनि त्यति महत्त्व नदिएको र लेखाइ सिप विकासका प्रश्नहरू बढी रहेको पाइएको निष्कर्ष निकालेका छन्।

अनुसन्धाता भण्डारीले नेपाली २०७४ को अभ्यासमा बोध तहका प्रश्नहरू बढी र ज्ञान तहका प्रश्नहरू न्यून रहेको नतिजा अनुसन्धाताले प्राप्त गरेको देखिन्छ। ज्ञान तहका प्रश्नहरूमा पनि पारिभाषिक तथा प्राविधिक शब्दहरूको प्रचुरता रहेको पाइएको र पर्यायवाची तथा विपरीतार्थी शब्दहरूको प्रयोग न्यून देखिएको अनुसन्धानले देखाएको छ। बोध तहका प्रश्नहरूमा छोटो उत्तरात्मक प्रश्नहरू सबैभन्दा बढी रहेका र श्रुतिलेखन सम्बन्धी प्रश्नहरू सबैभन्दा न्यून रहेका, प्रयोग तहका प्रश्नहरूमा पनि वाक्यमा प्रयोग तथा शुद्धोच्चारणको प्रचुरता रहेको र अन्यको प्रयोग न्यून रहेको, उच्च तहका प्रश्नहरूमा तार्किक व्याख्यात्मक प्रश्नहरूको प्रचुरता रहेको र बुँदा टिपोट, सारांश लेखन जस्ता प्रश्नहरू न्यून रहेको अनुसन्धान निष्कर्ष निकालेका छन्।

चम्लागाई (२०७५) ले सरकारी स्तरबाट प्रकाशित नेपाली पाठ्यपुस्तकका २० ओटा पाठका जम्मा ४१५ अभ्यास रहेकोमा सुनाइ सिपसम्बन्धी २९ ओटा, बोलाई सिप सम्बन्धी ३५ र पढाइ सिपसम्बन्धी ४४ तथा लेखाइ सिपअन्तर्गत ३१५ ओटा अभ्यास रहेकाले लेखाइ सिपसम्बन्धी अभ्यासहरू बढी रहेको सुनाइ सिपसम्बन्धी अभ्यासहरू धेरै कम हुँदा अभ्यासहरूको व्यवस्थापन गर्दा

भाषिक सिप सन्तुलन कामय गर्न नसकेको देखाएका छन् । त्यस्तै गैरसरकारी स्तरबाट प्रकाशित बैखरी पाठ्यपुस्तकको १२ ओटा पाठमा जम्मा ४०८ ओटा अभ्यासहरू रहेकोमा सुनाइ सम्बन्धी ३४, बोलाइ सिपसम्बन्धी ५३ र पढाइ सिपसम्बन्धी ८४ तथा लेखाइ सिपअन्तर्गत २४३ ओटा अभ्यासहरू रहेको उल्लेख गरेका छन् । दुबै पाठ्यपुस्तकमा अभ्यासहरूको बाहुल्य रहेको भए पनि सिप सन्तुलनमा दुबै पाठ्यपुस्तक केही हदसम्म कमजोर रहेको र समग्रमा नेपालीका तुलनामा नमुना अभ्यासका दृष्टिले वैखरी नै उपयुक्त रहेको निष्कर्ष निकालेका छन् ।

त्यस्तै नेपाली पाठ्यपुस्तकमा प्रयुक्त अभ्यासलाई पर्यायशैक्षणिक दृष्टिबाट अध्ययन गर्दै खनाल (सन् २०२४, पृ .२१८) को अध्ययनमा कक्षा नौको पाठ्यपुस्तकमा राखिएका पाठगत, व्याकरणगत र सिर्जनात्मक अभ्यासमध्ये १३ ओटा अभ्यासमा पर्यावरणीय सन्दर्भ समावेश गरिएका, तीमध्ये चारओटा अभ्यास पर्याचेतना केन्द्रित र नौओटा अभ्यासमा पर्यावरणीय सन्दर्भ मात्र राखिएको उल्लेख छ । त्यस्तै उक्त अध्ययनले कक्षा दशका पाठ्यपुस्तकमा राखिएका समग्र अभ्यासमध्ये छओटा अभ्यासमा पर्यावरणीय पक्ष रहेकोमा पाँचओटा अभ्यासमा पर्यावरणीय चेतना विकासको अपेक्षाभन्दा पर्यावरणीय विषयवस्तु मात्र रहेको र एउटा अभ्यासमा भने पर्याचेतनाको विकासका लागि सोद्देश्यमूलक अभ्यास राखिएको उल्लेख छ । तुलनात्मक रूपमा कक्षा दशको तुलनामा नौको पाठ्यपुस्तकमा समाविष्ट अभ्यासहरू पर्यावरणीय दृष्टिले उपयुक्त रहेको देखाइएको छ ।

पाठ्यपुस्तकको बाह्य संरचनात्मक पुनरवलोकन

आन्तरिक तथा बाह्य विशेषताहरूले गुणस्तरीय पाठ्यपुस्तक मात्र उपयोगी र विद्यार्थी लगायत सरोकारवाला अनुकूल हुन सक्दछ । त्यसैले पाठ्यपुस्तक निर्माण तथा विकास गर्दा त्यसको संरचनामा ख्याल गरिनु अनिवार्य हुन जान्छ । बाह्य तथा आन्तरिक पक्षको के कति ख्याल गरी पाठ्यपुस्तकको विकास तथा निर्माण गरिएको छ भन्ने अध्ययन गर्नका लागि कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तक (२०७८) को अध्ययन गर्दै ढुङ्गेल (सन् २०२५, पृ . १८२) ले उक्त नेपाली भाषा पाठ्यपुस्तक (२०७८) को आवरण पृष्ठ उपयुक्त रहेको तर कागजको स्तर छपाइ तथा बँधाइमा कमजोरी रहेको र बँधाइ उपयुक्त नभएकै कारण एक वर्ष नपुग्दै पाठ्यपुस्तकका पाना उप्किने समस्या देखिएको निष्कर्ष निकालेका छन् । त्यस्तै पाठ्यपुस्तकको न्यूनतम मूल्य नतोकिएकाले बिक्री वितरणमा अनियमितता देखिने स्थिति रहेको

उल्लेख गरेका छन् । त्यस्तै फुयाल (सन् २०२२, पृ. २३२) ले कक्षा दशको नेपाली पाठ्यपुस्तक २०५५ पृष्ठ लेमिनेसन नगरिएकाले हेर्दैमा स्तरहीन देखिएको, प्रत्येक पाठमा राखिएका चित्रहरू स्पष्ट र रङ्गीन नभएको र मूल्य कम भए पनि कागजको गुणस्तर राम्रो नभएको निष्कर्ष उल्लेख गरेका छन् ।

न्यौपाने, (सन् २०१६,पृ. ४६) ले पनि लोटस अङ्ग्रेजी पाठ्यपुस्तकको विश्लेषण गर्ने क्रममा बाह्य संरचनाको रूपमा रहेको पुस्तकको आकार उपयुक्त रहेको कुरा ९३.३३% उत्तरदाताहरूले सहमति जनाएका, असी प्रतिशत उत्तरदाताहरूले अक्षरहरूको फन्ट उपयुक्त रहेको बताएका, करिब ५७% लोटस अङ्ग्रेजी शिक्षकहरूले आवरण पृष्ठ टिकाउ छैन भन्ने कुरा प्रति असहमति जनाएका र करिब ५७% उत्तरदाताहरूले पुस्तकको मुद्रण सफा एवम् स्पष्ट रहेको कुरा समर्थन जनाएको निष्कर्ष प्रस्तुत गरेका छन् । त्यस्तै यादव, सुश्मिता कुमारी (सन् २०२३,पृ. ३९) ले कक्षा ७ को अङ्ग्रेजी पुस्तकको विश्लेषण गरेर पुस्तकको लेआउट आकर्षक नभएको, पुस्तकको आकार विद्यार्थीहरूका लागि उपयुक्त नभएको, आवरण पृष्ठ आकर्षक नभएको, मुद्रण सफा र स्पष्ट नभएको तथा कागजको गुणस्तर राम्रो नभएको तथ्य प्रस्तुत गरेकी छन् ।

पाठ्यपुस्तकको आन्तरिक तथा बाह्य गुणका आधारमा अध्ययन तथा तुलनाका लागि शाही (२०७५, पृ. ८५-८६) ले कक्षा पाँचको मेरो नेपाली र हाम्रो सजिलो नेपाली पाठ्यपुस्तकको तुलना गर्दै बाह्य पक्षका आधारमा कक्षा पाँचको पाठ्यपुस्तक र हाम्रो सजिलो नेपालीको लम्बाइमा खासै भिन्नता नरहेको तर चौडाइमा १८ सेमी हुनुपर्नेमा दुबैको १७. ४ र १७.५ हुनु त्यति उपयुक्त नरहेको, आकारमा हाम्रो सजिलो नेपाली भन्दा मेरो नेपाली ४ पृष्ठले सानो रहेको, आवरणका दृष्टिले हाम्रो सजिलो नेपाली प्लास्टिकको कोडेड गरिएको तथा गुणस्तरीय कागजको प्रयोगगरी रङ्गीन एवम् आकर्षक बनाइएको भए पनि मेरो नेपाली पाठ्यपुस्तकमा कागजको गुणस्तरमा कमजोर, फिक्का भएकाले हाम्रो सजिलो नेपाली उपयुक्त रहेको उल्लेख छ ।

अक्षराकार र अन्तरालका आधारमा मेरो नेपाली पाठ्यपुस्तकभन्दा हाम्रो सजिलो नेपाली पाठ्यपुस्तकका अक्षराकार ठुलो र विद्यार्थीले सजिलै देख्न सकिने भएकाले मेरो नेपालीभन्दा उपयुक्त रहेको, ठाउँ छोडाइका आधारमा दुबै पाठ्यपुस्तक उपयुक्त नरहेको बताइएको छ । नतिजाअनुसार छपाइ र बँधाइका आधारमा मेरो नेपाली पुस्तकका तुलनामा हाम्रो सजिलो नेपाली पाठ्यपुस्तक उज्यालो,

चिल्लो, बाक्लो खालको कागत प्रयोग गरिएकाले उपयुक्त रहेको छ। कागतको स्तरका आधारमा मेरो नेपाली पाठ्यपुस्तकमा बाहिरी आवरण पातलो, नरम फिक्का सेतो रातो, भित्रीभाग पनि फिक्का सेतो अध्यारो गुणस्तरहीन कागत प्रयोग गरिएको छ। हाम्रो सजिलो नेपाली पाठ्यपुस्तकमा बाहिरी आवरणमा बाक्लो, पलास्टिक कोडेड गरिएको गुणस्तरीय फिक्का सेतो निलो र भित्रि आवरणमा पनि सेतो चिल्लो चम्किलो कागत प्रयोग गरिएकाले हाम्रो सजिलो नेपाली नै उपयुक्त रहेको तर मूल्य र सुलभताका दृष्टिले दुबै पुस्तकमा समानता रहेको अध्ययनको निष्कर्ष छ।

पूर्व अनुसन्धानलाई अध्ययन गर्दा पाठ्यपुस्तक निर्माण गर्दा पुस्तको आकार, अक्षराकार, कागजको स्तर, मूल्य, आवरण, छपाइ तथा बँधाइले समेत विद्यार्थीको रूचि, तथा सिकाइमा समेत प्रभाव पार्ने भएकाले यस्ता विषयमा ख्याल गरेर मात्र स्तरीय पाठ्यपुस्तक निर्माण गरिनुपर्ने निष्कर्ष प्राप्त हुन्छ। त्यसैले प्रस्तुत अनुसन्धानमा बाह्य संरचनात्मक दृष्टिले खस भाषाको कक्षा तीनको स्थानीय पाठ्यपुस्तकको उपयुक्तताको निर्क्यौल गर्नका लागि पाठ्यपुस्तकको छपाइ बँधाइ, बनोट, कागजको स्तर, मूल्य र सुलभता आदि बाह्य संरचनात्मक अध्ययन विश्लेषण गरिएको छ। बाह्य संरचनाले खसभाषी विद्यार्थीहरूको रूचि तथा सिकाइ सक्रियतामा पारेको प्रभावका विषयमा अनुसन्धान विश्लेषण गरिएको छ।

पाठ्यपुस्तक निर्माण प्रक्रियासम्बन्धी पुनरावलोका

विद्यार्थीहरूका हातमा पुग्नुभन्दा पहिले पाठ्यपुस्तक विभिन्न चरण र प्रक्रिया पूरा गरेर निर्माण तथा विकास गरिन्छ। यसरी विभिन्न चरणहरू पार गरेर निर्माण गरिएको पाठ्यपुस्तकले पाठ्यक्रमको उद्देश्य र विद्यार्थीको सिकाइ क्षमतालाई सम्बोधन गर्ने विश्वास गर्न सकिन्छ। पाठ्यपुस्तक निर्माणको प्रक्रियाबारे ढुङ्गाना (२०७९) ले पाठ्यपुस्तकहरू विषय विशेषज्ञको सुपरिवेक्षणमा विषय विज्ञ तथा शिक्षकहरूले कक्षा शिक्षणका अनुभवलाई समेटी विद्यार्थीको उमेर, रूचि, क्षमता र सिकाइ स्तरमा भएका विभिन्नतालाई ध्यानमा राखी सिकाइ प्रक्रियामा विभिन्न विकल्पहरू दिएर सामूहिक लेखनका माध्यमबाट विकास गरिने बताएका छन्। पाठ्यपुस्तकको लेखन, छलफल, पुनर्लेखन, संशोधन, परीक्षण जस्ता कार्य प्रक्रियाहरू गर्नुपर्ने, अन्तिमीकरण गर्नुपूर्व आधिकारिक निकायमा पेस गरी विषय विज्ञद्वारा मूल्याङ्कन गरि दिइएको सुझावको संशोधन गर्नुपर्ने उल्लेख गरेका छन्। संशोधनका लागि सुझाव

सम्बोधन भएको प्रमाण पेस गरी आधिकारिक निकायबाट स्वीकृत भएको प्रमाण लिएपछि मात्र पुस्तकको रूपमा छपाइमा जाने अधिकार प्राप्त हुन्छ भन्दै पाठ्यपुस्तक निर्माणका विभिन्न प्रक्रियागत चरणका बारेमा उल्लेख गरेका छन् ।

पाठ्यपुस्तक निर्माणका विभिन्न चरणका सम्बन्धमा निरौला (२०७०) का अनुसार पनि खुल्ला रूपमा सार्वजानिक सूचनामार्फत गोप्य सिलबन्दी गरी नमुना पाठ सङ्कलन गर्ने र विज्ञबाट मूल्याङ्कन गराई लेखक चयन गर्ने तथा तोकिएको समयभित्र लेखकलाई मस्यौदा पाठ्यपुस्तक पेस गर्न लगाउने गरेको देखिन्छ । त्यसपछि प्राप्त मस्यौदा पुस्तकलाई शिक्षक कार्यशाला, विषय समिति कार्याशाला, समन्वय समिति हुँदै अन्तिम रूप दिई परीक्षण कार्यान्वयनमा लगि पृष्ठपोषण प्राप्त गरी अन्तिम मुद्रणीय प्रति तयार पारी देशभरका विद्यालयमा कार्यान्वयन गरिने प्रक्रिया रहेको देखिन्छ ।

पाठ्यपुस्तक निर्माणका विभिन्न पक्षहरूमध्ये दाहाल (२०६४) ले पाठ्यपुस्तक तयार पार्दा नीतिगत भन्दा पनि कार्यान्वयनगत चरण तथा ध्यान दिनुपर्ने पक्षबारे उल्लेख गरेका छन् । बाह्य पक्षको रूपमा रहने आवरण पृष्ठमा विषय र कक्षा मात्र उल्लेख गरिने, आवरण पृष्ठको पछिल्लो भागमा कक्षागत गीतहरू उल्लेख गरिने, प्रारम्भिक अंशमा प्रकाशक, मुद्रक, लेखक, सम्पादक, परिमार्जनकर्ता आदिको नाम, प्राकथन वा प्रकाशकको भनाइ र विषयसूची उल्लेख गर्ने गरिएको बताएका छन् । माथिल्लो कक्षाका पाठ्यपुस्तकहरू एक रङ र कक्षा २ सम्मका पाठ्यपुस्तकहरू दुई रङको प्रयोग गरिने, पाठ्यपुस्तकको आकार, कक्षा र विषयको प्रकृतिको आधारमा सय पृष्ठदेखि दुईसय पचास पृष्ठसम्मको हुने जस्ता बाह्य पक्षलाई ध्यान दिनुपर्ने उल्लेख गरेका छन् ।

पाठको शीर्षक, विषयवस्तुको प्रस्तुति, अनुच्छेदहरूको विभाजन, पाठहरूको समापन, अभ्यासमा प्राश्निक विविधता, चित्रको सान्दर्भिकता, विषयको सम्प्रेषणको शैली, भाषाको बनोट आदि आन्तरिक कुरालाई पाठ्यक्रम विकास केन्द्रले पाठहरूको निर्माण गर्दा ध्यान दिनुपर्ने बताएका छन् । उनका अनुसार आन्तरिक प्रक्रियाका लागि सर्वप्रथम सार्थक र उपयुक्त शीर्षक चयन र पाठमा विषयवस्तुको प्रस्तुतिलाई प्रभावकारी बनाउन विषयवस्तुको सैद्धान्तिक पृष्ठभूमिका बारेमा विचार गरिनुपर्छ । त्यस्तै पाठको प्रकृतिअनुसार विषयवस्तुको विन्यास , विषयवस्तुको आवश्यकताअनुसार चित्रको प्रयोग, पाठको बोधगम्यताका लागि कक्षाको स्तरलाई ख्याल गरिनुपर्छ । पाठ्यपुस्तकका भाषा

सरल हुनुका साथै, वर्णविन्यासको शुद्धतामा विशेष ध्यान दिनुपर्ने, अभ्यासात्मक प्रश्न पाठका विषयवस्तु र पाठ्यक्रमका सिकाइ उपलब्धि वा विशिष्ट उद्देश्यमा आधारित हुनुपर्ने सुझाव दिएका छन् ।

पाठ्यपुस्तक निर्माण तथा विकास प्रक्रियाका सम्बन्धमा चौकासे (सन् २०१४), का अनुसार माहाराष्ट्रमा पाठ्यपुस्तक विकासका अवस्थालाई प्राविधिक, ऐतिहासिक र विषयवस्तुका आधारमा हेरिने उल्लेख छ । प्राविधिक दृष्टिकोणबाट पाठ्यक्रमको दस्ताबेजअनुसार विषयगत समितिको निर्माण, व्यक्तिगत रूपमा लेखन, सम्पादन र आन्तरिक समीक्षा,डाटा र बाह्य समीक्षा गरेर त्यसपछि पाठ्यपुस्तक उत्पादन गर्ने प्रक्रिया रहेको उल्लेख गरेका छन् । उनका अनुसार पाठ्यपुस्तकको विकासका लागि विभिन्न तहमा काम गर्ने आमन्त्रित विषय विशेषज्ञहरू र शिक्षकहरू मिलेर बनेको समिति गठन गरिन्छ । जसमा MSBTPCR विभागको प्रमुख रहेको समितिको संयोजक बाहेका सदस्यहरू समावेश हुन्छन् । समितिले सीमा र दायराको विवरण भएको पाठ्यपुस्तकको रूपरेखा तयार पार्दछ । छानिएका व्यक्तिहरूबिच विषयको वितरण गरिन्छ ।

सामाग्रीको विकास गर्न सिकारुको अघिल्लो ज्ञान, पाठ्यक्रमको चरण, विशिष्ट उद्देश्यलाई ध्यानमा राखिन्छ । विकसित सामग्री समितिको बैठकमा पढेर सुनाइन्छ र छलफललाई प्रोत्साहित गरिन्छ । सुझाव र टिप्पणीहरू खोजिन्छ । असहमतिहरूमा छलफल गरिन्छ र समाधान खोजिन्छ । समितिले सामग्री वा प्रश्नलाई पुन: फ्रेम गर्न वैकल्पिक तरिकाहरू सोच्दछ । एउटा कलाकार नियुक्ति गरिन्छ र पाठ्यपुस्तकमा समावेश गर्न सान्दर्भिक चित्रहरू कोरिन्छ । पहिलो मस्यौदा बनाउन डेक्सटप प्रिन्टिङ पूरा हुन्छ । त्यसपछि मस्यौदा समीक्षा कार्यशालाका सदस्यहरूलाई प्रदान गरिन्छ जहाँ राज्यभरका शिक्षकहरू भाग लिन्छन् । समीक्षा प्रक्रियामा विकासात्मक मनोविज्ञानका मुख्य सिद्धान्तहरू, रेखाचित्रहरूको उपयुक्तता र सामग्रीको प्रासङगिकता सुनिश्चित गरिनुपर्छ ।

संशोधन मस्यौदापछि गुणस्तर समीक्षाको लागि विषय विशेषज्ञ र शिक्षण विशेषज्ञलाई पठाइन्छ । तिनीहरूको टिप्पणीपछि मस्यौदा परिमार्जन गरिन्छ । अन्तिम मस्यौदा प्रशोधनका लागि मुम्बइ कार्यालयमा रहेको उत्पादन विभागमा पठाइन्छ । त्यहाँ डिजाइन, लेआउट, बोर्डरहरू, रङ योजनालाई अन्तिम रूप दिइन्छ । प्रशोधन गरिन्छ र रङ प्रमाण तयार गरिन्छ । रङ प्रमाण पाठ्यपुस्तकका लेखकलाई फिर्ता पठाइन्छ । प्रमाणहरू जाँच गरेर पुनरावृत्ति प्रक्रिय पूरा गरिन्छ । विकास समितिद्वारा

पाठ्यपुस्तकलाई फ्ल्याग अफ गरिसकेपछि प्रिन्ट अर्डर गरिन्छ । ठुलो मात्रामा उत्पादन (मुद्रण) को समयमा सबै कुरा ठिक भए नभएको सुनिश्चित गर्न अधिकारीद्वारा पाँच प्रति अनियमित रूपमा जाँच गरिन्छ । यस जाँचपछि गुणस्तर प्रमाणपत्र जारी गरेर पाठ्यपुस्तक बिक्रीलाई अनुमति दिन्छ । अनुसन्धाताका अनुसार माहाराष्ट्रमा विभिन्न कडा प्रक्रिया र चरण पूरा गरेर पाठ्यपुस्तक तयार पारिन्छ ।

पूर्व अनुसन्धानको अध्ययनअनुसार पाठ्यपुस्तक निर्माण गर्दा विभिन्न नीतिगत तथा प्रक्रियागत चरणहरू पूरा गर्नुपर्ने देखिन्छ । नेपाल लगायतका विभिन्न देशका पाठ्यपुस्तक निर्माण गर्दा विभिन्न विधिवत् प्रक्रियाहरू अपनाएर चरणबद्धरूपमा विभिन्न सरोकारवालाहरूको सहभागिता सहित पाठ्यक्रम पाठ्यपुस्तक निर्माण गर्ने प्रावधान रहेको देखिन्छ । प्रस्तुत अनुसन्धानमा खस भाषाको कक्षा तीनको स्थानीय पाठ्यपुस्तक निर्माण गर्दा अपनाइएको विधि र प्रक्रियाको विशेष अनुसन्धान गरिएको छ ।

पाठ्यपुस्तकको उपयोगितासम्बन्धी पुनरवलोकन

पाठ्यपुस्तक आफैमा शिक्षण सिकाइ सहजीकरण सामग्री हो । यसले शिक्षक तथा विद्यार्थीहरूलाई आवश्यक मार्गदर्शन गर्न सहयोग गर्दछ । हरेक पाठ्यपुस्तकहरू शिक्षण सिकाइ सहजीकरणका लागि उपयोगी र उपयुक्त हुन आवश्यक छ । सिकाइ सहजीकरणका आधारमा पाठ्यपुस्तकको विश्लेषण गर्ने क्रममा टिङ, वाङ र अन्य (सन् २०२५) ले न्यू कन्ट्री म्याथमेटिक्स कक्षा ६ का गणित पाठ्यपुस्तकहरूमा करिब ७३७ कार्यहरूमध्ये (३१.१%) कथात्मक र (६८.९%) अभ्यास समूह रहेका, पाठ्यपुस्तकमा करिब एक-तिहाइभन्दा बढी कार्यहरू सन्दर्भ-आधारित भएको भए पनि यो अनुपात विदेशी गणित पाठ्यपुस्तकहरू (जस्तै, ज्वानेभेल्ड आदि, २०१७) सँग तुलना गर्दा अझै पनि न्यून रहेको र उपयुक्त यथार्थपरक परिस्थितिका कार्यहरूले विद्यार्थीहरूको सिकाइ प्रेरणा जगाउन सक्ने र सिकाइमा सहजीकरण गर्न सक्ने भएकाले चिनियाँ गणित पाठ्यपुस्तकका कार्यहरूमा उपयुक्त यथार्थपरक परिस्थिति समावेश गर्नु आवश्यक रहेको उल्लेख गरेका छन् ।

अधिकांश गणितीय मोडेलिङ कार्यहरू सामाजिक सन्दर्भ क्षेत्रमा आधारित रहेको तर वैज्ञानिक सन्दर्भ क्षेत्रमा आधारित कार्यहरूको कमी रहेकाले विद्यार्थीहरूको अन्तरविषयक गणितीय मोडेलिङ क्षमता विकास गर्न कठिन हुने भएकाले पाठ्यपुस्तकमा अझ धेरै वैज्ञानिक सन्दर्भमा आधारित कार्यहरू

समावेश गरिएमा र सरलीकरणको विषयलाई ख्याल गरिएमा विद्यार्थीको सिकाइ सहजीकरणमा पाठ्यपुस्तकको महत्त्वपूर्ण भूमिका रहने निष्कर्ष निकालिएको छ ।

त्यस्तै लुसियन, म्याली र अन्य (सन् २०२३) ले अङ्ग्रेजी पाठ्यपुस्तकको उपलब्धता शिक्षकहरूलाई कक्षामा प्रभावकारी रूपमा पढाउनको लागि अत्यन्त महत्त्वपूर्ण रहेको र यसले शिक्षकको कामको भार कम गर्ने, शिक्षण प्रक्रियालाई सरल बनाउने र शिक्षक–विद्यार्थीबिचमा सहकार्यलाई समेत जोड दिने निष्कर्ष निकालिएको छ । पाठ्यपुस्तक शिक्षक र विद्यार्थीबिचको सम्बन्ध बढाउने, विद्यार्थीहरूलाई शिक्षार्थी केन्द्रित भएर सहभागी हुन अवसर दिने, सिकाइ प्रक्रियामा विद्यार्थीलाई केन्द्रमा राख्ने मौका दिने भएकाले प्रभावकारी शिक्षण एवम् सहज सिकाइमा योगदान पुर्‍याउने बताइएको छ ।

प्रभावकारी एवम् सहज सिकाइ प्रक्रिया सुनिश्चित गर्नका लागि पाठ्यपुस्तकको महत्त्वपूर्ण भूमिका रहने भएकाले सरकार, शिक्षा विज्ञान र प्रविधि मन्त्रालय मार्फत शैक्षिक सरोकारवालाहरूले सबै सामुदायिक माध्यमिक विद्यालयहरूमा विद्यार्थीहरूको सङ्ख्या अनुसार पर्याप्त अङ्ग्रेजी पाठ्यपुस्तक उपलब्ध गराउने सुनिश्चित गर्न र विद्यार्थीको पहुँचमा पुग्न सक्नेगरी भण्डारण गर्न अध्ययनले सिफारिस गरेको छ । शिक्षण सहजीकरणका लागि पाठ्यपुस्तकको उपयोगिताका आधारमा हेर्लिन्डा (सन् २०१४) ले इन्डोनेसियामा शिक्षकहरूले पाठ्यपुस्तकको प्रयोग किन गर्छन वा गर्दैनन र कति मात्रामा गर्न भन्ने तथ्य पत्ता लगाउने क्रममा शिक्षकहरूले विद्यार्थीहरूलाई सामग्री प्रस्तुत गर्दा एकभन्दा बढी पाठ्यपुस्तक प्रयोग गरेका, व्याकरण, शब्दावली, उच्चारण आदि सिक्न विद्यार्थीलाई अतिरिक्त स्रोतको रूपमा पाठ्यपुस्तक र अन्य सन्दर्भ सामग्री उपलब्ध गराइएको बताएका छन् ।

रिचार्ड (सन् २००१) लाई उदृत गर्दै हेर्लिन्डा (सन् २०१४) ले भनेअनुसार आफै शुद्ध नजान्ने अङ्ग्रेजी पहिलो भाषा नभएका शिक्षकहरूका लागि पाठ्यपुस्तकले सहयोग पुर्‍याएको बताएका छन् । शिक्षकहरूले पाठ्यपुस्तकलाई महत्त्वपूर्ण स्रोत सामग्रीको रूपमा प्रयोग गरेको देखिएकाले अनुभवको कमी वा लामो अनुभवले मात्र शिक्षकको पाठ्यपुस्तकमाथिको निर्भरता निर्धारण गर्ने भन्दा पनि उनीहरूको पृष्ठभूमि, ज्ञान, र सिकाइप्रतिको दृष्टिकोणले पनि निर्धारण गर्ने र बढी अनुभवीहरूले कम

मात्रामा पाठ्यपुस्तकको प्रयोग गर्दछन भन्ने उक्तिका विपरीत पाठ्यपुस्तकको प्रयोग शिक्षण सिकाइलाई सहज तुल्याउन र दुविधाहरू निराकरणमा सहयोग गर्न उपयोगी हुने बताइएको छ।

त्सस्तै मिथान्स र ग्रिमेक (सन् २०२०) ले स्लोभेनियाली प्राथमिक र माध्यमिक विद्यालयमा पाठ्यक्रम कार्यान्वयनका विभिन्न चरणमा पाठ्यपुस्तकको प्रयोगबारे अन्वेषण गरेर प्राथमिक विद्यालयका शिक्षकहरूले पाठ्यपुस्तकलाई पुनरवलोकन र सुदृढीकरणको चरणमा प्रयोग गर्ने गरेको र माध्यमिक विद्यालयका शिक्षकहरूले शैक्षिक सामग्री सिकाउने चरणमा प्रयोग गर्ने तथ्य पत्ता लगाएका छन्। हग लु र अन्य (सन२०१८) लाई उदृत गर्दै मिथान्स र ग्रिमेक (सन २०२०) ले पाठ्यपुस्तक एक महत्त्वपूर्ण सिकाइ उपकरण भएको र यसले सिकाइका स्रोतहरू र सामग्री प्रदान गर्ने, विद्यार्थीहरूलाई सिकाइमा प्रेरित गर्नुका साथै, स्वतन्त्र सिकाइका लागि र सिकेको सामग्रीलाई सुदृढ गर्न महत्त्वपूर्ण भूमिका खेल्ने बताएका छन्। पाठ्यपुस्तकको प्रयोग सहज सिकाइका लागि भएकाले पाठ्यपुस्तक महत्त्वपूर्ण सिकाइ उपकरण भएको निष्कर्ष निकालेका छन्।

सिकाइ सहजीकरणमा पाठ्यपुस्तकको प्रभावका सन्दर्भमा हुमारिया र अन्य (सन् २०२३) ले स्थानीय सामग्रीमा आधारित पाठ्यपुस्तक प्रयोग गरेर विद्यार्थीहरूले अङ्ग्रेजी सिकाइमा ठुलो प्रगति गरेको, विद्यार्थीहरूको ज्ञान, प्रेरणा, साहस, सक्रियता र सिकाइप्रतिको रुचि वृद्धि भएको उल्लेख गरेका छन्। स्थानीय सामाग्रीमा आधारित पाठ्यपुस्तकको प्रयोगको परिणाम १००% विद्यार्थीहरू कक्षा उपस्थित भएका, ८८.८% विद्यार्थीहरूले सिकाइ प्रक्रियामा आनन्द लिएका, ८५.१% विद्यार्थीहरूले सामग्री बुझ्न सकेका, ९२.५% विद्यार्थीहरू अध्यापन तथा सिकाइ प्रक्रियामा अझै सहकार्यशील भएका, ७८% विद्यार्थीहरूले आफ्ना विचार व्यक्त गर्न साहस देखाएका, ९३% विद्यार्थीहरूले गृहकार्य वा दिइएको कार्य पूरा गरेका, ७४% विद्यार्थीहरूले कक्षामा गतिविधिमा भाग लिन थालेका, र औसतमा ९९% विद्यार्थीहरूले आफ्नो उत्तीर्णाङ्क प्राप्त गरेका अध्ययको नतिजाले देखाएको छ।

स्थानीय सामग्रीमा आधारित पाठ्यपुस्तकका कारण विद्यार्थीहरूको अङ्ग्रेजी सिकाइप्रतिको चासो उच्च रहेको, विद्यार्थीहरू पाठ्यपुस्तकप्रति आकर्षित भएर उच्च सक्रियताका साथ उत्साही र उत्प्रेरित भएर सिकाइ प्रक्रियामा भाग लिएको अध्ययनले देखाएको छ। स्थानीय सामग्रीमा आधारित सामग्रीहरूले विद्यार्थी र शिक्षकलाई शिक्षण सिकाइ प्रक्रियालाई मार्गदर्शन गर्न धेरै मद्दत पुऱ्याएको र

विद्यार्थीहरूले पाठ्यपुस्तकमा रहेका विषयवस्तुलाई सहजै बुझ्न सकेर उच्च नतिजा प्राप्त गरेको अध्ययनले देखाएकाले सहज र प्रभावकारी सिकाइका लागि पाठ्यपुस्तक अति आवश्यक रहेको र स्थानीय भाषा र स्रोत सामग्रीमा आधारित पाठ्यपुस्तकहरू अझ प्रभावकारी रहने निष्कर्ष अध्ययनमा देखिन्छ ।

विद्यार्थीको ज्ञान,सिप, क्षमता र अभिवृत्तिको विकासका लागि पाठ्यपुस्तक महत्त्वपूर्ण साधन हो । विद्यार्थीमा रहेको सक्षमतालाई पाठ्यपुस्तकले पहिचान गरी प्रस्फुटन गराउने क्षमता राख्नुपर्छ । त्यसैले पाठ्यपुस्तक निर्माण तथा विकास गर्दा सक्षमता विकासका विषयमा ख्याल गरिनुपर्छ । पाठ्यपुस्तकमा रहेका सक्षमता विकासका गुणहरू पहिल्याएर कार्यान्वयनमा लैजानु बुद्धिमानी हुन जान्छ । सक्षमता विकासका आधारमा पाठ्यपुस्तकको समीक्षा गर्ने सवालमा सतिनेम र अन्य (सन् २०२३) ले प्रमाणीकरण परीक्षण मा ८२ अङ्क (८२%) प्राप्त भएबाट इन्डोनेसियामा सक्षमतामुखी भाषा पाठ्यपुस्तकहरू प्रयोग गर्न उपयुक्त र प्रभावकारी देखिएको कुरा पुष्टि गरिएको बताएका छन् । वोन टेस्ट स्याम्पल मार्फत प्रभावकारिता परीक्षणको नतिजा अनुसार sig (2-tailed) = 0.00 प्राप्त भएको र जुन 0.05 भन्दा कम भएकाले पाठ्यपुस्तक विद्यार्थीहरूले प्रभावकारी रूपमा प्रयोग गरेको देखाइएको छ ।

इन्डोनिसियाली विद्यार्थीमा वैज्ञानिक लेख लेख्ने क्षमतालाई प्रशिक्षण दिन सक्ने, शिक्षक तथा विद्यार्थीहरूलाई बुझ्न सरल, रोचक र पूर्ण सामग्री भएको पाठ्यपुस्तकको विकास गर्नका लागि विकसित पाठ्यपुस्तकको डिजाइन सक्षमतामुखी इन्डोनेयाली भाषा पाठ्यपुस्तकको रूपमा गरिएको बताइएको छ । जसमा विषयवस्तु, सिकाइ उद्देश्य र उपलब्धिहरू, व्याख्यान सामग्री, अभ्यास, ग्रन्थसूची, सारांश, र मूल्याङ्कन समावेश रहेको उल्लेख गरिएको अनुसन्धाताले बताएका छन् । सिकाइलाई प्रभावकारी बनाउनका लागि बनाइएको सक्षमतामुखी इन्डोनेसियाली भाषा पाठ्यक्रमको पाठ्यपुस्तक विकास नतिजाले सामग्री, डिजाइन, र भाषाको दृष्टिले प्रयोगयोग्य भएको देखाएको अनुसन्धाताले बताएका छन् ।

नरोभा र सेस्पेडेस (सन् २०२२) ले शिक्षक मार्गदर्शन पुस्तिका, पाठ्यपुस्तकहरू र डिजिटल स्रोतहरू शिक्षकका लागि आवश्यक उपकरणहरू भएको जसले पाठ्यक्रममा प्रस्तुत गरिएका धारणाहरू

र कक्षाकोठाको फरक–फरक तथा जटिल संसारबिचको सेतुको रूपमा काम गर्ने गरेको उल्लेख गरिएको छ। शिक्षकहरू पाठ्यपुस्तकका पाठहरूमा समावेश सामग्रीलाई व्याख्या गर्न र मध्यस्थ को भूमिकामा हुने भएकाले विद्यार्थीहरूको आवश्यकता विचार गरेर यी स्रोतहरूको उपयुक्त प्रयोग गर्न आवश्यक ज्ञान र सिप शिक्षकसँग हुनुपर्ने उल्लेख गर्दै शिक्षकहरूले प्रायः पाठ्यपुस्तकलाई गुणस्तरको ग्यारेन्टीका रूपमा लिने गरेको, कहिलेकाहीँ त्यसले शिक्षकलाई नै प्रतिस्थापन गर्न सक्छ भन्ने मान्यता राखेको बताइएको छ। अनुसन्धानमा सहभागी अधिकांश शिक्षकहरूले राम्रो पुस्तकमा विभिन्न प्रकारका कार्यहरू हुनुपर्छ भन्ने त ठानेको तर थोरैले मात्र विचारको तर्क वा सञ्चार को भूमिकालाई महत्त्वपूर्ण मानेको देखिएकाले पाठ्यपुस्तक सक्षमता विकासमा आधारित हुनुपर्ने तर्क अध्ययनले स्थापित गरेको देखिन्छ।

पाठ्यपुस्तकको गुणस्तरका सम्बन्धमा सेइभर्ट र अन्य (सन् २०२१) ले जर्मनीका कक्षा १ का चार पाठ्यपुस्तकले प्रस्तुत गर्ने सिकाइ अवसरहरूको विश्लेषण गर्ने क्रममा ग्रेड १ मा परिमाणात्मक तुलनाको समाधान गर्ने विद्यार्थीको उपलब्धिमा पाठ्यपुस्तकको भूमिका अध्ययन गरेर पाठ्यपुस्तकका गुणस्तर सूचकहरू विकास गरिएका बताइएको छ। एउटै जर्मन राज्यको अङ्कगणित पाठ्यक्रम अनुसरण गर्ने पाठ्यपुस्तकहरूमध्ये श्रेणी प्रणालीका आधारमा चारवटा प्रचलित गणितका पाठ्यपुस्तकहरूमा प्रस्तुत गरिएको सिकाइ अवसरहरू विश्लेषण गरिएको र परिमाणात्मक तुलना सम्बन्धी पाठ्यपुस्तकको गुणस्तरमा भिन्नता पाइएको देखाइएको छ। यस अध्ययनमा ग्रेड १ मा गणितका पाठ्यपुस्तकको गुणस्तर र विद्यार्थीहरूको परिमाणात्मक तुलना समाधान गर्ने क्षमताबिच महत्त्वपूर्ण सम्बन्ध पाइएको देखिएको बताइएको छ। प्रारम्भिक विद्यालयमा गणित शिक्षाका लागि पाठ्यपुस्तकको गुणस्तरको महत्त्वलाई थप पुष्टि गरेकाले गुणस्तरीय पाठ्यपुस्तकले गुणस्तरीय सिकाइमा भूमिका खेलेर विद्यार्थीको नतिजामा समेत प्रभाव पार्ने भएकाले सिकाइ सक्षमताको लागि पाठ्यपुस्तकको महत्त्वपूर्ण भूमिका रहने अध्ययनको निष्कर्ष देखिन्छ।

खान र शाह (सन् २०२४) ले शिक्षकहरूमा अङ्ग्रेजी पाठ्यपुस्तकका विभिन्न पक्षहरूको प्रभावकारिताप्रति सामान्यतया सकारात्मक दृष्टिकोण रहेको बताएका छन्। अनुसन्धानमा माध्यमिक विद्यालयका शिक्षकहरूले अङ्ग्रेजी पाठ्यक्रम २००६ का घोषित उद्देश्यहरूसँग पाठ्यपुस्तकका केही चुनौतीहरू पहिचान गरिए पनि सन्तोष व्यक्त गरेका अर्थात राम्रो मेल खाएको बताएका देखाइएको छ।

त्यस्ता खाले चुनौतीका खाडलहरू पूरा गर्न र माध्यमिक तहमा भाषा शिक्षणलाई सुधार गर्न पाठ्यपुस्तकहरू अद्यावधिक गर्ने, लक्षित शिक्षक तालिम उपलब्ध गराउने र अझ बढी अन्तरक्रियात्मक गतिविधिहरू समावेश गर्ने जस्ता काम गरेमा पाठ्यपुस्तक प्रभावकारी हुने बताउनुका साथै शिक्षकहरूले भोग्ने कठिनाइहरूलाई उजागर गरेको देखिन्छ।

अध्ययनको निष्कर्ष अनुसार पाठ्यपुस्तकहरू विद्यार्थीहरूको लेखन र पढाइ सिप सुधार गर्नमा प्रभावकारी देखिएको तर बोल्ने र सुन्ने सिप सुधार गर्नमा कम सफल भएको तथा पाठ्यक्रम र पाठ्यपुस्तकबिचको तालमेललाई अझ सुदृढ बनाउनका लागि बढी सम्प्रेषणात्मक गतिविधि र सांस्कृतिक रूपमा उपयुक्त सामग्री समावेश गर्न संशोधन आवश्यक रहेको देखाइएको छ। यसरी शैक्षिक उपलब्धि र सक्षमताका लागि पाठ्यपुस्तक महत्त्वपूर्ण हुने अध्ययनले देखाएको छ।

सक्षमता विकासमा पाठ्यपुस्तकको भूमिकाका सम्बन्धमा शाही (सन् २०२४) को अनुसन्धानमा शैक्षिक सामग्रीको रूपमा पाठ्यपुस्तकलाई महत्त्वपूर्ण स्थान दिइएको देखाइएको छ। उनको अनुसन्धानमा सहभागी शिक्षक ‘क’ ले किताबका चित्र/ तस्विर देखाएर छलफल गराउने गरेको बताएको, बोलाइ सिपसँग सम्बन्धित कार्यकलाप गराउँदा पुस्तकका चित्र/ तस्विर र विधागत पाठहरूलाई सामग्रीको रूपमा उपयोग गरेको उल्लेख गरिएको छ। पुस्तकमा भएका चित्रहरू, पाठमा भएका संवाद तथा वादविवादलाई पनि सामग्रीको रूपमा प्रयोग गरिएको पाइएको अनुसन्धाताले उल्लेख गरेका छन्। सहभागी शिक्षक ‘ख’ ले लेखाइगत अभिव्यक्ति सक्षमता विकासका लागि पाठ्यपुस्तकलाई बढी प्रयोग गर्ने गरेको बताएका, छात्र सहभागीका अनुसार कक्षाकोठामा पाठ्यपुस्तकहरू उपयोग गरेर निर्देशित तथा स्वतन्त्र लेखाइ अभिव्यक्तिका कार्यकलापहरू गरिएको अनुसन्धानले देखाएको छ।

अन्य सामग्रीको रूपमा श्रव्य, श्रव्य-दृश्य सामग्री प्रयोग भए पनि लेखाइ सिप विकासका लागि भने पाठ्यपुस्तक र पाठ्यपुस्तकभित्रका अभ्यासात्मक सामग्रीलाई बढी उपयोग गर्ने गरेको अध्ययनले देखाएको छ। सहभगी छात्रालाई उदृत गरेअनुसार विद्यार्थीका रूचि, क्षमता र स्तरलाई खासै ख्याल नगिएको पाइएको अध्ययनले बोलाइ, पढाइ र लेखाइ सिप विकासका लागि पाठ्यपुस्तकको अधिकतम रूपमा प्रयोग गरिएको उल्लेख गरेका छन्। यसरी हेर्दा पाठ्यपुस्तक विद्यार्थीको सक्षमता विकासमा अधिकतम प्रयोग हुने सामग्रीको रूपमा देखिएको निष्कर्ष अनुसन्धानमा देखिएको छ ।

पाठ्यपुस्तकको प्रयोग अवस्थासम्बन्धी पुनरवलोकन

विद्यार्थी सिकाइका लागि प्रयत्नशील सहभागी हो भने सिकाइ विद्यार्थीको लक्ष्य हो । त्यस्तै विद्यार्थीको सिकाइका लागि पाठ्यपुस्तक सिकाइको साधन हो । पाठ्यपुस्तकको उपयुक्त प्रयोगसहित विद्यार्थीको सक्रिय सहभागिताबिना सिकाइ प्रभावकारी नहुन सक्छ । त्यसैले विद्यार्थीलाई सिकाइमा सक्रिय सहभागी गराउने विशेषता पाठ्यपुस्तकमा पनि हुन जरुरी हुन्छ । पाठ्यपुस्तकमा सिकाइका लागि विद्यार्थी सहभागिता गराउन सक्ने गुण तथा विशेषताका सम्बन्धमा लि र वाङ् (सन् २०२४) को अध्ययन विश्लेषणले देखाएअनुसार विद्यार्थीहरूको रसायनशास्त्र पाठ्यपुस्तक प्रयोग र उनीहरूको चासो तथा दृष्टिकोणबिच महत्त्वपूर्ण सम्बन्ध भएको पत्ता लागेको देखिन्छ । नयाँ पाठ्यपुस्तकको प्रयोगले रसायनशास्त्रको कक्षामा फरक किसिमको गतिशीलता र वातावरण देखाएको जहाँ विद्यार्थीका गतिविधिहरू बढी भएका र विद्यार्थीहरूले अझ गहिरो र सक्रिय रूपमा सहभागिता जनाउन सकेकाले विद्यार्थीहरूको चासो र दृष्टिकोणमा बढी योगदान पुग्न गई उनीहरूको रसायनशास्त्रमा सिकाइ सुधार उल्लेख्य भएको अनुसन्धानमा देखिएको छ ।

विद्यार्थीहरूले रसायनशास्त्र सिक्दा पाठ्यपुस्तकलाई ध्यानपूर्वक पढ्ने, रोचक र उपयोगी सामग्री पत्ता लगाउने, त्यसलाई प्रेरणाको स्रोत बनाउने, र सचेत तथा सक्रिय व्यवहारका रूपमा पाठ्यपुस्तक प्रयोगलाई आत्मसात् गर्न प्रयत्न गर्ने गरेको कुरा अनुसन्धानमा देखिएकाले पाठ्यपुस्तकको गुणस्तरका कारण पनि विद्यार्थीमा सिकाइप्रति समर्पित हुने जागरण र उत्प्रेणा जगाउन सकिने निचोड अध्ययनबाट निकाल्न सकिन्छ । त्यसैले विद्यार्थीको सिकाइ सहभागितामा पाठ्यपुस्तकको स्तर र विद्यार्थीमैत्री गुणले पाठ्यपुस्तकको प्रयोगमा प्रभाव पर्ने देखिन्छ । त्यसै गरी पाठ्यपुस्तकको गुणस्तरका सम्बन्धमा छाब्रा र अन्य (सन् २०१५) ले 'क्यास' नामक एकीकृत प्लेटफर्मको रूपरेखा प्रस्तुत गर्दै पाठ्यपुस्तकबारे प्रतिक्रिया सङ्कलन गरेर प्राप्त प्रतिक्रियाद्वारा पाठ्यपुस्तकको सामग्री सुधार गर्न ठुलो मद्दत गर्ने र यसले भविष्यका पाठ्यपुस्तक निर्माणमा पनि प्रभाव पार्ने देखिएको बताएका छन् । विद्यार्थीहरू बिच हुने यस्तो अन्तरक्रियाले लेखकहरूलाई कुन भागहरू पुनर्विचार गर्न आवश्यक छ भन्ने जानकारी दिनुका साथै यस प्रकारको प्लेटफर्मले विद्यार्थीहरूको सिकाइ प्रक्रियामा पनि सहयोग पुऱ्याउने दावी अनुसन्धाताहरूले गरेका छन् ।

यसरी विद्यार्थीहरूले आफ्नो प्रभावकारी सिकाइका लागि कस्तो पाठ्यपुस्तकको आवश्यकता पर्छ भन्ने सुझाव दिने र निर्णय गर्न सक्ने भएकाले सिकाइमा विद्यार्थीको सहभागिता अपरिहार्य र महत्त्वपर्ण रहेको देखिएको छ । सिकाइमा सक्रिय सहभागी विद्यार्थीहरूले पाठ्यपुस्तकका विषयमा आवश्यक परामर्श र अन्तर्क्रिया गरेका पाइएको छ । विद्यार्थीहरू सिकाइमा सक्रिय रूपमा सहभागी हुने भएकैले विद्यार्थीहरूले पाठ्यपुस्तकका विषयमा विमर्श र अन्तर्क्रिया गरी पाठ्यपुस्तकका विषयमा आवश्यक सुझावहरू दिएको अनुसन्धाताहरूले निष्कर्ष निकालेका छन् ।

फिलिप र मुन (सन् २०१३) ले गरेको अनुसन्धानमा विद्यार्थीहरूले ई-पाठ्यपुस्तकको फाइदा नोक्सानभन्दा बढी नभएको अनुभव गरेका, मुख्यतया ई-पाठ्यपुस्तकमा प्राकृतिकता को कमीका अनुभव गरेका र ई-पाठ्यपुस्तक प्रयोग गर्ने विद्यार्थीहरूको सन्तुष्टि स्तर मुद्रित पुस्तक प्रयोग गर्ने विद्यार्थीहरूको सन्तुष्टि स्तरसँग लगभग समान रहेको, औसतमा ई-पाठ्यपुस्तक प्रयोग गर्ने विद्यार्थीहरूले भविष्यमा मुद्रित पुस्तकको सट्टा ई-पाठ्यपुस्तक रोज्ने सम्भावना मध्यमभन्दा कम रहेको देखाइएको छ । विद्यार्थीहरूले व्यापक रूपमा स्वीकार गरेर पाठ्यपुस्तकामा आधारित सिकाइ सहभागिता जनाउनका लागि यसको लागत, प्राकृतिकता, आकर्षकता र प्रभावकारिता सुधार गर्नु आवश्यक रहेको बताइएको छ । यसरी सुधार गरेमा ई-पाठ्यपुस्तक सस्तो र प्रभावकारी विकल्प हुनुका साथै विद्यार्थीहरू पाठ्यपुस्तकबाट बहुपक्षीय फाइदाको अपेक्षा गर्ने र सिकाइका लागि सक्रिय सहभागी हुने सङ्केत गरिएको छ ।

निच्ट र नजभारोभा (सन् २०१०) ले गरेको अध्ययनमा शिक्षकहरूले आफ्नो पाठ योजनाको तयारीमा केही पाठ्यपुस्तकहरू बढी प्रयोग गरेको, पाठ्यपुस्तकलाई मुख्य स्रोतको रूपमा लिने गरेको तर वास्तविक कक्षा सञ्चालनमा भने ती पाठ्यपुस्तकहरूको प्रयोग सीमित रहेको देखिएकाले पाठ्यपुस्तकहरू शिक्षकहरूको तयारीका लागि सजिलो स्रोत भए पनि कक्षा कार्यमा प्रयोगको सम्भावना भने निकै सीमित हुने गरेको बताइएको छ । त्यस्तै विद्यार्थीहरूको दृष्टिकोण र त्यसले उठाउने प्रश्नहरूको विश्लेषण गर्ने क्रममा हाल चेक गणतन्त्रका विद्यार्थीहरूले कक्षामा तुलनात्मक रूपमा निकै कम समय मात्र पाठ्यपुस्तकसँग बिताउने गरेको पनि अनुसन्धानमा उल्लेख गरेका छन् । विद्यार्थीहरू

पाठ्यपुस्तकका प्राथमिक प्रयोगकर्ता हुने भएकाले पाठ्यपुस्तकको आकर्षकता, स्पष्टता, र बोधगम्यताको निर्धारणमा उनीहरूको भूमिका अत्यन्तै महत्त्वपूर्ण हुने कुरा अध्ययनले देखाएको छ ।

बारबारा र क्यान्कर (सन् २०२२) को अनुसन्धानले स्लोभेनियामा हरेक विषयका लागि प्रशस्त प्रमाणित पाठ्यपुस्तकहरू उपलब्ध रहेका अध्ययनले देखाएको छ । फरक पाठ्यपुस्तक प्रयोग गर्ने विद्यार्थी समूहहरूको ज्ञान र दृष्टिकोणमा महत्त्वपूर्ण भिन्नता देखाएको अनुसन्धानमा उल्लेख छ । अन्तर्राष्ट्रिय अध्ययनहरूबाट प्राप्त तथ्याङ्क अनुसार सिकाइ दिन प्रतिदिन पाठ्यपुस्तकमा आधारित हुँदै गएको र बढीभन्दा बढी शिक्षकहरूले पाठ्यपुस्तकलाई आफ्नो शिक्षणको मुख्य स्रोतको रूपमा लिने गरेको त्यस्तै फरक पाठ्यपुस्तकसँग शिक्षण गर्दा विद्यार्थीहरूको सिकाइ, दृष्टिकोण, र उपलब्धि फरक ढङ्गले निर्धारण हुने उल्लेख छ । विद्यार्थीका लागि विषयअनुसार पाठ्यपुस्तकको लोकप्रियताको अनुपात फरक रहेको देखाइएको छ । उदाहरणका लागि, रसायनशास्त्रमा तीनवटा पाठ्यपुस्तक लगभग समान लोकप्रिय देखिएका गणितमा एक पाठ्यपुस्तक सबैभन्दा लोकप्रिय देखिएको उल्लेख छ । यसरी विषयवस्तु र गुणस्तरका कारण विद्यार्थीको लागि पाठ्यपुस्तक लोकप्रिय एवम् अलोकप्रिय हुने देखिएको छ ।

विभिन्न सरोकारवालाहरू मध्ये अभिभावकहरूमा समेत आफ्ना बालबालिकाहरूले अध्ययन गरिरहेको पाठ्यपुस्तक प्रति अपनत्वको अनुभूति हुन जरुरी छ । पाठ्यपुस्तक सम्बन्धी अभिभावकको धारणाका सम्बन्धमा क्युसिरकोभा र फेलुवेट (सन् २०२२) ले बालबालिकाको डिजिटल पुस्तक पढाइबारे अभिभावकहरूको दृष्टिकोणबारे अध्ययन गरेका छन् । आमाहरूले केही हप्तासम्म आफ्ना बालबालिकाको डिजिटल पुस्तक पढाइका लागि गरेको मध्यस्थताको अध्ययन गर्न अवलोकन तथा अन्तर्वार्तामार्फत अध्ययन विश्लेषण गरी तथ्याङ्कलाई केलाउँदा विषयगत धाराको सन्दर्भमा डिजिटल पुस्तकको ढाँचा वा सामग्रीका कारण अभिभावकहरूमा अविश्वास रहेको देखएका छन् । मुद्रित पुस्तकप्रति अभिभावकहरूले प्रबल प्राथमिकता जनाएका र बालबालिकाको स्क्रिनमा हुने पढाइप्रति नकारात्मक दृष्टिकोण राख्ने गरेको पनि अध्ययनमा देखाएका छन् । यसरी अध्ययनअनुसार अभिभावकले डिजिटल पाठ्यपुस्तकप्रति अपनत्वको महसुस गर्न नसकेको र अभिभावकले स्वीकार गर्न नसकेकाले पाठ्यपुस्तकमा अभिभावकले अपनत्वको महसुस गर्ने गुण हुनुपर्ने देखिन्छ ।

यसैगरी डेनियल्स र अन्य (सन् २०२३) ले अभिभावकहरूले आफ्ना बालबालिकाका लागि कसरी पुस्तक छनोट गर्छन् भन्ने अध्ययन गरेर भौतिक आकर्षण पाठको कठिनता, भौतिक गुणहरू, शैक्षिक पक्षहरू, र सामग्री जस्ता पक्षलाई आधार मानेर छनोट गरेको बताएका छन् । आफ्ना बालबालिकाको लागि कस्ता कस्ता पाठ्यपुस्तकको आवश्यकता रहेको छ भन्ने आधारमा पाठ्यपुस्तक छनोटमा अभिभावकको महत्त्वपूर्ण भूमिका हुने पनि अध्ययनले देखाएको छ । बालबालिका केन्द्रित र शैक्षिक पक्ष सबल भएका पाठ्यपुस्तकहरू अभिभावकहरूले छनोट गरेकाले पाठ्यपुस्तकहरू बालबालिका केन्द्रित र अभिभावकले अपनत्वको महसुस गर्ने विशेषतायुक्त हुनुपर्ने अध्ययनले देखाएको छ ।

आरम र अन्य (सन् २०१७ पृ .३६) ले सामाजिक र शिक्षा क्षेत्रमा पेसा गरिरहेका शिक्षित अभिभावकहरूले पाठ्यपुस्तकता विशेषता र गुणहरू पहिचान गर्न सक्षम भएको उल्लेख गरेका छन् । बालबालिकाहरूमा जीवन सिपहरू विकास गर्न, सोच्ने अभ्यास गर्न, भाषा समृद्ध बनाउन, र सामाजिक–भावनात्मक विषयवस्तुहरूबारे सोच्न मद्दत गर्ने किसिमका पाठ्यपुस्तकहरूको चाहना राखेको, अभिभावकहरूले बढी संरचनात्मक जटिलता भएका पुस्तकहरूलाई चुनौतीपूर्ण मान्नुका साथै आफ्ना बालबालिकालाई सरल पुस्तकहरू पढाउन चाहेको अध्ययनले देखाइएको छ । यसरी पाठ्यपुस्तकहरू आफ्ना बालबालिका अनुकूल छन वा छैनन् भनेर मूल्याङ्कन गर्न सक्ने भएकाले पाठ्यपुस्तकहरू अभिभावकको मनोविज्ञान र भावानाअनुसार तयार पारिनुपर्ने पनि अनुसन्धानमा देखिएको छ ।

पाठ्यपुस्तकमा शिक्षक, विद्यार्थी, अभिभावक तथा सम्पूर्ण सरोकारवालाई सन्तुष्ट पार्न सक्ने क्षमता निहित हुन आवश्यक हुन्छ । शैक्षणिक अन्तर्क्रिया गर्नका लागि मार्गदर्शक सामग्रीको रूपमा पाठ्यपुस्तकलाई उपयोग गर्ने शिक्षकहरू अझ बढी सन्तुष्ट हुन आवश्यक छ । पाठ्यपुस्तकप्रति शिक्षकहरूको धारणा र अनुभवका सन्दर्भमा ढकाल (सन् २०२१,पृ पृ. १५-१६) ले भूगोल शिक्षकहरूको पाठ्यपुस्तक प्रयोगप्रति रहेको दृष्टिकोणको अध्ययन गर्ने क्रममा धेरैजसो पाठ्यपुस्तक समर्थक शिक्षकहरूले भूगोल पाठ्यपुस्तकलाई शिक्षण संरचना, मार्गदर्शन र दिशा प्रदान गर्ने स्रोतको रूपमा व्याख्या गर्दै शिक्षण–सिकाइ प्रक्रियामा अनिवार्य शिक्षण सामग्रीका रूपमा मानेर

पाठ्यपुस्तकप्रति सन्तुष्टि जनाएका पाइएको छ। उनीहरूले पाठ्यपुस्तकलाई समय र खर्च दुवै बचत गर्ने विश्वसनीय स्रोत भएको अनुभव व्यक्त गरेको देखाइएको छ।

हुसेइनी (सन् २०२१, पृ.९१) ले शिक्षकहरूको दृष्टिकोणबाट अङ्ग्रेजी भाषा पाठ्यपुस्तकको मूल्याङ्कन र शिक्षक सन्तुष्टिको अध्ययन गरेर शिक्षकहरू प्रयोगमा रहेको पाठ्यपुस्तकप्रति सन्तुष्ट रहेको र पाठ्यपुस्तकले वरिष्ठ माध्यमिक तहका अङ्ग्रेजी शिक्षक र विद्यार्थी दुवैका अधिकांश आवश्यकताहरू पूरा गरेको निष्कर्ष निकालेका छन्। शिक्षकको दृष्टिकोणबाट पाठ्यपुस्तकमा रहने शब्दावली , पढाइ, व्याकरण, भाषाको प्रयोग, उच्चारण, सामान्य स्वरूप र व्यावहारिक पक्षहरू जस्ता पक्षहरूमा अधिकांश पक्षहरूप्रति सन्तुष्ट रहेको देखाइएको छ।

बांग्लादेशका प्राथमिक विद्यालयहरूमा लागू गरिएको नयाँ गणित पाठ्यपुस्तकका नयाँ विधिहरूप्रति शिक्षकहरूको दृष्टिकोण पहिचान गर्ने सुल्तान र इस्लाम (सन् २०१८,पृ . १७) को अनुसन्धानले धेरैजसो शिक्षकहरूले नयाँ गणित पाठ्यपुस्तकप्रति सकारात्मक दृष्टिकोण राखेर सन्तुष्टि देखाएका तर विधिका बारे पर्याप्त जानकारी नभएकाले स्पष्ट पार्नुपर्ने बताएका छन्। एम. आर (सन् २०१६,पृ . ५२) ले अङ्ग्रेजी पाठ्पयपुस्तको प्रयोगमा शिक्षकहरूको दृष्टिकोण सम्बन्धी अध्ययन गर्नेक्रममा शिक्षकहरूले विभिन्न व्यक्तिगत अनुभव, आवश्यकता, परिस्थिति, विद्यार्थीको क्षमता, विद्यार्थीको चासो, तालिम/कार्यशाला, र सन्दर्भ सामग्रीहरू जस्ता कारकहरूले पाठ्यपुस्तकको सान्दर्भिकतामा प्रभाव पार्ने बताएको उल्लेख गरेका छन्।

त्यस्तै भण्डारी (सन् २०२२) ले आफ्नो अनुसन्धानमा कक्षा दशको अङ्ग्रेजी पाठ्यपुस्तकमा आकर्षक आवरण पृष्ठ, पूर्वाग्रहरहित भाषा, सजिलै बुझिने शब्दावली, उपयुक्त अभ्यासहरू, स्पष्ट रूपमा प्रतिबिम्बित उद्देश्यहरू, श्रवण सामग्री, र पर्याप्त बोल्ने तथा पढ्ने सामग्रीहरू रहेको सकरात्मक धारणा प्रस्तुत गरेर पाठ्यपुस्तकप्रति शिक्षकहरू केही हदसम्म सन्तुष्ट रहेको देखाएका छन्। त्यस्तै शिक्षकहरू असन्तुष्ट रहेर सुधारका लागि सिफारिस गरेका पक्षहरूमा कमजोर बाइन्डिङ (बन्धन), कागजको कमजोर गुणस्तर, अभ्यासहरूमा सिप-केन्द्रितताको अभाव, चित्रहरूको कमी, सन्दर्भ र परिशिष्ट सामग्रीको कमी, साथै शिक्षक मार्गदर्शनको अभाव आदिलाई देखाएका छन्। (पृ. १४)।

भट्ट र पोखरेल (सन् २०२४, पृ. १२४) ले पाठ्यपुस्तकमा समाविष्ट सुनाइ पाठप्रति विषय शिक्षकका धारणाको मूल्याङ्कन गर्ने क्रममा शिक्षकहरूले सुनाइ पाठ र अभ्यासात्मक कार्यकलापहरू प्रभावकारी, उपयोगी र सान्दर्भिक रहेको धारणा सहित सन्तुष्ट रहेको देखिए पनि कतिपय पाठहरू कमजोर विद्यार्थीहरूका लागि कठिन रहेको अनुभूति गरेको देखाइएको छ । यसरी शिक्षकहरूले पाठ्यपुस्तकको प्रयोगका क्रममा कस्ता अनुभव गरे र कति सन्तुष्ट भए भन्ने आधारमा पनि पाठ्यपुस्तक प्रयोगको सान्दर्भिकता देखिन्छ ।

प्रस्तुत अनुसन्धानमा पनि अनुसन्धेय पाठ्यपुस्तकको प्रयोग अवस्था कस्तो रहेको अध्ययन विश्लेषण गरिएको छ । शिक्षक विद्यार्थी र सरोकारवाला सबैले पाठ्यपुस्तक प्रयोगका क्रममा के कस्तो अनुभव गरेका छन् ? उनीहरूलाई लागेको सहजता असहजता, भोगेका अनुभवहरूलाई सङ्कलन गरी अध्ययन विश्लेषण गरिएको छ ।

पाठ्यपुस्तकहरू शैक्षणिक अन्तर्क्रियाका स्रोत सामग्री हुन । शिक्षकहरूले पाठ्यपुस्तककै मार्गदिशामा रहेर शैक्षणिक अन्तर्क्रियाहरू गर्दछन् । त्यसैले पाठ्यपुस्तकहरू शैक्षणिक अन्तर्क्रियाका विकासका लागि उपयुक्त हुन जरुरी हुन्छ । शैक्षणिक अन्तर्क्रियाका हिसाबले पाठ्यपुस्तकका उपयोगिता सम्बन्धी अध्ययनमा ज्याङ्ग र अन्य (सन् २०२१. पृ. १६) का अनुसार शिक्षकहरूले अन्तरक्रियात्मक ई-पुस्तकलाई उपयोगी ठानेका, खुलापन र अन्तरक्रियात्मकता जस्ता विशेषताहरूले ई-पुस्तकहरू महत्त्वपूर्ण रहेकाले यसको निरन्तर प्रयोगका लागि इच्छा राखेको देखाइएको छ । इ-पुस्तकहरूले पर्याप्त शैक्षणिक अन्तर्क्रियाको वातावरण सिर्जना गर्ने भएकाले उपयोगी रहेको धारणा व्यक्त गरेका देखाइएको छ ।

त्यस्तै लिन र अन्य (सन् २०१५ ,पृ.१४) ले ताइवानका प्राथमिक र माध्यमिक विद्यालयका शिक्षकहरूका लागि, ई-पाठ्यपुस्तक को उपयोगिता सम्बन्धी गरेको अध्ययनले ई पुस्तकहरूले विद्यार्थी र शिक्षकबिचको अन्तर्क्रियालाई बढाएको, शिक्षकहरूलाई संरचनात्मक मूल्याङ्कन गर्न, विद्यार्थीहरूको पूर्व ज्ञान र दृष्टिकोण बुझ्न र नयाँ ज्ञान प्राप्तिमा सहयोग गर्न मद्दत गरेको देखाएको छ । मोबाइल उपकरण र इन्टरनेटसँग जडित इ-पाठ्यपुस्तकहरू कक्षाकोठामा सिकाइ एवम् शिक्षण अन्तर्क्रियाका लागि

अनिवार्य सिकाइ सामग्री बन्दै गएको निष्कर्ष निकाल्दै इ-पुस्तक शैक्षणिक अन्तर्क्रियाका एवम् शिक्षण सिकाइ क्रियाकलापलाई सहज बनाएको अनुसन्धाताले उल्लेख गरेका छन्।

आचार्य (२०८१, पृ. १७६) ले शैक्षणिक अन्तर्कियाका लागि पाठ्यपुस्तकमा आधारित अन्तर्क्रियाबाट विद्यार्थी सहभागिता कायम हुन नसक्ने र यसबाट भाषा सिकाइ पूर्ण नहुने कुरालाई औंल्याउँदै शब्दपत्ति, वाक्यपत्तिदेखि लिएर श्रव्यदृश्य प्रविधियुक्त शिक्षण सामग्रीलाई शैक्षणिक अन्तर्क्रियामा उपयोग गर्नुपर्ने, बदलिँदो परिवेशसँगै सूचना प्रविधिसँग परिचित र अभ्यस्त बन्दै गएका विद्यार्थीलाई पाठ्यपुस्तकमा मात्र आधारित अन्तर्क्रिया रुचिकर नभएको वास्तविकता उजागर भएकाले सोही अनुसारको वातावरण निर्माणको खाँचो देखिएको बताइएको छ। शैक्षणिक अन्तर्क्रियाक सम्बन्धमा भण्डारी (सन् २०२१) को अनुसन्धानले अङ्ग्रेजी शिक्षकहरू कक्षागत अन्तर्क्रियाप्रति सकारात्मक दृष्टिकोण राख्ने गरेको, विद्यार्थी केन्द्रित अन्तर्क्रियात्मक गतिविधिहरूले विद्यार्थीहरूलाई सधैं सक्रिय राख्ने र उनीहरूलाई आफ्नै गतिअनुसार सफल रूपमा सिक्न सक्षम बनाउने भएकाले संवेदनशील प्रविधि र विधिहरूको प्रयोग आवश्यक भइसकेको औल्याएको छ ।

पाठ्यपुस्तक सबै सम्प्रदाय र समुदायका बालबालिकाको ज्ञान, सिप र अभिवृत्ति विकासको स्रोत सामग्री हो। पाठ्यपुस्तकमा समावेश विषयवस्तुले सबै बालबालिकाको भावना, विचार, संस्कृति, मूल्यमान्यतालाई सम्बोधन गर्न सक्नुपर्छ। सबै किसिमका बालबालिकाहरूले अपनत्वको महसुस गर्न सकेको पाठ्यपुस्तकले मात्र सामाजिक सांस्कृतिक पक्षको प्रवर्धन गर्न सक्दछ। सामाजिक सांस्कृतिक पक्षको प्रवर्धनमा पाठ्यपुस्तकको महत्त्वपूर्ण र अग्रणी भूमिका रहन्छ। पाठ्यपुस्तकमा सामाजिक तथा सांस्कृतिक पक्षको समावेशिताका सन्दर्भमा आचार्य (२०८१, पृ. १११) ले नेपाली पाठ्यपुस्तक २०७९ को विश्लेषण गर्दै पुस्तकमा हिन्दु धर्ममा आधारित सांस्कृतिक विविधतामा प्रधानता देखिएको, सामाजिक दृष्टिमा आर्य समाजका पात्र र विषयको प्रधानता रहेको, पुरुष प्रधान समाजलाई प्राथमिकता दिएको पाइनुका साथै समाजका सबै जाति, धर्म र संस्कृतिको प्रतिनिधित्व गराउन नसकेको निष्कर्ष निकालेका छन्।

यस्तै राइ र अन्य (सन् २०२३,पृ पृ.१२२-१२३) ले कक्षा ९को अङ्ग्रेजी पाठ्यपुस्तकमा समावेश सामाजिक र सांस्कृतिक पक्षको अध्ययन गरेर उक्त पाठ्यपुस्तकभित्र सामाजिक र सांस्कृतिक

पक्षलाई समेट्ने प्रयास गरेको, विद्यार्थीहरूलाई विभिन्न संस्कृतिको बारे बुझ्न र सामाजिक रूपमा जिम्मेबार बन्न प्रोत्साहित गर्ने सामग्रीहरू समावेश गरेको देखाइएको छ। त्यस्तै उक्त पुस्तकले विद्यार्थीहरूमा सहिष्णुता, स्वीकृति, धैर्यको भावना विकास गर्नुका साथै नागरिक तथा नैतिक समाज निर्माणमा योगदान गरेको, बहुसांस्कृतिक अवधारणाको विकास गरेर सांस्कृतिक तथा सामाजिक पक्षको प्रवर्धनमा सकरात्मक भूमिका खेल्ने देखिएको निष्कर्ष निकालेका छन्।

तिम्सेना (सन् २०२५,पृ . ७८) ले नेपालका आधारभूत तहका अङ्ग्रेजी पाठ्यपुस्तकहरूमा देशका विभिन्न सामाजिक, जातीय, धार्मिक र क्षेत्रीय समूहहरूको सांस्कृतिक परम्पराका विषयहरू समेटिए पनि पर्याप्त नरहेको उल्लेख गरेका छन्। उनका अनुसार लिम्बु संस्कृतिको धाननाच (यालाङ्ग), राई संस्कृतिको चण्डी नाच, पश्चिम र सुदूरपश्चिमका केही प्रसिद्ध संस्कृतिहरू देउडा गीत र नृत्य, गौराको पर्व र सुदूरपश्चिम नेपालको मष्टो संस्कृतिसँग सम्बन्धित पूजा–अनुष्ठानहरूलाई पर्याप्त स्थान दिइएको छैन। क्रिसमस मनाउने वा इसाई धर्मका गतिविधिहरूको चर्चा भए पनि, अन्य विदेशी संस्कृतिहरू विशेष गरी हाम्रा छिमेकी देशका संस्कृतिहरू आधारभूत तहका अङ्ग्रेजी पाठ्यपुस्तकहरूमा प्रायः उल्लेख गरिएका छैनन्।

त्यस्तै संस्कृतिसँग सम्बन्धित गरेर विज्ञान शिक्षण पनि सम्भव र प्रभावकारी छ भन्ने मान्यताका साथ कोइराला र खत्री (सन् २०२५) ले कल्चरली रिलेभेन्ट साइन्स टिचिङलाई जोड दिएका छन्। जुन शिक्षण पद्धतिले संस्कृतिको माध्यमबाट विकसित विज्ञानलाई मूल्य दिन्छ र सामाजिक, सांस्कृतिक, आर्थिक, भाषिक र नीतिगत विविधता भएका विद्यार्थीहरूको आवश्यकता र रुचिलाई सम्मान गर्छ। उनीहरूका अनुसार संस्कृतिसँग निहित विज्ञानलाई आधुनिक विद्यालय विज्ञान पाठ्यक्रमसँग जोडेर अभ्यास गरियो भने समुदायमा प्रचलित विचारहरूलाई सोसियोपोलिटिकल कन्सिक्वोन्सेस का रूपमा विकास गर्न मद्दत गर्छ। यसले हाम्रो ज्ञान प्रणालीको उपनिवेशीकरण अन्त्य गर्न सहयोग पुऱ्याउँछ भन्ने तर्क राख्दै पाठ्यपुस्तकमा सामाजिक सांस्कृतिक पक्षको समावेशीकरणका साथै शिक्षणमा समेत सांस्कृतिक सन्दर्भको संयोजन महत्त्वपूर्ण रहेको उल्लेख गरेका छन्।

सामाजिक तथा सांस्कृतिक पक्षको प्रवर्धनका लागि पाठ्यपुस्तकको महत्त्वपूर्ण भूमिका रहने उल्लेख गर्दै कक्षा १० नेपाली पाठ्यपुस्तकको समावेशिता अध्ययन गर्ने क्रममा आचार्य (२०८२,पृ. ९७)

सबै जाति, धर्म, भाषाभाषीका संस्कृतिलाई समेटन नसके पनि विषयवस्तुलाई एक अर्को संस्कृति सम्प्रेषणको माध्यम तुल्याउन सकिने निष्कर्षमा पुगेकी छन्। अनुसन्धाताले पाठ्यपुस्तकमा समाविष्ट कवितामा नेपालका ग्रामीण समाजको विविध सांस्कृतिकाबारे अन्तर्क्रिया गराउने सकिने, कर्तव्य कथाबाट विवाह, किरिया जस्ता सामाजिक संस्कृति र रीतिरिवाज सिकाउन सकिने, कथामा प्रयुक्त आख्यानबाट विभिन्न जात जातिमा रहेका फरक परम्परा र संस्कृतिलाई पहिचान गराउन सकिने, शत्रु कथाको अभ्यास १६ को अनुच्छेदबाट भिन्न संस्कृति सिकाउन सकिने उल्लेख गरेकी छन्।

पाठ्यपुस्तकको विकासका लागि नीतिगत तथा सैद्धान्तिक प्रक्रिया र चरणहरू पार गर्नुपर्ने विभिन्न अनुसन्धानहरूबाट देखिएको छ। त्यस्तै पाठ्यपुस्तक निर्माण गर्दा पाठ्यवस्तु, भाषा, विषयवस्तु, अभ्यास, शब्दभण्डार, पाठगत चित्र, आवरण, छपाइ तथा बँधाइ, मूल्य, सुलभता जस्ता आन्तरिक तथा बाह्य संरचनाहरूको ख्याल गरिनुपर्ने विभिन्न पूर्व अनुसन्धानहरूमा औँल्याएको छ। त्यस्तै पाठ्यपुस्तक निर्माण र विकासमा शिक्षक, विद्यार्थी, स्थानीय सरकार, अभिभावक आदि सरोकारवालाको सहभागिता महत्त्वपूर्ण हुने पुष्टि पूर्व अनुसन्धानबाट गर्न सकिन्छ।

पाठ्यपुस्तकको प्रयोगबाट शिक्षक, विद्यार्थी र अभिभावक लगायत सरोकारवालाहरूमा सकरात्मक तथा प्रतिकूल दुबै प्रभाव पर्न सक्ने र त्यस किसिमका प्रभावको मूल्याङ्कन गरी सुधार, परिमार्जन तथा लागु गर्नका लागि सरोकारवालाहरूको भूमिका महत्त्वपूर्ण हुने अध्येताहरूले औँल्याएका छन्। मातृभाषा पाठ्यपुस्तकको प्रयोगबाट बालबालिकाहरूको सिकाइमा गुणात्मक वृद्धि हुने, पाठ्यपुस्तकप्रति विद्यार्थीको निर्भरता र झुकावमा प्रभाव पर्ने, अभिभावक तथा विद्यार्थीहरूले पाठ्यपुस्तकप्रति अपनत्वको महसुस गर्ने, मातृभाषा र संस्कृतिको जगेर्ना हुने अनुसन्धानहरूमा उल्लेख छ। त्यस्तै उपयुक्त पाठ्यपुस्तकको विकास गर्न सकेमा राष्ट्रको शिक्षा विकासमा आमूल परिवर्तन गर्न र उपलब्धि हासिल गर्नमा मद्दत गर्नुका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजार अनुकूलको जनशक्ति उत्पादनमा भूमिका खेल्ने अध्येताहरूको धारणा तथा निष्कर्ष देखिन्छ।

प्रस्तुत पूर्वकार्यहरूको अध्ययनबाट प्राप्त नतिजाको मूल्याङ्कन गर्दा खस भाषा बाहेक नेपाली, अङ्ग्रेजीलगायत अन्य भाषाका पाठ्यपुस्तकहरूको विविध पक्षमा अध्ययन अनुसन्धानहरू भएको पाइएको छ। त्यस किसिमका अनुसन्धानहरूमा कक्षा ४ को नेपाली पाठ्यपुस्तकको विश्लेषण, कक्षा ५

को मेरो नेपाली र हाम्रो सजिलो नेपाली पाठ्यपुस्तकको तुलनात्मक अध्ययन, कक्षा ९ को नेपाली भाषा पाठ्यपुस्तक २०७५ को बाह्यान्तरिक विशेषताका आधारमा विश्लेषण, कक्षा १० को नेपाली भाषामा समाविष्ट अभ्यासहरूको तुलनात्मक अध्ययन, टेक्स्टबुक प्रसेप्सन अन इङ्लिस टेक्सटबुक फर ग्रेड टेन, टेक्सट एनालाइसिस अफ लोटस इङ्लिस रिडर ग्रेट भिआइ आदि विभिन्न शीर्षकका रहेका देखिन्छन् ।

अनुसन्धानहरूमा पाठ्यपुस्तकका आन्तरिक तथा बाह्यपक्ष एवम् निर्माण प्रक्रियाको समेत अध्ययन अनुसन्धानहरू भएका पाइएको छ । नेपाली लगायतका भाषाका पाठ्यपुस्तकको विविध पक्षको अध्ययन अनुसन्धानहरू भए पनि खस भाषाका पाठ्यपुस्तकको विकास तथा निर्माणका प्रक्रिया, पाठ्यपुस्तकको आन्तरिक तथा बाहृय विशेषताका आधारमा विश्लेषण एवम् पाठ्यपुस्तकको प्रयोगबाट विद्यार्थी, शिक्षक, अभिभावकलगायत सरोकारवालामा परेको प्रभावका सम्बन्धमा अहिलेसम्म कुनै पनि अनुसन्धान तथा अन्वेषणहरू भएको पाँइदैन । खस भाषाको पाठ्यपुस्तक पूर्ण रूपमा कार्यान्विय हुन नसक्नुका कारणहरू पहिचान गर्न र पाठ्यपुस्तकको प्रभावका बारेमा विश्लेषण गर्न कुनै विशेष अध्ययन हरू भएको पाइँदैन । यस किसिमको अनुसन्धान रिक्ततालाई मध्यनजर गर्दै खस भाषाका पाठ्यपुस्तकलाई पाठ्यवस्तु, भाषा, विषयवस्तु, अभ्यास, शब्दभण्डार, पाठगत चित्र जस्ता आन्तरिक विशेषता र आवरण, छपाइ तथा बँधाइ, मूल्य, सुलभता जस्ता बाह्य संरचनाहरूको आधारमा पाठ्यपुस्तकको उपयुक्तताको विश्लेषण तथा अनुसन्धान गर्न आवश्यक देखिएको छ ।

त्यस्तै खस भाषाको पाठ्यपुस्तकहरू कार्यान्वयनमा रहेको वा नरहेको विद्यार्थी, शिक्षक तथा अभिभावक र अन्य सरोकारवालाहरूले पाठ्यपुस्तकलाई स्वीकार गरेको वा नगरेको अवस्था यकिन गर्नका लागि पाठ्यपुस्तकको सान्दर्भिकता पहिचान गर्नुपर्ने देखिएको छ । प्रस्तुत अनुसन्धानसँग सम्बन्धित अनुसन्धानहरू भएको नपाइएकाले खस पाठ्यपुस्तक सम्बन्धी अनुसन्धानका क्षेत्रमा नवीन कार्य हुने देखिएकाले प्रस्तुत शोध कार्यमा ‘कक्षा ३ को खस भाषाको स्थानीय पाठ्यपुस्तक प्रयोगको अवस्था र सान्दर्भिकताको अध्ययन गरिएको छ ।

सैद्धान्तिक अवधारणा

प्रस्तुत अनुसन्धान 'कक्षा तीन खस भाषाको स्थानीय पाठ्यपुस्तकको प्रयोग सान्दर्भिकता' अध्ययनसँग सम्बन्धित छ । खस पाठ्यपुस्तकको आन्तरिक तथा बाह्य संरचना को विश्लेषणका लागि

भाषा पाठ्यक्रम तथा पाठ्यपुस्तक सम्बन्धी पुस्तकहरूले प्रदान गरेको मार्गदर्शन र सिद्धान्तलाई अङ्गीकार गरिएको छ। त्यस्तै खस भाषा पाठ्यपुस्तक प्रयोगको वर्तमान अवस्था र प्रयोग सान्दर्भिकताको मूल्याङ्कन गर्नका लागि भिगोत्सीको सामाजिक निर्माणवाद (१९१७) को सिद्धान्तलाई प्रमुख सैद्धान्तिक आधारको रूपमा उपयोग गरेर विश्लेषण गरिएको छ।

सामाजिक निर्माणवादले विद्यार्थीको सिकाइ सामाजिक अन्तर्किया, अनुभव र संवादबाट हुने, विद्यार्थीको अनुभव र सामाजिक सन्दर्भसंग मेल खाने पाठ्यक्रम तथा पाठ्यपुस्तक हुनुपर्ने र समाज र भाषा ज्ञान निर्माणको माध्यम हुने मान्यता राख्दछ। यसरी खस भाषा पाठ्यपुस्तक विद्यार्थीको रूचि र आवश्यकतामा आधारित भएनभएको पहिचान गर्न सामाजिक निर्माणवाद सिद्धान्तलाई प्रमुख आधार मानिएको छ। त्यस्तै सामाजिक निर्माणवादकै आधारमा खस भाषाको पाठ्यपुस्तक प्रयोगमा विद्यार्थीले गरेको सामाजिक अन्तर्क्रिया र पाठ्यपुस्तकप्रतिको रूचिबारे आवश्यक अध्ययन गरिएको छ। यसरी विद्यार्थीहरूले आफ्ना भाषिक तथा सांस्कृतिक अनुभवका आधारमा खस पाठ्यपुस्तकबाट सिकाइ हासिल गर्न सके नसकेको पहिचान गरी पाठ्यपुस्तकको विश्लेषण गर्न सामाजिक निर्माणवादको सिद्धान्तलाई प्रमुख आधारको रूपमा लिइएको छ। पाठ्यपुस्तकमा प्रयोग भएको भाषा, समाज र सामाजिक अन्तर्क्रियाले ज्ञान निर्माणको माध्यम बन्न सके नसकेको अध्ययन गर्न पनि सामाजिक निर्माणवादको सिद्धान्तलाई उपयोग गरिएको छ।

अवधारणात्मक ढाँचा

खस भाषाको स्थानीय पाठ्यपुस्तकको प्रयोग सान्दर्भिकता सम्बन्धी प्रस्तुत अनुसन्धानका लागि निम्नलिखित अवधारणात्मक ढाँचाबाट निर्देशित रहेको छ ।



माथिको अवधारणात्मक ढाँचाअनुसार प्रस्तुत अनुसन्धानमा खस पाठ्यपुस्तकको विश्लेषण गर्न पौडेल (२०७२) र (२०७८), भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति, पौडेल (२०७७),भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति, ढकाल (२०७३), नेपाली भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति, लामिछाने (२०७५), नेपाली भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति आदि पुस्तक तथा भिगोत्सीको सामाजिक निर्माणवादलाई मुख्य सैद्धान्तिक आधारको रूपमा लिइएको छ। पाठ्यपुस्तक प्रयोगमा सामाजिक, सांस्कृतिक तथा भाषिक प्रभावको मूल्याङ्कन गर्दै पाठ्यपुस्तकलाई भिगोत्सीको सामाजिक निर्माणवादका आधारमा विश्लेषण गरिएको छ। त्यस्तै पाठ्यपुस्तक प्रयोगमा शिक्षक, विद्यार्थी, अभिभावक लगायत सरोकारवालाको अनुभव तथा धारण संङ्कलन गरी गुणात्मक विधि तथा ढाँचाबाठ विश्लेषण गरी निष्कर्ष निकालिएको छ।

समग्रमा दोस्रो अध्यायमा उद्देश्यलाई आत्मसात गर्दै पूर्वकार्यको पुनरवलोकन गरिएको छ। पहिलो उद्देश्यअनुसार पाठ्यपुस्तकको आन्तरिक तथा बाह्य विशेषतासँग सम्बन्धित पूर्वकार्यको समीक्षा गरिएको छ। त्यस्तै गरी दोस्रो उद्देश्यअनुसार पाठ्यपुस्तकको निर्माण प्रक्रियासँग सम्बन्धित नेपालको पाठ्यपुस्तक निर्माणको नीतिगत र विधिगत प्रक्रियाका साथै भारतको महाराष्ट्रको पाठ्यपुस्तक निर्माणको प्रक्रिया लगायतको पुनरवलोकन गरिएको छ। शिक्षणमा सहजता, अभिभावकको भूमिका र बुझाइ, सामाजिक सांस्कृतिक प्रभाव, शैक्षणिक अन्तर्क्रिया जस्ता विषयवस्तुलाई समेटेर पाठ्यपुस्तकको प्रयोग अवस्था र सान्दर्भिकतासँग सम्बन्धित पूर्वकार्यहरूको पुनरवलोकन गरिएको छ। त्यस्तै यस अध्यायमा सैद्धान्तिक अवधारणा र अवधारणात्मक ढाँचालाई पनि प्रस्तुत गरिएको छ।

अध्याय तीन

अनुसन्धान विधि र प्रक्रिया

अनुसन्धानलाई व्यवस्थित प्रक्रियामा अघि बढाउनका लागि अपनाइने तरिका एवम् पद्धति नै अनुसन्धान विधि हो । विधि र पद्धतिको मार्गदर्शनमा रहेर सम्पन्न अनुसन्धानले मात्र लक्ष्य प्राप्त गर्न सक्दछ । विधिको उचित सहयोग र मार्गदर्शनबिना कुनै पनि अनुसन्धान उद्देश्यउन्मुख बन्न सक्दैन । त्यसैले प्रभावकारी अनुसन्धानका लागि विधिको महत्त्वपूर्ण भूमिका रहन्छ । प्रस्तुत अनुन्धानका लागि प्रयोग गरिएका अध्ययन विधि र प्रक्रियाहरूको चर्चा निम्नानुसार गरिएको छ :

सत्य शास्त्र

प्रस्तुत अनुसन्धानसँग सम्बन्धित सत्यप्रतिको दृष्टिकोणका सम्बन्धमा अनुसन्धानबाट प्राप्त खस भाषाको पाठ्यपुस्तकको विशेषताहरू, प्रयोग अवस्था र सान्दर्भिकता सम्बन्धी नतिजा वा निष्कर्षलाई नै सत्य मानिएको छ । पाठ्यपुस्तकका आन्तरिक तथा बाह्य विशेषताको अवस्था, पाठ्यपुस्तकको निर्माण प्रक्रिया र प्रयोग अवस्थाको स्थिति र पाठ्यपुस्तकको सम्बन्धी शिक्षक अभिभावकहरूले प्राप्त गरेका अनुभव र विचार आदिको अन्तिम निष्कर्ष र नतिजा नै अनुसन्धानको सत्य हो ।

ज्ञानशास्त्र

प्रस्तुत अनुसन्धानमा खस भाषाको पाठ्यपुस्तक शिक्षण गर्ने शिक्षकहरू तथा अन्य सरोकारवालाहरूले गरेको अनुभव र भोगाइका आधारमा खस भाषाको पाठ्यपुस्तक सम्बन्धी ज्ञानशास्त्रको विश्लेषण गरिएको छ । त्यसैले शिक्षकले शिक्षण गरेका आधारमा, विद्यार्थीहरूले सिकाइमा सहभागिता जनाएका आधारमा, अभिभावकले देखेका, भोगेका आधारमा र शैक्षिक प्रशासकले सहभागिता जनाएका आधारमा प्राप्त गरेको ज्ञानलाई नै अनुसन्धानको ज्ञानशास्त्र मानिएको छ । विद्यार्थी तथा शिक्षकहरूले पाठ्यपुस्तकबाट प्राप्त गरेको शिक्षण सिकाइ सहजता, नवीनताका साथै सांस्कृतिक, भाषिक, ऐतिहासिक ज्ञानलाई नै अनुसन्धानमा ज्ञानशास्त्रको रूपमा लिइएको छ ।

मूल्यशास्त्र

खस भाषाको पाठ्यपुस्तकले खस भाषा र संस्कृतिको संरक्षण र विकासमा अमूल्य योगदान पुऱ्याउने देखिन्छ। उक्त पाठ्यपुस्तक खस क्षेत्रमा मात्र नभएर नेपाली भाषा र संस्कृतिको अध्यता लगायत सबैको लागि उपयोगी र उत्तिकै महत्त्वको देखिन्छ। सामाजिक, सांस्कृतिक, ऐतिहासिक महत्त्व बोकेको खस भाषामा विकास गरिएको खस भाषा र संस्कृति नामक पाठ्यपुस्तकको विश्लेषणबाट प्रस्तुत अनुसन्धानमा अनुसन्धाता र शिक्षक तथा अन्य सरोकारवालाको पाठ्यपुस्तकको प्रयोगबाट खस भाषा र संस्कृतिको विकास तथा संरक्षण हुने, विद्यार्थीको सिकाइ सहज र रूचिपूर्ण हुने, शिक्षकहरूलाई शिक्षणमा सहयोगी तथा सजिलो हुने, अभिभावक तथा स्थानीयहरूलाई आफ्नो भाषा, संस्कृति, रीतिरिवाज, स्थानीय स्रोत साधनको पहिचान तथा विकास भएर गौरव गर्न सकिने जस्ता बुझाइ, मान्यता, अनुभव र विश्वासलाई नै मूल्य मानिएको छ। खस भाषाको पाठ्यपुस्तक 'खस भाषा र संस्कृति' बाट भाषा, संस्कृति, इतिहास, स्थानीय परम्परा र स्थानीय प्रकृति आदिको संरक्षण र विकासका लागि पाठ्यपुस्तकको आवश्यकता रहेको, परिमार्जन सहित व्यापक लागु गरिनुपर्ने निष्कर्षले अनुसन्धानको मूल्यलाई बुझाउँछ। त्यसैले अनुभव, बुझाइ, मूल्य, मान्यता र विश्वासका आधारमा पाठ्यपुस्तकलाई दिइने स्थान र महत्त्व पनि अनुसन्धानको मूल्य हो।

विधिशास्त्र

प्रस्तुत अनुसन्धानलाई प्रभावकारी ढङ्ले सञ्चालन गर्नका लागि गुणात्मक ढाँचाको सामान्य गुणात्मक विधि उपयोग गरिएको छ। सहभागीका विचार, भावना, अनुभव र अवस्थाको शाब्दिक तथ्यलाई थिममा व्यवस्थित गरेर विश्लेषण गरिनु गुणात्मक ढाँचाको विशेषता हो। "गुणात्मक अनुसन्धानमा अध्ययनका लागि नमुना छनोट गर्दा उद्देश्यमूलक नमुना छनोट विधिको अवलम्बन गरिन्छ भने तथ्याङ्क विश्लेषणका लागि आगमन विधिको प्रयोग गरिन्छ" (खनाल, २०८०, पृ.२१)। गुणात्मक विधिका सबै गुण भएको तर इथ्नोग्राफी, न्यारेटिभ, फेनोमेनोलोजी , ग्राउन्डेड थेउरी , केस स्टडी आदिमा नपर्ने विधिलाई सामान्य गुणात्मक विधिको रूपमा प्रयोग गरिएको पाइन्छ। सामान्य गुणात्मक विधिलाई आधारभूत गुणात्मक विधि पनि भनिन्छ।

पछिल्लो समय अन्य गुणात्मक विधिको विकल्पमा लोकप्रिय बनेको विधि हो समान्य गुणात्मक विधि । "शिक्षा क्षेत्रमा पाइने गुणात्मक अनुसन्धानमध्ये यो सम्भवतः सबैभन्दा सामान्य प्रकारको हो । यसमा तथ्य सङ्कलन अन्तर्वार्ता, अवलोकन वा कागजात विश्लेषणबाट गरिन्छ" (म्यारिएम र टिस्डेल, सन् २०१६, पृ. २४) । "सामान्य गुणात्मक दृष्टिकोण भनेको वास्तविक संसारको सन्दर्भभित्र व्यक्तिहरूद्वारा वर्णन गरिएका प्रत्यक्ष अनुभवहरू पत्ता लगाउने र अन्वेषण गर्ने डिजाइन हो" (इलिस र हार्ट, सन् २०२३, पृ. १७६०) । अन्य गुणात्मक विधि जस्तै सामान्य गुणात्मक विधिमा पनि उद्देश्यमूलक नमुना छनोटका माध्यमबाट सहभागी छनोट गरी असंरचित अन्तर्वार्ता, अवलोकन तथा पुस्तक विश्लेषणका माध्यमबाट तथ्य सङ्कलन गरिन्छ । सङ्कलित तथ्यलाई विषयवस्तु (थिम) का आधारमा व्याख्या तथा विश्लेषण गरी आगमन विधिका माध्यमबाट निष्कर्षमा पुगिन्छ ।

त्यसैले प्रस्तुत अनुसन्धानमा सामान्य गुणात्मक ढाँचाअन्तर्गत उद्देश्यमूलक नमुना छनोट गरी असंरचित अन्तर्वार्ता र पुस्तक विश्लेषणका माध्यमबाट तथ्य सङ्कलन तथ्यको विषयवस्तु (थिम) का आधारमा विश्लेषण गरिएको छ । त्यस्तै पुस्तकालय कार्य तथा पाठ विश्लेषणका माध्यमबाट खस पाठ्यपुस्तकको आन्तरिक तथा बाह्य विशेषताहरूको विश्लेषण गरिएको छ । पाठ्यपुस्तकको निर्माण प्रक्रिया, प्रयोग अवस्था र सान्दर्भिकता विश्लेषणका लागि क्षेत्रकार्य विधि प्रयोग गरी खस भाषी विद्यार्थीहरूको सिकाइ अनुभव तथा सिकाइको अवस्था अध्ययनका लागि समूह छलफल शिक्षक तथा सरोकारवालाहरूसँग असंरचित अन्तरवार्ता जस्ता साधनको उपयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ । असंरचित अन्तरवार्ता तथा लक्षित समूह छलफलका माध्यमबाट अडियो तथा भिडियो रेकर्ड गरी तथ्य सङ्कलन गरिएको छ । सहभागीबाट प्राप्त रेकर्डेड तथ्यलाई पनि लिप्यन्तरण गर्दै विभिन्न विषयवस्तु (थिम) का आधारमा विश्लेषण गरी निष्कर्षमा पुगिएको छ ।

अनुसन्धानका सहभागी छनौट, तथ्य सङ्कलनको प्रक्रिया, तथ्य सङ्कलनका साधनको उपयोग, तथ्यको स्रोतको उपयोग र तथ्यको विश्लेषण प्रक्रिया आदि अनुसन्धानका हरेक चरण र प्रक्रियालाई कुनै पनि आग्रह पूर्वाग्रहबाट मुक्त भई प्राप्त तथ्यका आधारमा विश्लेषण तथा निष्कर्षण गरेर अनुसन्धानलाई विश्वसनीय र वैध बनाइएको छ । खस भाषा पाठ्यपुस्तकको आन्तरिक तथा बाह्य विशेषताका आधारमा र प्रयोग अवस्था, कारण तथा प्रभावका आधारमा प्राप्त विश्लेषित नतिजा,

निष्कर्ष तथा सुझावहरूलाई अन्य अनुसन्धाता, नीति निर्माता, पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माता तथा सरोकारवालहरूले ग्रहण गर्न सकिने गरी विश्वसनीय र वैध बनाइएको छ।

दार्शनिक आधार

प्रस्तुत अनुसन्धानका लागि उपयोग गरिएको गुणात्मक ढाँचाको सामान्य गुणात्मक विधि प्रयोगको पृष्ठभूमिमा वर्णनात्मकतावाद वा संरचनात्मकतावाद रहेको छ। "अनुसन्धानको लक्षित समूह वा सूचकको प्रतिक्रिया, अनुभूति तथा विभिन्न विचारको अध्ययन गर्नु, विभिन्न थिम बनाएर गर्णन गर्ने दार्शनिक आधार नै वर्णनात्मक दार्शनिक आधार हो" (नेपाल र कार्की २०८२, पृ. १५५)। खस भाषी विद्यार्थी, शिक्षक, अभिभावक लगायतका सरोकारवालाहरूको खस भाषा र संस्कृति पाठ्यपुस्तकप्रतिको प्रतिक्रिया, प्रयोग अनुभव तथा सामाजिक दृष्टिकोण आदिलाई तथ्यको रूपमा सङ्कलन गरेर प्राप्त थिमलाई आगमनात्मक तरिकाले विश्लेषण गर्नका लागि वर्णनात्मकतावादलाई आधार मानेर सामान्य गुणात्मक विधिको प्रयोग गरी अनुसन्धान गरिएको छ।

सहभागी

अनुसन्धानका लागि प्रतिनिधित्व गराइने समान विशेषतायुक्त व्यक्तिहरूको समूहलाई जनसङ्ख्या भनिन्छ। मार्टिनेज मेसा र अन्य (सन् २०१६) लाई उदृत गर्दै विली (सन् २०२४) ले अनुसन्धानमा प्रतिनिधित्व गर्ने जनसङ्ख्याबारे भनेका छन् : " जनसङ्ख्या अनुसन्धान कार्यविधिको एक आधारशिला हो। जसले निश्चित भौगोलिक वा संस्थागत क्षेत्रभित्र समान विशेषताहरू प्रदर्शन गर्ने व्यक्तिहरूको समूहलाई समेट्छ " (पृ. ७५)। समान गुण र विशेषता भएका सबै व्यक्तिहरूको सहभागिता सबै अध्ययनहरूमा सम्वभ नहुन सक्छ।

सम्पूर्ण जनसङ्ख्याबाट अनुसन्धान गर्न असम्भव नै हुने भएकाले सम्पूर्ण जनसङ्ख्याको प्रतिनिधित्व हुने गरी निश्चित सङ्ख्यालाई अध्ययनमा सहभागी गराइन्छ। अहमेद (सन् २०२४) का अनुसार "अनुसन्धानमा नमुना भन्नाले जनसङ्ख्याको एउटा सानो भागलाई जनाइन्छ, जुन अध्ययनका उद्देश्यका लागि चयन गरिन्छ। नमुनाले सम्पूर्ण जनसङ्ख्याको सट्टा एउटा सानो र व्यवस्थापन गर्न सकिने समूहको प्रतिनिधित्व गर्छ " (पृ . १)। कुनै विषयय र क्षेत्रसँग सम्बन्धित समग्र जनसङ्ख्याबाट

प्रतिनिधित्व हुनेगरी सानो समूह छनोट गर्दा सहजै, सीमित समय र लागतमा अनुसन्धानलाई उद्देश्य अनुकूल निष्कर्षमा पुऱ्याउन सकिन्छ ।

प्रस्तुत अनुसन्धानका लागि कर्णाली प्रदेशको जुम्ला जिल्ला अन्तर्गतको सिँजा गाउँपालिका अन्तर्गतका विद्यालयका विद्यार्थी, शिक्षक तथा अभिभावकहरूको सम्पूर्ण जनसङ्ख्याबाट प्रतिनिधित्व हुनेगरी उद्देश्यमूलक नमुना छनोट पद्धतिका आधारमा सहभागी छनोट गरिएको छ । उद्देश्यमूलक नमुना छनोटले अनुसन्धानलाई सहज रूपले सम्पन्न गर्न आवश्यक जनसङ्ख्या छनोट गर्न प्रेरित गर्दछ । "अनुसन्धानकर्ताले जुन उद्देश्यअनुसार अनुसन्धान गर्दै छ, सो उद्देश्य परिपुर्तिका लागि आफ्नै बुद्धि विवेकद्वारा नमुना छनोट गर्ने विधि नै उद्देश्यपूर्ण नमुना छनोट विधि हो" (खनाल, २०८०, पृ. १३८) । खस भाषा र संस्कृति पाठ्यपुस्तकको विश्लेषणसँग सम्बन्धित उद्देश्य परिपूर्तिका लागि सहजताका लागि विद्यार्थी, शिक्षक, अभिभावक लगायत सरोकारवालाई अनुसन्धाताले आफ्नो उद्देश्य अनुकूलतामा सहभागीको रूपमा छनोट गरिएको छ ।

सिँजा गाउँपालिका खस भाषाको जननी भूमि हुनुका साथै वर्तमान समयसम्म पनि खस भाषाको प्रयोग स्थल हो । गौतम र चौलागाई (२०७०) का अनुसार " नेपाली भाषाको उत्पत्ति स्थल कर्णाली अञ्चलको सिँजा क्षेत्र हो । यो क्षेत्र खस भाषाको केन्द्र स्थल हो" (पृ. ३८७) । यसरी खस भाषाकै केन्द्र मानिने सिँजा क्षेत्रका विद्यालय, समुदाय र सरकारी कार्यलयबाट प्रतिनिधित्व गर्नेगरी सहभागी छनोटका लागि आधारभूत तह कक्षा ६ ओटा विद्यालयका १० जना जना शिक्षकहरू, खस भाषाका पाठ्यपुस्तक कार्यान्वयनमा रहेको विद्यालयका कक्षा ३ का ८ जना विद्यार्थीहरू, खस भाषी विद्यार्थीहरूका अभिभावकहरूमध्ये ३ जना अभिभावक,१ जना लेखक तथा सम्पादक र १ जना स्थानीय शिक्षा प्रशासकलाई अध्ययनमा सहभागीको रूपमा छनोट गरिएको छ । सहभागीहरूलाई गुणात्मक विधिको मान्यतालाई आत्मसात गर्दै अनुसन्धातालाई अनुकूल र सहयोगी सहभागी छनौट गर्न पाउने सुविधा अनुसार नै सुविधामूलक पद्धतिबाट सहभागी छनौट गरिएको छ । त्यसरी सहभागी छनौट गर्दा शिक्षक, विद्यार्थी, अभिभावक, शिक्षा प्रशासक र सम्पादकहरूको आवश्यक सङ्ख्यालाई सहभागीको रूपमा छनौट गरिएको हो ।

तथ्यको स्रोत

अनुसन्धानका लागि आवश्यक जानकारी र तथ्यहरू सङ्कलन गर्ने माध्यमलाई तथ्यको स्रोत भनिन्छ । अनुसन्धाताले अनुसन्धानमा उपयोग गर्ने तथ्य / प्रमाण वा जानकारीहरू प्राप्त गर्नका लागि त्यस्ता स्रोतको उपयोग गरिन्छ । " तथ्याङ्कको स्रोत भन्नाले अनुसन्धानका लागि आवश्यक तथ्य, तथ्याङ्क, वा सम्बन्धित जानकारी पाइने कुनै पनि स्थान वा माध्यम हो" (टिम,२०२३, पृ. १) । यसरी अनुसन्धानमा आवश्यक पर्ने तथ्य वा जानकारी प्राप्त गर्ने माध्यमका रूपमा प्रस्तुत अनुसन्धानमा प्राथिक र द्वितीय स्रोतको उपयोग गरिएको छ । प्राथिमक स्रोतको रूपमा 'खस भाषा र संस्कृति' नामको पाठ्यपुस्तक, अध्ययनका सहभागीको अन्तर्वार्ता तथा लक्षित समूह छलफलबाट प्राप्त तथ्यलाई लिइएको छ । त्यस्तै द्वितीय स्रोतको रूपमा पाठ्यपुस्तकसँग सम्बन्धित पुस्तक, जर्नल तथा शोधपत्रहरूलाई लिइएको छ ।

तथ्य सङ्कलनका साधन

अनुसन्धानमा तथ्य सङ्कलनका लागि उपयोग गरिने उपकरणलाई तथ्य सङ्कलनको साधनको रूपमा लिइन्छ । जसले तथ्य सङ्कलनलाई प्रभावकारी ढङ्गले सम्पन्न गर्न मद्दत पुऱ्याउँछ । प्रस्तुत अनुसन्धानमा तथ्य सङ्कलनका लागि असंरचित अन्तर्वार्ता, लक्षित समूह छलफल तथा पाठ विश्लेषणलाई मुख्य साधनको रूपमा प्रयोग गरिने छ । अनुसन्धानमा सहभागीको रूपमा रहेकाहरू मध्ये खस भाषा पाठ्यपुस्तक अध्यापन गर्ने शिक्षक तथा खस भाषी अभिभावकसँग असंरचित अन्तर्वार्ता तथा खस भाषी विद्यार्थीहरूसँग लक्षित समूह छलफल गरिएको छ । स्थानीय शिक्षा प्रशासक र लेखक तथा सम्पादकसँग असंरचित अन्तर्वार्ताको उपयोग गरिएको छ । त्यसै गरी खस भाषाको पाठ्यपुस्तक, पाठ्यक्रम र अन्य सन्दर्भ पुस्तक तथा जर्नलहरूको विश्लेषण तथा समीक्षा गर्न पाठ विश्लेषणलाई उपकरणको रूपमा प्रयोग गरिएको छ । पाठ विश्लेषण गर्दा शब्दभण्डार, पाठ्यवस्तुको समायोजन, अभ्यासको अवस्था, चित्रहरूको संयोजन, स्तरण, छपाइ तथा बँधाइ, कागजको स्तर, मूल्य तथा सुलभता जस्ता सूचकका आधारलाई प्रमुखताका साथ लिइएको छ ।

तथ्य सङ्कलन प्रक्रिया

अनुसन्धानमा आवश्यक तथ्य वा प्रमाण सङ्कलन गर्ने चरणबद्ध प्रक्रियालाई तथ्य सङ्कलन प्रक्रिया भनिन्छ। जेइन (सन् २०२६) का अनुसार "तथ्य सङ्कलन प्रक्रिया भनेको विभिन्न स्रोतहरूबाट जानकारी वा तथ्य सङ्कलन गरी तिनीहरूको मूल्याङ्कन गर्ने प्रक्रिया हो। यस प्रक्रियाको उद्देश्य अनुसन्धानका समस्याहरूको उत्तर खोज्ने, प्रश्नहरूको समाधान गर्ने, परिणामहरूको मूल्याङ्कन गर्ने तथा भविष्यका प्रवृत्ति र सम्भावनाहरूको पूर्वानुमान गर्ने हो" (पृ. १)। उपर्युक्त परिभाषाअनुसार प्रस्तुत अनुसन्धानका लागि खस भाषा पाठ्यपुस्तकको प्रयोग अवस्था र प्रयोग सान्दर्भिकता सम्बन्धी समस्या पहिचान गरिएको छ। समस्या पहिचान पछि तय गरिएका उद्देश्यअनुसार खस भाषा पाठ्यपुस्तकलाई विशेषताका आधारमा विश्लेषण गर्नका लागि खस भाषाको पाठ्यपुस्तकलाई प्राथमिक स्रोत मानी पाठ विश्लेषणका माध्यमबाट तथ्य सङ्कलन गरिएको छ। सङ्कलित तथ्यलाई पहिलो उद्देश्यसँग सम्बन्धित थिमसँग सम्बन्धित गरेर विश्लेषण गरिएको छ।

खस भाषाका पाठ्यपुस्तकको प्रयोग अवस्था र सान्दर्भिकताको मूल्याङ्कन गर्न खस भाषा पाठ्यपुस्तक प्रयोगसँग सम्बन्धित सहभागी सरोकारवालासँग क्षेत्रकार्यका माध्यमबाट असंरचित अन्तर्वार्ता र लक्षित समूह छलफल गरी प्राथमिक स्रोतको रूपमा अडियो भिडियो रेकर्ड गरी तथ्य सङ्कलन गरिएको छ। क्षेत्र कार्य अनुसन्धाता रहेको तिला गाउँपालिकाबाट करिब २५ किलोमिटर टाढा रहेको सिँजा गाउँपालिकाका विभिन्न विद्यालय, समुदाय तथा स्थानीय गाउँपालिकामा गरी जम्मा दुई पटक गरी ४ दिन र सम्पादकसँग अन्तर्वार्ता गर्न सम्पादकको कार्यस्थल सुर्खेतमा १ दिन गरी जम्मा दिन ५ र अन्तर्वार्ताको समय करिब ४ घण्टा लागेको छ। ४ घण्टाको भिडियो अन्तर्वार्ता तथा फोन रेकर्डलाई स्लो पारी सुनेरलिप्यन्तरणगरिएको छ।लिप्यन्तरणपछि उद्देश्यअनुसारका थिमहरू निर्माण गरी थिम अनुकूलका भनाइ तथा विचारयुक्त वाक्यहरूलाई विभिन्न रङ्गमा छुट्याउँदै आवश्यक थिमको विश्लेषणमा लिएर सन्दर्भाङ्कन गरेर विश्लेषण गरिएको छ। यसरी प्राथमिक तथा द्वितीय स्रोतबाट प्राप्त तथ्यलाई विभिन्न थिमका आधारमा विश्लेषण गरी निष्कर्ष निकालिएको छ।

नतिजा विश्लेषण र प्रस्तुतीकरण

प्राप्त तथ्यलाई व्यवस्थित रूपमा प्रशोधन गरी त्यसबाट अर्थपूर्ण जानकारी प्राप्त गर्ने प्रक्रिया विश्लेषण हो भने विश्लेषणपछि प्राप्त निष्कर्षहरूलाई स्पष्ट, बुझ्न सजिलो र आकर्षक रूपमा प्रस्तुत गर्ने प्रक्रिया प्रस्तुतीकरण हो। "साधारण रूपमा तथ्य विश्लेषण भन्नाले प्राप्त कच्चा तथ्यलाई अर्थपूर्ण तथ्य र विचारमा रूपान्तरण गर्ने प्रक्रिया हो, जसलाई गुणात्मक वा परिमाणात्मक रूपमा बुझ्न सकिन्छ" (एलेम, २०२०, पृ. ३)। प्रस्तुत अध्ययन गुणात्मक ढाँचामा अघि बढाइएकाले प्राप्त तथ्यहरूलाई थिम्याटिक विश्लेषण गरिएको छ। सहभागीबाट असंरचित अन्तर्वार्ता र लक्षित समूह छलफलका माध्यमबाट प्राप्त रेकर्डेड तथ्यलाईलिप्यन्तरणगरिएको छ। लिप्यन्तरणपश्चात थिम निर्माण गरी थिमको विश्लेषण गरिएको छ। त्यस्तै पाठ विश्लेषणको रूपमा पुस्तक समीक्षाबाट प्राप्त तथ्यलाई पनि थिमा राखेर विश्लेषण गरिएको छ। विश्लेषण गर्ने क्रममा प्रस्तुतिलाई स्पष्ट, आकर्षक र सहज बुझाइका लागि तालिका तथा आरेखमा विश्लेषणको प्रस्तुतीकरण गरिको छ।

अनुसन्धानको नैतिकता

अनुसन्धानमा समग्र जनसङ्ख्याको प्रतिनिधित्व गर्ने गरी सीमित सहभागीलाई छनौट गरेर तथ्याङ्क सङ्कलन गरी तथ्यको विश्लेषणबाट निष्कर्षमा पुगिन्छ। जुन सहभागीको सहभागितामा अनुसन्धान जस्तो गहन र व्यापक कार्यमा सघाउने सहभागीको गोपनीयता र स्वैच्छिक सहभागितालाई प्राथमिकता दिनु अनुसन्धाताको पहिलो कर्तव्य हुन आउँछ। प्रस्तुत अध्ययनमा पनि सहभागीको गोपनीयतालाई विशेष ख्याल गरेर उनीहरूको वास्तविक नामलाई सहभागी 'क' देखि क्रमशः 'ध' सम्मको सांकेतिक कोडको प्रयोग गरी उनीहरूका विचार, धारणा, अनुभव तथा प्रतिक्रियाहरूलाई थिमको विश्लेषणका लागि सन्दर्भाङ्कनको रूपमा प्रस्तुत गरिएको छ। त्यसै गरी सहभागीलाई कुनै बाध्यता वा अनिवार्यताविना प्रस्तावमाथि सहभागीले जनाएको सहमति तथा स्वीकारोक्तिपछि मात्र सहभागीको रूपमा छनौट गरिएको छ। त्यस्तै कुनै पनि औपचारिक तथा अनौपचारिक सन्दर्भमा सहभागीबाट प्राप्त विषय वा विचारहरूलाई वास्तविक पहिचान खुल्नेगरी प्रचारप्रसार, अभिव्यक्त गर्ने तथा प्रकाशन नगर्ने प्रतिबद्धता अनुसन्धाताद्वारा व्यक्त भएको छ। त्यसैले प्रस्तुत अनुसन्धान गोपनीयता तथा सहभागीको स्वैच्छिक सहभागिताका दृष्टिले उत्कृष्ट रहेको छ।

समग्रमा प्रस्तुत अध्याय तीनमा प्रमुख रूपमा अनुसन्धानको विधिबारे स्पष्ट पारिएको छ। विधिशास्त्रभन्दा अगाडि सत्यशास्त्र र मूल्यशास्त्रका बारे उल्लेख गरिएको छ। विधि शास्त्रअन्तर्गत गुणात्मक ढाँचाको सामान्य गुणात्मक ढाँचाको सामान्य परिचयका साथै, सहभागी छनोट उपशीर्षकमा सहभागीहरू छनोट गरिएको विधिका सम्बन्धमा स्पष्ट पारिएको छ। त्यस्तै तथ्यको स्रोत उपशीर्षकमा तथ्यलाई कुन कुन स्रोतबाट प्राप्त गरियो भन्नेबारे एकिन गरिएको छ। तथ्य सङ्कलनका साधनहरूमा गुणात्मक विधिका लागि अपनाइने तथ्य सङ्कलनका साधनबारे प्रस्ट पारिएको छ। तथ्य सङ्कलन प्रक्रिया उपशीर्षकमा तथ्यलाई कुन कुन प्रक्रियाका आधारमा सङ्कलन गरियो भन्ने विषय निश्चित गरिएको छ। नतिजा विश्लेषण र प्रस्तुतीकरण उपशीर्षकमा नतिजालाई कसरी विश्लेषण गरिएको छ र कसरी प्रस्तुतीकरण गरिएको छ भन्ने स्पष्ट बनाइएको छ। यसरी विभिन्न उपशीर्षक राखेर अनुसन्धानका विभिन्न चरणमा गरिने विभिन्न प्रक्रियाकाबारे यस अध्यायमा उल्लेख गरिएको छ।

अध्याय चार

संरचनात्मक विशेषताका आधारमा कक्षा तीनको खस भाषाको पाठ्यपुस्तक

प्रस्तुत अध्याय चारमा अनुसन्धानको पहिलो उद्देश्यअनुसार अनुसन्धेय पाठ्यपुस्तक 'खस भाषा र संस्कृति'को आन्तरिक तथा बाह्य संरचनात्मक विशेषताहरूको विश्लेषण गरिएको छ। संरचनात्मक विशेषताका आधारमा कक्षा तीनको खस भाषाको पाठ्यपुस्तक शीर्षकभित्र पाठ्यपुस्तकमा समाविष्ट पाठ्यवस्तु, पाठ्यपुस्तकमा प्रयुक्त चित्र, विषयवस्तुको छनोट र स्तरण, शब्दभण्डार र वाक्य, पाठ्यपुस्तकमा समाविष्ट अभ्यास, भाषा पाठ्यपुस्तकको बाह्‍य संरचनाजस्ता मुख्य उपशीर्षकहरूमा व्यवस्थित गरेर विश्लेषण गरिएको छ।

प्रस्तुत अनुसन्धानको यस अध्यायअन्तर्गत कक्षा तीनको ‘खस भाषा र संस्कृति’ नामक पाठ्यपुस्तकको आन्तरिक तथा बाह्‍य संरचनाका आधारमा अध्ययन विश्लेषण गरिएको छ। आन्तरिक संरचनाका आधारमा विश्लेषण गर्दा स्थानीय पाठ्यपुस्तकमा समाविष्ट पाठ्यवस्तु, पाठ्यपुस्तकमा प्रयुक्त चित्र, विषयवस्तुको छनोट र स्तरण, पाठ्यपुस्तकमा प्रयुक्त भाषा र शब्दभण्डार, पाठ्यपुस्तकमा समाविष्ट अभ्यास आदि उपशीर्षक र बाह्‍य संरचनाका आधारमा बनोट, छपाइ र बँधाइ, कागजको स्तर, मूल्य र सुलभता जस्ता उपशीर्षकमा विश्लेषण गरिएको छ। पाठ्यपुस्तकमा समाविष्ट पाठ्यवस्तु उपशीर्षक अन्तर्गत क्षेत्र, क्रम, भूगोल, संस्कृति, बालसाहित्य आदि विषयको विश्लेषण गरिएको छ। त्यस्तै पाठ्यपुस्तकमा चित्र उपशीर्षकमा खस भाषा र संस्कृति नामक पाठ्यपुस्तकभित्र रहेका चित्रहरूको विभिन्न कोणबाट विश्लेषण गरिएको छ। विषयवस्तुको छनोट र स्तरण उपशीर्षकमा विषयवस्तुको छनोटलाई पाठ्यक्रमका आधारमा र स्तरणलाई विद्यार्थको स्तर, क्षमता र विषयवस्तुको प्रकर्तिका आधारमा अध्ययन गरिएको छ। पाठ्यपुस्तकमा समाविष्ट अभ्यास उपशीर्षकमा प्रश्नको प्रकृति र भाषिक सिप विकासका लागि उपयोगिताका आधारमा पाठ्यपुस्तकमा समाविष्ट अभ्यासको विश्लेषण गरिएको छ।

स्थानीय पाठ्यपुस्तकमा समाविष्ट पाठ्यवस्तु

स्थानीय पाठ्यपुस्तकले स्थानीय परिवेश, सामाजिक, सांस्कृतिक, धार्मिक, ऐतिहासिक विषयवस्तुलाई आत्मसात् गरेको हुनुपर्दछ । स्थानीय पाठ्यपुस्तक तथा पाठ्यक्रम निर्माण गर्दा निश्चित

मापदण्ड र मार्गदर्शनको आधारमा गरिन्छ । पाठ्यक्रम विकास केन्द्र (२०७६) ले गरेको मार्गदर्शनमा भनिएको छ "स्थानीय पाठ्यक्रम हुनका लागि जुन समुदायका लागि पाठ्यक्रम बनाइएको हो त्यस समुदायमा आधारित स्थानीय ज्ञान, सिप, प्रविधि हुनु जरुरी छ । यसमा मातृभाषा, स्थानीय भाषा, संस्कृति, ऐतिहासिक विषवस्तु, स्थानीय सिपमध्येबाटै विषयवस्तु समावेश गर्न सकिन्छ तर ती विषयवस्तु स्थानी समुदायसँग सम्बन्धित हुनुपर्छ" (पृ.७) । यसरी अनुसन्धेय पाठ्यपुस्तकलाई स्थानीय भाषा, सांस्कृतिक तथा ऐतिहासिक विषयवस्तु, स्थानीय सिप तथा प्रविधि जस्ता विषयवस्तुलाई समावेश गरिएको विषयमा गहन विश्लेषण गरिएको छ ।

अनुसन्धानमा गरिएको पाठ्यपुस्तकमा खस क्षेत्रको धार्मिक तथा सांस्कृतिक विषयहरू, लोक कथाहरू, ऐतिहासिक विषयहरू, बालमनोविज्ञान समेटिएको बाल कविता, मानवतावादी लोक कथा, घरेलु उद्यम र जडीबुटीको उपयोगिता देखाउने प्राकृतिक सम्पदा सम्बन्धी विषयहरूलाई पाठ्यवस्तुको रूपमा छनोट गरेको पाइएको छ । छोटा प्रकृतिका पाठहरू रहेका पुस्तकमा तीनओटा लोक कथा, दुईओटा चुड्किला, एउटा बाल कविता, एउटा खेलपाठ, एउटा धार्मिक विषयको पाठ, एउटा ऐतिहासिक पाठ, एउटा पुरातात्त्विक विषय भएको पाठ, दुईओटा सांस्कृतिक विषय भएको पाठ, एउटा सिँजाको राजनीतिक संरचरनाको पाठ आदि समावेश छन् । हरेक पाठ्यपुस्तकमा विद्यार्थीको रूचिलाई जागृत गराउने किसिमका विषयवस्तु तथा आर्थिक, सामाजिक एवम् सांस्कृतिक विषयवस्तुहरू पाठ्यवस्तुको रूपमा समावेश हुन जरुरी छ ।

पाठ्यवस्तुमा समावेश गर्नुपर्ने विषय क्षेत्रका सम्बन्धमा पौडेल (२०७९) लेग भनेका छन् " विद्यार्थी अनुरूप रुचिकर सामग्रीका माध्यमले प्रत्यक्षतः भाषिक विकास र गौणतः सामाजिक, सांस्कृतिक, जातिगत, धार्मिक, व्यवसायिक र विविध जीवनचर्या सम्बन्धी समन्वय, सहिष्णुता र सौहार्दताको अनुबलन गर्ने ध्येय पाठ्यवस्तुले राख्नु जरुरी देखिन्छ " (पृ. १६२) । विश्लेषित पाठ्यपुस्तकमा पनि यस्ता किसिमका विषयलाई समेट्ने प्रयास गरिएको पाइन्छ । विद्यार्थीका आफ्ना बालव्यवहार तथा बाल क्रियाकलापमा आधारित पाठ्यवस्तुहरू समावेश नभए पनि धार्मिक तथा सांस्कृतिक विषयको पहिलो पाठ्यवस्तुको रूपमा नै तित्थ जाँदाको चुड्किलो शीर्षकको पाठ राखिएको छ । जुन धार्मिक तिर्थमा जाँदा गाइने चुड्किलो (गीत) को रूपमा रहेको छ ।

जुम्ला लगायत कर्णालीमा धार्मिक यात्रा गर्दा घरबाट निस्कनेवेला तिर्थालुहरूलाई मङ्गल गीत स्वरूप चुड्किलो गाएर बिदाइ गर्ने सांस्कृतिक प्रचलन रहेको छ। यसरी धार्मिक यात्राको क्रममा गाइने चुड्किलो विशेषगरी साउन पूर्णीमाको समयमा चीनको सिमानातर्फ मुगुको पाटनमा रहेको पवित्र धार्मिक स्थल छाँयानाथ जानेवेला समाजका अग्रज, जानमान, धामी, डाँङग्री सबैको उपस्थितिमा गाइने गरिन्छ। छाँयानाथको धार्मिक यात्रामा निस्कने तिर्थालुहरूलाई तीर्थ यात्रामा गरिने काम व्यवहारका बारेमा सुझाइएको हुन्छ। पाठमा प्रयुक्त चुड्किलो यस्तो रहेको छ।

आला आला बिरिछका

गोइल पड्या छाया

सुका सुका विरिछका

नैर पड्या छाया

छायानाथका जान्या भाइऔ

राम्डै गरी जाया

बोबले दियाका पैसा

छाजी चडाई आया

बज्यूले दियाको अन्नी

बाँडीचुडी खाया (पृ. ६)।

यसरी तिर्थालुहरूले बाटोमा आमा, बज्यै तथा सान्ज्या (काकी) ले दिएको अन्नी अर्थात नास्ता बाटोमै खानु र बाजे, बाबु र काकाले दिएको पैसाले देवताको छाजी चढाएर आउनु भन्ने अर्ती चुड्किलो मार्फत गाउने प्रचलन अहिले पनि जुम्लालगायत कर्णालीभरी यथावत् छ। बाल व्यवहारसँग सम्बन्धित बालमनोविज्ञानलाई ख्याल गरिएको पाठ नभए पनि कर्णालीको सांस्कृतिक परम्परा र रीतिरिवाजलाई समेटेको गिति पाठ पुस्तकको सुरुवातमा समावेश गर्नु सान्दर्भिक देखिन्छ। त्यस्तै जुम्ला तथा सिँजाको सांस्कृतिक विषयहरू प्रस्तुत गर्ने पाठहरूमा रोपाइँको चुड्किलो पाठ पाँच, देउडा पाठ नौ, हुड्क्या नाच पाठ तेह्रमा राखिएको छ। जेठको महिनामा हुने रोपाइँलाई जुम्लीहरूले उत्सवको रूपमा लिने र रोपाइको

बेला रोपहार्नीहरूले चुड्किलोमार्फत कृषिकर्म र धान बालीको उत्पादनलाई जोडेर शुभेच्छाको कामना गर्ने सांस्कृतिक प्रचलन र परम्परा विद्यमानमा पनि यथावत् छ । रोपाइमा महिला रोपाहार्नीहरू हुने र उनीहरूले गाउने रोपाइको चुड्किलो यस्तो हुन्छ :

ऋतु ऋतु आइरगयो ऋतु रानायँ

भिटा पाती पलाइगयो ऋतु रानायँ

डिल लस्क्याई भिटा छप्क्याई मार्सी धानयँ

आग्री परेवा घुड्किगयो ऋतु रानायँ

सबै भला काम लागेई मार्सी धानयँ (पृ. २६)

ऋतुले धान रोप्ने वेलाको सङ्केत गरेको, मार्सी धानको उत्पादन उल्लेख्य होओस्, त्यसको चामल शुभकार्यहरूमा प्रयोग होस् भन्ने शुभकामना व्यक्त गरिने रोपाईको चुड्किलो जुम्ला लगायतका क्षेत्रमा खेत रोप्दा गाइन्छ । यसलाई पाठमा समावेश गरेर कर्णालीको सांस्कृतिक विषयहरू समेटेको देखिन्छ । त्यस्तै पाठ नौ मा कर्णालीको सांस्कृतिक पहिचान बोकेको देउडालाई समावेश गरेको छ । शुभकार्य, मेलापर्व तथा कुनै विशेष कार्यक्रममा खेलिने देउडालाई पाठमा मुनिकुण्ठका गाउँमा भइरहेको पैठ (धार्मिक मेला) को वेला खेलिएको उल्लेख गर्दै केही देउडाका सवालजवाफका टुक्काहरू प्रस्तुत गरिएको छ । टुक्काहरू यस्ता छन्:

छाउल १ बल्ल बल्ल पापी चोला चौरासी जुनीको

सेवा गरौ सबै मिली यई मातृभूमिको

छावल २ कर्नाली परदेश भरी मष्टाको दृष्टि होऊ

चरणको कृपाबाटि मोतिया वृष्टि होऊ (पृ. ४४)

देउडाको सामान्य परिचय दिएर टुक्काहरू राखिएको भए प्रभावकारी हुने भए पनि पैठ (धार्मिक मेला) मा देवताका विषयका साथै विभिन्न विषयमा सवालजवाफ गर्ने देउडा खेलका टुक्का समेत प्रस्तुत गरी देउडा गीतको पहिचान गराउन खोजेको देखिन्छ । त्यस्तै पुस्तकको तेह्रौ पाठमा हुड्क्या नाच शीर्षकको पाठ्यवस्तु राखिएको छ । यस पाठमा रामकली र पिउली नामकी पात्रले बजारमा हुड्के नाच

देखेको र उक्त हुड्के नाचको भिडियो बनाएर युटुवमा राखेको त्यस भिडियोलाई संसारले हेरेको उल्लेख छ । यसरी यस खस भाषा र संस्कृति नामक कक्षा ३ को पाठ्यपुस्तकमा खसक्षेत्रको सांस्कृतिक पक्षहरूको पहिचान गराउन खोजेको देखिन्छ । यी दुबै पाठहरू छोटा र अझै अपूर्ण जस्ता देखिन्छन् ।

कर्णालीको धार्मिक परम्परा र प्रचलनका विषयहरू समेट्नका लागि पुस्तकमा 'झ्यादेव' शीर्षकको पाठ राखिएको छ । जुन पाठ सिँजा गाउँपालिका जाँच गाउँमा रहेको झ्यादेव पैठ (धार्मिक मेला) को वर्णन गर्दै झ्यादेवका विषयमा प्रस्ट पार्न बाबु छोराबिचको संवादलाई प्रस्तुत गरिएको छ । जसमा बाबुसँगै पैठ (धार्मिक मेला) गएको छोरो नरपतिले गरेको झ्यादेव कसरी काँबाट आयो ? यसका सन्तान को हुन ? यसलाई क कसले पुज्दछन् ? भन्ने जस्ता जिज्ञासा र प्रश्नमा प्रतिक्रिया दिँदै झ्यादेवको परिचय र महिमा उल्लेख गरिएको देखिन्छ । उनीहरूका बिचमा भएका संवादहरू यस्ता देखिन्छन् :

नरपति : बाबै ! झ्यादेव कस्तो देउता हो ?

बाबा : हेर् भाउअ ! झ्यादेवकन भोट्या देउता भन्नाछन् । यो मतुवाली देउता हो । झ्यालाटो र झ्यारानी यईखा बाबा आमा हुन् । जिब्रकी यईखो भाआन हो । लम्फेरा यईखो भाइ हो ।

नरपति : यो देउता काँबाटि आयाको हो ?

बाबा : यो तिब्बतको कुत्ति कैलाशबाटि आयाको देउता हो गरे । यईखन घट्टाली रोकायाले ल्यायाका हुन । पैला धामी डाङ्ग्री एकै जना हुँदा छिया । पछि रावल डाङ्ग्री हुन्या र रोकाया धामी हुन्या चलन चलाया । पइलाका कुडा त मकन थाँ नाई । परारपुडा नैनसिंह रावल डाङ्ग्री र हंश रोकाया धामी छिया । (पृ. ५८)

यसप्रकारको संवादका माध्यमबाट झ्यादेव देउताको बारेमा जानकारी दिनुका साथै कर्णालीमा झ्यादेव जस्तै देवताहरू मान्ने धार्मिक तथा सांस्कृतिक प्रचलन रहेको देखाइएको छ । स्थानीय पाठ्यपुस्तकले स्थानीय संस्कृति, धर्म र परम्परालाई समेट्नुपर्ने मान्यतालाई यस पुस्तकले ख्याल गरेको देखिन्छ । तथापि प्रयुक्त संवादहरू अझ केही लामो गरेर विस्तृत बनाएको भए राम्रो हुने देखिन्छ ।

धार्मिक तथा ऐतिहासिक विषयवस्तु राख्ने क्रममा पुस्तकको पाठ ८ मा 'पुराना देवल' शीर्षकको पाठ समावेश छ । पाठमा देवलको परिचय र यसको निर्माण केका लागि र कसले गर्थे भन्ने स्पष्ट बुझाउन

खोजिएको छ । देवलको बारे यस्तो उल्लेख छः “ देउताको पूजा हुन्या ठउरकन देवालय भन्नाछन् । देउताको पैठ र पूजा हुन्या ठउरकन माडु भन्नाछन् । देवालयकन देवल भन्नाछन् । पइलाका राजा र धनीमानी मान्ठ आम्नु कीर्ति राख्न्या मन गद्दाछिया । तेइखालागि देवालय, शिवालय, मुग्राआँ, चौथारा र बाटा बनाउँदाछिया ” (पृ. ३८) । सिँजा लगायतका क्षेत्रमा खस राजाहरूले देवलहरू निर्माण गराएको र त्यस्ता देवलहरू हिन्दु तथा बौद्ध धर्मसँग सम्बन्धित रहेको पाठमा उल्लेख छ । आफ्नो नाम तथा कीर्ति राख्नका लागि राजा महाराजा एवम् ठुला मानिसहरूले त्यस समयमा देवल राख्ने प्रचलनअनुसार सिँजा क्षेत्रलगायतका कर्णालीका धेरै स्थानमा ढुङ्गाहरू बाट देवलहरू निर्माण गरेको र त्यस खाले देवलहरू अहिले पनि यत्रतत्र छरिएर जीर्ण अवस्थामा रहेकाले त्यसलाई संरक्षण गर्नुपर्ने विषयमा पाठमा यसरी उल्लेख गरिएको छः

> सिँजाउँदा उम्ता पुराना देवल फिजीकन रयाका छन् । कोई ओदाडीकन फाल्याका छन् । कोई त्यसै छोड्याका छन् । आजभोली पनि बिष्टबाडा, माआदबाडा, डाबज्यूला, आचार्यलिही, सन्यालबाडाका गाआँ देवलहरू देख्न पाइँदोछ । यी पुर्खाका चिनारी हुन । यिनुकन हामीले बचाउनु पड्न्या छ, सबैले माया र संरक्षण गर्नु पड्न्या छ । (पृ. ४०) ।

यसरी देवलको धार्मिक तथा ऐतिहासिक महत्त्वबारे प्रकाश पारिएको पाठ समावेश गरेर पाठ्यपुस्तकलाई उपयुक्त बनाउने प्रयत्न गरेको देखिन्छ । पुस्तकमा ऐतिहासिक विषयवस्तुको रूपमा प्राचीन सिँजा साम्राज्य शीर्षकको पाठ्यवस्तु पाठ ११ मा राखिएको छ । पाठले सिँजा साम्राज्यको सामान्य जानकारी दिन खोजेको देखिन्छ । जसको सानो अंश यस्तो रहेको छ :

> धेरै बर्स पइला नेपालको पश्चिम क्षेत्रमा एक ठुलो राज्य छियो । तेई राज्यकन सिँजा साम्राज्य भन्ना छिया । यो राज्यको राजधानी सिँजा छियो । यो राज्य पूर्वमा त्रिशुली घाटदै पश्चिममा भारतको हिमाचलसम्मन छियो । उत्तरमा तिब्बतको खारी प्रदेशदै दख्खिनमा बोधगयासम्म सिँजाका राजाले राज गर्‍याका छिया भनी इतिहाँसमा लेखिएको छ । आजेलिका नेपाल, भारत र चीनका मस्तै ठउर तेईबेलाका सिँजा राज्यका अधिनस्त छिया । तेईबिअ सिँजाकन साम्रज्या भनियाको हो (पृ. ५२)।

सिँजा साम्राज्यको इतिहासलाई बुझाउनका लागि प्रस्तुत पाठमा सिँजा राज्यको उत्पत्ति, विकास र पतनको सामान्य परिचय दिइएको छ । सिँजामा सिँजा साम्राज्य हुनुमा सिँजालीहरूको गौरवको विषय भएको र सिँजाबाटै त्यस समयदेखि खस भाषाको उत्पत्ति भएको ऐतिहासिक प्रसङ्ग उल्लेख गरिएको छ । यसरी विद्यार्थीहरूलाई सिँजाको गौरवमय इतिहासको सामान्य जानकारी तथा ज्ञान दिन यस्ता पाठ्यवस्तु राख्नु उपयुक्त रहेको देखिन्छ ।

पाठ्यपुस्तकमा सिँजा क्षेत्रमा प्रचलित लोक कथाहरूमध्ये बाठी बाख्री शीर्षकको कथा समावेश गरिएको छ । पाठमा मानवेतर पात्रको रूपमा रहेको बाख्रीको बुद्धिमतापूर्ण सुझ बुझले सुरक्षित जीवनयापनको वातावरण बनेको देखाइएको छ । बुद्धिले बल भएका ठुलालाई पनि किनारा लगाउन सकिन्छ र सङ्कटबाट बच्न सकिन्छ भन्ने सन्देश दिएको छ । बाघ जस्तो जङ्गलको राजाले एउटा बाख्रोसँग डराएर भाग्नुपर्ने अवस्था ल्याउने बाख्राको बुद्धिमतापूर्ण संवाद कथांशमा यसरी उल्लेख गरिएको छः

> " बाख्राका टअटकी फेरि रोयाछन् । बोक्च्याले फेरि सोद्यायोछ " भाउअ सुन्तलीअ ! टअटकी क्यान रुवादिछस् ? " बाख्रीले भन्यो छ, " हेर ! मनसुर रौतेला, जिउँदा बाग पाइन्या नाइँ, मऱ्या बागका कपाल खुट्टा यी टअटकी खान्या नाइँ ।" बाग र स्यालले तेई कुडा सुन्याछन् । ती दुवै भेई मानीकन भाग्याछन् । बागका घर बाख्री र बोक्च्या सुखले घरबार गरी बस्याछन् (पृ . ११) ।

बाघ जस्तो शक्तिशाली जनावरलाई लखेटेर अर्को कमजोर जनावरले बुद्धिको प्रयोग गरेर उसैको घरमा आरामले जिन्दगी बिताउने वातावरण बनाएको कथावस्तु राखेर बालबालिकाहरूलाई बल र शक्तिले भन्दा पनि बुद्धि र जुक्तिले ठुलो हुने र जुक्तिले समस्या समाधान हुने शिक्षा दिनु खोजेको देखिन्छ । त्यसैगरी पाठ्यपुस्तकमा अर्को लोक कथाको रूपमा 'यक्ष र तन्तुकार' शीर्षकको कथालाई समावेश गरिएको छ । कथामा विवेक नपुऱ्याउँदा र सही सुझाव नपाउँदा आफ्नै अस्तित्व सकिने अवस्था निम्तिएको देखाइएको छ ।

कथाको पात्र तन्तुकारले यक्ष देवतासँग सही वरदान माग्नका लागि सबैको राय लिने विचार गरेको विषयलाई कथामा यसरी देखाइएको छः " तो ज्या चिज माग्न्या होस् तेई दिउँना भन्याछन् । तन्तुकारले " म मेरा सात्या र घर घरिना सोदिऔँ । भोलिसमम्म ढुकिदेउ । " भन्योछ । यक्षले होला

भन्याछन् '' (पृ. ३०) । साथीले राजा हुने वरदान माग्नु भन्ने सल्लाह दिँदादिँदै पनि घरकी स्वास्नीले दुई कपाल र चार हात माग्नु भन्ने दिएको सल्लाह अन्तमा तन्तुकारका लागि आत्मघाती भएको उल्लेख छ । तन्तुकार आफैले मागेको वरदान आफैलाई सकाउने अस्त्र बनेको प्रसङ्ग पाठमा यसरी उल्लेख गरिएको छः

> तन्तुकारले दुई हात र एक कपाल थपिदेउ भनी बिन्ति गऱ्योछ । यक्ष देउताले तथास्तु भन्याछन् । तेईबेलै तन्तुकारका दुई कपाल र चार हात भयाछन् । ऊ खुसी भईकन घरथिर आयोछ । बाटपुडो मान्ठले तन्तुकारकन देख्याछन् र भुतजोओ मान्या छन् । सबै गाउँल्याले तेइकन खेदायाछन् । भूत भनी ढुङ्गाले हानीकन मारी दियाछन् (पृ. ३१) ।

माल पाएर पनि चाल नपाउँदा कहिलेकाँही आफ्नै काल बन्छ भन्ने दृष्टान्त कथामा देखाइएको छ । जे मागेपनि हुने वरदान मिलेको उसले आफैले ढङ्ग नपुऱ्याउँदा र साथीको सही सल्लाहलाई नमानी स्वास्नीको कुरालाई मात्र मान्दा अन्तमा आफ्नै अवसान भएको देखाइएकोले कहिलेकाँही सही कुरा ठम्याएर बाहिरका मान्छेको पनि अर्ती र सुझावलाई ग्रहण गर्नुपर्ने र घरका तथा आफ्नाले दिएको सबै सुझाव सही हुन्छन् भन्ने पनि नहुने शिक्षा यस पाठले दिन खोजेको देखिन्छ ।

पुस्तकमा समावेश गरिएको अर्को लोक कथाको रूपमा 'काल्या र साप' शीर्षकको कथा रहेको छ । यस कथामा काल्या नामको पात्रले सर्पलाई जीवनमरणको अवस्थामा बचाएको तर पछि त्यही सर्पले काल्यालाई खान्छु भनेर हैरान बनाएको अन्तमा पल्ला गाउँको निसाफ गर्ने एकजना छोट्या (बालक) ले सर्पलाई जुक्ति लगाएर बाँसको ढुङ्ग्रोमा हालेर बाहिरबाट बन्द गरेर सदाको लागि काल्यालाई ढुक्क बनाएको कथावस्तु प्रस्तुत गरिएको छ । कथामा पल्ला गाउँको छोट्याले लगाएको जुक्तिलाई यसरी प्रस्तुत गरिएको छ :

> ''छोट्टयाले सबै कुरा सुनिसक्यापै सापकन सोद्यायोछ ''क्या तुमी बाँसका डिग्नाका टोड्काभित्त पस्याको सई हो ?'' सापले सई हो हजुर भन्योछ । ''दे तेसो भया अइले पस धइँ त । सक्ता छौ कि नाई ?'' छोट्टयाले भन्यो छ । छोट्टयाले बाँसको डिग्नु ल्यायोछ । सापका अगाडि तेर्स्यायोछ । साप बाँसका डिग्नाका टोड्का भित्त पस्योछ । छोट्टयाले ढुङ्गाले बाँसको

टोड्काको मुख बुझिदियोछ। छोट्टयाले त्यो बाँसको डिग्नु टाडा जङ्गलउँदो फालिआयोछ।

दयालु र गुनी काल्या आनन्दले बस्योछ (पृ. ४९)।

दयालु तथा परोपकारी मानिसले पनि कहिलेकाँही सही या गलत नचिनेर दया र माया गर्दा पनि आफैले समस्या र आपतको सामना गर्नुपर्ने अवस्था कथामा देखाइएको छ। दुष्ट जहिले पनि दुष्ट नै हुने भएकाले दुष्टको सेवा गर्नु आफैलाई हानीकारक रहने र सेवा गर्दा पनि सजकता अपनाउनु पर्ने सन्देश कथामा देखिन्छ। परोपकारीले आपतमा कोही न कोही सहयोगी पाउन सक्छ भन्ने पनि देखाइएको छ। त्यस्तै हरेक समस्याको समाधान बुद्धिमतापूर्ण सुझबुझ र संयमताबाट हुने, दुष्टलाई जस्ताको त्यस्तै गर्नुपर्ने र सेवा गर्दा सजकता अपनाउनुपर्ने सन्देश प्रदान गर्ने कथा प्रस्तुत गरेर बालबालिकामा कथाबाट काम गर्दा बुद्धि र सुझको प्रयोग गर्नुपर्ने, सज्जन र दुर्जन पहिचान गर्नुपर्ने शिक्षा दिन खोजेकाले कथा सान्दर्भिक देखिन्छ।

पाठ्यपुस्तकमा लोक कथाको रूपमा ‘चुफ्या’ शीर्षकको अर्को तेस्रो कथा समाविष्ट गरिएको छ। कथामा चुफ्या नामको पात्र व्यापारीका सात भाइ छोरामध्ये कान्छो रहेको र सबैले उसको बुद्धि जाँच्न जङ्गल गएर बाघको दुध ल्याउन आदेश दिएको विषय यसरी राखिएको छः “ एका देश एक जना बेपारी छिया। तिनुका सात छोरा छिया। तिनु मध्ये कान्ठाको नाउँ चुफ्या छियो। चुफ्या बाठो छियो। एकदिन अरू भाइले चुफ्याको बुद्धि जाँच्न्या बिचार गर्या। तिनुले चुफ्याकन बागको दुध लेइआ भनी वन पठाया” (पृ. ७०)। बाघको दुध ल्याउन जङ्गलमा गएको चुफ्याले जङ्गलमा समस्यामा परेमा जीवजन्तु तथा पशुपंक्षीको उद्धार र सहयोग गरेको, बुद्धिमतापूर्ण तरिकाले पासा खेलेर बाघको दुधसहित धनवान् युवतीलाई विहे गरेर ल्याउन सफल भएको कथावस्तु समाविष्ट छ।

चुफ्याले धन सम्पत्ति सहित युवतीलाई बिहे गरेर ल्याएको विषयलाई कथामा यसरी प्रस्तुत गरिएको छः “ ती छोट्टिथि धन सम्पत्ति र घअनापात उम्ता छिया। तिनुसात बागको दुध पनि छियो। ती सबै ल्याइकन चुफ्याका झाआन हात्तिमै चडीकन घर आया। ती सबै देख्यापै चुफ्याका दाइभाइ ट्वाँ पड्या। तेई दिनदै चुफ्याकन तेईका दाई भाइले मान गर्न लाग्या ” (पृ. ७२)। चुफ्याको बुद्धिलाई देखेर परिवारले समेत त्यसको परीक्षणका लागि बाघको दुध ल्याउने जस्ता चुनौतीपूर्णकाममा पठाएको अवस्थामा सहयोगी र बुद्धिको प्रयोगबाट ऊ सफल भएको देखाइएको छ। क्षमतामा कसैले ईर्ष्या गरेर

केही नहुने राम्रो काम गर्नाले भलो नै हुने सन्देश दिन खोजेको कथाले बालबालिकालाई बुद्धिमान्, इमान्दार र सहयोगी हुनुपर्ने शिक्षा दिन खोजेको छ ।

परम्परागत सिपमा आधारित स्थानीय उद्यमको विषयलाई समेट्ने क्रममा पाठ्यपुस्तकमा 'राडी पाखी' शीर्षकको पाठ राखिएको छ । जसमा जुम्ला लगायतका हिमाली क्षेत्रका गाउँहरूमा भेडाको ऊनबाट बनाइने राडी पाखीको बुनाइका विषयमा सामान्य परिचयात्मक कथन राखिएको छ । राडी पाखी बुन्ने तरिकाका सम्बन्धमा पाठमा यस्तो उल्लेख छः

> चैतीका आमा बाबा ऊन र बर्खाल फट्काउन्या, छुन्या र ह्याउका सपाड्न्या गद्दाछन् । ताँदैपछि कात्न्या र पाउन्या गद्दाछन् । ऊन र बर्खालका डलाबाटि लिउ, काम्ला र फेऱ्याका चाँद पुद्दाछन् । चैतीकी आमा चाँद बुन्दिछन् । चाँदका दुई मेस हुँदाछन् । लिउ र फेऱ्या बुन्याकन एक मेस्या चाँद भन्दाछन् । काम्ला बुन्याकन दुई मेस्या चाँद भन्दाछन् (पृ. १५) ।

पाठमा चैतीको नाम राखेर उसका परिवारको जिम्मेवारीका सम्बन्धमा लेखकीय कथनको रूपमा काम्लो बुन्ने तरिका र साधनका बारेमा सामान्य परिचय दिनुका साथै काम्लोको उपयोगिताका बारे बालबालिकालाई ज्ञान दिन खोज्नु पाठ्यपुस्तकको सबल पक्ष मानिन्छ । पाठ्यपुस्तकले स्थानीय विषयवस्तुलाई समेटेर त्यसको महिमाका बारे बुझाउन खोज्नु महत्त्वपूर्ण मान्न सकिन्छ ।

पाठ चारमा स्थानीय क्षेत्रमा पाइने जडीबुटीको परिचय र महत्त्व समेटिएको 'जडीबुटी' शीर्षकको पाठ समावेश गरिएको छ । मायादेवी नामकी म पात्रको उपस्थिति गराएर उसैका माध्यमबाट जडीबुटी र त्यसको उपयोगिता तथा महत्त्वको सामान्य चर्चा गरिएको छ । बायोजडी, घोडोमच्चो, जम्मु, वन लसुन, गन्नाइनु जस्ता जडीबुटीको उल्लेख गर्दै यसले औषधीको काम गरेको प्रसङ्गलाई पाठमा यसरी प्रस्तुत गरिएको छः " वन लुसुन, गन्नाइनु, बायोजडी, घोडामच्चो, जम्मुका पोका राख्याका छिया । आमाले ती सबै जडीबुटी पिसिन् र बेस्सरी पकाइन् । मैले तात्तातो गरी त्यो ओक्त्यापानी पियाँ । .. दिउस खायाको कच्चपच्च सबै हजाम भयो । छकालपल्टी म छन्छनादी भयाँ" (पृ. २०) । खाएर अपच भएको अवस्थामा स्थानीय जडीबुटीको सेवनबाट हजाम भएर निको भएको कुरा म पात्रले उल्लेख गरेको प्रसङ्ग राखेर पाठमा जडीबुटीको औषधीजन्य उपयोगिता बोध गराउन खोजेको देखिन्छ भने । बालबालिकालाई अपच हुनेगरी खानु हुँदैन र यदी खाएमा यी यी जडीबुटीहरूले औषधीको काम गर्छन् भन्ने शिक्षा दिन खोजेको

देखिन्छ । सबै जडीबुटीको सामान्य परिचय दिँदा प्रभावकारी हुने पाठले स्थानीय जडीबुटीको उपयोगिताका बारेमा ज्ञान दिने प्रयत्न गर्नु पनि सकारात्मक र सान्दर्भिक मान्न सकिन्छ ।

कक्षा ३ मा पढ्ने बालबालिका स्वभावैले उत्तरबाल्यअवस्थाका हुन्छन् र उनीहरूको उमेर भनेकै खेलेर सिक्ने उमेर हो । यस उमेरका बालबालिकाहरू खेलमा रूचि राख्ने हुन्छन् । बालबालिकाको खेल रूचिलाई ख्याल गरेर पाठ्यपुस्तकमा 'आराम खेल' शीर्षकको पाठलाई समावेश गरिएको छ । आराम खेल जुम्ला लगायतका क्षेत्रमा बालबालिकाले खेल्ने स्थानीय खेल हो । पाठ्यपुस्तकमा आराम खेलको सामान्य परिचय र खेलको तरिकाबारे जानकारी दिइएको छ । आराम खेलको परिचय पुस्तकमा यसरी गरिएको छः " आराम नान्का टअटकीले खेल्न्या खेल हो । यई खेलकन कइकइ पनि भन्ना छन् । एक खुट्टो उठाईकन खेल्न्या भएकाले कइकइ भन्याका हुन् । दुई छाउँलले झित्तु हाली यो खेल शुरु हुँदोछ" (पृ. ३४) । यसरी स्थानीय खेललाई समेत पुस्तकमा समावेश गरी परम्परागत खेलको संरक्षण तथा बालबालिकाको रूचि र मनोविज्ञानलाई समेट्न गरिएको प्रयास पुस्तकको सकरात्मक पक्ष मानिन्छ ।

त्यस्तै बालबालिकाको रूचि तथा चाहना अनुसारको पाठ्यवस्तु समावेश गर्ने प्रयास स्वरूप पाठ्यपुस्तकमा 'बाल कविता' शीर्षकमा कविता समावेश गरिएको छ । कवितामा बालबालिकाको क्षमता अनुसार धैरै मात्रामा सरल, सहज र सामान्य शब्दहरू प्रयोग भएको देखिन्छ । कम्तीमा एक वर्ण र बढीमा चार वर्णसम्म भएका शब्दहरू भएको कविता यस्तो रहेको छः

नानु नानु संसार मेरो
सिँजा भित्तै भेट्याँ
वन पाखा लेख गाड
मैरै सिँजा देख्याँ (पृ. ६६) ।

साना बालबालिकाले सहजै गाउन सकिने लय भएको बाल कविताले सिँजाको महिमा र महत्त्वका बारेमा समेत बालबालिकालाई ज्ञान भर्न खोजेको देखिन्छ । सुरुको पाठमा राख्दा अझ प्रभावकारी हुनसक्ने कविताले सिँजा मै ज्ञान सिप र संस्कृतिको शील जुटाउने अनि सिर्जना र सभ्यताको मूल फुटाउने अपेक्षा गरेको छ । यसरी स्थानीय विषय सन्दर्भलाई समेटेको कविता पाठ्यपुस्तकका समावेश गर्नु सकारात्मक पक्ष भए पनि कवितामा प्रयोग भएका तर्कशील, अर्पण, शील जस्ता केही शब्दहरू कक्षा तीनका

विद्यार्थीको क्षमताभन्दा सामान्यतः दुरूह भएको अनुमान गर्न सकिन्छ । जुन शब्दहरू भएको कवितांश यस्तो रहेको छः

जिउज्यान मेरो सिँजाकन

अर्पण गर्न पाऊँ

तर्कशील विज्ञानको

ज्योति भर्न पाउँ

ज्ञान सिप संस्कृतिको

शील मै जुटाउँ (पृ. ६७)

कक्षा तीनका बालबालिकाका लागि तयार पारिने पाठ्यपुस्तकमा समावेश गरिने कविता अझै सरल तथा सामान्य शब्दहरूको प्रयोगबाट रचना भएको भए अझ सुनमा सुगन्ध हुने देखिन्छ ।

पाठ्यपुस्तकको अन्तिममा सोह्रौ पाठको रूपमा ‘सिँजा गाउँपालिकाको राजनीतिक संरचना’ शीर्षकको पाठ समावेश गरिएको छ । उक्त पाठमा सिँजा गाउँपालिकाको प्रशासनिक संरचनाको सामान्य परिचय उल्लेख छ । सिँजा गाउँपालिकाको राजनीतिक संरचनाका विषयमा उल्लेख पाठ्यांश यस्तो छः “ सिँजा गाउँपालिका एक अधिकार सम्पन्न स्थानीय तह हो । यो गाउँपालिका सिँजादरा माजौँदो पड्डो छ । यई गाउँपालिकामै ६ वडा रयाका छन् । पइलाका शनिगाउँ, नराकोट र धाँपा गाउँ विकास समिति मिलाईकन अइलेको सिँजा गाउँपालिका बन्याको छ ” (पृ.७५) । यसरी पुराना कतिवटा गाउँविकास समिति मिलेर गाउँपालिका बन्यो र गाउँपालिकाका प्रमुख र उपप्रमुख को को छन् ? कार्यपालिका सदस्य तथा गाउँसभा सदस्य सङ्ख्या कति छन् जस्ता विषयहरूमा सामान्य जानकारी दिने उद्देश्यका साथ पाठ समावेश गरेको देखिन्छ । बालबालिकाहरूलाई आफ्नो गाउँपालिकाको सामान्य जानकारी तथा ज्ञान दिनु उपयुक्त भए पनि बालबालिकाको सिक्ने क्षमता र चासो राख्न सक्ने विषयका दृष्टिले यस प्रकृतिको पाठ कक्षा तिनका लागि स्तर अनुकूल देखिँदैन ।

पाठ्यपुस्तकमा समावेश पाठ्यवस्तुहरूले सकभर धेरै विषयहरू समेट्ने प्रयास गरेको देखिन्छ । विधागत दृष्टिमा सबैभन्दा धेरै कथाहरू भएकोमा सबै लोक कथाहरू मात्र समावेश गरेको देखिन्छ । बालबालिकाहरूको बालव्यवहार, दैनिकी र बाल क्रियाकलापसँग सम्बन्धित विषयवस्तु भएको कथा

भएको भए अझै उत्तम हुने देखिन्छ। 'चुफ्या', 'काल्या र साप' यक्ष र तन्तुकार जस्ता सबै कथा एउटै प्रकृतिका देखिन्छन्। सबै कथाहरूमा बुद्धि हुनुपर्छ भन्ने विषयलाई बढी जोड दिइएको पाइन्छ। बुद्धि वा जुक्ति भएमा सुख पाइन्छ नभएमा दुख पाइन्छ भन्ने एउटै किसिमको सन्देश दिने कथाहरू हुनु त्यति सान्दभिक भने देखिँदैन। पाठ्यपुस्तकमा राखिएका चुड्किलोहरूमा एउटा धार्मिक यात्राको बेला गाइने चुड्किलो छ भने अर्को जेठको महिनामा रोपाइको बेला खेतमा रोपाहार्नीहरूले गाउने चुड्किलो छ। सिँजाको संस्कार र संस्कृतिबारे जानकारी दिन तथा त्यसको जगेर्ना तथा संरक्षण गर्नका लागि पाठ उपयुक्त भए पनि कक्षा ३ का बालबालिकाको उमेर क्षमताका दृष्टिले यस किसिमका चुड्किलाहरू त्योभन्दा माथिल्लो कक्षामा भएको भए अझ प्रभावकारी हुने देखिन्छ।

त्यस्तै ‘पुराना देवल’, ‘प्राचीन सिँजा’ र ‘सिँजा गाउँपालिकाको राजनीतिक संरचना’ शीर्षकका पाठहरू पनि कक्षा ३ का बालबालिकाको लागि केही कठिन जस्तो देखिन्छन्। ‘आराम खेल’ शीर्षकको पाठ विद्यार्थीको रूचि क्षमता अनुसारको देखिन्छ भने देउडा तथा हुड्क्या नाच जस्ता पाठहरूले पनि सिँजा तथा कर्णालीको सांस्कृतिक पहिचानसँग विद्यार्थीलाई परिचित गराउन खोजेको देखिन्छ। परम्परागत स्थानीय उद्यमसँग सम्बन्धित राडीपाखी र स्थानीय जडीबुटीको परिचय र महत्त्वका विषय पाठमा राख्नु स्वभाविक र सान्दर्भिक देखिन्छ। पाठ्यपुस्तकमा बालबालिकाको मनोविज्ञानलाई प्राथमिकता दिइएका पाठ्यवस्तुहरूको कमी पाइएको छ। बालबालिकाको बालव्यवहार, खेल व्यवहार, दैनिक गतिविधि , रूचिका खानपान र खेलौना लगायतका आधारभूत विषयलाई महत्त्व नदिइएको पाइएको छ। पाठ्यपुस्तकमा समावेश गरिएका पाठहरू छोटा तथा सीमित विषयवस्तुमा आधारित देखिन्छन्। कठिनाइ स्तरका दृष्टिले पाठ्यवस्तु कठिन खालका छन् भने केही पाठहरू मध्यम देखिन्छन्।

समग्रमा पाठ्यपुस्तकमा प्रयुक्त पाठ्यवस्तुहरू स्थानीय विषयवस्तुमा आधारित रहेका छन्। विद्यार्थीको स्तर अनुकूलता र बालमनोविज्ञानका विषयवस्तु जस्ता विषय क्षेत्रमा केही सीमितताबाहेक अन्य विषयवस्तुको समायोजन गर्दा स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन २०७६ को मर्म र निर्देशनलाई समेत आत्मसात गरेको देखिन्छ। त्यसैले पाठ्यपुस्तक पाठ्यवस्तुका आधारमा सन्तोष गर्न लायक रहेको छ।

पाठ्यपुस्तकमा प्रयुक्त चित्र

सिकाइलाई सहज, प्रभावकारी एवम् रूचिपूर्ण बनाउनका लागि पाठ्यपुस्तकमा विषयवस्तुको भाव र सन्देशलाई प्रस्तुत गर्न सक्ने चित्रको समायोजन गर्न आवश्यक हुन्छ । पाठ्यपुस्तकमा प्रयुक्त चित्रको महत्त्वका विषयमा पौडेल (२०७९) ले भनेका छन् : " प्रारम्भिक तहका भाषा पाठ्यपुस्तकमा अक्षर र शब्दको धारणा बसाल्न पनि चित्रको अत्यधिक उपयोग गर्नुपर्ने देखिन्छ । प्रारम्भिक तहभन्दा माथि पनि सान्दर्भिक चित्रहरूको यथा स्थानिक उपयोग गर्न सकेमा रोचकता र प्रभावकारिताको सिर्जना गर्न सकिन्छ " (पृ. १५८) । पाठ्यपुस्तकमा चित्रहरूको समायोजनको महत्त्वपूर्ण भूमिका रहन्छ नै । प्रस्तुत अनुसन्धानमा पनि आधारभूत तह कक्षा ३ को 'खस भाषा र संस्कृति' नामको पाठ्यपुस्तकमा चित्रहरूको समायोजन कसरी गरिएको छ भन्ने अध्ययन गर्नका लागि आन्तरिक तथा बाह्य आधारमा चित्रको विश्लेषण गरिएको छ ।

बाह्य आधारमा चित्र

पाठ्यपुस्तकमा समावेश गरिएका चित्रहरू छपाइ, रखाइदेखि दुरुस्तता, आकार र बनोटका दृष्टिले समेत उपयुक्त हुन आवश्यक छ । उपयुक्त चित्रको समायोजनले नै विद्यार्थीलाई आकर्षित गरी सिकाइमा सक्रिय रहन मद्दत गर्दछ । पाठ्यपुस्तकमा चित्रहरूको आवश्यकताका सम्बन्धमा लामिछाने (२०७५) भन्छन् " विशेषगरी आधारभूत तहका भाषिक तथा अन्य विषयका पाठ्यपुस्तकहरूमा समेत वस्तु तथा चित्रले सिकाइमा उल्लेखनीय भूमिका निर्वाह गर्ने हुन्छ " (पृ. ८४) । विद्यार्थीको सिकाइमा चित्रले सकारात्मक प्रभाव पार्ने र त्यसका लागि पाठ्यपुस्तकमा चित्रहरूको समायोजन आवश्यक रहेको देखिन्छ । कक्षा तीनको 'खस भाषा र संस्कृति' नामक पाठ्यपुस्तकमा समावेश गरिएका चित्रहरूलाई बनोट, आकार, दुरुस्तता, छपाइ, रखाइ जस्ता बाह्य पक्षका आधारमा के कस्ता रहेका छन् विश्लेषण गरिएको छ ।

बनोट

बनोटका आधारमा पाठ्यपुस्तकमा प्रयुक्त चित्रहरूको अध्ययन विश्लेषण गर्दा पहिलो पाठ 'तित्थ जाँदाको चुड्किलो' शीर्षकको पाठमा रहेको चित्र हेर्दा स्पष्ट रङ्गीन छ । पाठमा तिर्थालुहरू जानुभन्दा अघि कमलका थाडमाथि (छत) चुड्किलो गाएको उल्लेख भए पनि त्यस किसिमको चित्र भने

पाठमा पाइदैन। कुनै गाउँको तल रुखको मुनि तिर्थालुहरू बसेर घरबाट लिएर आएको अर्नी बाँडेर खान लागेको अर्को चित्र मात्र रहेको छ। कम्तीमा एउटा चित्र चुड्किलो गाइरहेको हुँदा सान्दर्भिक हुने देखिन्छ। ‘बाठो बाख्री’ कथाका चित्रहरू स्पष्ट देखिने खालका छन्। चित्रहरू रङ्गीन र उचित तरिकाले रङको प्रयोग गरिएको देखिन्छ। ‘राडी पाखी’ शीर्षकको पाठमा राडी पाखी बुनिरहेको एउटा र राडी पाखीहरूको दुईओटा अरू गरी जम्मा तीनओटा वास्तविक तस्विरलाई चित्रको रूपमा प्रयोग गरिएको छ र यी चित्रहरू पनि रङ्गीन र स्पष्ट देखिन्छन्।

‘जडीबुटी’ शीर्षकको पाठमा जडीबुटीका विभिन्न परिकारहरूका साना साना छ वटा वास्तविक तस्विरलाई चित्रको रूपमा प्रयोग गरिएको छ। चित्र / तस्विरहरू रङ्गीन भएकाले स्पष्ट खालका देखिन्छन्। ‘रोपाँईको चुड्किलो’ पाठमा चित्र रङ्गीन र स्पष्ट छ। माथी पहाड त्यसको तल गाउँ र गाउँको मुनी खेतहरू जुम्लातिरका खेतहरू र रोपाँईको झल्को दिने प्रकृतिको छ तर पनि रोपाइँको चुड्किलो गाउदा एकाध बाहेक धेरै रोपाहार्नी सबै एकनासले गाइरहेका हुन्छन् भने पाठको चित्रमा थोरै रापाहार्नी त्यसमा पनि आधाले मात्र गाएको हो वा गाएको होइन भन्ने दुविधापूर्ण चित्र देखिन्छ। ‘ यक्ष र तन्तुकार’,‘आराम खेल’, ‘काल्या र साप’ र ‘चुफ्या’ शीर्षकका पाठहरूमा चित्रहरू स्पष्ट, रङ्गीन र उचित देखिन्छन्। ‘पुराना देवल’, ‘देउडा’ प्राचीन सिँजा’, ‘झ्यादेव’, ‘हुड्के नाच’ र ‘सिँजा गाउँपालिकाको राजनीतिक संरचना’ शीर्षकमा पाठहरूका चित्रहरू वास्तविक स्थान तथा व्यक्तिहरूकै रङ्गीन तस्विरहरूलाई चित्रको रूपमा प्रयोगमा ल्याइएको देखिन्छ।

दुरुस्तता

पाठ्यपुस्तकमा समावेश चित्रहरू वास्तविक र दुरुस्तै देखिने किसिमको हुन जरुरी हुन्छ। अनुसन्धान गरिएको पाठ्यपुस्तकमा समावेश चित्रहरू वास्तविक नै देखिन्छन्। विशेषगरी राडी पाखी, जडीबुटी, पुराना देवल, देउडा, प्राचीन सिँजा, झ्यादेव र हुड्क्या नाच शीर्षकका पाठहरूमा प्रयोग गरिएका चित्रहरू वास्तविक स्थान र अवस्थाका तस्विरहरू रहेको पाइएको छ। अन्य पाठमा प्रयोग गरिएका चित्रहरू पनि दुरुस्त देखिन्छन्। 'तित्थ जाँदाको चुड्किलो' पाठमा चुड्किलो गाइएको चित्रको अभाव रहेको देखिन्छ भने 'रोपाँईको चुड्किलो' पाठमा प्रयोग गरिएको चित्रमा रोपाहार्नीहरूको

सङ्ख्यामा कमी, गाएको जस्तो मुखमुद्राको ख्याल नगरिएको जस्तो र कोही रोपाहार्नी कतै फर्केको र कोही कतै फर्केको भएकाले चुड्किलो नै गाइरहेको हो वा होइन दुविधापूर्ण देखिन्छ।

'प्राचीन सिँजा' पाठमा सबै चित्र तथा तस्विरहरू वास्तविक भए पनि पाठमा दुल्लुको उल्लेख भए पनि दुल्लुमा रहेको शिलास्तम्भको कमी रहेको महसुस हुन्छ। ‘आराम खेल’ पाठमा प्रस्तुत चित्र दुरुस्तता र वास्तविकताका दृष्टिमा कमजोर देखिन्छ। पुस्तक पुरै रङ्गीन र आकर्षक भए पनि यस पाठमा राखिएको चित्र के को प्रयोजनका लागि प्रस्तुत गरिएको हो प्रस्ट नहुने खालको छ। आरामको कोठामा कुनै बालबालिकाले खेल्न खोजेजस्तो वा खेलिरहेको सङ्केत हुनेगरी कोणको आसपासमा खेल सामग्री (ढुङ्गाको ढक) सहित बालबालिकाहरूलाई समेत देखाउँदा वास्तविक लाग्न सक्थ्यो तर यहाँ रङ मात्र बढी प्रयोग गरिएकाले चित्र भद्दा मात्र देखिएको छ।

'राडी पाखी' पाठमा राडीपाखी बुनिरहेकी ग्रामीण महिला र तयार पारिएका राडी पाखीले विद्यार्थीहरूमा वास्तविकता र दुरुस्तताको महसुस गराउन सक्ने देखिन्छ। 'जडीबुटी', 'झ्यादेव' जस्ता पाठले पनि वास्तविकताको प्रदर्शन गरेको देखिन्छ भने झ्यादेव पैठ (धार्मिक मेला) को वास्तविक तस्विर राखिएकाले चित्रका माध्ययमबाट विद्यार्थीहरू पैठमै उपुस्थित भएको महसुस गर्ने किसिमको देखिन्छ। ‘जडीबुटी’ पाठमा जडीबुटीको मिश्रण बनाइरहेको सङ्केत गर्ने चित्र भएको भए पाठको विषयवस्तुअनुसार थप सान्दर्भिक हुने देखिन्छ।

चित्र सङ्ख्याको पर्याप्तता

विद्यार्थीहरूको सिकाइलाई सहज र रुचिपूर्ण बनाउनका लागि विषयवस्तुअनुसार पाठमा उचित सङ्ख्यामा चित्रहरू समायोजन गरिनु उपयुक्त हुन्छ। अनुसन्धानमा समावेश खस भाषाको पाठ्यपुस्तकमा १६ ओटा पाठका जम्मा ३७ ओटा चित्र हरू रहेका छन्। चार ओटा पाठमा एक/एक ओटा मात्र चित्रको प्रयोग गरिएको छ। दुईओटा चित्र हुने पाठहरू सात ओटा रहेका छन्। त्यस्तै दुईओटा पाठमा तीनओटा चित्रको प्रयोग गरिएको छ। त्योभन्दा धेरै चित्र प्रयोग गरिएका पाठहरू दुई पाठ मात्र रहेका छन्। 'बाल कविता' शीर्षकको पाठमा कुनै पनि चित्रको प्रयोग गरिएको छैन। ‘राडी पाखी’, ‘जडीबुटी’ र ‘प्राचीन सिँजा’ पाठमा रहेका चित्र सङ्ख्या सन्तोष गर्न लायक भए पनि अन्य पाठहरूमा चित्रको अझै अभाव रहेको देखिन्छ।

'तित्थ जाँदाको चुड्किलो'मा चुड्किलो गाइरहेको जस्तो देखिने र छायाँनाथमा पूजाआजा गरिरहेको वा छाजी चढाइरहेको देखाउने चित्रको अभाव छ । 'बाठो बाख्री' पाठमा पनि चित्रसङ्ख्या कम भएको देख्न सकिन्छ । ओडारमा पुगिसकेपछि बाख्री र बोका बिचमा भएको संवाद देखाउने र बाघ र स्यालको भेट भएर संवाद भएको देखाउने किसिमका चित्रहरूको अभाव रहेको देखिन्छ । 'जडीबुटी' शीर्षकको पाठमा जडीबुटीको घोल बनाइरहेको कम्तीमा थप एक चित्र हुनुपर्ने देखिन्छ । यक्ष र तन्तुकार पाठमा प्रस्तुत दुबै चित्रले पाठको सुरु र अन्तिमको विषयवस्तुलाई समेटेको भए पनि कथाको मध्य भागमा बाटोमा भेटिएको साथी र श्रीमतीसँग भएको संवाद देखिने चित्रको कमी देखिन्छ ।

'प्राचीन सिँजा' पाठको अभ्यास खण्डतर्फ रहेका चित्रहरू पाठ्यांश भागमा भएको भए राम्रो हुने देखिन्छ । 'काल्या र साप' पाठमा जम्मा दुईओटा चित्रहरू भएकोमा जान्ने बुद्धिमान् केटोले बचाएको वा जुक्ति लगाएको देखाउन कम्तीमा काल्या, साप र त्यो बुद्धिमान् केटो सहितको थप चित्र आवश्यक देखिन्छ । 'झ्यादेव' पाठमा पनि झ्यादेव पैठ भइरहेको, देउडा मेला लागेको विषयलाई सम्बोधन गर्न दुईओटा चित्र समावेश भए पनि पाठमा उल्लेख भएको विषयवस्तुअनुसार देउता हेराइरहेको देखाउने चित्रको अभाव रहेको देखिन्छ । त्यसैले यस पाठमा पनि कम्तीमा एउटा चित्र थप भएको भए उपयुक्त हुने देखिन्छ ।

'हुड्क्या नाच' पाठमा पनि रामकली र पिउलीले हुड्क्या हेरेको देखाउनका लागि दुईओटा हुड्क्या नाचिरहेका चित्रहरू भए पनि हुड्के नाचेको त्यो भिडियो युटुवमा हाल्दा देशविदेशका मानिसले हेरेको विषयलाई समेट्नका लागि मोबाइल वा कम्प्युटर कसैले हेरिरहेको देखिने चित्र थप हुनुपर्ने देखिन्छ । पाठमा उल्लेख भएअनुसार 'चुफ्या' पाठमा चुफ्याले चराचुरूङ्गी र जनावरका बच्चाको उद्धार तथा सेवा गरेका जम्मा २ ओटा मात्र चित्रहरू छन् । सुन्दर युवतीसँग पासा खेलेको, धन सम्पत्ति सहित युवतीलाई विहे गरेर घर आएको विषयलाई समेट्ने कुनै चित्र पनि नहुँदा 'चुफ्या' पाठमा चित्रहरूको अपुगता देखिन्छ । समग्रमा हरेक पाठमा विषयवस्तु अनुसार चित्रको सङ्ख्या कमी हुनु, पाठमा भएका चित्रहरू नै पुस्तकको आवरणमा पनि राखिनु, कविता जस्तो भाव प्रवाह गर्ने पाठमा चित्रको अभाव रहनु चित्र समायोजका दृष्टिले पाठ्यपुस्तकको कमजोरी मानिन्छ ।

आकार

पाठ्यपुस्तकमा समावेश गरिएका चित्रहरू विद्यार्थीको ध्यानआकर्षण गर्न सक्ने उपयुक्त आकारको हुन जरुरी हुन्छ । विश्लेष्य पुस्तकमा समावेश गरिएका चित्रहरूमध्ये ‘जडीबुटी’ पाठका चित्रहरू केही साना देखिन्छन् भने अन्य पाठका चित्रहरू आवश्यकता अनुसार ठुला आकारका देखिन्छन् । ‘बाठो बाख्री’ को पहिलो चित्रले पृष्ठको करिब ६० प्रतिशत स्थान ओगटेकाले केही ठुलो देखिन्छ भने ‘हुड्क्या नाच’ पाठको पहिलो चित्र पनि ठुलो नै देखिन्छ । त्यस्तै ‘तित्थ जाँदाको चुड्किलो’ र ‘रोपाँईको चुड्किलो’ ‘चुफ्या’ ‘हुड्क्या नाच’ आदि पाठका चित्रहरू पनि केही ठुला नै देखिन्छन् । जुडीबुटी पाठका चित्रहरू पनि साना आकारका भए पनि रङ्गीन र क्यामाराबाट खिचिएका फोटोहरू प्रयोग गरिएकाले स्पष्ट देखिन्छन् । ‘राडी पाखी’ पाठमा भएका चित्रहरू पनि उपयुक्त देखिन्छन् । समग्रमा पुस्तकमा अधिकांश पाठका चित्रहरू ठुला , आकर्षक र रङ्गीन भएकाले उपयुक्त रहेको पाइएको छ ।

छपाइ

पाठ्यपुस्तकको छपाइ राम्रो हुनुका साथै पुस्तकमा चित्रको छपाइ पनि उपयुक्त हुनुपर्छ । अनुसन्धानमा समावेश पाठ्यपुस्तक रङ्गीन र बाक्लो पेपरको प्रयोग भएकाले पुस्तकमा समावेश चित्रहरू पनि रङ्गीन र उपयुक्त छपाइ भएका पाइएका छन् । छपाइमा स्पष्टता, आकर्षकता देखिन्छ । चित्रको छपाइ गुणस्तरका कारणले पनि पुस्तक आकर्षक र उपयुक्त देखिएको छ ।

रखाइ

पाठ्यपुस्तकमा चित्रहरूको उचित रखाइले पनि विद्यार्थीहरूमा रूचि जगाउनुका साथै सिकाइप्रति आकर्षण पैदा गर्दछ । उचित स्थानमा राखिएको चित्रले उचित अर्थ प्रदान गर्दछ । विषयवस्तु एउटा पृष्ठमा र चित्र अर्कै पृष्ठमा भएमा त्यसको कुनै गुन्जायस हुँदैन । चित्रको आसपासमै त्यससँग सम्बन्धित विषयको वर्णन भएमा मात्र चित्रको सान्दर्भिकता हुन जान्छ । त्यसैले चित्रलाई उपयुक्त स्थानमा राखिनु सान्दर्भिक हुन्छ । अनुसन्धानमा समावेश पुस्तकमा चित्रहरूको रखाइ मध्यम स्तरको देखिन्छ । ‘तित्थ जाँदाको चुड्किलो’ र ‘रोपाँईको चुड्किलो’ मा चुड्किलोको सिरानमा चुड्किलो हुनुपर्नेमा चित्र एउटा पृष्ठमा र चुड्किलो अर्को पृष्ठमा भएकाले रखाइ मिलेको देखिँदैन ।

‘बाठो बाख्री’ मा पाठको सुरुवातसँगै चित्र भए पनि चित्र केही ठुलो छ तर पनि यस पाठका चित्रहरूको रखाइ उचित स्थानमै देखिन्छन् । ‘राडी पाखी’ र ‘जडीबुटी’ पाठमा चित्रहरू उचित स्थानमा देखिन्छन् भने ‘यक्ष र तन्तुकार’, ‘आराम खेल’, ‘पुराना देवल’, ‘देउडा’, ‘काल्या र साप’, ‘झ्यादेव’, ‘हुड्क्या नाच’, ‘चुफ्या’, ‘सिँजा गाउँपालिकाको राजनीतिक संरचना’ आदिका चित्रहरूको रखाइ स्थान उपयुक्त नै देखिन्छ । बाल कविता जस्तो पाठमा चित्र नै न राखिनु कमजोरी नै मानिन्छ । समग्रमा चित्रको रखाइ मध्यम स्तरको देखिन्छ ।

चित्रको आकर्षण

आकर्षक चित्रहरूले बालबालिकाको पढाइप्रति रूचि निर्माण गर्दै उनीहरूलाई पाठमा ध्यानाकर्षण गराउने भएकाले पाठ्यपुस्तकमा समावेश गरिने चित्रहरू आकर्षक हुनुपर्ने हुन्छ । ‘खस भाषा र संस्कृति’ कक्षा ३ को पाठ्यपुस्तकमा समावेश गरिएका चित्रहरू सबै आकर्षक रहेको पाइएको छ । १६ ओटा पाठमध्ये सात ओटा पाठमा प्रयोग भएका चित्रहरू वास्तविक तस्विरहरू नै भएको र अन्य सबै चित्रहरू समेत रङ्गीन रहेका छन् । चित्रको आकर्षकताका सन्दर्भमा सहभागी विद्यार्थीलाई यो किताबका राम्रा कि नेपाली सेरोफेरो र अरू किताबका राम्रा भन्ने प्रश्नको प्रतिक्रियामा सहभागीहरू 'ड' र 'ढ' भन्छन् " यइका राम्रा, सहभागी 'द' र 'त' लगायत अरू भन्छन् सबैका राम्रा छन एक्कै गणितका मात्तै हिसाब स्हन् अरू चित्र सबैका राम्रा छन् (लक्षित समूह छलफल) । पाठ्यपुस्तकमा रहेका चित्रहरूलाई विद्यार्थीहरूले आकर्षक र उपयुक्त मानेको देखिन्छ । पाठ्यपुस्तकमा प्रयोग भएको कागजको गुणस्तर पनि चिल्लो रङ्गीन आकर्षक देखिने खालको भएकाले पाठ्यपुस्तकमा प्रयोग भएका सबै चित्रहरू आकर्षणका दृष्टिले उपयुक्त नै देखिन्छन् ।

आन्तरिक पक्षका आधारमा विश्लेषण

पाठ्यपुस्तकमा समावेश गरिने चित्रहरू बाह्य आधारमा जस्तै आन्तरिक आधारमा पनि उत्तिकै उपयुक्त हुन आवश्यक हुन्छ । आन्तरिक तथा बाह्य दुबै आधारमा उपयुक्त चित्रले नै पाठको वास्तविक मर्मलाई पुष्टि गर्नुका साथै विद्यार्थीको सिकाइमा प्रत्यक्ष प्रभाव पार्दछ । आन्तरिक रूपमा विषयवस्तु , अमूर्त विचारलाई बुझाउन सक्ने भाव पक्ष उचित भएको, सिर्जनात्मक , अधिकतम विद्यार्थीको बौद्धिक क्षमतालाई सम्बोधन गर्न सक्ने, सांस्कृतिक तथा नैतिक मूल्यमान्यतालाई ख्याल गर्ने लैङ्गिक तथा

जातिगत दृष्टिमा तथस्ट तथा समावेशी आदि हुन आवश्यक हुन्छ । चित्रका आन्तरिक पक्षको निम्नानुसारका आधारमा विश्लेषण गरिएको छ ।

विषयवस्तु सुहाउँदो

पाठ्यपुस्तकमा समावेश चित्रहरू विषयवस्तुका दृष्टिमा पनि उत्तिकै उपयुक्त हुनुपर्छ । विषयवस्तु एकातिर र चित्रले दिने सन्देश अर्कोतिर भएमा चित्रको सार्थकतामाथि नै प्रश्न उठ्छ । विषयवस्तु सुहाउँदो आधारमा हेर्दा 'तित्थ जाँदाको' चुड्किलोमा प्रस्तुत गरिएको एउटा मात्र चित्र छ जसले पाठले भनेझै अर्नी बाटोमा बाँडीचुडी खान लागेको देखाइको छ । त्यसैले प्रस्तुत चित्रहरू विषयवस्तु सुहाउँदो नै देखिन्छ । यसलाई पूर्ण र सार्थक बनाउनका लागि सुरुमा चुड्किलो गाइरहेको चित्र हुनुपर्ने देखिन्छ जुन किसिमको चित्र पाठ्यपुस्तकमा छैन । त्यस्तै 'बाठो बाख्री'मा रहेका दुबै चित्रले विषयवस्तुलाई पूर्ण रूपमा बोक्न सकेको देखिँदैन । विषयवस्तु अनुसार पहिलो चित्रमा बाख्री र बोक्च्या (बोको) गाउँबाट जङ्गलतिर गइरहेको हुनुपर्नेमा चित्रमा बाख्री र बोक्च्या (बोको) भन्दा अगाडि गाउँ देखिएकाले गाउँतिर गएको जस्तो देखिएको छ । यसले विद्यार्थीको बुझाइमा अलमल र असहजता ल्याउन सक्छ । दोस्रो चित्रले भने विषयवस्तुअनुसार बाघ भागिरहेको बाख्री र बोक्च्या (बोको) ओडारमै रहेको देखिन्छ । उक्त चित्रमा पनि बाख्रो र बोको हिन्न लागेजस्तो देखाइएको भए पनि विषयवस्तुअनुसार बाख्राहरू आरामले बसेर भाग्दै गरेको बाघलाई नियालेको हुनुपर्ने देखिन्छ ।

'राडी पाखी' पाठमा रहेका चित्रहरू विषयवस्तुअनुसार उपयुक्त देखिन्छन् । पाठमा चैतीकी आमाले चाँद बुनिरहेको भन्ने छ जुन चित्रले स्पष्ट पनि पारेको छ । त्यस्तै तयार भएका राडी पाखी पनि देखाइएको छ जुन सान्दर्भिक नै छ । पाठमा भएका तीनओटा चित्र मध्ये दुईओटा चित्र तयार भएका राडी पाखी कै भएकाले दुईओटाको स्थानमा एउटा चित्र उन छुन्या वा कात्ने वा भेडाबाट ऊन निकाल्दै गरेको जस्तो राखेको भए सुनमा सुगन्ध हुने देखिन्छ । 'जडीबुटी' पाठमा प्रयोग गरिएका चित्रहरू विषयवस्तुका दृष्टिले अझै अपूर्ण जस्ता देखिन्छन् । पाठमा पेट गडबड हुँदा जडीबुटीको मिश्रण बनाएर खाँदा र लगाउँदा निको भएको उल्लेख छ तर चित्रमा जडीबुटीलाई मात्र चिनाउन खोजिएको जस्तो देखिन्छ । यसरी हेर्दा जडीबुटीको मिश्रण बनाइरहेको चित्र, मिश्रण सेवन गरिरहेको र आराम महसुस गरिरहेको चित्रहरू पनि राखेको प्रभावकारी हुने देखिन्छ ।

‘रोपाँईको चुड्किलो’मा चित्रहरू विषयवस्तुका दृष्टिले अझै अपूर्ण देखिन्छन् । पाठमा रोपाइमा गाइने चुड्किलोलाई गाइएको भनेर प्रस्तुत गरिएको छ । चित्रमा भने चुड्किलो गाए वा नगाएको पुष्टि हुने सङ्केत चित्रमा देखिँदैन । रोपाइँमा बाजा बजाउनेहरू खेतको नजीक बजाइरहेका जस्ता देखिनु, पल्लो खेतमा हलीले हलो लगाइरहनु, नजीकैको गाउँ र घरहरू जुम्लाका घरहरू जस्तै देखिनु सान्दर्भिक छ तर रोपाहार्नीहरूमा एक नासले गाइरहेको देखिने मुखमुद्राको कमी देखिन्छ । समग्रमा यी चित्र सन्तोषजनक देखिन्छन् । ‘यक्ष र तन्तुकार’ पाठमा प्रस्तुत गरिएका चित्रहरू विषयवस्तुका दृष्टिले सान्दर्भिक देखिन्छन् । प्रस्तुत दुईओटा चित्रहरूमध्ये पहिलो चित्रमा पाठमा उल्लेख भएजस्तै तन्तुकारले रुखमा बन्चरो लगाएको, यक्ष उपस्थित भएको, तन्तुकार र यक्ष बिचमा संवाद भएको र यक्षले वरदान दिन खोजेजस्तो देखिएको छ भने दोस्रो चित्रमा कथामा भनिए जस्तै तन्तुकारका दुई टाउका र चार हात भएको, मानिसहरूले उसलाई आश्चार्यको दृष्टिले हरिरहेको डराएजस्तो देखिन्छ । यसरी हेर्दा कथामा प्रस्तुत चित्रहरू विषयवस्तुका दृष्टिले सान्दर्भिक र उपयुक्त देखिन्छन् ।

‘आराम खेल’ पाठमा फरक रङ प्रयोग गरिएका छ ओटा कोठाको आराम खेलको कोण लाई चित्रको रूपमा प्रस्तुत गरिएको छ । रङको बढी प्रयोग भएको तर दुरुस्ततामा कमजोर रहेको उक्त चित्र विषयवस्तुका दृष्टिले पनि पूर्ण सफल मान्न सकिँदैन । ‘पुराना देवल’ पाठमा प्रयोग गरिएका चित्र तथा तस्विरहरू विषयवस्तुका दृष्टिले उपयुक्त देखिएका छन् । जम्मा तीनओटा चित्रहरूमा सिँजा लगायतका स्थानमा रहेका वास्तविक देवलकै चित्रहरू प्रयोग गरिएको छ र पाठले पनि तिनै देवलहरूको परिचय र अवस्थाको जानकारी दिन खोजेकाले चित्रहरू सान्दर्भिक देखिन्छन् ।

त्यस्तै ‘देउडा’ पाठमा प्रयुक्त चित्रहरू विषयवस्तुका आधारमा उपयुक्त बनाउन प्रयास गरे पनि केही कमजोर देखिएका छन् । पाठमा मुनिकण्ठका गाउँमा रातको पैठ (मेला) मा देउडा खेलिएको र उसले हेरेको उल्लेख छ तर पाठमा प्रयोग भएको चित्रले देउडा खेल पारी डाडा र आकाश समेत उज्यालो भएको दिउँसो समयमा भइरहको देखाउँछ भने पैठ (मेला) देखाउने गरी कुनै थान (मन्दिर) को आसपास देखाइएको छैन । त्यसैले समय र परिवेशलाई अझै तालमेलयुक्त बनाउन नसकेको स्पष्ट हुन्छ ।

‘काल्या र साप’ पाठमा प्रयोग गरिएका दुबै चित्रहरूले विषयवस्तुलाई सम्बोधन गर्न खोजेको देखिन्छ । पाठमा उल्लेख भएअनुसार पहिलो चित्रमा काल्याले बाँसको सहायताले सापलाई आगोबाट

बचाइरहेको देखिन्छ भन् दोस्रो चित्रमा काल्यालाई नै सापले लखेटिरहेको र काल्या आत्तिएर भागिरहेको देखाइएको छ। पूर्ण रूपमा विषयवस्तुलाई समेटनका लागि पल्लो गाउँको बुद्धिमान् केटो सहित सापलाई बाँसको टोड्कोमा जाँदै गरेको थप चित्रको आवश्यकता देखिन्छ। 'प्राचीन सिँजा साम्राज्य' पाठमा प्रयोग भएका चित्रहरूले विषयवस्तुलाई समेटेको देखिन्छ। पाठमा प्राचीन सिँजा साम्राज्यको परिचय उल्लेख छ भने चित्रहरूले पनि प्राचीन सिँजालाई चिनाउने काम गरेको देखिन्छ। केही चित्रहरू अभ्यास खण्डमा नराखेर मूल पाठ खण्डमा राखेको भए अझै प्रभावकारी हुने देखिन्छ।

त्यसै गरी 'झ्यादेव' पाठमा समावेश चित्रहरूले विषयवस्तुलाई अधिक मात्रामा सम्बोधन गरेको देखिन्छ। पाठमा झ्यादेव पैठ भइरहेको र त्यहाँ देउता हेराउने (धार्मिक कार्य) साथै देउडा देखहरू समेत भइरहेको बारे उल्लेख छ। चित्रमा पनि झ्यादेव पैठ (मेला) को वास्तविक मेला लागिरहेको चित्र र देउडा खेल भइरहेको चित्रले पाठमा भएको विषयवस्तुलाई समेटेको देखिन्छ भने देउता हेराउन लागेको चित्रको कमी रहेको देख्न सकिन्छ। त्यसैले पूर्ण रूपमा विषयवस्तुको सम्बोधन गर्नका लागि थप चित्रको आवश्यकता देखिन्छ। 'हुड्क्या नाच' पाठका चित्रहरू विषयवस्तुका दृष्टिले उपुक्त देखिन्छन्। पाठमा शनिबारको दिन रामकली र पिउलीले बजार जाँदा बाटोको गाउँमा हुड्कया नाच हेरेको र त्यसको भिडियो बनाएर युटुवमा हाल्दा सबैले रूचाएको उल्लेख छ। चित्रमा हुड्क्या नाच भइरहेका दुईओटा चित्रहरू छन्। चित्रमा वोरीपोरी गाउँ भएको देख्न सकिन्छ। मोबाइल वा कम्प्युटरमा कसैले त्यही नाचलाई हेरिरहेको अर्को चित्र भएको भए विषयवस्तुको सार बोधका लागि अझै सान्दर्भिक र पूर्ण हुने देखिन्छ।

'बाल कविता' मा चित्र नै राखिएको छैन। कविताको भाव र अमूर्तता बुझ्न विषयवस्तु अनुसारको चित्र हुनुपर्नेमा चित्र नै नहुनु पाठ्यपुस्तकको कमजोरी मान्न सकिन्छ। 'चुफ्या' कथामा प्रस्तुत गरिएका चित्रहरूले विषयवस्तुलाई समेट्ने भरपुर प्रयास गरेको पाइएको छ। कथामा दुईओटा मात्र चित्रहरू प्रस्तुत गरिएका छन् दुबै चित्रले आफ्नो धर्म पूर्ण रूपले निभाएका देखिन्छन्। पहिलो चित्रले पाठमा भनिएझैँ मालुवाका चल्लालाई आगोबाट बचाइरहेको देखिन्छ भने दोस्रो चित्रमा सुंगुरका बच्चाहरूलाई बचाएको देखिन्छ। पाठमा परिवारले दिएको चुनौती पूरा गरेर धनवान् तथा सुन्दरीसँग बिहे गरेर घर फर्केको उल्लेख छ। तर पाठमा त्यस किसिमको चित्र नै छैन। त्यसैले पाठमा भएका चित्रले

विषयवस्तुको केही भागलाई सम्बोधन गरे पनि पाठको पूरै विषयवस्तु समेट्ने चित्रको अभाव देखिएको छ।

'सिँजा गाउँपालिकाको राजनीतिक संरचना' अवस्था पाठमा भएको चित्रले विषयवस्तुलाई समेटको पाइएको छ। पाठमा सिँजा गाउँपालिकाको संरचनाका बारे उल्लेख छ भने चित्रमा पनि सिँजा गाउँपालिकाको केन्द्रकै सेरोफेरोको वास्तविक तस्विरलाई चित्रको रूपमा प्रयोग गरिएको छ। त्यसैले प्रस्तुत चित्र सान्दर्भिक र उपयुक्त देखिन्छ। समग्रमा चित्रहरूले विषयवस्तुलाई समेट्ने प्रयत्न गरे पनि चित्र सङ्ख्याको अभावले पूरा विषयवस्तु समावेश गर्न नसके पनि आराम खेल बाहेकका प्रस्तुत चित्रहरूले विषयवस्तुलाई समेट्ने प्रयत्न गरेको देखिन्छ।

चित्रमा व्यक्त भाव

चित्र पाठ्यवस्तुमा भएको आन्तरिक भाव पक्ष तथा अदृश्य विषयवस्तुलाई समेत समेट्न सक्नुपर्छ। भनिन्छ हजारौ शब्दले दिन नसकेको अर्थ एउटै चित्रले प्रदान गर्न सक्दछ। चित्रले व्यक्त गर्न सक्ने भाव तथा अमूर्त विचारका सम्बन्धमा पौडेल (२०७९) का अनुसार " भनिन्छ : हजारौँ शब्दमा बयान गरेर अर्थ र धारणा प्रस्ट पार्न नसकिने कुरालाई एउटै चित्रका माध्यमले सजिलै धारणा बसाल्न सकिन्छ। त्यसैले कतिपय सन्दर्भमा चित्र व चित्रावलीको सान्दर्भिक उपयोग पाठ्यपुस्तकमा आवश्यक देखिन्छ" (पृ. १५८)। चित्रका माध्यमले सजिलै धारणा बसाल्न सकिने तथा आन्तरिक भावलाई बोध गर्न सकिने हुनाले आधारभूत तहका पाठ्यपुस्तकमा चित्रको अपरिहार्यता देखिन्छ।

भाव वा अमूर्त विचारलाई बुझाउन सक्ने दृष्टिले कक्षा तीनको 'खस भाषा र संस्कृति' पाठ्यपुस्तकमा रहेका चित्रहरूमध्ये पहिलो पाठमा रहेको चित्रले चुड्किलोमा उल्लेख भएझैँ तिर्थालुहरूले अर्नी बाँडीचुडी खाइरहेको देखिन्छ। यसले पाठको भावलाई व्यक्त गर्दछ तर पनि यस पाठमा चित्रको सङ्ख्यामा कमी भएका कारण पूरै पाठको भाव एउटै चित्रले व्यक्त गर्न असम्भव देखिन्छ। पूरै पाठको भावलाई व्यक्त गर्नका लागि तिर्थ अर्थात् छायाँनाथमा छाजी जस्तै केही चढाइरहेको जस्तो देखिने र तिर्थ जाँदा चुड्किलो गाइरहेको प्रस्ट हुने थप चित्रको आवश्यक देखिन्छ। 'बाठो बाख्री' पाठमा रहेका चित्रहरूमध्ये पहिलो चित्रले भाव पक्षलाई त्यति समेट्न सकेको देखिँदैन। पाठमा बाख्री र बोका गाउँ छोडेर गइरहेको उल्लेख छ भने चित्रमा गोधुली साँझजस्तो समयमा बाख्राहरू घरतर्फ गइरहेको

जस्तो देखिन्छ। त्यस्तै दोस्रो चित्रले बाघ ओडारदेखि भागिरहेको देखिन्छ यसले निष्कर्षको भावलाई बोकेको छ तर मध्य भागमा बाख्री र बोकाबिचमा भएका संवादात्मक घटना र बाघ र स्यालबिचमा भएको संवाद, बाघ र ल्याल सँगै बाख्रा भएर ओडारतर्फ आइरहेको जस्ता घटनाको भावलाई बुझाउने चित्रहरूको अभाव देखिन्छ।

भाव तथा अमूर्तता बोध गराउने हिसाबले 'राडी पाखी' पाठमा भएका चित्रहरू सान्दर्भिक भए पनि केही चित्रको अभाव देखिन्छ। उपलब्ध चित्रले पाठको केही भावनालाई ग्रहण गरे पनि ऊन छुन्दै गरेको वा कात्दै गरेको देखाउने चित्रको अभावले गर्दा चित्रबाट पूरै पाठको भाव तथा अमूर्तता प्रस्ट हुन सकेको देखिँदैन। ‘जडीबुटी’ शीर्षकको पाठमा भएका चित्रहरूले पनि पाठको भावपक्षलाई समेटेको देखिँदैन। पाठमा मायादेवी लेखतिर गएको र आरू लगायतका फलफूल खाएर अजीर्ण भएको उसकी आमाले जडीबुटीको मिश्रणयुक्त झोल बनाएर खुवाएपछि निको भएको उल्लेख छ र तर चित्रले जडीबुटीलाई मात्र चिनाउन खोजेको जस्तो देखिन्छ। प्रस्तुत चित्रहरू लगायत जडीबुटीको मिश्रण बनाइरहेको, मायादेवीले खाएको , उसलाई आराम भएको देखाउने चित्रहरूको कमीले पाठको भावलाई चित्रले समेट्न सकेको देखिँदैन।

‘रोपाँईको चुड्किला’ पाठमा भएको एउटा मात्र चित्रलाले पूरै पाठको भाव व्यक्त गर्न असम्भव नै हुन्छ। प्रस्तुत चित्रले पनि चुड्किलो भनेको हो वा होइन भन्ने कुनै सङ्केत र हाउभाउ प्रस्तुत गर्न सकेको देखिँदैन। हरियो पलाइरहेको ऋतुबारे उल्लेख गर्दै मार्सी धानको उत्पादन र त्यसको उपयोगमा राम्रो रहोस् भन्ने भाव पाठमा छ भने चित्रले त्यसको पूरा भावलाई ग्रहण गर्न सक्ने अवस्थामा छैन। छैटौँ पाठ ‘यक्ष र तन्तुकार’ पाठमा रहेका चित्रहरूमा केही चित्रको कमीका कारण पाठको पूरै भाव तथा अमूर्ततालाई प्रस्ट पार्न नसकिने देखिन्छ। पाठमा भनिएजस्तै पहिलो चित्रमा तन्तुकारले रुख काट्न खोजेको, यक्षदेव उपस्थित भएको र यक्षदेवले तन्तुकारलाई वरदान दिएको जस्तो देखिएको छ। अर्को तथा अन्तिम चित्रमा तन्तुकारको दुईओटा टाउको र चार हात भएकाले देख्ने सबैले आश्चर्य र भएका साथ हेरिरहेको देखिन्छ। पाठमा तन्तुकारले बाटोमा भेटिएको साथी र घरकी श्रीमतीसँग सल्लाह लिएको र त्यसपछि मात्र वरदान मागेको विषयवस्तु छ। चित्रमा त्यसकिसिमको सङ्केत गर्ने कुनै चित्र नै छैनन्।

त्यसैले मध्य भागमा हुनुपर्ने चित्रहरू नहुँदा विषयवस्तुको अमूर्ततालाई पूर्ण रूपमा बुझाउन केही समस्या देखिएको पाइन्छ तर प्रस्तुत चित्रहरूले भने आफ्नो धर्म निभाएको देखिन्छ।

'आराम खेल' पाठमा प्रस्तुत चित्र रङ्गीन मात्र भएको र यसले पाठको अमूर्त भावलाई प्रस्तुत गर्ने क्षमता नराखेको स्पष्ट हुन्छ। पाठमा आराम खेलको परिचय र यो खेलको विधि र तरिकाबारे बताइएको छ तर प्रयोग गरिएको चित्रले त्यस किसिमको कुनै सङ्केत गर्दैन। चित्र केवल विभिन्न रङको ड्यास जस्तो मात्र देखिएकाले पाठको मर्म र भावलाई सम्बोधन गर्न सकेको छैन। 'पुराना देवल' पाठमा समावेश गरिएका चित्रहरूले पाठको भाव तथा अमूर्ततालाई प्रस्ट पारेको देखिन्छ। पाठमा पुराना देवलको परिचय र अवस्थाको चित्रण गरिएको छ भने चित्रमा पनि पुराना देवलको वास्तविक चित्र नै प्रस्तुत गरी वास्तविक अवस्थाको पहिचान दिएकाले यस पाठका चित्रहरू अमूर्त भाव बुझाउन सक्ने हिसाबले उपयुक्त नै रहेका देखिन्छन्। 'देउडा' पाठमा रहेका चित्रहरूले देउडाको परिचय दिएकादेखि टाढा देखिन्छन्। पाठमा देउडाका केही टुक्का मात्र रहेका छन्। त्यसैले पाठ एकातिर देउडा केन्द्रित छ चित्रहरू देउडा खेलिरहेको देखाउने छन् त्यसैले शीर्षकसँग मेल खाएको देखिए पनि विषयवस्तुसँग तालमेल खाएको देखिँदैन।

चित्रहरूले अमूर्ततालाई बुझाउन सक्ने दृष्टिकोणबाट हेर्दा 'काल्या र साप' कथामा प्रस्तुत चित्रहरूले कथाको अमूर्त भावलाई बुझाउन सक्ने क्षमता राखेको र अन्तिममा निष्कर्षपूर्ण भाव देखाउने चित्रको भने अभाव रहेको देखिन्छ। समावेश गरिएका चित्रले काल्याले सापलाई बचाएको र पछि त्यही सापले काल्यालाई नै खान खोजेको देखाएको छ जुन वर्णन कथामा स्पष्ट छ। त्यसपछिको कथालाई समेट्ने चित्रहरू कथामा नभएकाले पूरै कथाको भाव तथा अमूर्तपक्षलाई देखाउन चित्रहरू पूर्ण सफल हुन सकेका छैनन्।

एघारौँ पाठ 'प्राचीन सिँजा साम्राज्य'मा रहेका चित्रहरू भाव तथा अमूर्तता बुझाउन सक्षम रहेको देखिन्छ। पाठमा सिँजा साम्राज्यको परिचयका साथै सिँजाबाट विकास भएको भाषाबारे उल्लेख छ। चित्रमा पनि सिँजा साम्राज्यका जीवित चिनारीका रूपमा रहेका स्तम्भ, देवल तथा प्राचीन खस भाषा प्रयोग भएका शिला स्तम्भहरू पाइनुले चित्रबाट नै पाठको विषयवस्तु अनुमान गर्न सकिने देखिन्छ। 'झ्यादेव' पाठमा प्रयुक्त चित्रले पनि अमूर्ततालाई बुझाउन भरपुर काम गरेको देखिन्छ। यस पाठमा पनि

मध्यतिर देउता हेराइरहेको भन्ने विषयलाई समेट्ने किसिमका चित्रको कमीका कारण केही अभाव देखिन्छ भने पहिलो चित्रले पाठमा भनिए झै झ्यादेवको पैठ भइरहेको देखिन्छ भने दोस्रो चित्रले पैठमा देउडा खेल भइरहेको देखिन्छ जुन विषय पाठमा उल्लेख छ।

'हुड्क्या नाच' पाठमा समावेश गरिएका चित्रहरूले हुड्के नाचको परिचय दिएको छ। पाठमा रामकलीहरूले बजार जाने बेला बाटोमा पर्ने गाउँमा हुड्के नाच हेरेको र उनीहरूले युटुवमा हाल्दा देश विदेशका मानिसले समेत रुचाएर हेरेको उल्लेख छ। चित्रहरूले पनि गाउँमा हुड्के नाच चलिरहेको देखाएको छ भने युटुवमा कसैले हेरिरहेको जस्तो देखिने चित्र कतै छैन। प्रयोग गरिएका चित्रहरू वास्तविक तस्विर भएकाले रामकली र उनीहरूले हेरिरहेको विषयको परिकल्पना गरेर पनि चित्रमा उनीहरूलाई सङ्केत गर्ने त्यस्तो केही देखिँदैन। त्यसैले पाठमा प्रयोग गरिएका चित्रहरूले पाठमा उल्लेख विषयहरूलाई बुझाउन खोजे पनि केही चित्रको कमीका कारण अपूरो नै देखिन्छ। 'बाल कविता' पाठमा कुनै पनि चित्र नै राखिएको छैन। कविताको भाव तथा विषयवस्तुलाई समेट्न चित्र हुनुपर्ने भए पनि त्यसतर्फ ध्यान नदिनु पाठ्यपुस्तक निर्माताको कमजोरी मानिन्छ।

पाठमा रहेको विषयवस्तु अनुसारको भाव तथा अमूर्ततालाई बुझाउनका लागि 'चुफ्या' पाठमा रहेका चित्रहरूको महत्त्वपूर्ण भूमिका देखिन्छ। पाठमा चुफ्या परिवारको आदेशमा बाघको दुध लिन जङ्गल जाँदा जङ्गलमा विभिन्न जीवजन्तु तथा चराचुरुङ्गीको सेवा र सहायता गरेको र अन्तमा सुन्दर युवतीसँग पासा जितेर धन सम्पत्ति, बाघको दुध लगायत युवतीलाई समेत बिहे गरेर घर आउँदा परिवारका सबैले मान गर्ने गरेको विषय प्रस्तुत गरिएको छ। चित्रहरूको कमी र अपूर्णताले पूरै पाठको भाव र सन्देशलाई प्रस्तुत गरिएका दुईओटा चित्रले पूरा गर्न नसके पनि पहिलो चित्रले चराका बचेरालाई उद्धार गरेको देखाएको छ भने दोस्रो चित्रले सुँगुरको बच्चाको उद्धार गरेको देखाएको छ। यस सन्दर्भमा सहभागी विद्यार्थीहरूले आफ्नो प्रतिक्रिया प्रस्तुत गर्नेक्रममा चुफ्या पाठमा रहेको चित्र हेर्दै सहभागी 'ड' र 'ढ' लगायत सबै भन्छन् "यसले ह्याँ चराको बच्चा आगोबाट पोलिन लाग्या रैछन् बचाएको छ ह्याँ सुँगुरका जालमा परेर आगोमा पोलिन लारैछन् बचाएको छ" (लक्षित समूह छलफल)। विद्यार्थीहरूले चित्र हेरेर नै पाठभित्रको केही भाव वा आशयलाई बोध गर्न सकेको उनीहरूको प्रतिक्रियाबाट पुष्टि भएको छ। यसरी आधा पाठको विषय तथा भावलाई यी दुई चित्रले राम्रोसँग बोकेको देखिन्छ भने

त्यपछि पासा खेलेको धन सम्पत्ति सहित विहे गरेर घरि आएको विषय समेट्ने किसिमका चित्रहरूको अभाव देखिन्छ। सिँजा गाउँपालिकाको राजनीतिक संरचना पाठमा प्रयोग गरिएको चित्रले अमूर्तता बुझाउने सन्दर्भमा मध्यम खाले देखिन्छ। एउटा मात्र चित्र राखिएको पाठमा सिँजा गाउँपालिका रहेको क्षेत्रको तस्विरलाई चित्रको रूपमा प्रयोग गरिएको छ।

पाठमा प्रयोग गरिएका चित्रहरू अमूर्तता बुझाउन सक्ने झमताका दृष्टिमा मध्यम देखिन्छन्। पाठमा चित्र सङ्ख्याको कमीका कारण सबै विषयवस्तुलाई चित्रले समेट्न नसकेको देखिन्छ। ‘बाठो बाख्री’, यक्ष र तन्तुकार, ‘झ्यादेव’ जस्ता पाठहरूमा झै कहीँ सुरुको र अन्तिमको विषयलाई समेट्न दुई वटा चित्रहरू प्रयोग गरिएको भने बिचको विषयवस्तुलाई बुझाउन चित्र उपलब्ध छैनन्। कहीँ ‘चुफ्या’ ‘काल्या र साप’ पाठमा झै अगाडिको विषयवस्तुलाई मात्र समेट्नेगरी चित्रहरू प्रस्तुत गरिएका छन् पाठको करिब आधा विषयवस्तुलाई चित्रका दृष्टिबाट बेवास्ता गरिएको देखिन्छ। आराम खेल पाठको चित्रको अमूर्त भाव बुझाउन सक्ने क्षमताका दृष्टिमा करिब असफल नै देखिन्छ।

स्वसिकाइ प्रवर्धन

पाठ्यपुस्तकमा प्रयुक्त चित्रहरूबाट विद्यार्थीहरूले आफै केही सिक्न र बुझ्न सक्ने गरी चित्रको समायोजन गरिनुपर्छ अर्थात पाठ्यपुस्तकमा प्रयोग गरिएका चित्रहरू विद्यार्थीलाई आफै सिक्नका लागि प्रेरित गर्ने किसिम हुनुपर्छ। अनुसन्धानका लागि उपयोग गरिएको पाठ्यपुस्तकमा रहेका चित्रहरूको स्वसिकाइ प्रवर्धन क्षमता अध्ययन गर्दा 'तित्थ जाँदाको चुड्किलो' पाठको चित्र हेर्दा विद्यार्थीहरू तिर्थालुले घरबाट ल्याएको अर्नी बाँडेर खान लागेको भनेर अनुमान गर्न सक्दछन्। प्रस्तुत पाठमा पर्याप्त चित्रहरू नहुँदा विद्यार्थीहरू अलमलमा पर्ने सम्भावना पनि देखिन्छ। 'बाठो बाख्री' पाठका चित्रहरूले विद्यार्थीहरूलाई बाख्राहरू कतै गइरहेको र बाख्रा भएको स्थानबाट बाघ भागिरहेको देखेर बाख्राको केही कारण तथा जुक्तिले बाघ भागेको कुरा बुझ्न सक्दछन्। यस हिसाबले यसमा रहेका चित्रहरू मध्यम किसिमका देखिन्छन्।

'राडी पाखी' पाठमा राडी बुनिरहेको चित्र छ भने अर्को तर्फ राडीहरूको चित्र छ यसबाट विद्यार्थीहरू राडी यसरी बुनिन्छ र बुनेपछि यस खाले राडी तयार हुन्छ भन्ने सिक्न तथा बुझ्न सक्दछन्। उनलाई छुनेको, कातेको जस्ता अवस्थाको चित्रहरूको अभाव देखिन्छ। 'जडीबुटी' पाठमा जडीबुटीहरू

देखाइएको छ तर त्यसको नाम लेखिएको छैन, यसले विद्यार्थीहरू अन्योलमा पर्ने देखिन्छ भने यसको मिश्रण बनाउँदै गरेको चित्र नभएकाले पाठमा उल्लेख जडीबुटीबाट बनेको मिश्रणले निको गर्ने कुराको विद्यार्थीले कुनै सङ्केत नपाउने देखिन्छ। त्यसैले विद्यार्थीहरूले स्वसिकाइभन्दा पनि अन्योलमा पर्ने देखिन्छ। रोपाइको चित्रबाट विद्यार्थीहरूले रोपाइ चलिरहेको, दमाइले दमाह बजाइरहेको र हलीले जोतिरहेको देखेर रोपाँई भइरहेको सजिलै बुझ्न सक्दछन् तर रोपाहार्नीहरूले रोपाँईको चुड्किलो गाइरहेको हाउभाउ चित्रमा नदेखिएकाले चुड्किलो गाइरहेको कुरा विद्यार्थीले अनुमान समेत गर्न नसक्ने र चुड्किलोले भन्न खोजेको विषयका अन्य चित्र पाठमा व्यवस्था गरिएका छैनन्।

' यक्ष र तन्तुकार' पाठका चित्रबाट विद्यार्थीहरू आफैले केही अनुमान लगाउन र सिक्न सक्ने देखिन्छ। सुरुको चित्रमा तन्तुकारले रुख काट्न खोजेको र यक्ष उपस्थित भएर उसलाई केही उपहार तथा वरदान दिन खोजेको अनुमान तथा सिकाइ विद्यार्थीमा हुन सक्छ भने अन्तिम चित्रले पनि तन्तुकारलाई सबैले टाउको र हातका कारण आश्चर्यपूर्वक हेरेको बुझ्न सक्छन् तर बिचमा के भएको थियो भन्ने अनुमानसम्म लगाउन विद्यार्थीलाई कठिन हुने देखिन्छ। 'आराम खेल' पाठको चित्रले विद्यार्थीको स्वसिकाइमा कुनै गुन जयास राख्ने देखिन्न। यसमा रहेको चित्र केवल रङहरूको चिनारी जस्तो देखिएको छ। त्यस्तै 'पुराना देवल' पाठमा रहेका चित्रहरू विद्यार्थीका लागि स्वसिकाइका साधन हुन सक्छन्। पाठमा पनि देवलको परिचय र अवस्था उल्लेख हुनु र चित्रमा पनि दुरुस्त देवल हुनुले स्वसिकाइमा महत्त्वपूर्ण भूमिका खेल्ने देखिन्छ।

'देउडा' पाठमा रहेका चित्रबाट विद्यार्थीहरूले देउडा रमाइलो खेल र सबैले चासो एवम् मनोरञ्जनका साथ हेर्ने भएको कुरा चित्र हेरेर नै बुझ्न सक्ने देखिन्छ। 'काल्या र साप' पाठमा रहेका चित्रबाट विद्यार्थीहरूले सापलाई मानिसले मृत्युबाट बचाएको र पछि त्यही सापले मानिसलाई लखेटेकोसम्म विद्यार्थी आफैले सजिलै बुझ्न सक्ने देखिन्छ। त्यसपछिको विषयवस्तु बोध गर्ने किसिमका कुनै पनि चित्रहरू पाठमा नराख्नु कमजोरी मानिन्छ। 'प्राचीन सिँजा साम्राज्य' पाठमा प्रयुक्त चित्रहरू विद्यार्थीको स्वसिकाइलाई मद्दत गर्न सक्षम देखिन्छन्। प्राचीन सिँजाको परिचय दिइएकाले चित्रहरू हेरेर सिँजा साम्राज्य यस्तो रहेछ भन्ने विद्यार्थीहरूले सहजै सिक्न र बुझ्न सक्ने देखिन्छ।

'झ्यादेव' पाठका चित्रहरूले पनि विद्यार्थीलाई चित्र हेरेका आधारमा यहाँ झ्यादेव पैठ भइरहेको छ र पैठमा देउडा खेल समेत चलिरहेको छ भन्ने सहजै बुझ्न र सिक्न सक्ने देखिन्छ। पाठमा उल्लेख भएको देउता हेराउने विषयलाई समेट्ने चित्र नहुँदा चित्रबाट यो विषयमा विद्यार्थीहरू कुनै अनुमान गर्न समेत नसक्ने देखिन्छ। त्यसै गरी 'हुड्क्या नाच' पाठमा रहेका चित्रहरू स्वसिकाइ सामग्री बन्न सक्ने देखिन्छन् । 'चुफ्या' शीर्षकको कथामा प्रयोग गरिएका चित्रहरूबाट विद्यार्थीले स्वभावैले चराका बचेराहरूको उद्दार गरेको त्यस्तै जनावरको पनि उद्धार गरेको बुझ्न सक्ने देखिन्छ। स्वसिकाइ प्रवर्धन गर्ने सन्दर्भमा पाठ्यपुस्तकमा रहेका अधिकांश चित्रहरू मध्यम खालका र अपर्याप्त रहेका देखिन्छन्।

स्तरसापेक्ष

पाठ्यपुस्तकमा समावेश चित्रहरू विद्यार्थीको बौद्धिक क्षमता अनुकूलको हुन आवश्यक छ। तित्थ जाँदाको चुड्किलो, बाठो बाख्री, राडी पाखी पाठका चित्रहरू विद्यार्थीको बौद्धिक क्षमता अनुकूलका नै देखिन्छन् भने जडीबुटी पाठका चित्रहरूमा जडीबुटीको नाम उल्लेख नभएकाले विद्यार्थीहरूले जडीबुटीको पहिचान मुस्किलले गर्न सक्ने देखिन्छ। पाठमा उल्लेख गरेअनुसार जडीबुटीको मिश्रणयुक्त घोलले अजीर्ण अवस्थालाई निको गरेको विषय प्रस्ट पार्ने चित्र नभएकाले विद्यार्थीहरू अन्यौलमा पर्ने देखिन्छ।

यक्ष र तन्तुकार, पुराना देवल, देउडा, काल्या र साप, झ्यादेव, हुड्क्या नाच र चुफ्या पाठका चित्रहरूबाट विद्यार्थीहरूले केही आफै बुझ्न सक्ने भएकाले बालबालिकाको बौद्धिकता सुहाउँदो नै देखिन्छन्। आराम खेल पाठको चित्रले विद्यार्थीलाई कोठायुक्त विभिन्न रङको बक्स देखिने बाहेक खेल तरिका आदि बुझाउनका लागि खासै धारणाको विकास नहुने देखिन्छ। त्यसैले यस पाठको चित्र बौद्धिकताका दृष्टिमा त्यति उपयुक्त देखिँदैन। समग्रमा पाठ्यपुस्तकमा समाविष्ट चित्रहरू विद्यार्थीको बौद्धिकताको दृष्टिबाट मध्यम स्तरका देखिन्छन्।

विषयवस्तुको छनोट र स्तरण

पाठ्यपुस्तक तयार पार्दा विषयवस्तुको छनोट र स्तरणलाई महत्त्वका साथ ख्याल गरिनुपर्छ। पाठ्यपुस्तकका लागि आवश्यक विषवस्तु तथा पाठ्यसामग्री छान्ने प्रक्रिया छनोट हो भने छनोट भएका विषय तथा पाठ्यसामग्रीलाई सरलबाट जटिलको क्रममा राख्ने काम स्तरण हो। यसरी उपयुक्त

विषयवस्तु छनोट गरी प्रभावकारी ढङ्गले स्तरण गरिएको पाठ्यपुस्तकले विद्यार्थीको सिकाइमा महत्त्वपूर्ण भूमिका खेल्दछ । गुणस्तरीय पाठ्यपुस्तकका लागि छनोट र स्तरणको उचित संयोजन हुन आवश्यक हुन्छ । छनोट र स्तरणको औचित्यका सम्बन्धमा पौडेल (२०७७) ले भनेका छन् " समग्रमा छनोट र स्तरण प्रक्रियाले भाषा शिक्षण कार्यलाई प्रभावकारी रूपले सञ्चालन गरी लक्षित शिक्षार्थीलाई रूचिप्रद किसिमले शिक्षण सिकाइमा अभिप्रेरित गर्न सहयोग पुऱ्याउँछन् यी दुवैको छुट्टाछुट्टै र महत्त्वपूर्ण भूमिका रहेको छ " (पृ. ७५) । छनोट र स्तरणका दृष्टिले खस भाषा र संस्कृति पाठ्यपुस्तकलाई मूल्याङ्कन तथा विश्लेषण गर्नका लागि खस 'भाषा र संस्कृति' कक्षा १-३ पाठ्यक्रम अनुरूपताका आधारमा छनौटको अध्ययन गरिएको छ भने विद्यार्थीको स्तर, क्षमता र विषयवस्तुको प्रकृतिका आधारमा स्तरणको अध्ययन गरिएको छ ।

छनोट

पाठ्यपुस्तकमा आवश्यक पर्ने विषयवस्तु छान्नु नै छनोट हो । पाठ्यपुस्तकमा छानिने विषयवस्तु तथा पाठ्यसामग्री विद्यार्थीको रूचि, उमेर र स्तर अनुकूलको भएमा मात्र लक्षित विद्यार्थीहरू लाभान्वित हुने तथा सिकाइ उपलब्धि हासिल हुने देखिन्छ । अनुसन्धानमा समावेश पाठ्यपुस्तकमा कस्ता विषयवस्तुलाई छनोट गरिएको छ भन्ने अनुसन्धान गर्नका लागि खस भाषा र संस्कृति कक्षा १-३ पाठ्यक्रमको आधार तथा विभिन्न कोणबाट विश्लेषण गरिएको छ । पाठ्यक्रममा सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता भाषिक सिप, व्याकरण, सिँजाको गीत, सङ्गीत र कला, सिँजाको पेसा र व्यवसायिक सिप र प्रविधि, सिँजाको चिनारी, स्थानीय उपचार विधि, स्थानीय खेल र नाच, सिँजाको सम्भावना, धार्मिक स्थल र देवीदेउता जस्ता क्षेत्र तोकिएको छ । तोकिएको क्षेत्रका आधारमा विशिष्ट उद्देश्य र विषयवस्तुको विस्तृतीकरण दिइएको छ । यसरी पाठ्यक्रमले तय गरेका क्षेत्र, विशिष्ट उद्देश्य र विषयवस्तु विस्तृतीकरणका अनुरूपतामा पाठ्यपुस्तकको अध्ययन विश्लेषण गरिएको छ ।

कक्षा तीनको पाठ्यक्रममा सुनाइ सिपको क्षेत्रमा परिचित वातावरणमा हुने सामान्य कुराकानी सुनीकन प्रतिक्रिया जनाउन, खस शब्द सुनेर शुद्ध उच्चारण गर्न, स्थानीय गीत र साइतर सुनेर भन्न सक्ने जस्ता उद्देश्य राखिएको छ । यस्ता उद्देश्य पूरा गर्नका लागि परिचित वातावरण जस्तै घर, विद्यालय, चौतारो, छिमेक, पधेँरो आदिमा हुने खस भाषाका कुराकानी, खस शब्द, मागल, चुड्किला, भैलीगीत र

उपदेशात्मक साइतर जस्ता विषयवस्तु तथा विस्तृतीकरणको प्रयोग गरिनुपर्ने स्पष्ट पारिएको छ । यस पाठ्यक्रमका आधारमा बनेको पाठ्यपुस्तकमा सुनाइ सिप विकास गर्ने सामग्री तथा विषयवस्तुको रूपमा तित्थ जाँदाको चुड्किलो, रोपाँईको चुड्किलो , यक्ष र तन्तुकार , काल्या र साप, बाठो बाख्री र चुफ्या शीर्षकका पाठहरू राखिएको देखिन्छ ।

पाठमा रहेका चुड्किलोलाई सुनेर विद्यार्थीले लयबोधका लागि अभ्यास गरेर वाचन गर्नसक्ने तथा पाठमा भएका कथा तथा साइतरहरू सुनेका आधारमा भन्न सक्ने वा प्रश्नोतर गर्न सकिने किसिमका देखिन्छन् । बोलाइ सिप विकासका क्षेत्रमा शिष्टाचारका शब्द प्रयोग गरी बोल्न र स्थानीय परिवेशका गीतहरू गाउन र साइतरहरू भन्न सक्ने जस्ता उद्देश्यहरू पाठ्यक्रमले राखेको देखिन्छ भने त्यसका लागि पाठ्यक्रमले आत्तु, जदौ, ढोग गऱ्याँ, तुमी, आपु जस्ता शिष्टाचारका शब्द र मागल, चुड्किला, भैलीगीत र उपदेशात्मक साइतरलाई विषयवस्तुका रूपमा लिन स्पष्ट पारेको छ । पाठ्यपुस्तकमा पाठ्यक्रमले तोकेको क्षेत्र, उद्देश्य र विषयवस्तुका दृष्टिले हेर्दा शिष्टाचारका लागि त्यस किसिमका पाठहरू समावेश गरिएको छैन । चुड्किला र साइतरको भने व्यवस्था गरेको देखिन्छ । पाठमा भएका साइतर तथा चुड्किला जस्तै अन्य साइतर तथा चुड्किलाहरू सङ्कलन गरी ल्याएर कक्षामा बोल्न लगाउन सकिने देखिन्छ ।

पढाइ सिपका क्षेत्रमा खस भाषामै लेखिएका सामग्री शुद्ध र स्पष्ट उच्चारण गरी पढ्न र खस साहित्य सस्वर पढन सक्ने उद्देश्य राखिएको छ । ती उद्देश्य पूरा गर्नका लागि इतिहास, संस्कृति, पुरातत्त्व, खस भाषामै लेखिएका चुड्किला, मागल, देउडा, साइतर र अन्य गद्य सामग्रीहरूलाई विषवस्तुको रूपमा राख्नुपर्ने पाठ्यक्रममा उल्लेख छ । पाठ्यपुस्तकमा इतिहास र संस्कृति सम्बन्धी विषयवस्तुका रूपमा पुराना देवल, प्राचीन सिँजा, हुड्क्या नाच, देउडा, रोपाइको चुड्किलो र तित्थ जाँदाको चुड्किलो पाठलाई समावेश गरिएको छ । जुन पाठहरूबाट विद्यार्थीको पठन अभ्यास गराउन सकिने देखिन्छ ।

खस साहित्यको रूपमा रहेका साइतरहरूमा चुफ्या, काल्या र साप, यक्ष र तन्तुकार, बाठो बाख्री आदि समावेश गरिको देखिन्छ । जसलाई पठन अभ्यास गराएर पढाइ सिपको विकास गर्न सकिन्छ । लेखाइ सिपका क्षेत्रमा खस भाषामै साधारण अनुच्छेद र सजिला वाक्यको अनुलेखन तथा श्रुतिलेखन गर्न, निर्देशन अनुसार छोटा अनुच्छेद लेख्न र सिर्जनशील कलाको विकास गर्न जस्ता उद्देश्यहरू

पाठ्यक्रमले राखेको देखिन्छ । उद्देश्यअनुसार अनुलेखन र श्रुतिलेखन, ऐतिहासिक, साँस्कृतिक ठउर र देवीदेवताका विषय र चुड्किला, मागल, देउडा, बाल कविता तथा साइतरहरूलाई विषयवस्तुको रूपमा राख्नुपर्ने पाठ्यक्रममा उल्लेख छ । पाठ्यक्रममा उल्लेख गरिएअनुसार पाठ्यपुस्तकमा चुड्किलाहरू, देउडा, साइतरहरूका पाठ समावेश छन् । जसलाई पढेर अनुलेखन तथा श्रुति लेखन गर्न गर्न सकिने देखिन्छ । भने सिर्जनशीलताको विकासका लागि त्यस्तै साइतर तथा देउडाहरू सिर्जना गर्ने अपेक्षा राखिएको भए पनि कक्षा तीनका विद्यार्थीको स्तरका दृष्टिले असम्भव देखिन्छ ।

पाठ्यक्रममा व्याकरणको क्षेत्र निर्धारण गरिएको छ जसमा लिङ्ग, वचन, पुरुष, आदरगत क्रियापद मिलाएर बोल्न र लेख्न सक्ने, अज्ञात भूतकाल र पूर्ण वर्तमान कालमा वाक्य बनाउन सक्ने जस्ता उद्देश्यहरू राखिएको छ । त्यसका लागि वचन, लिङ्ग, पुरुष, आदर जोडिएका वाक्यहरू, अज्ञात भूत र पूर्ण वर्तमान कालका वाक्यलाई विषयवस्तुको रूपमा राख्न पाठ्यक्रमले निर्देश गरेको छ । सामान्य वर्तमान, पूर्ण वर्तमान, सामान्य भूत, पूर्ण भूत र अज्ञात भूत काल जनाउने वाक्य भएका पाठहरू पाठ्यपुस्तकमा समावेश गरिएको छ तर अभ्यासहरू भने देखिँदैनन् । जडीबुटी पाठमा पूर्ण भूत र सामान्य भूतकालीन वाक्यको प्रयोग गरिएका छन् । जुन यस्तो किसिमको छ : “ मैले आमाथि सबै कुडा भुन्या । आमाले पेट छामिन । पेट डम्म फुल्याको छियो । आमा सट्टपट्ट गइन र आगो बालिन । मकन आगाथि बसालिन ” (पृ. २०) ।

पूर्ण वर्तमान कालको प्रयोग 'सिँजा गाउँपालिकको राजनीतिक संरचना' पाठमा प्रयोग गरिएको छ भने 'चुफ्या' लोक कथामा सामान्य भूत र पूर्ण भूत कालीन वाक्यहरूको प्रयोग गरिएको छ । चुफ्या कथामा रहेका वाक्यहरू यस्ता देखिन्छन् : “ दोर्सा दिन चुफ्याले सुँगुरका पाठा जालमै पड्याका देख्यो । चुफ्याले तिनुकन बचायो । ती पाठाले आज हाम्मै घर बस भन्या र चुफ्या ताइँ बस्यो ” (पृ. ७१) । पाठहरूमा विभिन्न कालको प्रयोग गरिएका पाठ्वस्तुहरू समावेश गरिएको देखिन्छ । पुराना देवल पाठमा पूर्ण वर्तमान कालको प्रयोग गरेको देखिन्छ भने प्राचीन सिँजा साम्राज्य पाठमा पूर्ण भूत, हुड्क्या पाठमा सामान्य भूत र पूर्ण भूत त्यस्तै अन्तुकार कथामा अज्ञात भूतकलीन वाक्यको प्रयोग गरिएको पाइएको छ । तन्तुकार कथामा प्रस्तुत वाक्यहरू यस्ता छन् : “ हाट एक कपडा बुन्न्या तन्तुकार बस्तो रयोछ । त्यो तन्तुकार कपडा बुन्नै बेच्चै गद्दो रयोछ । ताँबाटि आयाका रूपियाले झाआन पाल्लो रयोछ ” (पृ. २९) ।

यसरी विभिन्न कालका वाक्यहरू प्रयोग गरेर पाठ्यवस्तुको छनोट गर्दा पाठ्यक्रमलाई आधार मानेको देखिन्छ।

पाठ्यक्रमका उल्लेख भएका सिँजाको गीत, सङ्गीत र कला क्षेत्रमा चुड्किला भन्न, देउडा गाउन तथा देउडा खेल खेल्न र सिँजाको पेसा व्यवसाय सिप र प्रविधि क्षेत्र अन्तर्गत राडी पाखी बनाउन्या तरिका र त्यसको उपयोगिता भन्न, ऊन छुन्न र कात्न जस्ता उद्देश्यहरू राखेर चुड्किला र देउडा तथा राडी पाखी जस्ता विषयहरू राख्नुपर्ने पाठ्यक्रममा उल्लेख छ। पाठ्यक्रममा उल्लेख गरिएका उद्देश्य र विषयवस्तुअनुसार पाठ्यपुस्तकमा दुईओटा चुड्किला र एउटा देउडाको पाठ त्यस्तै पेसा व्यवसायलाई समेट्नका लागि 'राडी पाखी' शीर्षकको पाठलाई समावेश गरिएको देखिन्छ। सिँजाको चिनारीअन्तर्गत पाठ्यक्रममा प्राचीन सिँजाको सामान्य जानकारी दिन, सिँजा गाउँपालिकाको वर्तमान राजनीतिक संरचना बारे बताउन सक्ने उद्देश्य पाठ्यक्रमले राखेको देखिन्छ। यस किसिमका उद्देश्यहरू परिपूर्तिका लागि प्राचीन सिँजा साम्राज्य र सिँजा गा.पा. को वर्तमान राजनीतिक संरचना जस्ता विषयवस्तु राख्नुपर्ने पाठ्यक्रममा उल्लेख छ।

पाठ्यक्रममा उल्लेख भएअनुसार पाठ्यपुस्तकमा पनि प्राचीन सिँजा साम्राज्य पाठ राखिएको छ जसमा सिँजा साम्राज्यको सामान्य परिचय दिइएको छ। त्यस्तै सिँजा गाउँपालिकाको राजनीतिक संरचना शीर्षकको पाठ समावेश गरिएको छ। जसमा सिँजा गाउँपालिकाको संरचनात्मक परिचय समेटिएको पाइन्छ। यसरी पाठ्पुस्तकमा पाठ्यक्रमको उद्देश्य र विषयवस्तुलाई ख्याल गरेर पाठ्यवस्तु छनोट गरिएको पाइएको छ। पाठ्यक्रमले स्थानीय उपचार विधि क्षेत्र अन्तर्गत विशिष्ट उद्देश्यको रूपमा खाना हजाम हुने स्थानीय विधि भन्न सक्ने उद्देश्य राखेको छ र त्यसका लागि अजीर्ण भएपछि गरिने उपाचर विधिलाई विषयवस्तुको रूपमा राखिनुपर्ने निर्दिष्ट गरेको देखिन्छ। पाठ्यक्रमअनुसार पाठ्यपुस्तकमा त्यसका लागि जडीबुटी शीर्षकको पाठ समावेश गरिएको छ।

स्थानीय आराम खेल र नाच क्षेत्रअन्तर्गत आराम खेल खेल्न , आराम खेलबाटि गणितका सामान्य अभ्यास गर्न तथा हुड्क्या नाच, हुड्क्या गीत गाउन र हुड्क्याबाट विज्ञान पढ्न सक्ने उद्देश्य पाठ्यक्रमले राखेको देखिन्छ। ती उद्देश्य पूरा गर्नका लागि पाठ्यक्रमले हुड्क्या नाच र गीतका विषयवस्तु राख्नुपर्ने निर्देश गरेको छ। पाठ्यक्रमले निर्देश गरेअनुसार पाठ्यपुस्तकमा आराम खेल र हुड्क्या नाच

शीर्षकका पाठहरू समावेश गरेको पाइएको छ । सिँजामा पाइने मुख्य जडीबुटी चिन्न र तिनका उपयोगिता भन्न र जडीबुटीको व्यवसायिक उत्पादनबाट हुने फाइदा भन्न सक्ने जस्ता उद्देश्य पाठ्यक्रमले राखेक देखिन्छ । पाठ्यक्रमले राखेका त्यसकिसिमका उद्देश्य पुरा गर्नका लागि तितो गन्नाइनु, वायोजडी, समयो, सतुवा, वन लसुन, यार्सागुम्बा जस्ता विषयवस्तु राख्नुपर्ने कुरा पाठ्यक्रममा उल्लेख छ । पाठ्यक्रममा उल्लेख गरिएअनुसार पाठ्यपुस्तकमा 'जडीबुटी' शीर्षकको पाठ समावेश गरिएको छ । पाठमा जडीबुटीहरूको चित्रबाहेक सामान्य परिचय पनि दिइएको पाइदैन भने त्यसको व्यवसायिक फाइदाबारे कुनै प्रसङ्ग पनि देखिँदैन ।

धार्मिक स्थल र देवीदेवता क्षेत्र निर्धारण गरेर पाठ्यक्रममा झ्यादेवबारे बताउन सक्ने उद्देश्य राखिएको छ । उद्देश्यअनुसार विषयवस्तुमा झ्यादेव नै राख्नुपर्ने निर्देश छ । पाठ्यपुस्तकमा पनि पाठ्यक्रमले निर्देश गरेअनुसार झ्यादेव शीर्षकको पाठ समावेश गरिएको छ । पाठले विद्यार्थीलाई झ्यादेवका बारेमा सामान्य जानकारी प्रदान गर्न सक्ने देखिन्छ । यस हिसाबले यो पाठ पाठ्यक्रमअनुकूल रहेको देखिन्छ ।

पाठ्यपुस्तकका लागि पाठ्यवस्तु छनोट गर्दा विद्यार्थीको रूचि र स्तरका धारलाई पनि उत्तिकै ध्यान दिन आवश्यक हुन्छ । विद्यार्थीको रूचि, स्तर र आवश्यकतालाई के कति सम्बोधन गरी पाठ्यवस्तु छनोट गरिएको छ भन्ने विषयले पनि पाठ्यपुस्तकको प्रभावकारिता र सफलताको निर्क्यौल गर्दछ । विद्यार्थीको रूचिलाई सम्बोधन गर्ने सवालमा अनुसन्धान गरिएको पाठ्यपुस्तक मध्यय स्तरको देखिन्छ । कविता, गीत तथा कथाहरूबाट विद्यार्थीको रूचिलाई सम्बोधन गर्न सकिने हेतुले पुस्तकमा तित्थ जाँदाको चुड्किलो, रोपाँईको चुड्किलो, बाल कविता, चुफ्या, काल्या र साप, यक्ष र तन्तुकार त्यस्तै बाठो बाख्री शीर्षकका कथाहरू समावेश गरिएको भए पनि विद्यार्थीका आफ्नै गतिविधि, क्रियाकलाप, व्यवहारसँग सम्बन्धित विषयमा कुनै ध्यान दिएको पाइँदैन ।

चुड्किला र कथाहरू सुन्दा र पढ्दा विद्यार्थीहरूमा रूचि पैदा हुने र सिकाइमा चासो बढ्नुपर्ने हुन्छ । पाठमा प्रस्तुत चुड्किलाहरूमा तिथ्थ जाँदाको चुड्किलोमा धार्मिक यात्रा गर्दा गाइने चुड्किलो समावेश छ भने रोपाँईको चुड्किलोमा खेतमा मार्सी धान रोप्ने बेला गाइने चुड्किलो समावेश छ । यी चुड्किलोहरूबाट विद्यार्थीमा रूचि पैदा गराउनेभन्दा संस्कृतिको जानकारी दिने अभिप्राय बढी रहेको

देखिन्छ । त्यसै गरी कथाहरूमा 'बाठो बाख्री' मा बाख्रीको बुद्धि र सुझलाई देखाइएको छ यसले विद्यार्थीहरूमा बुद्धिमान् बन्नुपर्ने प्रेरणा दिन्छ भने 'काल्या र साप' पाठमा दयालु र परोपकारी काल्यालाई सेवा गरेको सापले उल्टै खान खोजेको देखाइएको छ जसबाट विद्यार्थीहरूलाई सेवा र सहयोग गर्दा पनि विचार पुऱ्याउनुपर्ने तथा सङ्कट आइपर्दा बिवेक पुऱ्याउनुपर्ने सन्देश दिएको छ ।

'यक्ष र तन्तुकार' पाठमा पनि सही समयमा सही निर्णय र सही सल्लाह मान्नुपर्ने शिक्षा दिएको छ । त्यस्तै 'चुफ्या' कथामा पनि चुफ्या जस्तै मानवतावादी र बुद्धिमान् हुनुपर्ने सन्देश दिएको छ । यसरी हेर्दा पुस्तकका लागि छनौट गरिएका पाठहरूमा बुद्धिको महत्त्व विद्यार्थीलाई बुझाउन खोजे पनि विद्यार्थी आफ्नै उमेर समूहका कुनै कथा समावेश नहुनुले विद्यार्थीहरूमा कथा कविता सुन्ने रूचि हुन्छ भन्ने मनसाय बाहेक विद्यार्थी उनीहरूकै उमेर समूहका प्रतिनिधि रूचि र चाहना समेटिएका कुनै कथा समेट्नुपर्छ भन्ने विषयलाई बेवास्ता गरेको देखिन्छ । यसरी स्तरका दृष्टिले पुस्तकमा समावेश केही पाठहरू कक्षा तीनका विद्यार्थीहरूको क्षमताभन्दा जटिल भएको देख्न सकिन्छ ।

चुड्किलाहरू रूचि दिएर सुने पनि त्यसलाई राम्रोसँग बुझेर भाव ग्रहण गर्नसक्ने तथा त्यस्तै किसिमका नयाँ चुड्किलाको सृजना गर्न विद्यार्थीहरूलाई जटिल हुने देखिन्छ । त्यसै गरी कथा, कविताबाट विद्यार्थीले सार बोध गर्न सक्ने भए पनि पाठहरूमा प्रयोग भएका शब्द तथा वाक्यहरू केही जटिल किसिमका देखिन्छन् । खस भाषामा शब्दहरू आफैमा हलन्त, चन्द्रविन्दु तथा शिरविन्दु लागेका बढी हुने भए पनि सामान्य शब्द भएका पाठहरूको छनोटमा ख्याल नगरिएको देखिन्छ । त्यस्ता शब्दयुक्त वाक्यहरूको नमुना यस्ता छन् : “ पुरानु सिँजा राज्य जाँसम्मन् फिजियो ताँसम्मन् यस्ता देवल, मुग्राआँ, खम्म एकै नासका बन्याका छिया ” (पृ. ३९. देवल) । कथाका पाठका साथै कविता र चुड्किलोका पाठहरूमा पनि यस किसिमको जटिलता देखिन्छ ।

चुड्किलोमा रहेका शब्दहरूको संयोजन यस्तो रहेको छ : “ लास घोडो खिल्किगयो ऋतु रानायाँ बालाका नुआन्नी लागेई मार्सी धानयँ चेलाका जन्तेड लागेई मार्सी धानयँ ” (पृ.२६ रोपाइँको चुड्किलो) । पाठमा रोपाइको, तित्थको चुड्किलो विद्यार्थीको चासो, सरोकार र रुचिको विषय होइन उनीहरूकै व्यवहार र गतिविधिसँग सम्बन्धित सरल शब्द प्रयोग गरिएका कविताहरू उनीहरूको लागि आवश्यक हो । विषयवस्तु छनौट गर्दा सिँजाको भाषा र संस्कृतिलाई उजागर गर्ने नाममा यस किसिमका

शब्द तथा वाक्यगत जटिलताको ख्याल नगरी , विद्यार्थीको उमेर, रूचि र चासोको विषयलाई समेट्न नसकी कक्षा ३ का विद्यार्थी माथि विषयवस्तु थोपरेको देखिन्छन् ।

बालमनोविज्ञानका दृष्टिले पाठ्यपुस्तकमा महत्त्वका साथ पाठहरू समावेश गरिएको पाइँदैन । पाठहरूमा बालबालिकाका रूचि र मनोविज्ञानलाई समेट्न उनीहरूका गतिविधि, क्रियाकलाप, दैनिकी, पारिवारिक सम्बन्ध, खानपिनको रूचि, खेल तथा सृजनात्मक कार्य आदि क्षेत्रका विषयवस्तुलाई बेवास्ता गरिएको देखिन्छ । जसरी मेरो नेपाली कक्षा ३ मा हाम्रो परिवार, मेरो खाजा, सुन साथी सुन जस्ता कविताहरू प्रस्तुत गरिएको छ । ति कविताहरूमा बालबालिकाका वास्तविक क्रियाकलाप, गतिविधि र रूचिका विषयहरूलाई समेट्ने प्रयास गरिएको छ तर अनुसन्धान गरिएको खस भाषा र संस्कृति पुस्तकमा यसकिसिमको बाल व्यवहार गतिविधिलाई स्थान दिएको देखिँदैन । यसले गर्दा बालमनोविज्ञानका दृष्टिले पाठ्यपुस्तक कमजोर देखिन्छ ।

सामाजिक र सांस्कृतिक सान्दर्भिकताका आधारमा पाठ्यपुस्तक उपयुक्त देखिन्छ । पाठ्यपुस्तक हेर्दा सामाजिक र सांस्कृतिक विषयवस्तुकै पुस्तक हो कि भन्ने भान पनि पर्न जान्छ । अधिकांश पाठहरू सामाजिक र सांस्कृतिक विषयवस्तुसँग सम्बन्धित नै छन् । सामाजमा रहेको परम्परागत पेसा व्यवसाय देखाउनका लागि 'राडी पाखी' पाठ समावेश गरिएको छ । सिँजा गाउँपालिकाको राजनीतिक तथा प्रशासनिक संरचना बारे जानकारी दिनका लागि 'सिँजा गाउँपालिकाको राजनीतिक संरचना' पाठ राखिएको छ । त्यसै गरी सिँजाको इतिहासको सामान्य ज्ञान दिनका लागि 'प्राचीन सिँजा' र 'पुराना देवल' शीर्षकका पाठहरूको समायोजन गरिएको देखिन्छ । त्यसै गरी सांस्कृतिक, धार्मिक तथा परम्परागत विषय क्षेत्रबारे सामान्य जानकारी दिनका लागि तित्थ जाँदाको चुड्किलो, रोपाइँको चुड्किलो, देउडा, झ्यादेव, हुड्क्या नाच आदि पाठको संयोजन गरिएको देखिन्छ । यसरी हेर्दा अधिकांश पाठहरू सामाजिक तथा सांस्कृतिक विषयवस्तुमा आधारमा सान्दर्भिक रहेको देखिन्छ ।

स्तरण

स्तरणले पाठ्यपुस्तकमा समावेश गरिने पाठ्यवस्तुको रखाइलाई बुझाउँछ । पाठ्यपुस्तकमा समावेश गरिने विषयवस्तुलाई सरलदेखि जटिलको क्रममा राख्ने, मूर्तबाट अमूर्त, सामान्यबाट विशिष्ट बनाउने क्रिया नै स्तरण हो । गुणस्तरीय पाठ्यपुस्तकका लागि उचित विषयवस्तुको छनोट गरी उचित

स्तरण गर्न जरुरी हुन्छ । छनोट गरिएका विषयवस्तुलाई सही ढङ्गले समायोजन गरेर मात्र प्रभावकारी पाठ्यपुस्तक बन्न सक्दछ । विश्लेष्य पाठ्यपुस्तक स्तरणका दृष्टकोणबाट उपयुक्त छ वा छैन भन्नका लागि पाठ्यपुस्तकमा समावेश पाठहरूको श्रृङ्खलालाई विषयवस्तुको सरलतादेखि जटिलताको क्रम अनुसार के कसरी समायोजन गरिएको छ ? सामान्यदेखि विशिष्टको क्रममा कसरी प्रस्तुत गरिएको छ भन्ने कोणबाट अनुसन्धान गरिएको छ । विद्यार्थीको स्तर, क्षमता र विषयवस्तुको प्रकृतिलाई अन्तरसम्बन्धित गरेर पाठ्यपुस्तकमा समावेश विषवस्तुलाई कसरी समायोजन गरिएको छ भन्ने विश्लेषण गरिएको छ ।

पाठ्यपुस्तकमा पहिलो पाठको रूपमा 'तित्थ जाँदाको चुड्किलो' राखिएको छ । जुन चुड्किलो सिँजा तथा जुम्लाको सांस्कृतिक प्रचलनको पहिचानका लागि राखिएको देखिन्छ । यो पाठ आफैमा विद्यार्थीको रूचि क्षेत्रको विषय देखिँदैन । विद्यार्थीहरू बाल गतिविधि र क्रियाकलापसँग सम्बन्धित गित तथा कविताहरूमा रुचि देखाउँछन् तर अनुसन्धेय पुस्तकमा सुरूको पाठमा नै तिथ्थ जाँदाको चुड्किलो पाठ राखेर सांस्कृतिक विषयवस्तु पस्कन हतार गरेको जस्तो भएको छ । त्यसैले स्तरका दृष्टिले पनि पाठ उपयुक्त मानिँदैन । त्यसै गरी दोस्रो पाठको रूपमा 'बाठो बाख्री' लोक कथा राखिएको छ । जुन कथामा बाख्रीको बुद्धिपक्षलाई महत्त्व दिइएको छ । यो पाठ अघिल्लो पाठसँग अन्तर सम्बन्धित देखिँदैन कठिनाइ स्तरका दृष्टिले अघिल्लो पाठभन्दा पछिल्लो पाठलाई विद्यार्थीले सहज मान्ने किसिको देखिन्छ ।

त्यस्तैगरी तेस्रो पाठको रूपमा 'राडी पाखी' लाई राखिएको छ । यसमा राडीपाखीको बुनाइसँग सम्बन्धित विषयवस्तु राखिएको छ भने यो पाठ पनि अघिल्लो पाठसँग अन्तर्सम्बन्धित देखिँदैन । राडीपाखीको सामान्य परिचय र बुनाइको विषयलाई राखिएको छ । यस पाठमा रहेको विषयवस्तु पनि विद्यार्थीको उमेर, स्तर र क्षमतालाई पूर्ण रूपमा सम्बोधन गर्ने किसिमको देखिँदैन । चौथो पाठको रूपमा 'जडीबुटी' शीर्षकको पाठ राखिएको छ । यसमा जडीबुटीको उपयोग र चिनारीबारे उल्लेख छ । जडिबुटीबाट औषधी बन्ने मात्र सङ्केत गरिएको पाठमा औषधी बनाउने विधि तथा तरिकाबारे कुनै विस्तृत प्रक्रियाको उल्लेख पनि छैन भने जडीबुटीको विस्तृत परिचय पनि छैन ।

पाँचौँ पाठ रोपाइँको चुड्किलोलाई समावेश गरिएको छ भने त्यसपछि यक्ष र तन्तुकार, आराम खेल, पुराना देवल, देउडा, काल्या र साप, प्राचीन सिँजा, झ्यादेव, हुड्क्या नाच, बाल कविता, चुफ्या र

सिँजा गाउँपालिकाको राजनीतिक संरचना पाठहरू क्रमशः राखिएको देखिन्छ । यी पाठहरू क्रमशः एकअर्कामा अन्तर सम्बन्धित देखिँदैनन । कठिनाइ स्तरका दृष्टिमा पनि सबै पाठहरू उस्तै प्रकृतिका देखिन्छन् । सामान्य र विशिष्टताका दृष्टिले पनि पाठहरू एउटै प्रकृतिका देखिन्छन् । कुनै पनि पाठहरू अघिल्लो वा पछिल्लो पाठसँग अन्तरसम्बन्धित देखिँदैनन । भाषिक सिपका दृष्टिका पाठहरू सुनाइ, पढाइ र लेखाइ सिपलाई अन्तरसम्बन्धित गराउन सकिने किसिमका देखिन्छन् भने बोलाइ सिपलाई प्रवर्धन गर्ने किसिमका पाठ तथा अभ्यासहरूको कमी देखिन्छ ।

सुरुका पाठदेखि अन्तिमसम्मको विश्लेषण गर्दा स्तरणको खासै ध्यान नपुऱ्याएको देखिन्छ । भाषासँग सम्बन्धित पाठ्यपुस्तक भएकाले एकीकृत तथा चक्रीय स्तरणको अवधारणा अनुसार स्तरण गरिनुपर्नेमा त्यस विषयमा खासै ख्याल गरेको देखिँदैन । चक्रीय स्तरणका सम्बन्धमा पौडेल (२०७९) ले भनेका छन् " पाठ्यक्रमका उद्देश्य हासिल गर्नका निम्ति छनोट गरिएका पाठ्यवस्तु अथवा पाठ्यावलीलाई चक्र घुमे जस्तै घुमाई फिराई अझ विस्तार र उन्नयनका साथ गरिने स्तरण पद्धतिलाई चक्रीय स्तरण भनिन्छ " (पृ. ८३) । चक्रीय स्तरणले पाठ्यवस्तुलाई अन्तरसम्बन्धित गरेर समायोजन गर्ने भने पनि अनुसन्धान गरिएको पाठ्यपुस्तक त्यसरी स्तरण गरेको पाइँदैन ।

समग्रमा कक्षा तीनको पाठ्यपुस्तकमा खस भाषा र संस्कृति तथा खस क्षेत्रको इतिहास बोकेका स्थानीय विषयवस्तु कसरी समायोजन गर्ने भन्ने मात्र ख्याल गरिएको विद्यार्थीको उमेर, रुचि, मनोविज्ञान, स्तर आदिलाई कुनै ख्याल नगरिएको पाइएको छ । स्थानीय संस्कृति, परम्परा, रीतिरिवाज, चालचलन, स्थानीय प्राकृतिक तथा जैविक वस्तु र त्यसको उपयोगिता जस्ता विषयलाई मात्र समावेश गर्ने मनसायले पाठ्यपुस्तक तयार भएको जस्तो देखिएकाले स्तरणमा खास ध्यान नदिइएको भन्न सकिने पर्याप्त आधारहरू विश्लेषणबाट देखिन्छन् ।

शब्दभण्डार र वाक्य

पाठ्यपुस्तकलाई प्रभावकारी शैक्षिक सामग्रीको रूपमा विकास गर्नका लागि उपयुक्त भाषाको प्रयोग गरिनुका साथै शब्दभण्डारको व्यवस्थापन र वाक्यसंरचनाको पनि उचित ख्याल गरिनुपर्छ । पाठ्यपुस्तकमा प्रयोग भएको भाषा, शब्दभण्डार तथा वाक्यसंरचना विद्यार्थी अनुकूलको हुन आवश्यक हुन्छ । विद्यार्थीको स्तर, भाषिक पृष्ठभूमि र आवश्यकताका आधारमा शब्दभण्डार तथा वाक्य

समायोजन गरिनुपर्छ । अनुसन्धानमा समावेश गरिएको कक्षा तीनको ‘खस भाषा र संस्कृति’ पाठ्यपुस्तकलाई शब्दभण्डार र वाक्यसंरचनाका दृष्टिले पनि विश्लेषण गरिएको छ ।

खस भाषामा रहेको पाठ्यपुस्तकको पहिलो पाठ ‘ तित्थ जाँदाको चुड्किलो ’मा प्रयोग गरिएका शब्दहरूलाई केलाउँदा नेपाली भाषाका 'शुल्क', 'पञ्चमी' र 'छाया' गरी जम्मा तीनओटा तत्सम शब्द र 'साउन', 'आमा', 'पैसा' जस्ता तद्भव शब्दहरूको प्रयोग गरिएको देखिन्छ भने आगन्तुक शब्दको प्रयोग गरिएको देखिँदैन । 'खेडिया', 'बासापल्टी', 'थाडामै', 'छकाल्या', 'नैर', 'राम्डै', 'अन्नी', 'छाजी', 'बोब' जस्ता तमाम खस भाषासँग सम्बन्धित शब्दहरूको प्रयोग गरिएको देखिन्छ । चुड्किलोको अग्रभागमा तेह्र शब्दको एउटा वाक्य छ भने अन्य सात शब्द सम्मका वाक्यहरू छन् । चुड्किलोमा रहेका सबै हरफहरू तीन शब्दका देखिन्छन् भने एउटा मात्र हरफ चार शब्दको पाइएको छ ।

‘ बाठो बाख्री ’ शीर्षकको दोस्रो पाठ लोक कथा रहेको छ । कथामा बिल्कुल नयाँ शब्दहरू प्रयोग गरिएको देखिन्छ । पाठ्यपुस्तकमा शब्दभण्डारको व्यवस्थापन गर्दा सामान्यतया अघिल्लो पाठमाभन्दा पछिल्लो पाठमा बिस प्रतिशत नयाँ शब्दहरू थप गरिनुपर्ने मान्यता रहन्छ तर यहाँ हेर्दा दोस्रो पाठमा पहिलो पाठका तुलनामा अन्ठानब्बे प्रतिशतभन्दा धेरै नयाँ शब्दहरू रहेको पाइएको छ । तत्सम शब्दको रूपमा 'कपाल' तद्भव शब्दको रूपमा 'ओडार', 'घर', 'अच्चम्म' आदि छन् भने बाँकी बग्रेटा, बंडालवाटी, टअटकी, चाँचो लगायतका सबै खस भाषाका शब्दहरूको प्रयोग गरिएको देखिन्छ । वाक्यका सन्दर्भमा सबैभन्दा कम शब्द तीनओटा शब्दको प्रयोग गरिएका जम्मा पाँच ओटा वाक्यहरू मात्र रहेको र सबैभन्दा धेरै सत्र ओटा शब्दको प्रयोग गरिएको वाक्य प्रयोगमा देखिन्छ । उक्त सत्र ओटा शब्दले बनेको वाक्य यस्तो रहेको छ “ तेईबेला बोक्च्या भुँइमै ठक ठक हान्नो रयोछ र बाख्राकन सोद्दो रयोछ, “ याई भाउअ सुन्तलीअ ! बग्रेटाकन क्यान रूवाउदिछस् ?” (पृ. १० बाठो बाख्री) । पाठमा अधिकतम वाक्यहरू पाँचदेखि माथि र आठ शब्दहरू प्रयोग भएका देखिन्छन् ।

तेस्रो पाठ राडी पाखीमा अघिल्लो पाठमा भएका 'घर' र 'बाख्रा' शब्दमात्र दोहोरिएका छन् भने बाकी सबै नयाँ शब्दहरूको प्रयोग गरिएको छ । यस पाठमा रहेका अधिकतम शब्दहरू खस भाषाकै देखिन्छन् । वाक्यमा आधारभूत तहका विद्यार्थी अनुकूलका देखिँदैनन् । धेरै शब्दहरू थुपारेर निर्माण गरिएको पाइएको छ । कम्तीमा पाँच शब्द र बढीमा बाह्र शब्दहरू प्रयोग गरिका वाक्यहरू बाट पाठको

संरचना बनेको छ । पाठमा बाह्र ओटा शब्द भएको वाक्य यस्तो रहेको छः “ चैतीका आमा बाबा ऊन र बर्खाल फट्काउन्या, छुन्या र ह्याउका सपाड्न्या गद्दाछन्” (पृ. १४ राडी पाखी) । यसरी साना कक्षामा लामा वाक्य हुनु त्यति सान्दर्भिक हुँदैन । शब्दभण्डार र भाषिक पक्षलाई त्यति ख्याल गरिएको देखिँदैन । पाठले जुम्लाका स्थानीयले आफ्नै घरेलु उद्यम तथा व्यवसायको रूपमा भेडापालन गर्ने र त्यसको उनबाट राडी पाखी उत्पादन गर्ने विषयलाई प्रस्तुत गरेको छ ।

चौथो पाठ स्थानीय जडीबुटीको विषयलाई समावेश गरिएको ‘ जडीबुटी ’ शीर्षकको छ । उक्त पाठलाई अघिल्लो पाठसँग अन्तरसम्बन्धित गर्दा अघिल्लो पाठमा रहेका 'घर', 'छन्', 'बाबा', 'मस्त' बाहेक अरू शब्द दोहोरिएका देखिँदैनन् । पाठमा भएका सीमित शब्दबाहेक खस भाषाका शब्दहरूको प्रयोग गरिएको देखिन्छ । वाक्यका दृष्टिमा सबैभन्दा कम शब्द प्रयोग गरिएका वाक्यहरू “ सिमी छड्याका छन् । बाबा लेख बस्ताछन् ” (पृ . २० जडीबुटी) जस्ता सीमित वाक्यहरू छन् भने अधिकतम पाँचदेखि आठ शब्द प्रयोग भएका वाक्यहरू देखिन्छन् । सबैभन्दा धैरै नौ शब्द युक्त वाक्य “मैले पाल्ता टाला लायाकी छियाँ तेईबिअ चिसो लाग्याको छियो” (पृ.२० जडीबुटी) रहेको छ । यस पाठमा अघिल्ला पाठका तुलनामा कम शब्द प्रयोग भएका वाक्यहरू प्रयुक्त छन् ।

पाठ पाँचमा रहेको ‘ रोपाइँको चुड्किलो’ मा अघिल्लो पाठमा प्रयोग भएका शब्दहरूमध्ये 'सबै', 'लेख' र 'आमा' शब्द मात्र दोहोरिएका छन् । पाठमा करिब ९९ प्रतिशत नयाँ शब्दहरू प्रयोग प्रयोग गरिएको देखिन्छ । अघिल्लो पाठ जडीबुटीको परिचय र उपयोगितासँग सम्बन्धित र पाँचौ पाठ रोपाइँसँग सम्बन्धित भएको हुँदा दुबै पाठको विषयगत भिन्नताका कारण शब्दभण्डारमा सामाञ्जस्य रहेको देखिँदैन । पाठमा खस भाषाका शब्दहरूको अधिकतमा बाहुल्य पाइन्छ भने वाक्यका दृष्टिले चुड्किलो पाँच शब्दका हरूले सृजित छ तर एउटा मात्र “ डिला लस्क्याई भिटा छप्क्याई मार्सी धानयँ ” (पृ. २६ रोपाइको चुड्किलो) हरफमा छ ओटा शब्द रहेको देखिन्छ । चुड्किलोभन्दा अगाडिको अग्रानुच्छेदमा रहेका वाक्यहरू तीनदेखि छ ओटा शब्दबाट बनेका देखिन्छन् । चुड्किलोले कर्णाली तथा जुम्लाको संस्कृतिको उजागर गर्न खोजेको देखिन्छ ।

‘ यक्ष र तन्तुकार ’ शीर्षकको लोककथा छैटौँ पाठमा समावेश छ । कथामा अघिल्लो पाठमा रहेको ‘देउता’ शब्दबाहेक सबै नयाँ शब्दहरू रहेका देखिन्छन् । अघिल्लो पाठ रोपाइँको चुड्किलो र

पछिल्लो पाठ लोक कथा भएकाले विषयवस्तुगत भिन्नताको परिणाम स्वरूप पाठहरूमा समान शब्दहरूको अति न्यूनता देखिएको पाइन्छ । अधिकतम खस भाषाको प्रयोग भएको पाठमा “ तो राजा होलास् । म मन्त्री हुँना । दुबैजना स्वर्गको सुख भोगौना ” (पृ. ३० यक्ष र तन्तुकार) जस्ता तीन शब्ददेखि माथिका वाक्यहरूको बाहुल्य देखिन्छ । सबैभन्दा धेरै चौध शब्दबाट बनेको “ लडाईँ झकडा र किचलो सईकन राजा हुनुभन्ना हामीकन हाम्मै काम ठिक छ ” घरिनाले भनी ” (पृ. ३१ यक्ष र तन्तुकार) वाक्य रहेको पाइएको छ । पाँचदेखि नौ शब्दबाट बनेका वाक्यहरू पाठमा धेरै रहेको देखिन्छ । पाठमा रहेका शब्दभण्डार तथा भाषाले कर्णालीको लोक कथाको परम्परालाई प्रस्तुत गरेको छ ।

पाठ सातमा 'आराम खेल' शीर्षकको पाठ राखिएको छ । पाठ जुम्ला तथा कर्णालीमा बालबालिकाद्वारा खेलिने स्थानीय खेलको परिचय र खेलको विधिसँग सम्बन्धित रहेको छ । पाठ अघिल्लो पाठभन्दा भिन्न विषयवस्तुमा रहेकाले अघिल्लो पाठसँग अन्तरसम्बन्धित देखिँदैन । अघिल्लो पाठबाट 'दुई', 'हात', 'एक', 'कपाल', 'सबै', 'हुँदोछ', 'आम्ना' आदि शब्दहरू मात्र दोहोरिएका र अन्य सबै शब्दहरू नयाँ मात्र रहेको पाइएको छ । प्राय सबै शब्दहरू खस भाषाका रहेको पाठमा सबैभन्दा कम तीन शब्दले बनेको एउटा मात्र वाक्य देखिन्छ भने त्ससपछि सोह्र सत्र अक्षरका वाक्यहरू छन् । आठदेखि बाह्र शब्दका वाक्यहरू अधिकतम रहेका छन् । सबैभन्दा धेरै शब्द प्रयोगका हिसाबले एक्काइस शब्दको वाक्य रहेको देखिन्छ । जुन यस्तो छ “ उठ कि बस गर्न्या बेला हात्या खेल भया उल्टो फर्किकन र गोड्या खेल भया खुट्टाले ठेल्योर ४ बाट छैटामा आराम फाल्न्या” (पृ. ३५) । यस्ता लामा र जटिल वाक्य आधारभूत तहका लागि अनुपयोगी मात्र होइन वर्जित नै हुन्छन् तर पनि पाठमा अधिकतम लामा वाक्यहरूको प्रयोग गरिएको पाइन्छ । पाठले स्थानीय बालबालिकाले खेल्ने खेलको परिचय र विधि उल्लेख गरेर स्थानीय विषयवस्तुलाई महत्त्वका साथ पुस्तकमा स्थान दिइएको पाइन्छ ।

‘पुराना देवल’ पाठमा अघिल्लो पाठबाट दोहोरिएका 'भन्नाछन्', 'हुँदाछन्', 'ढुङ्गा' जस्ता शब्दहरू मात्र रहेका छन् । बाँकी सबै नयाँ शब्दहरू रहेको देखिन्छ । अघिल्लो पाठ बालबालिकाले खेल्ने खेलसँग सम्बन्धित भएकाले विषयगत निकटता नहुँदा पूरै पृथक् शब्दहरूको प्रयोग भएको छ । अधिकतम वाक्यहरू आठदेखि एघार शब्दबाट बनेका देखिन्छन् भने सबैभन्दा कम तीन शब्दबाट बनेका चार ओटा वाक्य मात्र रहेका पाइएको छ । “ हेर्‍यापै राम्डो देखिन्या र बदिलो हुनाले देवल जो

क्या छ त ? भन्या आँहान गाउँघर चल्याको छ " (पृ. ४० पुराना देवल) । यो पाठमा रहेको सबैभन्दा लामो वाक्य हो । पाठमा रहेका धेरै शब्दहरू तीन कक्षाका लागि कठिन प्रकृतिका देखिन्छन् ।

नवौं पाठ 'देउडा' मा अघिल्लो पाठबाट 'सिँजा', 'गाआँ', 'आम्ना', 'देवल', 'धर्म', 'हिन्दु', 'बुद्ध', 'राज्य' र 'विहार' जस्ता सीमित शब्दहरू मात्र दोहोरिएको पइएको छ । यस पाठको पनि अघिल्लो पाठसँग खासै विषयगत निकटता नरहेकोले प्राय सबै शब्दहरू नयाँ नै भएको देखिन्छ । अग्रभागमा सामान्य परिचय र त्यपछि देउडाको नमुना रहेको पाठमा अग्रभागको अनुच्छेदमा छ शब्ददेखि एघार शब्द रहेका वाक्यहरू छन् । देउडामा पाँच र छ शब्दका हरफरहरू रहेको देखिन्छ । 'काल्या र साप' पाठमा 'कर्नाली' शब्द बाहेक सबै नयाँ शब्दद्वारा पाठ निर्माण भएको पाइएको छ । यस पाठमा पनि तीन र चार शब्दबाट बनेका वाक्यहरू एकदम कम छन् भने छदेखि आठ शब्दबाट बनेका वाक्यहरू अधिकतमा रहेको पाइएको छ । पाठ एघारमा रहेको 'प्राचीन सिँजा साम्राज्य' मा अघिल्लो पाठबाट एक, तई, मान्ठ, तेइबिअ, आम्नु जस्ता सीमित शब्दहरू मात्र दोहोरिएका छन् । पाठमा पाँचदेखि एघार शब्दसम्मका वाक्यहरूको बाहुल्य देखिन्छ । पाठमा रहेको सबैभन्दा लामो तथा धेरै शब्दहरूबाट बनेको वाक्य यस्तो छ " उत्तरमा तिब्बतको खारी प्रदेशदै दख्खिनमा बोधगयासम्म सिँजाका राजाले राज गऱ्याका छिया भनी इतिहाँसमा लेखियाको छ " (पृ. ५२ प्राचीन सिँजा) । अरू पाठ जस्तै यस पाठमा पनि अधिक वाक्यहरू आधारभूत तहका विद्यार्थीहरूको स्तरअनुकूल देखिँदैनन् ।

'झ्यादेव' शीर्षकको पाठमा तिब्बत, सिँजा, मान्ठ, छिया, हुन, पनि, शब्दहरू मात्र दोहोरिएका देखिन्छन् । अरु सबै शब्दहरू नयाँ रहेको पाठमा रहेका शब्दहरू विद्यार्थीको स्तरअनुकूल देखिँदैनन् । अन्य पाठमा झै लामा तथा धेरै शब्दहरूबाट बनेका वाक्यहरू रहेका देखिन्छन् । पाठमा रहेको सबैभन्दा लामो वाक्यको रूपमा " बैसाग पुनी, साउन पुनी , कात्तिक पुनी र माग पुनी यई देउताको पूजा लाग्दोछ " (पृ. ५८) । रहेको छ । पाठहरूको विषयवस्तु फरक हुँदा शब्द र वाक्यका दृष्टिले अघिल्लो पाठसँग अन्तरसम्बन्धित देखिँदैन । तेह्रौं पाठमा अघिल्ला पाठबाट 'आम्ना', 'मान्ठ', 'देउता', 'छिया', 'सबै' , 'हुन' जस्ता सीमित शब्दहरूबाहेक सबै शब्द नयाँ देखिन्छन् । पाठमा चारदेखि माथि र आठ शब्दसम्मका वाक्यहरूको बाहुल्य रहेको पाइएको छ । सबै भन्दा कम शब्द प्रयोग भएको " हुड्को समात्याका छिया " (पृ. ६२ हुड्क्या नाच) । एक मात्र वाक्य पाइएको छ भने सबैभन्दा लामो वाक्य " रामकली र पिउली

हुड्क्या नाच हेर्दै आम्ना मोबाइलमै खिच्न लागिन " (पृ. ६२) । रहेको छ । पाठ शब्दभण्डार र वाक्यका दृष्टिले बालबालिकाको स्तरका दृष्टिमा मध्यम स्तरको देखिन्छ ।

'बाल कविता' पाठमा अघिल्लो पाठमा रहेका सबै र बाटो शब्द मात्र दोहोरिएको देखिन्छ । कवितामा तीन र चार शब्दका हरफहरू रहेका छन् । कवितामा रहेका शब्दहरू लक्षित विद्यार्थीको स्तर र क्षमताभन्दा केही कठिन देखिन्छन् । पाठ पन्ध्रमा रहेको 'चुफ्या' मा अघिल्लो पाठमा रहेका सबै शब्दबाहेक कुनै पनि नयाँ शब्दहरू दोहोरिएका पाइएनन् । पाठमा छदेखि नौ शब्दसम्मका वाक्यहरू धेरै रहेका देखिन्छन् भने सबैभन्दा कम दुई शब्दको वाक्य छ र सबैभन्दा बढी तेह्र शब्दको वाक्य रहेको छ । "चुफ्या बस्यो " (पृ. ७१ चुफ्या) । पाठमा रहेको सबैभन्दा कम शब्दहरू प्रयोगबाट बनेको शब्द हो भने सबैभन्दा धेरै शब्दहरूबाट बनेको वाक्य " पासा खेली हार्‍यापै चुफ्या घोड्याकमारो हुन्या र झित्यापै छोट्टी पोइल जान्या बाजी छियो " (पृ. ७२ चुफ्या) । रहेको पाइएको छ ।

सोह्रौँ तथा अन्तिमा पाठको रूपमा रहेको ' सिँजा गाउँपालिकाको राजनीतिक संरचना ' मा 'सबै' शब्दबाहेक पूर्ण रूपमा नयाँ शब्दको मात्र प्रयोग भएको देखिन्छ । पाठमा धेरै शब्दबाट बनेका वाक्यहरूको बाहुल्य देखिन्छ । विश्लेषण गर्दा शब्दभण्डार र वाक्यका दृष्टिले पाठ्यपुस्तक विद्यार्थीको स्तर र क्षमता प्रतिकुल देखिन्छ । अघिल्ला पाठ र पछिल्ला पाठहरूबिच विषयगत निकटता र समानता देखिँदैन । हरेक नयाँ पाठ आउँदा अधिकतम शब्दहरू दोहोरिनु पर्नेमा सीमित शब्दबाहेक पाठमा नयाँ शब्दहरूको प्रयोग गरेर शब्द थोपर्ने काम भएको देख्न सकिन्छ । पाठहरूमा शब्दार्थ दिनुपर्नेमा त्यस किसिमको व्यवस्था देखिँदैन । त्यस्तै पाठमा विद्यार्थीको क्षमताभन्दा कठिन शब्द र वाक्यहरूको प्रयोग अधिक देखिन्छ । धेरै शब्दबाट बनेका वाक्यहरूले सबै पाठहरू जटिल बनेको देख्न सकिन्छ । एक्काइस शब्दबाट बनेका वाक्य समेत पाठमा रहेका देखिन्छन् ।

पाठ्यपुस्तकमा समाविष्ट अभ्यास

पाठ्यपुस्तकमा अभ्यासको महत्त्वपूर्ण स्थान रहन्छ । अभ्यायले निपूर्णता बढाउने भएकाले पाठ्यपुस्तकमा पनि अभ्यासको मात्र बढी हुनुपर्ने देखिन्छ । अभ्यासको आवश्यकताका सम्बन्धमा पौडेल (२०७९) ले भनेका छन् " विभिन्न शीर्षक, विधा र विषयवस्तुमा आधारित पाठ्यवस्तुहरूको शिक्षण अभ्यासकेन्द्री भएर प्रस्तुत गर्नु जरुरी देखिन्छ । कक्षा वा तहको स्तर र आवश्यकता हेरी हरेक

पाठपछि उपयुक्त र पर्याप्त अभ्यासको व्यवस्था गर्न जरुरी छ " (पृ. १५७) । यसरी पर्याप्त अभ्यासबिनाको पाठ्यपुस्तक उपयोगी र अर्थपूर्ण हुन सक्दैन ।

अनुसन्धेय पाठ्यपुस्तकमा 'तलका शब्द र तिनुका अर्थको जोडा मिलाओ' , 'तल दियाका शब्दबाटि वाक्य बनाओ', 'खाली ठाउँ भर' , 'दियाका सवालको उत्तरा फर्काओ' , 'शब्द शुद्ध गरिकन पड' आदि उपशीर्षकमा अभ्यासहरूको व्यवस्था गरिएको छ भने सिर्जनात्मक प्रकृतिका अभ्यासहरू पनि पाठमा समावेश गरिएको देखिन्छ । पहिलो पाठमा शब्द र अर्थको जोडा मिलाउने, शब्दबाट वाक्य बनाउने, देखे सुनेको कुरा लेख्ने, पङ्तिबाट नभएको हरफ लेख्ने, पाठको जस्तै चुड्किलो घरबाट लेखेर ल्याउने आदि अभ्यास समावेश छन् तर उपलब्ध अभ्यासहरू पर्याप्त छैनन् । सुनाइ , बोलाइ , पढाइ र लेखाइसँग सम्बन्धित सिपको विकासका लागि अभ्यासहरू देखिँदैनन् । यस किसिमले अभ्यासमा पर्याप्तता नहुँदा विद्यार्थीहरूले अभ्यास गरेर सिकाइलाई अझ मझबुत र स्थायी बनाउन सक्ने अवसर पाठ्यपुस्तकले सृजना गर्न सकेको देखिँदैन । भाषिक सिपसँग सम्बन्धित अभ्यासहरूको कमीले विद्यार्थीमा खस भाषाको विकासमा बाधा पुग्ने स्थिति सृजना भएको छ ।

दोस्रो पाठमा पनि शब्दार्थको जोडा मिलाउने, मिल्ने शब्द राखेर खाली ठाउँ भर्ने, शब्दको अर्थ खुल्नेगरी वाक्यमा प्रयोग गर्ने, प्रश्नको उत्तर लेख्ने, आफ्नो विचार प्रस्तुत गर्नका लागि मौलिक अभिव्यक्तिसँग सम्बन्धित अभ्यास आदिको व्यवस्था गरिएको पाइएको छ । यस पाठमा पनि भाषिक सिपसँग सम्बन्धित क्षमता विकासका अभ्यासहरूको कमी रहेको देखिन्छ भने शब्दभण्डार क्षमताको विकासमा केही जोड दिइएको पाइएको छ । त्यस्तै सिर्जनात्मक क्षमता विकास गराउने, पठन कला, लेखन कला, श्रवण कलासँग सम्बन्धित अभ्यासको कमी रहेको देखिन्छ । यसरी भाषिक सिपसँग सम्बन्धित अभ्यासहरूले भाषाको विकासमा असहजता ल्याउनुका साथै सिर्जनात्मक अभ्यास र श्रवण तथा लेखन कलासँग सम्बन्धित अभ्यासको कमीले विद्यार्थीमा सृजनात्मक क्षमताको विकास र लेखन सिपको विकासमा दक्षता ल्याउन नसक्ने देखिएको छ ।

तेस्रो पाठ ' राडी पाखी ' मा पनि शब्द र अर्थको जोडा मिलाउने, शब्दलाई वाक्यमा प्रयोग गर्ने , प्रश्नको उत्तर दिने , साथै विवरणात्मक र सिर्जनात्मक उत्तर दिने, खाली ठाउँ भर्ने आदि अभ्यास रहेको पाइएको छ । अभ्यासहरू नमुनाको रूपमा मात्र रहेको र पर्याप्त नरहेको देखिन्छ । भाषिक सिपसँग

सम्बन्धित अभ्यासको अभाव देखिएको छ । चौथो पाठ ‘ जडीबुटी ’ को अभ्यासमा सुनाइ सिपसँग सम्बन्धित अभ्यास रहेको देखिन्छ भने शब्दको अर्थमा जोडा मिलाउने , शब्दलाई पढेर लेख्ने , शब्दबाट वाक्य बनाउने , प्रश्नको उत्तर दिने र परियोजना तथा सिर्जनात्मक अभ्यासहरू समावेश छ । सुनाइबाहेक भाषाका अन्य सिपसँग सम्बन्धित अभ्यासहरूको कमी देखिन्छ भने शब्दभण्डारलाई जोड दिएको पाइएको छ । ‘ रोपाइँको चुड्किलो ’ पाठमा पढाइ सिपसँग सम्बन्धित शुद्ध गरेर पढ्ने र चुड्किलो पढ्ने तथा भन्ने , शब्दबाट वाक्यहरू बनाउने , उत्तर लेख्ने , सिर्जनात्मक कार्यसँग सम्बन्धित अभ्यास रहेका देखिन्छन् । यस पाठमा पढाइ सिप र शब्दभण्डार क्षमतासँग सम्बन्धित अभ्यासलाई बढी जोड दिइएको छ भने सुनाइ , बोलाइ सिप विकासका अभ्यासहरूको कमी भएको नतिजा प्राप्त भएको छ ।

यस किसिमले पाठहरूमा भएका अभ्यासहरूको सन्तुलन नमिल्नु, पढाइ र शब्दभण्डार क्षमताको विकाससँग सम्बन्धित अभ्यासहरूमा बढी केन्द्रित हुनु, सुनाइ र बोलाइ सिपसँग सम्बन्धित अभ्यासहरूको कमी हुनु पाठ्यपुस्तकका कमजोरी हुन् । यसले विद्यार्थीको सर्वपक्षीय विकासमा सहयोग गर्न नसक्ने देखिन्छ ।

छैटौँ पाठमा रहेको ‘ यक्ष र तन्तुकार ’ को अभ्यासहरूमा शब्दबाट वाक्य बनाउने , प्रश्नको उत्तर दिने , मिल्ने शब्द जोडा मिलाउने र बोध अभिव्यक्तिको विकास गराउने किसिमका अभ्यासहरू राखिएको छ । सुनाइ, पढाइ र लेखाइ सिपसँग सम्बन्धित र सिर्जनात्मक सिपमा आधारित अभ्यासहरूको कमी देखिन्छ । ‘ आराम खेल ’ शीर्षकको पाठमा शुद्ध गरी पढ्ने , मिल्ने शब्द खाली ठाउँमा भर्ने , प्रश्नको उत्तर दिने , शब्दबाट वाक्य बनाउने त्यस्तै तिम्रो गाउँमा खेलिने खेल सिकेर आइ साथीहरूसँग खेल, आराम खेलबाट जोड , घटाउ , गुणन , भागका क्रियाकलाप गर जस्ता अनुभव तथा प्रयोगात्मक प्रकृतिको अभ्यासहरू राखिएको छ । सुनाइ, बोलाइ र लेखाइका अभ्यासहरूको कमी देखिन्छ । यस पाठको अभ्यासमा पनि अरू जस्तै शब्दभण्डार सम्बन्धी अभ्यासहरूलाई जोड दिइएको छ । सुनाइ र बोलाइ सिपको विकास गर्न सहयोग पुऱ्याउन नसक्ने र शब्दभण्डार क्षमताको विकासमा केन्द्रित हुनु पाठ्यपुस्तक अभ्यासका दृष्टिमा कमजोर मान्न सकिन्छ ।

‘ पुराना देवल ’ पाठमा शब्दलाई शुद्ध गरी पढ्ने , शब्दको अर्थसँग जोडा मिलाउने , सवालको जवाफ दिने , शब्दबाट वाक्य बनाउने , घर नजिकै रहेका देवल आदिको अवलोकन गरी लेख भनेर

परियोजाकार्य जस्तो अभ्यास राखिएको पाइएको छ । पढाइ सिपबाहेक भाषिक सिपका अन्य विषयसँग सम्बन्धित अभ्यासहरूको व्यवस्था गरिएको पाइँदैन । ‘ देउडा ’ पाठमा पनि शब्दको अर्थसँग जोडा मिलाउने , सवालको जवाफ देउ , दिइएका देउडा जस्तै देउडा लेख , दिइएको देउडा गाऊ , देउडा खेलाडीसँग देउडा सिकेर आउ , माथिको देउडा जस्तै देउडा लेख जस्ता अभ्यासहरू दिइएको छ । सुनाइ सिपसँग सम्बन्धित अभ्यासहरू नभए पनि अन्य सिपमा आधारित अभ्यास समेट्ने कोसिस गरेको देखिन्छ । कक्षा तीनका विद्यार्थीहरूले माथिको देउडा जस्तै देउडा लेख जस्ता अभ्यास राखेर स्तर र क्षमताको उपेक्षा गरेको देखिन्छ भने यसमा पनि शब्दभण्डारलाई नै जोड दिइएको पाइएको छ ।

‘ काल्या र साप ’ शीर्षकको पाठमा रहेका अभ्यासहरू पनि अघिल्ला पाठका अभ्यासहरू कै पुनरावृत्ति नै देखिन्छन् । शब्दको अर्थसँग जोडा मिलाउने , शब्दहरू शुद्ध गरी पढ्ने , सवालको उत्तर दिने, शब्दबाट वाक्य बनाउने , सही र गलत वाक्य पहिचान गर्ने , साइतरको पात्र तिमी भएको भए तिमी के गर्थ्यौ , घरबाट साइतर सिकेर आउ र कक्षामा भन जस्ता अभ्यासहरू समावेश छन् । पढाइ र लेखाइ सिप तथा सिर्जनात्मक सिपसँग सम्बन्धित अभ्यासहरू समावेश गरेको पाइँदैन भने सीमित शब्द पढ्न निर्देश गरेको अभ्यासले पढाइ सिपमा पनि पर्याप्त अभ्यास नहुने देखिन्छ । एघारौँ पाठमा रहेको ‘ प्राचीन सिँजा साम्राज्य ’ पाठमा शब्द र अर्थको जोडा मिलाउ , सवालको जवाफ देउ , खाली ठाउँमा मिल्ले शब्द भर, गाउँको इतिहास के छ सोधेर ल्याई शिक्षकलाई भन्न , चित्र हेर र कुराकानी गर , इतिहासबाट सिक्ने विषयबारे छलफल गर , सिँजाका चित्रहरू हरेर पहिचान गर जस्ता अभ्यासहरू रहेका छन् । अभ्यासमा बोलाइ सिपलाई केही समेट्न खोजे पनि अन्य सिपमा त्यति उदार देखिँदैन भने इतिहासबारे छलफल गर भन्ने अभ्यास विद्यार्थीको स्तर र क्षमताअनुकूल देखिँदैन । अन्य अभ्यासहरूमा जस्तै यस पाठको अभ्यासमा पनि शब्दभण्डारलाई मात्र जोड दिइएको पाइएको छ ।

‘ झ्यादेव ’ पाठमा रहेका अभ्यासहरू पनि अरू पाठका अभ्यास जस्तै शब्द र अर्थको जोडा मिलाउ , सवालको जवाफ देऊ , वाक्यमा प्रयोग गर , उचित शब्द मिल्ने ठाउँमा भर , तिम्रो गाउँको थानको चित्र बनाउ र त्यहाँको देउताको इतिहास लेख , सिजामा लाग्ने पाँच ओटा पैठको नाम भन , पैठ हेर्न जाँदाका आफ्ना कुराकानी भन जस्ता अभ्यासहरू रहेको देखिन्छन् । बोलाइ र लेखाइसम्बन्धी अभ्यास समावेश गर्ने प्रयत्न गरे पनि अझै पर्याप्त देखिँदैन भने पढाइ र सुनाइका अभ्यासहरू समावेश

गरिएको पाइएन । त्यस्तै तिम्रो गाउँको थानको चित्र बनाउ र त्यहाँको देउताको इतिहास खोज भन्ने अभ्यासमा चित्र बनाउने विषय उपयुक्त रहे पनि देउताको इतिहास खोज्न निर्देशन दिने अभ्यास विद्यार्थीको स्तर र क्षमताअनुकूल देखिँदैन ।

' हुड्क्या नाच ' पाठमा सवालको जवाफ लेख , वाक्यमा प्रयोग गर , शब्द र अर्थको जोडा मिलाउ , तिम्रा गाउँमा नाचिने हुड्क्या नाचको चित्र बनाऊ , साथीहरूसँग हुड्क्या नाचको अभिनय गर , हुड्क्याबाट विज्ञानका के के आधारभूत कुरा सिकिन्छन् छलफल चलाऊ भनी निर्देशन दिने जस्ता अभ्यासहरू समावेश छन् । हुड्क्या नाचको अभिनय गर्ने अभ्यास उपयोगी हुने देखिए पनि हुड्क्याबाट विज्ञानका के के विषय सिकिन्छन् भन्ने पाठमा कहीँ कतै सङ्केत नभएको विषयमा तीन कक्षाका विद्यार्थीहरूलाई अभ्यास दिनु स्तर सान्दर्भिक देखिँदैन । त्यस्तै भाषिक सिपका सबै विषयलाई यसले समेटेको पाइँदैन । ' बाल कविता ' पाठमा शब्दको वाक्यमा प्रयोग गर , शब्दको अर्थसँग जोडा मिलाऊ , सवालको जवाफ देऊ , खाली ठाउँमा सही शब्द भर , माथिको जसो बालगीत लेख र सुनाऊ आदि अभ्यासहरू रहेका छन् । यस पाठका अभ्यासहरूले सुनाइ , बोलाइ , पढाइका क्षेत्रलाई पुरै बेवास्ता गरेको र शब्दभण्डार क्षमताको विकासमा मात्र केन्द्रित देखिन्छ ।

पन्ध्रौँ पाठ ' चुफ्या ' र सोह्रौँ तथा अन्तिम पाठ ' सिँजा गाउँपालिकाको राजनीतिक संरचना ' मा पनि शब्दभण्डार र प्रश्नोत्तरलाई नै बढी जोड दिएको पाइएको छ । समग्रमा पुस्तकमा रहेका अभ्यासहरू शब्दभण्डार क्षमता अभिवृद्धिमा केन्द्रित देखिन्छन् भने अन्य भाषिक सिप तथा सिर्जनात्मक सिप विकासका लागि सीमित मात्रामा मात्र अभ्यास राखिएको देखिन्छ । पाठ्यपुस्तकका सबै पाठमा अभ्यासको मात्र कमी रहेको देखिन्छ ।

समग्रमा अभ्यासका दृष्टिले पाठ्यपुस्तकको विश्लेषण गर्दा शब्दभण्डार क्षमताको विकासमा बढी केन्द्रित हुनु र कुनै पाठ सुनाइ सिपको विकासका सम्बन्धित अभ्यासको संयोजनका दृष्टिले, कुनै पाठ बोलाइ, पढाइ लेखाइ सिप विकासका अभ्यास समायोजनमा कमजोर देखिएका छन् । पाठ्यपुस्तकमा सिर्जनात्मक र स्वतन्त्र लेखन सिपसँग सम्बन्धित अभ्यासको कमी भएकाले विद्यार्थीमा सिर्जनात्मकताको विकास गराउन सक्षम नहुने स्थिति छ । यसरी अभ्यासमा विविधता र पर्याप्तता नहुनु

पाठ्यपुस्तकको मुख्य कमजोर पक्ष हो। त्यसैले अनुसन्धित पाठ्यपुस्तक अभ्यासको समायोजनका दृष्टिले सन्तोषजन देखिँदैन।

पाठ्यपुस्तकको बाह्य संरचना

गुणस्तरीय पाठ्यपुस्तकका लागि आन्तरिक तथा बाह्य संरचना उपयुक्त हुन जरुरी हुन्छ। बनोट , कागजको स्तर , चित्रमा प्रयोग गरिएको रङ् , छपाइ तथा बँधाइ लगायतका कुराहरू उपयुक्त ढङ्गले संयोजन गरिएको पुस्तक मात्र विद्यार्थीको सिकाइलाई प्रभावकारी बनाउन सहयोगी सामग्री बन्न सक्छ। अध्ययनमा समावेश पुस्तकलाई बाह्य संरचनाका आधारमा पनि विश्लेषण गरिएको छ।

बनोट

पाठ्यपुस्तकको बनोटले आकारप्रकार तथा पुस्तकको बाहिरी आकर्षकतालाई बुझाउँछ। पाठ्यपुस्तकको आवरण बाक्लो र आकर्षक कागतले बनेको हुनु उपयुक्त हुन्छ। पुस्तक हेर्नेबित्तिकै विद्यार्थीमा किताब हेरौँ र पढौँ भन्ने भाव जागाउने किसिमको हुन सान्दर्भिक मानिन्छ। पाठ्यपुस्तकको बनोटका विषयमा पौडेल (२०७९) भन्छन् “ भाषा पाठ्यपुस्तकको आवरण पृष्ठ बाक्लो र बलियो कागतमा हुनु जति जरुरी देखिन्छ त्यत्तिकै रङ्गीन र आकर्षक हुनु पनि जरुरी मानिन्छ ” (पृ . १४७)। बाक्लो कागजको गाता भएको , रङ्गीन आवरणको भएको , उपयुक्त आकार र मोटाइको पुस्तक विद्यार्थी अनुकूल हुने देखिन्छ। अनुसन्धानमा समावेश पाठ्यपुस्तक बनोटका हिसाबले उपयुक्त देखिन्छ। पुस्तकको आवरणमा बाक्लो र चिल्लो कागतको प्रयोग गरिएको र पानीबाट नभिज्ने गरी प्लास्टिक कोडेड गरिएको पाइएको छ। त्यस्तै आवरणमा प्रयोग गरिएका चित्रहरू पनि खस भाषाको पाठ्यपुस्तकको मर्मलाई सम्बोधन गर्ने सकिने आकर्षक र रङ्गीन भएकाले पुस्तक खस भाषी विद्यार्थीको लागि उपयुक्त देखिन्छ। आकारका दृष्टिले मध्यम खाले र विद्यार्थीले सहजै प्रयोग गर्न तथा बोक्न सकिने गरी उपयुक्त मोटाइ भएको देखिन्छ। समग्रमा बनोटका आधारमा पुस्तक कक्षा तीनका विद्यार्थी अनुकूल र उपयुक्त देखिन्छ।

छपाइ र बँधाइ

पाठ्यपुस्तकलाई अझ उपयोगी बनाउनका लागि छपाइ र बँधाइको पनि उत्तिकै महत्त्व हुने गर्दछ। उपयुक्त छपाइ र बँधाइ भएको पुस्तक विद्यार्थीले सहजै र रुचिपूर्ण तरिकाले उपयोग गर्न सक्दछन्।

उपयुक्त मसीको प्रयोग , आवश्यक अन्तराल तथा किनारा छोडाइ , बलियो बँधाइ आदि आधारभूत पक्ष छपाइ र बँधाइका लागि महत्त्वपूर्ण विषयहरू हुन । ‘ खस भाषा र संस्कृति ’ कक्षा तीनको पाठ्यपुस्तकको छपाइ तथा बँधाइ उपयुक्त रहेको देखिन्छ । पुस्तकमा चित्र आदिका लागि मसी नउड्ने र नफुल्ने विभिन्न रङको प्रयोग गरिएको छ । शीर्षक , उपशीर्षकका लागि गाढा अक्षरमा भिन्न रङको गाढा प्रयोग देखिन्छ भने आवश्यकताअनुसार चहक पनि दिइएको पाइएको छ । अभ्यास खण्डमा रहेका शब्दहरूको समूहलाई विभिन्न रङ्गको पृष्ठभूमिमा राखेर आकर्षक बनाउन खोजिएको देखिन्छ । त्यसै गरी अन्तराल तथा किनारा छोडाइलाई पनि विशेष ख्याल गरिएको पाइएको छ । बँधाइ पनि उपयुक्त रहेको पातलै आकारमा रहेको पुस्तकमा बलियो स्टिज गरेर पानाहरू नउप्किने बनाइएको छ । पुस्तकका सबै पानाहरूलाई सहजै पल्टाउन मिल्ने गरी व्यवस्थित गरिएको देखिन्छ । त्यसैले छपाइ तथा बँधाइका दृष्टिले पाठ्यपुस्तक उपयुक्त र सान्दर्भिका रहेको देखिन्छ ।

कागजको स्तर

पाठ्यपुस्तकमा प्रयोग गरिने कागज स्तरीय हुन आवश्यक हुन्छ । सेतो सफा देखिने , चिल्लो र आकर्षक हुन जरुरी हुन्छ । आकर्षक पाठ्यपुस्तकले नै विद्यार्थीलाई आकर्षित गर्दछ र सिकाइमा प्रेरित गर्न सक्दछ । पाठ्यपुस्तकमा प्रयोग गरिने कागतको प्रयोका सन्दर्भमा लामिछाने (२०७५) ले भनेका छन् “कागत चिल्लो , मसिनो , राम्रो , सेतो र बाक्लो खालको हुनुपर्छ । पाठ्यपुस्तकको कागत हेर्दैमा विद्यार्थीका मनमा पढूँ पढूँ भन्ने भावना जाग्ने खालको हुनुपर्छ ” (पृ . ८२) । अनुसन्धानमा समावेश ‘खस भाषा र संस्कृति’ कक्षा तीन नामक पाठ्यपुस्तकमा प्रयोग गरिएको काजगको गुणस्तर उपयुक्त देखिएको छ । बाक्लो तथा चिल्लो कागज प्रयोग गरिएकाले पाठ्यपुस्तक विद्यार्थीका लागि आकर्षक देखिन्छ ।

लक्षित समूह छलफलमा सहभागी विद्यार्थीहरूलाई कुन किताबका पानाहरू राम्रा छन् त भन्ने प्रश्नको प्रतिक्रिया स्वरूप उनीहरूले भनाइ यस्तो रहेको छ " सबैका राम्रा छन् । यसका चिल्ला छन् सेरोफेरोको अलि कच्चा छ, कापीको पाना जस्तो छ, त्यसैले यो राम्रो भयो । यसको चिप्लो हुन्छ । विद्यार्थीहरूको प्रतिक्रियाअनुसार पाठ्यपुस्तक विद्यार्थीहरूले रुचाएको, चिल्लो र गुणस्तरीय कागजको प्रयोग भएको देखिन्छ । सेतो भुइँमा आवश्यकताअनुसारको विभिन्न रङ प्रयोग गरिएको पुस्तक दोब्रिने

तथा च्यातिने समस्या नहुने किसिमले बलियो कागज प्रयोग गरिएको देखिन्छ । देख्दैमा मैलो जस्तो छुँदैमा च्यातिने समस्याबाट मुक्त रहेको पुस्तकमा प्रयोग गरिएको कागज उच्च स्तरको भएकाले उपयुक्त देखिन्छ ।

मूल्य र सुलभता

पाठ्यपुस्तक विद्यार्थीहरूको पहुच योग्य हुनका लागि त्यसको मूल्य र सुलभताका दृष्टिले पनि उपयुक्त हुन जरुरी हुन्छ । अनुसन्धानमा उपयोग गरिएको पाठ्यपुस्तकमा कुनै पनि मूल्य निर्धारण गरिएको पाइदैन भने विद्यार्थीहरूलाई स्थानीय सिँजा गाउँपालिकाले निशुल्क वितरण गरेको पाइएको छ । विद्यार्थीहरूले कुनै मूल्य नतिरेरै निशुल्क रूपमा प्राप्त गर्ने भएकाले पाठ्यपुस्तक मूल्य र सुलभताका दृष्टिले उपयोगी रहेको देखिन्छ तथापि सधैँ गाउँपालिकाले निशुल्क वितरण गर्न सक्ने वातावरण नहुन पनि सक्छ । स्थानीय तहले फेरि पाठ्यपुस्तक वितरण नगर्दा कार्यान्वयमा समेत समस्या भएकाले पाठ्यपुस्तक पुनः विद्यार्थीले पाउनुपर्ने धारणा राख्दै अनुसन्धानका सहभागी ‘ट’ ले व्यक्त गरेको धारणा यस्तो छ “ पाठ्यपुस्तक हुँदा त धैरै राम्रो नी विद्यार्थीलाई हेर्न पनि सजिलो, सिक्न पनि सजिलो हुन्छ । उनीहरू आफैले हेर्न पनि सजिलो हुन्छ नि त ” (अन्तर्वार्ता) । त्यस किसिमको धारणा राख्ने क्रममा शिक्षक तथा सहभागी ‘ज’ ले यस्तो भनेका छन् “ पूर्ण कार्यान्वयन नगराउने ताकेता नगाउने का हुन्छ ? यसमा पनि ताकेता नगराउने के छ भने पाठ्यपुस्तक उपलब्ध नगराउने कसरी कार्यान्वयन हुन्छ ? ” (अन्तर्वार्ता) । पाठ्यपुस्तक उपलब्ध नगराउँदा कार्यान्वयनमा समेत असर परेको सहभागीको भनाइबाट प्रस्ट हुन्छ । कार्यान्वयनमा समेत समस्या आउनुभन्दा सिँजा गाउँपालिकाले विद्यार्थीको अनुकूल हुनेगरी पाठ्यपुस्तकको मूल्य निर्धारण गरी सहजै सुलभ मूल्यमा उपयोग गर्न पाउने व्यस्था गर्नुपर्ने देखिन्छ ।

समग्रमा बाह्य संरचनाका आधारमा पाठ्यपुस्तक उपयुक्त रहेको देखिन्छ । पाठ्यपुस्तकको बनोट पनि उचित र आकर्षक रहेको, छपाइ तथा बँधाइ पनि राम्रो रहेको देखिन्छ । त्यस्तै पाठ्यपुस्तकमा प्रयोग गरिएको कागजको स्तर गुणस्तरीय, बाक्लो र चिल्लो रहेको दखिन्छ । विभिन्न रङमा रङ्गीन रहेको पाठ्यपुस्तकको अन्तराल तथा किनारा छोडाइ पनि उपयुक्त रहेको देखिन्छ । विद्यार्थीलाई निशुल्क रूपमा प्राप्त भइरहेको पाठ्यपुस्तक बाह्य संरचनाका दृष्टिले विद्यार्थीहरूका लागि आकर्षक र उपयोगी देखिन्छ ।

समग्रमा यस अध्यायमा अनुसन्धेय पाठ्यपुस्तकको आन्तरिक तथा बाह्य संरचनात्मक विशेषताहरूको विश्लेषण गरिएको छ। विश्लेषणका क्रममा खस भाषा र संस्कृति पाठ्यपुस्तकमा समाविष्ट पाठ्यवस्तु सांस्कृतिक, भाषिक, ऐतिहासिक तथा सामाजिक विषयवस्तुका आधारमा उपयुक्त रहेको वा नरहेको बारे विश्लेषण गरिएको छ। त्यस्तै स्तरण, कठिनाइ स्तर, विषयगत विविधता, अभ्यास र चित्रको अवस्थाको पनि समीक्षा गरिएको छ। अभ्यास, शब्दभण्डार र वाक्यको संयोजन जस्ता विषयमा पाठ्यपुस्तकका के कस्ता सबलता तथा के कस्ता समस्या देखिएको छ भन्ने छलफल गर्नुका साथै बाह्य संरचनात्मक विशेषताहरूको पनि विश्लेषण गरिएको छ।

अध्याय पाँच

खस भाषा पाठ्यपुस्तकको निर्माण, प्रयोग, प्रयोगका चुनौती र सान्दर्भिकता

प्रस्तुत अध्याय पाँचमा अनुसन्धानका दोस्रो र तेस्रो उद्देश्यलाई सम्बोधन गर्ने विषयवस्तुहरूमा विश्लेषण गरिएको छ । त्यस्ता विषयवस्तुहरूमा खस भाषा र पाठ्यपुस्तकको निर्माण, प्रयोग, प्रयोगका चुनौती र सान्दर्भिकता शीर्षकमा पाठ्यपुस्तकको विश्लेषण गरिएको छ । जुन विश्लेषण सहभागीहरूबाट सङ्कलन गरिएको तथ्यका आधारमा गरिएको छ । पाठ्यपुस्तकको निर्माण प्रक्रिया, पाठ्यपुस्तक निर्माण सहभागिता, पाठ्यपुस्तकको प्रयोग अवस्था, पाठ्यपुस्तक प्रयोगका चुनौती, स्थानीय आवश्यकता, भाषिक सांस्कृतिक पहिचान, शिक्षक अभिभावकको अनुभव, पाठ्यपुस्तकको उपयोगिता र पाठ्यपुस्तकको सान्दर्भिकता जस्ता उपशीर्षकमा छलफल तथा विश्लेषण गरिएको छ ।

प्रस्तुत अध्यायमा खस भाषाको पाठ्यपुस्तकको निर्माण प्रक्रियादेखि प्रयोग अवस्था र सान्दर्भिकतासम्मको अध्ययन विश्लेषण गरिएको छ । त्यसका लागि खस भाषाको पाठ्यपुस्तक निर्माणको प्रक्रिया, पाठ्यपुस्तक निर्माण सहभागिता, पाठ्यपुस्तकको प्रयोग अवस्था, पाठ्यपुस्तकको उपयोगिता र सान्दर्भिकता जस्ता उपशीर्षकहरूको संयोजन गरिएको छ । पुस्तक निर्माणमा के कस्तो प्रक्रियाहरू अवलम्बन गरियो , निर्माणमा कुन प्रक्रियाका माध्यमबाट कसकसलाई सहभागी गराइयो, वर्तमान समयमा पाठ्यपुस्तकको प्रयोग अवस्था कस्तो रहेको छ र उक्त पाठ्यपुस्तकको प्रयोग सान्दर्भिकता के कस्तो छ ? भनी अध्ययन विश्लेषण गर्ने कार्य यस अध्यायमा गरिएको छ ।

पाठ्यपुस्तकको निर्माण प्रक्रिया

पाठ्यपुस्तकहरू पाठ्यक्रमका उद्देश्यअनुसार तयार पारिन्छ । पाठ्यक्रम तथा पाठ्यसामग्री विभिन्न प्रक्रियाका आधारमा निर्माण गरिन्छ । विभिन्न प्रक्रियाप पूरा गरी बनेका पाठ्यपुस्तकले मात्र विद्यार्थीहरूको सिकाइलाई प्रभावकारी र गुणस्तरीय बनाउन सक्छ । पाठ्यक्रम निर्माणको प्रक्रियाका सम्बन्धमा आचार्य र अन्य (२०८०) ले आफ्नो पुस्तकमा उल्लेख गरेअनुसार आवश्यकताको पहिचान , नीतिगत निर्णय , पाठ्यक्रम विकास कार्यदल , शिक्षक कार्यशाला , विषय समिति , समन्वय तथा सम्पादन समिति , पाठ्यक्रम स्वीकृति , मूल्याङ्कन तथा सुधार आदि प्रक्रिया तथा चरणका आधारमा पाठ्यक्रमको निर्माण गरिने उल्लेख गरेका छन् । त्यस्तै पाठ्यक्रम तथा पाठ्यपुस्तक विकासका लागि

नेपाल सरकार (२०७६) अनुसार पाठ्यक्रम तथा पाठ्य सामग्री निर्माण कार्यदल बनाई , शिक्षक कार्यशाला , विषयगत समिति , समन्वय तथा सम्पादन समिति आदिको व्यवस्था गरी बनेको पाठ्यपुस्तकलाई स्वीकृत गरेर मुद्रण तथा वितरणको व्यवस्था गरिनुपर्ने उल्लेख छ । त्यस्तै विज्ञको सूची राख्नुपर्ने , प्रतिस्पर्धाबाट लेखक छनोटका लागि नमुना पाठ मूल्याङ्कन गरिनुपर्ने र विभिन्न प्रक्रियाहरू पूरा गरेर प्राप्त पुस्तकलाई मात्र स्वीकृत गर्ने व्यवस्था रहेको देखिन्छ ।

नेपालको संविधान तथा शिक्षा ऐन नियमावलीले स्थानीय तहले आफ्नो मातृभाषामा पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गरी कार्यान्वयन गर्न दिइएको अधिकार सदुपयोग गर्दै जुम्लाको सिँजा गाउँपालिकाले त्यहाका बहुसङख्यक जनसङ्ख्याले बोल्ने खस भाषामा 'खस भाषा र संस्कृति' नामक पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गरेको छ । पाठ्यपुस्तक निर्माणका क्रममा के कस्ता प्रक्रिया तथा चरणहरू पूरा गरेको थियो भन्ने प्रश्नको प्रतिक्रिया दिँदै सिँजा गाउँपालिकाका शिक्षा अधिकृत तथा सहभागी 'क' ले भनेका छन् :

> यस विषयमा हामी अलि अनविज्ञ नै छौँ । तत्कालीन समयमा स्थानीय सरकार बनिसकेपछि सुरुकै फेजमा हो । हामी पछि आयौँ । तत्कालीन समयमा स्रोतव्यक्तिहरू हुनुहुन्थ्यो सायद यो प्रक्रिया अपनाउनुभयो होला भन्ने हामीलाई लाग्छ । यसबारेमा हामी अलि जानकार छैनौँ । विधि त पुग्यो होला भन्ने लाग्छ तर तत्कालीन स्रोत व्यक्तिहरूले कसरी गर्नुभयो प्रस्ट थाह भएन (अन्तर्वार्ता, शिक्षा अधिकृत) ।

सहभागी 'क' ले आफूले स्पष्ट जानकारी नपाएको र केही विज्ञबाट पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण भएको उल्लेख गरेका छन् । यस सन्दर्भमा उनको थप प्रतिक्रिया यस्तो छ :

> नेपाली भाषाको जननीको रूपमा रहेको खस भाषालाई राष्ट्रिय स्तरमा स्थापित गर्ने प्रयास चाहिँ हाम्रो सिँजा गाउँपालिकाले गरेको थियो । प्रयासका सन्दर्भमा तत्कालीन समयमा उपलब्ध विज्ञहरूमध्येबाट डिल्लीप्रसाद तिवारी, क्षत्रमणि धिताल र हमेन्द्रजंग शाही उहाँ तीनजनालाई विशेषगरीकन पाठ्यक्रम निर्माण र पाठ्यपुस्तक निर्माणको जिम्मा तत्कालीन सरकारले दिएको थियो (अन्तर्वार्ता, शिक्षा अधिकृत) ।

सहभागी ‘क’ का अनुसार स्थानीय क्षेत्रमा उपलब्ध स्थानीय विज्ञबाट पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गरिएको देखिन्छ । पाठ्यपुस्तक निर्माण समूहका संयोजक एवम् लेखक तथा सम्पादक रहेका यस अनुसन्धानका सहभागी ‘ख’ ले पाठ्यपुस्तक निर्माणमा तपाईहरू कसरी सहभागी हुनुभयो ? कुन कुन प्रक्रिया अवलम्बन गरिएको थियो भन्ने प्रश्नको प्रतिक्रिया यस्तो छ :

> म नराकोटमा अध्यापन गराउने बेला गाउँपालिका अध्यक्ष देवल सिँह रावल हुनुहुन्थ्यो । उहाँसँग मैले खस भाषाको स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक किन नबनाउने भनेर मैले क्वैसन गरेँ । तपाईहरू बनाउन सक्नुहुन्छ भनेपछि म गाउँपालिकाको तर्फबाट हुने काम सहयोग गर्छु भन्नु भयो अनि त्यसपछि हामीले त्यसको नेतृत्व हामी गर्छौँ भन्यौँ । यसका लागि स्थानीय पाठ्यक्रम बनाउँदा खेरि अब कसरी विज्ञहरू छान्ने भन्ने विषयमा छलफल चल्यो । त्यसमा खस भाषासँग सम्बन्धित जानकारहरूलाई बोलाइयो । विद्यालयका प्रधानाध्यापकहरूलाई पनि बोलाइयो । त्यसमा हामीलाई पनि सहभागी गराइयो । त्यसपछि आफ्ना आफ्ना कुरा राख्ने कुरा भयो । सबैले आफ्ना आफ्ना धारणा राख्ने काम भयो । त्यसपछि मलगायत चारपाँच जना साथीहरू छानियौँ (अन्तर्वार्ता, लेखक/ सम्पादक) ।

सहभागीको भनाइ अनुसार सिँजा गाउँपालिकाले कुनै औपचारिक प्रक्रियाको अवलम्बन गरेको देखिँदैन । पाठ्यक्रम विकास केन्द्रले जारी गरेको निर्देशिकाअनुसार मस्यौदा कार्यदलदेखि शिक्षक कार्यशाला हुँदै मुद्रण तथा वितरण समिति सम्मका विभिन्न प्रक्रियाहरू सिँजा गाउँपालिकाले अपनाएको देखिँदैन । विज्ञ छनोटमा कुनै सार्वजनिक सूचना तथा विज्ञानपन नै नगरिएको हो त्यसो भए भन्ने सवालमा सहभागी ‘ख’ थप्छन् :

> पालिका भित्रकै जनशक्ति छन् कि छैनन् भन्नुभयो उहाँहरूले । तपाईहरू सक्नुहुन्छ कि नाइ भन्नु भयो । हामीले सक्छौँ भन्यौँ । त्यसो भए तपाईहरूलाई हामीले काज सुविधा पनि दिन्छौ काठमाडौँमा गएर तपाईलाई खड्केको कुरा त्यँहाका विज्ञहरूसँग सल्लाह लिनुहोला र यँहा पनि तपाईहरू काम गर्नुहोला भनेर त्यही खालको भयो । हामीले त्यसरी काम गर्यौँ (अन्तर्वार्ता, लेखक/ सम्पादक) ।

उनको भनाइलाई आधार मान्दा स्थानीय तहले कुनै पनि विधिवत् प्रक्रिया नअपनाई पालिकाभित्रका प्रअहरूको बैठकबाट स्थानीय शिक्षकहरू मध्येबाट पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गर्न विज्ञ छनोट गरिएको देखिन्छ। विज्ञ छनोटका लागि कुनै किसिमको खुल्ला आह्वान तथा विज्ञापन गरिएको देखिँदैन। सहभागी 'ख' ले थप बताउने क्रममा भनेका छन् " गाउँपालिका भन्दा बाहिरबाट कसैलाई गर्ने कुरा थियन। गाउँपालिका अध्यक्षलाई ढुक्क के भयो भने उहाँहरूले गर्न सक्नुहुन्छ भन्ने भयो। हामीलाई पनि हामीले गर्न सक्छौँ भन्ने भयो " (अन्तर्वार्ता, लेखक/ सम्पादक) । यसरी हेर्दा आपसी चिनजान र विश्वासका आधारमा पाठ्यपुस्तक निर्माण टोली बनाइएको देखिन्छ भने अन्य कुनै प्रक्रियाहरू पूरा नगरी गाउँ कार्य पालिकाबाट पारित गरेर लागु गरिएको देखिन्छ।

निर्माण प्रक्रिया कै सवालमा मालिका मावि धापाका शिक्षक सहभागी 'ग' को अभिमत यस्तो छ " पहिलो स्थानीय निर्वाचनपछि स्थानीय सरकार गठन भएको दोस्रो वर्षमा स्थानीय पाठ्यक्रम बनाउनुपर्छ भनेर हामीहरू प्रअ हरूकै पहल र सक्रियतामा समिति गठन भयो। म त्यतिवेला शिक्षा समितिको सदस्य पनि थिएँ तर पछि बनाउँदा कसरी बनाए अलि मिलेन " (अन्तर्वार्ता, शिक्षक)। उनको भनाइअनुसार पनि छानिएको सहभगागी टिमले आफै बनाएर पालिकामा पेस गर्ने र पालिकाले लागु गर्ने बाहेक अन्य प्रक्रिया अपनाइएको सङ्केत देखिँदैन। स्थानीय शिक्षकहरूले सक्छौँ भनेका आधारमा प्रअ तथा शिक्षकहरूको बैठक बोलाएर समिति बनाइएको र उक्त समितिको पनि परामर्श, छलफल , बैठकको निर्णय नगरीकन विज्ञलाई पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माणको जिम्मा दिइएको र उक्त जिम्मेवारी पाएको टोलीले आफ्नै ढङ्गले काम गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गरेको देखिन्छ।

पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गर्ने क्रममा भने विज्ञ टोलीले विभिन्न विद्वान्हरूसँग सुझाव तथा परामर्श लिने काम गरेको देखिन्छ। यस विषयमा सहभागी 'ख' ले यस्तो बताएका छन् :

> काठमाडौँ मै मान्छे बोलाएर भए पनि कर्णालीसँग सरोकार राख्ने साविकको कर्णालीका पाँचै जिल्लाका सबैलाई बोलाएर हामीले कुरा गर्यौँ। दोस्रो अझ हामीले इतिहासविद् सत्यमोहन जोशीहरू पनि जीवित नै हुनुहुन्थ्यो उहाहरूसँग पनि परामर्श गर्यौँ। विद्यानाथ कोइराला गुरु हुनुहुन्थ्यो, खास गाइड उहाँले गर्नुभयो। प्राविधिक पाटो पाठ्यक्रम यस्तो हुनुपर्छ भन्ने खालको भक्तपुरमा नेपालमै पहिलो पटक स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक विकास गरेको रहेछ। हामी

त्याँ गयौँ। ७६ सालको कुरा हो। त्याँ पनि बुझ्यौँ। उहाँहरूको पाठ्यक्रम पनि हामीले हेर्यौँ। अनि त्यसपछि पनि हामीलाई सेलेवसका लागि पाठ्यक्रम कस्तो गर्ने भन्ने खाका तयार गर्न सजिलो भयो (अन्तर्वार्ता, शिक्षाक) ।

यसरी हेर्दा छनोट गरिएको विज्ञ टोलीले काठमाडौँमा भाषा तथा पाठ्यक्रमसँग सम्बन्धित विज्ञहरूसँग परामर्श गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गरेको बाहेक पाठ्यपुस्तक निर्माणमा पालिकाले औपचारिक रूपमा अन्य कुनै पनि विधि र प्रक्रिया पुऱ्याइएको देखिँदैन।

पाठ्यपुस्तक निर्माण सहभागिता

पाठ्यपुस्तक शिक्षक तथा विद्यार्थीहरूको लागि पाठ्यसामग्री मात्र होइन समुदायको भावना , भौगोलिक अवस्था , प्राकृतिक सम्पदा , धर्म , संस्कृति ,रीतिरिवाज , मान्यताहरू उजागर गर्ने माध्यम पनि हो। विद्यार्थीको सर्वाङ्गीण विकास गराउनका लागि पाठ्यपुस्तकमा विभिन्न विषय र क्षेत्रका पाठ्यवस्तु समावेश गरी पाठ्यपुस्तकको निर्माण गरिन्छ। सरोकारवाला सबैको सहभागिताबाट सबै क्षेत्रका विषयहरू समेट्दै निर्माण भएमा मात्र पाठ्यपुस्तक उत्कृष्ट बन्न सक्दछ। पाठ्यक्रम विकास केन्द्र (२०७६) अनुसार "पाठ्यक्रम विकासमा स्थानीयको सहभागितालाई पाठ्यक्रम विकास तथा परिमार्जनमा सुझाव दिने कार्यमा, पाठ्यक्रम लेखनमा विशेषज्ञका रूपमा विभिन्न स्रोत, साधन र सूचना उपलब्ध गराउने सूचना समप्रेषकका रूपमा विज्ञताको उपयोग गर्न सकिन्छ" (पृ.७)। अनुसन्धानमा समावेश पाठ्यपुस्तक निर्माणमा स्थानीय सरोकारवालाको सहभागिता कुन कुन भूमिकाका लागि कसरी भयो त्यसको विल्लेषण गर्नका लागि सरोकारवाला शिक्षक, अभिभावक, स्थानीय सरकारका शिक्षा अधिकृत , पाठ्यपुस्तकका सम्पादक तथा लेखकहरूको अन्तर्वार्ताबाट तथ्य सङ्कलन गरिएको छ।

सङ्कलित तथ्यअनुसार पाठ्यपुस्तक निर्माणमा सरोकारवालाको रूपमा रहेका समुदाय तथा अभिभावकहरूको सहभागिताका विषयमा सिँजा २ विष्टवाडाका अभिभावक तथा सहभागी ‘घ’ को धारणा यस्तो रहेको छ “ नयाँ किताब छाप्ने भन्या हुन्। अक्का उइले गीत भुन साइतर भुन पुराना कथाहरू भन्या कुणाकानी त डिल्लीले ल्याया हो। भैलो , पुरानै संस्कार गर्न्या भनी स्वाइनी न भुन्या र दाउरा बोकेइ पनि फोटो खिच्च्या छिया ” (अन्तर्वार्ता) । उनको भनाइअनुसार पाठ्यपुस्तकका सम्पादकले गाउँमा गएर महिला तथा अन्य व्यक्तिसँग सामान्य छलफल गरेको देखिन्छ। दाउरा बोकेकी

महिलाको फोटो खिच्नेदेखि केही स्थानीय रीतिरिवाज र संस्कारका विषयमा सोधपुछ तथा सामान्य जानकारी लिएको बुझ्न सकिन्छ ।

सरोकारवालाको सहभागिताका सम्बन्धमा माध्यमिक विद्यालय चुलेल गाउँका शिक्षक सहभागी 'ङ' को अभिमत यस्तो रहेको छ " विद्यालयका प्रअहरूलाई छलफलमा बोलाएको होला अन्यकुराहरू टिपोटहरू गरेको केही विषवस्तुवारे सुझाव मागेको बुझिएको थियो " (अन्तर्वार्ता, शिक्षक) । यस भनाइअनुसार प्रअ हरूलाई बोलाएर आवश्यक सुझाव मागेको देखिन्छ । यस सम्बन्धमा कालिका आधारभूत विद्यालय सिँजा २ विष्टवाडाका शिक्षक सहभागी 'च' ले आफ्नो प्रतिक्रिया यसरी दिएका छन् " उनीहरूले माथिबाटै ल्याएको स्थानीयअनुसार नभएको स्थानीय स्तरमा छलफल नै नगरी सिधै माथिबाट ल्याएकाले कार्यान्वयन नगर्ने भन्ने मावि सरहरूको धारणा नै त्यही थियो । सिधै माथिबाट छापेर ल्याए यहाँ कुनै समन्वय नै गरेनन् " (अन्तर्वार्ता, शिक्षक) । सहभागी 'च' का भनाइलाई मान्ने हो भने पाठ्यपुस्तक निर्माण गर्दा व्यापक छलफल भएको देखिँदैन भने सम्पादकहरूले काठमाडौँमा बसेर पाठ्यपुस्तकको संरचनाका बारेमा बढी छलफल गरेको बुझिन्छ ।

सहभागी 'च' को भनाइसँग मेल खाएको सहभागी 'ग' को भनाइ पनि यस्तो देखिन्छ " यहाँका लुकेर बसेका धर्म संस्कृति परम्परा बुढापाकाहरूबाट लिनुपर्नेमा काठमाडौँमा पहिल्यै कसैले लेखेका वा बनाएका स्रोतबाट सङ्कलन गरेर बन्यो । पाठ्यक्रम पाठ्यपुस्तक काठमाडौँमा नै बन्यो त्यसको औपचारिक उद्घाटन समेत काठमाडौँमा नै भयो " (अन्तर्वार्ता, शिक्षक) । यसरी हेर्दा स्थानीय व्यक्तिहरूसँग व्यापक छलफलको अभाव रहेको, विषयवस्तुहरू स्थानीय भए पनि स्थानीय सरोकारवालाई कमै मात्रामा सहभागी गराइएको बुझिन्छ । यस विषयमा सहभागी 'ग' ले अझै थप बताउँदै भनेका छन् " हाम्रै जुम्लामा बसेका केही विज्ञ सरहरू अलिकति नेपालीमा केही ज्ञान भएका, पुराना संस्कृति पनि बुझेका, जस्तै रमानन्द गुरु जस्ता व्यक्तित्वलाई सिँजामा ल्याएर सबैका समुह छलफल गरेको भए भनेको हो खै के गरे गरे " (अन्तर्वार्ता, शिक्षक) । छलफलकै क्रममा सोही विद्यालय मालिका माविका शिक्षक सहभागी 'छ' ले आफ्नो विचार जोड्ने क्रममा भनेका छन् :

> विद्यालय स्तरबाटै खसभाषाको संरक्षणका लागि पाठ्यक्रमहरूको माग भएको हो हाम्रो गाउँपालिकामा , गाउँ शिक्षा समितिहरूमा तर के भइदियो भने कसरी डिजाइन गरे कसैसँग पनि

> कोही सरहरूसँग, हेडसरहरूसँग अथावा जानमानसँग पनि सरसल्लाह भएन। यहाका महत्त्वपूर्ण खस कुराहरू के छन् ? यहा नजिकै झ्यादेउ लगायतका बारे राख्दा यही आएर स्रोत लिएको भए हुन्थ्यो। काठमाडौँमा बसेर तयार पारे यहा कोही सरोकारवालासँग केही पनि सरोकार नै भएन। केही पनि भएन। कतै फोन कन्ट्याक्टबाट गरे होलान नत्र निश्चित टिपिएका विज्ञबाट पाठ्यपुस्तक तयार पारियो। सबै विज्ञ नै छन भन्ने पनि छैन (अन्तर्वार्ता, शिक्षक)।

सरोकारवालालाई सहभागी नगराएको तथा छलफल र समन्वय नगरेको विषयमा उनको थप अभिमत यस्तो छ :

> पाठ्यक्रम पाठ्यपुस्तक बन्ने कुरा सबै सरोकारवालासँग छलफल भएर बन्ने चिज हो नि त । विज्ञहरू पनि यहि गाउँपालिकाका हुनुपर्छ भन्ने छैन अनुभव भएका जिल्लाका कुनै पनि मान्छे लिन सक्छौँ नि त ! समिति बन्दा खेरी राजनितिक प्रभाव थियो त्यसपछि हाम्रो सरोकारको विषय नै भएन हामी नै सहभागी नहुने भनेपछि त्यसै भयो (अन्तर्वार्ता, शिक्षक)।

यी भनाइहरूलाई मान्ने हो भने पाठ्यपुस्तक निर्माणका क्रममा सरोकारवालाका रूपमा रहेका शिक्षक, अभिभावक तथा स्थानीय भाषा र संस्कृतिका जानकारहरूलाई सहभागी गराउने तथा छलफल गर्ने काम पर्याप्त मात्रामा नभएको देखिन्छ।

सरोकारवालाहरू सहभागिताकै सम्बन्धमा जनज्योति आवि रुघाका खस भाषाका विषय शिक्षिका तथा सहभागी 'ज' र विद्यालयका प्रधानाध्यापक सहभागी 'झ' एकै स्वरमा भन्छन् :

> हैन यहाँ आएकै हुन्। व्यापक छलफल भएको हो। उनीहरूको सम्पर्कमा गएनन होला त्यो बेग्लै कुरा हो। तर अव हामी जो जो सम्पर्कमा थियौँ। त्यतिबेला म पनि भाषाकै विद्यार्थी भया हुनाले सबै भएकै हो। व्यापक रूपमा भएको हो। परामर्श छलफल गरेर नै लोकल चिजहरूको फोटाहरू संङ्कलन गरे समुदायहरूलाई समेत राखेर केही शब्दहरू छन् भने भनेर यहाँ बोलिने भाषाहरूमा मागल सागल आदि सङ्कलन गरे त्यति खेर (अन्तर्वार्ता, शिक्षक)।

यसरी सहभागी 'ज' र 'झ' ले व्यापक छलफल भएर स्थानीय विषयवस्तुसँग सम्बन्धित सामग्रीको सङ्कलन गरेर लिएको दावी पेस गरेका छन्। यस्तै फुटाशिल आवि सिँजा ३ का शिक्षिका सहभागी 'ञ'

लाई पाठ्यक्रम तथा पाठ्यपुस्तक बनाउँदा तपाईहरूबाट के कति सल्लाह सुझावहरू लिने काम भयो ? भन्ने प्रश्नमा उनी भन्छिन् :

> सल्लाहहरू लिने काम नभएर एक दुई तीन जना कसले बनाएका हुन् । अझै हामीहरू विद्यालयलाई समेट्नुपर्ने, मान्यजन अगाडि अगाडिका पुस्ताहरूलाई समेट्नुपर्ने, हैन त्यो भइदिएको भए अझै राम्रो हुन्थ्यो । हुन त भन्न त परिगो नि सर अब लगभग यो खस भाषा नजानेकाले पनि यो पाठ्यक्रम पाठ्यपुस्तकमा समावेश भएर बनाएका छन् (अन्तर्वार्ता, शिक्षक) ।

सहभागीले सबैको सल्लाह र सुझाव लिने काम नभएको तथा सरोकारवाला सबैलाई सहभागी गराउने काम नभएको बताएकी छन् । त्यस्तै पाठ्यपुस्तकका लेखक तथा सम्पादक रहेका सहभागी ‘ख’ लाई सरोकारवालासँग के कति छलफल गर्नुभयो भन्ने सन्दर्भमा उनले भनेका छन् “ छलफल थुप्रै भए छलफल काठमाडौँमा पनि भए । काठमाडौँ मै मान्छे बोलाएर भए पनि कर्णालीसँग सरोकार राख्ने साविकको कर्णालीका पाँचै जिल्लाका सबैलाई बोलाएर हामीले कुरा गर्यौँ” (अन्तर्वार्ता, लेखक / सम्पादक) । सहभागी ‘ख’ ले काठमाडौँमा छलफल तथा परामर्श भएको बताएपछि स्थानीय अग्रज तथा बुद्धिजीवीहरूबाट कुनै स्रोत सङ्कलन गर्नुभयो कि भएन भन्ने थप सवालको प्रतिक्रिया यसरी दिए :

> गरियो गरियो । थुप्रै गरियो । स्थानीय सामग्रीमा राख्यौँ । हामीले त्याँ एउटा पाठ्यक्रम कस्तो बनायौँ भने एउटा भाषासम्बन्धी , एउटा खेलसम्बन्धी , स्थानीय खेल के हुन सक्छ भनेर , स्थानीय प्रविधि के हुन सक्छ भनेर , स्थानीय रीतिरिवाज के हुन सक्छ भनेर, स्थानीय संस्कृति के छ भनेर यी सबै कुराहरू पाठ्यक्रममा सबै विषयवस्तु अटाउनपर्यो । स्थानीय भूगोल पनि अटाउनु पर्‍यो तर पनि उहाँहरूका सबै कुरा समेट्न एउटा सामान्य पुस्तकमा गाह्रो हुन्छ । त्यो भया हुनाले उनीहरूका कतिपय कुराहरू रहेनन् । तर त्यहाको जिस्ट कुरा के हो हामीले त्या ल्याएका छौँ ” (अन्तर्वार्ता लेखक तथा सम्पादक) ।

लेखक तथा सम्पादकले बचाउ गरे पनि स्थानीय शिक्षकहरू असन्तुष्ट नै देखिएको पाइएको छ। सरोकारवालाई सहभागी गराउने विषय तथा पाठ्यपुस्तकको उपयोगितामा प्रश्न उठाउँदै सहभागी 'ग' ले भनेका छन् :

> पाठ्यक्रम तथा पाठ्यपुस्तकको कार्यान्वयनमा जटिलताको कुरा गर्‍यौँ नि यो के भा हो भन्या सरोकारवाला शिक्षकहरूसँग समन्वय नगरेरै भा हो क्या ! जस्तै पढाउने शिक्षकले त विद्यार्थीले कतिसम्म क्याच गर्न सक्छ विद्यार्थीको स्तर केछ भन्ने सबै था हुन्थ्यो अब त्याँ गएका सरहरूलाई काँ हुन्छ पढाउने उच्च मावि त्यहीँ पनि विषयगत नै छैनन् अनि कसरी थाह पाउँछन् ? उनीहरूलाई स्तरको बारे खासै ख्याल भएन अनि नहुँदाखेरी फेल खायो (अन्तर्वार्ता, शिक्षक)।

उनका अनुसार पाठ्यपुस्तक स्तरभन्दा कठिन र सरोकारवालाले निर्माण प्रक्रियामा अपनत्व लिन नसकेकाले नै कार्यान्वयन फेल भएको देखिन्छ। सहभागी 'ग' ले पुस्तकप्रतिको अपनत्वका विषयमा भनेका छन् :

> छलफल र समन्वय गरेर सरोकारवाला सबैलाई समेटेर बनायो भने उत्तम हुन्छ। हाम्रो संस्कृति खस भाषालाई संरक्षण गर्न अति आवश्यक छ। स्थानीय पाठ्यक्रम पढाउनै पर्छ त्यसलाई हाम्रो खसभाषामा पढाउँदैमा के फरक पर्छ र ? तर अपनत्व हुनेगरी सबै सरोकारवालासँग छलफल गरी तयार हुनुपर्छ। किनकि जुन ठाउँको जुन विषयवस्तु लिने हो उनीहरूसँग सरोकार त राख्नु पर्‍यो नि ? (अन्तर्वार्ता, शिक्षक)।

यस्तै सरोकारवालाको सहभागिता कै विषयमा आफ्नो अभिमत राख्ने क्रमामा सहभागी 'ञ' ले भनेकी छन् :

> बच्चाले कत्तिको मानसिकताअनुसार बुझ्छ भन्ने सरलाई नै था हुन्छ नी। अब कत्तिको भास्ट गर्नु पर्‍यो भनेर सल्लाह त गर्नुपर्यो नि त्यो कुनै थाहै नपाएर यो दुई चार जना कसले बनाए त्यहीँ होला। कुन कक्षाका लागि कस्तो विषयवस्तु राख्ने भन्ने बारे कुनै छलफल भएन। अन्त कही भए मात्रै सर। हाम्रो विद्यालयमा त भएन। हामीलाई केही थाह भएन (अन्तर्वार्ता, महिला शिक्षक) ।

पाठ्यपुस्तक निर्माण गर्दा धेरैभन्दा धेरैसँग सुझाव सङ्कलन गरी उनीहरूलाई पनि सहभागी गराएको भए सबैले अपनत्वको आभास गर्न पाउने र कार्यान्वयनमा पनि सहजता हुने भए पनि त्यसो नभएको अनुसन्धानमा देखिएको छ । पाठ्यपुस्तकको कार्यान्वयनकै सवालमा शिक्षा अधिकृत तथा सहभागी 'क' ले शिक्षकहरूको अपनत्वलाई सङ्केत गर्दै दिएको प्रतिक्रिया यस्तो रहेको छ :

> अब म आउँदै गर्दा सरहरूले गरेको समीक्षामा एउटा कुरा चाहिँ आको थियो । अलि पेचिलो रूपमा हामीकहाँ स्टक किताबहरू वितरण गर्न खोज्दा सरहरूले के भनिरहनुभएको थियो भने हामीलाई शिक्षक चाहियो भनिरहेका थिए यसको मतलब उनीहरूले वनरसिप खोजिरहेका थिए । निर्माण प्रक्रियादेखि विविध कुरामा शिक्षकहरूले खोजेको वनरसिप भएन कि जस्तो लाग्छ । शिक्षकहरूको अपनत्वकै समस्या रहयो की जस्तो रहयो किनभने किताबहरू हामीकहाँ थाकका थाक स्टोरमा रहे तर विद्यालयले यसलाई लिन चाहेनन् (अन्तर्वार्ता, शिक्षा अधिकृत) ।

यसरी हेर्दा शिक्षकहरूलाई पाठ्यपुस्तक निर्माणमा व्यापक सहभागी नगराउँदा कार्यान्वयनमा समेट सङ्कट पैदा भएको देख्न सकिन्छ ।

यसरी हेर्दा सहभागी अधिकांशले पाठ्यपुस्तक निर्माण गर्दा सबैसँग छलफल तथा परामर्श नगरेको, स्रोत सङ्कलनदेखि विविध विषयमा सरोकारवालाई सहभागी नगराइएको बताएका छन् भने सीमित सहभागीले मात्र छलफल भएको, परामर्श भएको बताएका छन् । उपयोगिताका दृष्टिले उत्कृष्ट पाठ्यपुस्तक बनाउनका लागि शिक्षकहरूलाई सहभागी गराउनु पर्नेमा महत्त्व नदिँदा पाठ्यपुस्तकको कार्यान्वयन गर्न शिक्षक नै तयार नभएको बुझ्न सकिन्छ भने स्थानीय तहले पनि निर्देशन दिन सक्ने आँट नगरेको पाइएको छ । व्यापक रूपमा छलफल तथा परामर्शको वातावरण गर्नुपर्ने, स्थानीय स्रोत तथा सामग्रीको सङ्कलन पनि व्यापक रूपमा गरिनुपर्ने, स्थानीय जनसमुदायका भाषा संस्कृति बुझेका अग्रजहरूबाट सूचनाहरू सङ्कलन गर्नुपर्ने तथा शिक्षक , विद्यार्थी , अभिभावक लगायतबाट राय सुझावहरू सङ्कलन गरिनुपर्ने देखिन्छ ।

प्रस्तुत अनुसन्धानमा पाठ्यपुस्तकको निर्माण प्रक्रियामा स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन २०७६ को आधारलाई लिने प्रयत्न गरेको पाइयो । स्रोत संङ्कलनका लागि स्थानीय सहभागी गराउने सन्दर्भमा केही धामी, डाङ्ग्री, स्थानीय बुढापाका लगायतका जनसमुदायसँग

सीमित छलफल तथा परामर्श गरेको देखिन्छ भने नगन्ने मात्रामा शिक्षक तथा अभिभावकबाहेक शिक्षक तथा अभिभावकहरूलाई व्यापक सहभागी गराएको देखिँदैन । शैक्षणिक उपयुक्तताका दृष्टिमा शिक्षकहरूसँग अझ व्यापक छलफल र परामर्श गर्नुपर्नेमा त्यसो नभएको देखिन्छ । स्थानीय विज्ञको रूपमा पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माणका लागि स्थानीय केही शिक्षकलाई सहभागी गराएको भए पनि कुनै विधि, प्रक्रिया, मापदण्ड र प्रतिस्पर्धाका आधारमा गरिएको पाइँदैन । छनौट भएका विज्ञले पनि सीमित स्थानीय जनसमुदायबाट लिइएको तथ्याङ्कलाई काठमाडौँकेन्द्रित विज्ञका सुझाव तथा निर्देशन र पुराना लिखित सन्दर्भ सामग्रीका आधारमा साकार रूप दिइएर पाठ्यपुस्तक निर्माण गरेको देखिन्छ भने स्थानीय शिक्षक, अभिभावकलगायतलाई पाठ्यपुस्तक निर्माणमा व्यापक सहभागी गराएको पाइँदैन ।

पाठ्यपुस्तकको प्रयोग अवस्था

विश्लेष्य पाठ्यपुस्तकको प्रयोग अवस्थाको अध्ययन गर्नका लागि अन्तवार्ताबाट प्राप्त तथ्यलाई विश्लेषण गरिएको छ । पाठ्यपुस्तक प्रयोग अवस्थाका सन्दर्भमा सहभागी ‘क’ ले राखेको अभिमत यस्तो छ “ यो खस भाषाको पाठ्यक्रम र पाठ्यपुस्तक प्रयोगमा छैन ” (अन्तर्वार्ता, शिक्षा अधिकृत) । सहभागीले पाठ्यपुस्तक वर्तमान समयमा प्रयोगमा नरहेको स्पष्ट पारेका छन् । कार्यान्वयन तथा प्रयोगका विषयमा अर्का सहभागी ‘च’ ले राखेको धारणा यस्तो छ “कक्षा १देखि ३ सम्मका लागि पहिलो गाउँपालिका सरकारले वितरण गरेकै हो र हामीले २ वर्ष प्रयोग पनि गरेकै हौँ । अरू विद्यालयको हकमा थाह भएन हाम्रो हकमा २ वर्ष प्रयोग गरेकै हो ” (अन्तर्वार्ता, शिक्षक) । सहभागीहरूको प्रतिक्रिया अनुसार खस भाषाको पाठ्यपुस्तक अहिले प्रयोगमा नभएको र लागु भएको २ वर्षसम्म कार्यान्वयनमा रहेको बुझ्न सकिन्छ ।

पाठ्यपुस्तकको प्रयोग वर्तमान समयमा नभएको पाइएकाले किन कार्यान्वयन भएन भन्ने पहिलो सवाल हुन आउँछ । कार्यान्वयनको अवस्था र गतिरोधका सवालमा सहभागी ‘ग’ ले आफ्नो प्रतिक्रिया यसरी दिएका छन् “ अध्यक्षको आग्रहमा किताबहरू ल्याउने काम भयो । त्यतिखेर आरपीहरू हुनुहुन्थ्यो । त्यसपछि छापिएन प्रत्येकवर्ष दिएको भए लागु हन्थ्यो कि? पहल गरिरहेको भए लागु हुन्थ्यो कि? त्यो बाहेक फेरि नछापिएर त्यत्तिकै सकियो ” (अन्तर्वार्ता, शिक्षक) । सहभागी ‘ग’ का अनुसार पहिलो वर्ष किताबहरू ल्याउने काम भएको त्यसपछि स्थानीय तहले पाठ्यपुस्तकहरू वितरण नगरेको र

कार्यान्वयन पनि अन्यौलमा परेको देखिन्छ। अर्थात् पूर्ण कार्यान्यिन नहुनुमा स्थानीय सरकाले चासो नदिनु तथा पुनः वितरण र कार्यान्वयनको निर्देशन नगर्दा प्रयोग हुन नसकेको देखिन्छ। प्रयोग अवस्था कै विषयमा सहभागी 'ङ' आफ्नो अभिमत यसरी राख्छन् " पहिले १ वर्ष पढाइ भा हो अहिले पछिल्लो समयमा भएको छैन " (अन्तर्वार्ता, शिक्षक)। पहिलो वर्ष पढाइ भएको तर अहिले नभएको भन्ने सहभागीको भनाइअनुसार २०७७ प्रकाशन गरिएको पाठ्यपुस्तक २०७७ वा ०७८ मा प्रयोगमा आएर त्यसपछि रोकिएको देखिन्छ।

भैरव माविका शिक्षक तथा अर्का सहभागी 'ट' ले पाठ्यपुस्तकको प्रयोग अवस्थाका बारे यसो भनेका छन् " छ महिना जति प्रयोगमा आयो त्योभन्दा बढी प्रयोगमा आएन " (अन्तर्वार्ता, शिक्षक)। छ महिनाभन्दा बढी पाठ्यपुस्तक प्रयोगमा आउन नसकेको सहभागीले उल्लेख गरिरहँदा जनज्योति आवि रुघाका शिक्षिका तथा सहभागी 'ज' ले आफ्नो प्रतिक्रिया यसरी व्यक्त गरिन् " मैले कक्षा ३ को खस भाषा र संस्कृति भन्ने विषय पढाइराख्या छु। यहाँ पढाइ भैराख्या छ " (अन्तर्वार्ता, महिला शिक्षक)। यसरी पाठ्यपुस्तकको प्रयोगका सन्दर्भमा सहभागी अन्य सबैले कार्यान्वयनमा आउन नसकेको बताइरहँदा सहभागी 'ज' ले भने आफ्नो विद्यालयमा प्रयोगमा रहेको प्रतिक्रिया दिएकी छन्। सिँजाको स्थानीय सरकारले पाठ्यपुस्तक वितरण गरिसकेपछि कुनै विद्यालयले प्रयोग नै नगरेको र कुनै विद्यालयले ६ महिना, कुनैले एक वर्ष, कुनैले दुई वर्ष प्रयोग गरेर त्यसपछि प्रयोग नगरेको देखिन्छ भने सहभागी विद्यालयहरूमध्ये एउटा मात्र विद्यालयमा वर्तमानसम्म कार्यान्वयनमा रहेको पाइएको छ।

किन यसरी कार्यान्वयनमा समस्या उत्पन्न भयो वा एउटा मात्र विद्यालयमा प्रयोगमा आउने र अन्य विद्यालयमा प्रयोग नहुनुको कारण पहिचान गर्ने सवालमा सहभागी 'च' ले दिएको प्रतिक्रिया यस्तो छ " उनीहरूले माथिबाटै ल्याएको स्थानीय अनुसार नभएको स्थानीय स्तरमा छलफल नै नगरी सिधै माथिबाट ल्याएकाले कार्यान्वयन नगर्ने भन्ने मावि सरहरूको धारणा नै त्यही थियो। सिधै माथिबाट छापेर ल्याए यहाँ कुनै समन्वय नै गरेनन् " (अन्तर्वार्ता, शिक्षक)। सहभागीले दिएको प्रतिक्रिया अनुसार माध्यमिक तहका शिक्षकहरूले माथिबाट अर्थात् स्थानीय शिक्षकहरूसँग सरोकार नराखेर निर्माण गरिएको पाठ्यपुस्तक कार्यान्वयन गर्न शिक्षकहरूले नै अस्वीकार गरेको देखिन्छ। अङ्ग्रेजी विषय वा

अन्य कुनै अर्को विषयप्रतिको आकर्षणले खस भाषाको पाठ्यपुस्तकको कार्यान्वयनमा समस्या उत्पन्न भएको हो कि भन्ने सवालमा अभिभावक तथा सहभागी 'घ' भन्छन् :

> " हामीले उति इतिहास बुझ्यानाइ है किन भने जस्तै इङ्लिस भन्ने देश विदेश छ नि अथवा विदेश जाने केटाहरू इङलिस नभएपछि कसरी भाषा सिक्छन् । जस्तै धनीका छोरा ता जान खोज्या इङ्लिस पढ्या पो त्याको भाषा आयो । अझ अम्रीकान आयो भने अम्रीकान्यासित भाषै जान्नै नौ । त्यसैले अङ्ग्रेजी पनि आफ्नो ठाउँमा चाहिन्छ । यो पनि चाहिन्छ (अन्तर्वार्ता, अभिभावक) ।

सहभागी अभिभावकले अङ्ग्रेजी आफ्नो परिवेश र अवस्थामा आवश्यक हुने भए पनि खस भाषाको पनि आफ्नो महत्त्व रहेको बताएका छन् । अङ्ग्रेजी वा अन्य विषयले खस भाषाको सिकाइ तथा आवश्यकतामा कतै प्रभाव पारेको हो की भन्ने सन्दर्भमा अर्का अभिभावक तथा सहभागी 'ढ' ले आफ्नो प्रतिक्रिया यसरी दिएका छन् : हामी त सबै मेट्रियल इङ्लिस, नेपाली, खस भाषा सबै चाहियो नि त भोलिबिहान आफ्ना शब्दहरू छोड्नुभएन, तोड्नुभएन विकसित हुनुपर्छ भन्ने हो । सबै कुरालाई मध्यनजर गर्दै शिक्षालाई लिइनुपर्छ भन्ने आशा राख्छु । यो भाषा पढाउने विषयमा फुल्ली सपोर्ट छ (अन्तर्वार्ता, अभिभावक) । सहभागीले सबै भाषाको उस्तै महत्त्व रहने र खस भाषाको लागि आफ्नो पूर्ण समर्थन रहने र सबै विषयमा शिक्षा लिने वातावरण हुनुपर्ने बताएका छन् । कम्प्युटर वा अङ्ग्रेजी विषयलाई रुचाएर अभिभावक वा शिक्षकले खस पुस्तक कार्यान्वयन गर्न नमानेको हो की भन्ने सवालमा सहभागी 'छ' ले आफ्नो धारणा यसरी राखेका छन् :

> जमानाको मागअनुसार हाम्रो पनि सोच हो तर के हो भन्दाखेरी कम्प्युटर अहिले स्वतह बच्चाबच्चाले सिक्ने चिज भैसक्यो दैनिक जीवनमा बच्चाबच्चीले आफै खोजी गर्ने र लागु गर्ने विषय भैसक्यो । यो अटो लागु भैराछ र त्यसको सहजताका लागि विद्यालयका माथिल्लो कक्षामा गइसकेपछि त विषय नै छन् । विज्ञानमा कम्प्युटर नै छ त्यो भएको कारणले स्थानीय पाठ्यक्रममा कम्प्युटर पढाउन नपाउने भन्ने छ नि ? हामीले नचाहेर पनि अटो कम्प्युटर लागु भइराखेको छ । तर स्थानीय हाम्रो भाषा त हराउँदै गयो (अन्तर्वार्ता, शिक्षक) ।

सहभागीले कम्प्युटर पुस्तकभन्दा खस भाषाको पाठ्यपुस्तकको प्रयोग हुनुपर्ने विचारलाई जोड दिँदै खस भाषा पुस्तकको प्रयोगमा कम्प्युटर जस्ता अन्य पुस्तकले प्रभाव नपारेको बताएका छन् । तर पनि पाठ्यपुस्तक कार्यान्वयनमा समस्या आएकाले किन प्रयोग हुन सकेन भन्ने विषयमा अर्का सहभागी 'ग' को धारणा यस्तो देखिन्छ :

> यहाँ त एक वर्ष किताब मात्र आयो पढाउँदै पढाएनन् । हामीले विद्यार्थीलाई खासै प्रयोग नै गरेनौँ किनकि विद्यार्थीले बुझ्नै सकेनन् किताब आकै हो, कोसिस पनि केही गर्यौँ तर सफल भएन । विद्यार्थीको इन्टेस्ट र स्तरअनुसार पनि त हुनुपर्यो ! विद्यार्थीमा पनि र सरमा पनि भएन । स्तर नमिल्ने जस्तो भएपछि त यो त्यति प्रभावकारी छैन भनेर यसलाई हामीले त्यत्तिकै रोकिदियौँ (अन्तर्वार्ता, शिक्षक) ।

सहभागीका अनुसार पाठ्यपुस्तक विद्यार्थीको क्षमता र स्तरअनुकूल नभएको र विद्यार्थीहरूले बुझ्न नसकेको, शिक्षकहरूले पनि कठिनाइका कारण बेवास्ता गरेको देखिन्छ । कार्यान्वयन किन भएन भन्ने सवालको प्रतिक्रियामा सहभागी 'ग' ले थपेका छन् "अपनत्व भएन भने केही पनि हुँदैन । अपनत्व हुनुपऱ्यो । अनि कार्यान्वयन हुन्छ " (अन्तर्वार्ता, शिक्षक) । उनले अपनत्व अर्थात शिक्षकहरूलाई पाठ्यपुस्तक निर्माणमा सहभागी नगराउँदा शिक्षकहरूले अपनत्वको महसुस नगर्दा र पाठ्यपुस्तक विद्यार्थीको स्तरअनुसार नहुँदा पनि कार्यान्वयन हुन नसकेको स्पष्ट पारेका छन् । स्थानीयहरूमा मातृभाषामा शिक्षाको महत्त्व बोध नभएर होकि भन्ने सवालमा स्थानीय अभिभावक तथा सहभागी 'घ' ले दिएको प्रतिक्रिया यस्तो रहेको छ " हाम्मै नेपालको संस्कृति झल्काउन्या काम हुन्या भयो मेरो बुझाइमा । नेपालको चिनारी चिनाउनका लागि खस भाषा नेपालले बोल्नु छ । किनकी पुरानो नेपालको थाइ भाषा जीवित हुने भयो (अन्तर्वार्ता, अभिभावक) । सहभागीले संस्कृति र भाषा बचाउनका लागि खस भाषा पुस्तक आवश्यक रहेको र यसको महत्त्व रहेको विचार व्यक्त गरेको देखिन्छ ।

अङ्ग्रेजी लागयत अन्य विषयले पनि त्यति प्रभाव नपारेको खस मातृभाषमा स्थानीय पनि जागरुक भएको अवस्थामा किन खस पाठ्यपुस्तकको प्रयोगमा समस्या किन आयो भन्ने तर्कमा अर्का सहभागी 'क' तथा शिक्षा अधिकृतको मत यस्तो देखिन्छ " निर्माण प्रक्रियादेखि विविध कुरामा शिक्षकहरूले खोजेको वनरसिप भएन कि जस्तो लाग्छ । शिक्षकहरूको अपनत्वकै समस्या रहयो कि

जस्तो रहयो किनभने किताबहरू हामीकहाँ थाकका थाक स्टोरमा रहे तर विद्यालयले यसलाई लिन चाहेनन् ” (अन्तर्वार्ता, शिक्षा अधिकृत) । सहभागी अधिकृतका अनुसार शिक्षकहरूले अपनत्वको महसुस नगरेकाले कार्यान्वयनमा अनिच्छा देखाएको र त्यसको असर प्रयोगमा समस्या देखिएको पाइएको छ ।

अनुसन्धानका अर्को सहभागी ‘ञ’ ले धारणा राख्दै आफ्नो असन्तुष्टि यसरी व्यक्त गरेकी छन् :

> असन्तुष्टि भनेको बनाउँदा शिक्षकको सल्लाह लिइएन र बच्चाको स्तरभन्दा अलि भास्ट भयो । शिक्षक सरोकारवाला र विद्यालयलाई अब सबै नभए पनि एउटा विद्यालयको एउटा शिक्षकालाई भनेको भए पनि त बच्चाको स्तरअनुसार विषयवस्तु राख्न सकिन्थ्यो । त्यो उनीहरूले कोले पो हो आफ्नो मनमानी अनुसार गरेर अलि भास्ट नै छ (अन्तर्वार्ता, महिला शिक्षक) ।

केही हदसम्म सार्थक मानिने सहभागी 'ञ' को तर्क अनुसार पाठ्यपुस्तक निर्माण गर्दा सबै शिक्षकलाई नसमेटेकैले बालबालिकाको स्तरभन्दा पाठ्यपुस्तक कठिन भएको बुझ्न सकिन्छ ।

समग्रमा पाठ्यपुस्तक प्रयोगको अवस्थाको विश्लेषण गर्दा शिक्षकहरूले पाठ्यपुस्तक कठिन भएको र शिक्षकहरू कसैसँग सरोकार नराखेकाले यस्तो भएको बताउनु र शिक्षा अधिकृत तथा सहभागी ‘क’ को धारणाले पनि शिक्षकहरूको प्रतिक्रियालाई पुष्टि गरेकाले शिक्षकहरूको असन्तुष्टिले पाठ्यपुस्तकको प्रयोगमा समस्या उत्पन्न भएको देखिन्छ । तथ्यलाई केलाउँदा सुरुका वर्षहरूमा केहीले प्रयोग नै नगरेको केहीले छ महिना , केहीले एक वर्ष त केहीले दुई वर्षसम्म मात्र प्रयोग गरेको देखिन्छ भने एउटा मात्र विद्यालयले वर्तमान समयसम्म कार्यान्वयनमा ल्याइरहेको पाइएको छ ।

पाठ्यपुस्तकको प्रयोग अवस्थालाई हेर्दा एउटा मात्र विद्यालयबाहेक सिँजाका सबै विद्यालयमा पाठ्यपुस्तक प्रयोगमा आएको देखिँदैन । एकातिर अङ्ग्रेजी, कम्प्युटर वा अन्य विषयले कार्यान्वयनमा प्रतिकूल प्रभाव पारेको देखिँदैन भने अर्कोतिर स्थानीयमा खस मातृभाषाप्रति जागरण पनि देखिन्छ । पाठ्यपुस्तक विद्यार्थीको क्षमता र स्तरअनुसार नहुनु र स्थानीय तहले पनि पुनः पुस्तक वितरण तथा पूर्ण कार्यान्वयनको पहल नगर्नु पक्ष प्रयोगमा समस्या उत्पन्न गर्ने एउटा पक्ष रहेको देखिन्छ । त्यस्तै कार्यान्वयन हुन नसक्नुको अर्को पक्ष शिक्षकहरू नै निर्माणमा सहभागी नगाउँदा असन्तुष्टि स्वरूप

प्रयोगमा बेप्रवाह रहेको पाइएको छ। उनीहरूलाई पाठ्यपुस्तक निर्माणमा सहभागी नगराई , उनीहरूबाट सल्लाह र सुझावहरू नलिएर काठमाडौँ केन्द्रित भई पाठ्यपुस्तक निर्माण गरेकाले स्यम् शिक्षकहरू नै कार्यान्वयनमा अनिच्छुक देखिएकाले पाठ्यपुस्तक प्रयोगमा समस्या उत्पन्न हुँदा पाठ्यपुस्तकको प्रयोग अन्योलपूर्ण अवस्थामा रहेको देखिन्छ।

पाठ्यपुस्तक प्रयोगका चुनौती

हरेक कामको सम्पादन र परिणाम प्राप्तिमा केही न केही समस्या तथा चुनौतीहरू अवश्य देखा पर्दछन्। खस भाषाको कक्षा तीनको पाठ्यपुस्तक प्रयोगमा पनि केही चुनौती तथा समस्याहरू देखा परेका छन्। पाठ्यपुस्तकको प्रयोगमा देखा परेका समस्या र चुनौतीका कारण पाठ्यपुस्तक पूर्ण रूपमा कार्यान्वयन हुन नसकेको पाइएको छ। पाठ्यपुस्तक पूर्ण कार्यान्वयनका चुनौतीहरू बारे स्पष्ट पार्दै सहभागी 'क' ले भनेका छन् "निर्माण प्रक्रियादेखि विविध कुरामा शिक्षकहरूले खोजेको वनरसिप भएन कि जस्तो लाग्छ। शिक्षकहरूको अपनत्वकै समस्या रहयो कि जस्तो रहयो किनभने किताबहरू हामीकहाँ थाकका थाक स्टोरमा रहे तर विद्यालयले यसलाई लिन चाहेनन्" (अन्तर्वार्ता शिक्षा प्रशासक)। सहभागीको धारणालाई मूल्याङ्कन गर्दा पाठ्यपुस्तकको पूर्ण कार्यान्वयन गर्न शिक्षकहरू तयार नभएको देखिएको छ। शिक्षकले पाठ्यपुस्तक निर्माण प्रक्रियादेखि नै आफूहरूलाई सहभागी नगराउँदाको असन्तुष्टि स्वरूप विद्यालयमा पाठ्यपुस्तक लिएर प्रयोग गर्न नचाहेको स्पष्ट हुन्छ।

त्यस्तै पाठ्यपुस्तकको कार्यान्वयनमा देखापरेका अन्य चुनौतीहरूमध्ये स्थानीय तहलाई पाठ्यपुस्तकका लेखक तथा सम्पादकहरूले पाठ्यपुस्तकको सफ्ट कपि उपलब्ध नगराउँदा पुनः मुद्रण गरी विद्यालयमा पुस्तकहरू वितरण गर्ने बाटो पनि बन्द भएको देखिन्छ। यस सन्दर्भमा सहभागी 'क' ले भनेका छन् " हामीलाई सफ्ट कपी पनि अहिलेसम्म उपलब्ध हुन सकेको छैन। यदी हामीले तत्कालीन सफ्ट कपी प्राप्त गरेको भए यसरी रिप्रिन्ट गर्न नसक्ने अवस्थामा हामी हुँदैनथ्यौँ। सफ्ट कपि हामीले प्राप्त गर्न सकेका छैनौँ " (अन्तर्वार्ता शिक्षा प्रशासक)। स्थानीय तहले लेखक तथा सम्पादकहरूलाई सफ्ट कपी बुझाउन बाध्य पार्न सक्ने भए पनि स्थानीय तह पनि त्यति सक्रिय नभएको देखिन्छ भने लेखक तथा सम्पादकहरूले पनि आफ्नो अन्तिम दायित्व पूरा नगर्नु समस्या हो। सहाभागी 'ञ' पाठ्यपुस्तक पूर्ण लागु नभएको सन्दर्भमा भन्छिन् "बनाउँदा हामीलाई सोधेनन् धेरैलाई सोधेनन् सर ! सबैको सुझाव अनुसार

गरेको भए अजै राम्रोसँग लागु हुन्थ्यो कि ? " (अन्तर्वार्ता महिला शिक्षक) । उनका अनुसार शिक्षक लगायत सरोकारवालासँग परामर्श नगरी पाठ्यपुस्तक बनाइएकाले उनीहरूको सहयोगबिना कार्यान्वयनमा समस्या र चुनौती खडा भएको सहजै बुझ्न सकिन्छ ।

पाठ्यपुस्तकको प्रयोग पूर्ण रूपले नभएको सम्बन्धमा सहभागी 'झ' ले भनेका छन् " पालिकाले निगरानी गरेन । पूर्ण कार्यान्वयन नगराउने ताकेता नगर्ने का हुन्छ ? पहिलो सरकारले पाठ्यपुस्तक नै निर्माण गऱ्यो । अझै पाठ्यपुस्तक छन् । यसमा स्थानीय सरकारको कार्यान्वयनको सक्रियता देखिएन । निगरानी गरेन (अन्तर्वार्ता शिक्षक) । यस धारणालाई आधार मान्ने हो भने स्थानीय सरकाले समेत प्रयोग र पुनः प्रयोगका लागि विद्यालयहरूलाई तयार गर्न सक्रियता नदेखाएको बुझिन्छ । स्थानीय सरकारले कार्यान्वयनका लागि ताकेता गरेमा सम्भव हुने भए पनि त्यसो गरेको पाइएन ।

यस सम्बन्धमा सहभागी 'ज' को धारणा यस्तो छ "समिति बन्दा राजनीतिक प्रभाव परेपछि पछि नपर्ने भन्ने होइन परिहाल्यो त्यो त त्यसमा पनि स्तरीय बनेको भए उहाँहरूलाई स्वागत सम्मान गर्थ्यौँ। सम्मान गरेर उहाँहरूलाई विद्यालयमा पनि बोलाउँथ्यौ होला" (अन्तर्वार्ता शिक्षक) । उनको धारणाअनुसार पाठ्यपुस्तक स्तरीय नभएको तथा विज्ञ समिति निर्माण प्रक्रियादेखि राजनीतिक प्रभाव परेको बुझेका शिक्षकले पुस्तकको प्रयोगमा चासो नदिएका कारण कार्यान्वयनमा पनि चुनौती थपिएको अनुमान गर्न सकिन्छ ।

त्यसै गरी पाठ्यपुस्तका समस्या तथा सीमितता उल्लेख गर्ने सन्दर्भमा सहभागी 'ज' ले भनेकी छन् "किताब चाहीँ अलि भास्ट छ । स्तरअनुसार भास्ट नै छ" (अन्तर्वार्ता महिला शिक्षक) । पाठ्यपुस्तक विद्यार्थीको स्तर र क्षमताभन्दा कठिन रहेको देखिन्छ । कठिनाइ स्तरकाका कारणले पनि पाठ्यपुस्तकको कार्यान्वयनमा समस्या आएको मान्न सकिन्छ ।

समग्रमा पाठ्यपुस्तक पूर्ण रूपमा प्रयोगमा आउन नसक्नुका प्रमुख कारण तथा चुनौतीको रूपमा शिक्षक लगायतलाई पाठ्यपुस्तक निर्माणमा सहभागी नगराउनु, पाठ्यपुस्तक विद्यार्थीको स्तरभन्दा कठिन हुनु, स्थानीय तह पनि कार्यान्वयन गराउन गम्भीर नहुनु, राजनैतिक प्रभावको महसुस हुनु आदि रहेको देखिन्छ । विज्ञ समिति निर्माण गर्दा राजनीतिक प्रभाव परेको महसुस गरेका शिक्षकहरूले नै आफूलाई सहभागी नगराएको असन्तुष्टि स्वरूप पूर्ण तथा पुनः प्रयोग गर्न तयार नहुनु प्रमुख चुनौती

देखिएको छ। त्यसै गरी सफ्ट कपी उपलब्ध नभएको भन्ने केही बाहना बनाए पनि स्थानीय तहले पनि आफ्नो केही कमजोरीका कारण विद्यालयलाई कार्यान्वयनमा बाध्य पार्न नसक्नु अर्को समस्याको रूपमा देखिएको छ। त्यसै गरी पाठ्यपुस्तक कठिन हुनु जस्ता कारणले पाठ्यपुस्तक प्रयोगमा चुनौती थपेको स्पष्ट हुन्छ। यसरी शिक्षक लगायतको निर्माण कार्यमा सहभागिता नहुनु, स्थानीय तह पनि गम्भीर नबन्नु, पाठ्यपुस्तक विद्यार्थीको स्तर अनुसारको सहज र स्तरीय नहुनु जस्ता कारणले कार्यान्वयनमा चुनौती खडा गरेको पाइएको छ। यस किसिमका चुनौतीहरूको समाधानमा ख्याल गरी परिमार्जन गरेमा मात्र पाठ्यपुस्तकलाई पुनः मुद्रण गरी कार्यान्वयन गर्न सकिने स्थिति छ।

स्थानीय आवश्यकता

स्थानीय आवश्यकता तथा समय परिवेशलाई मध्यनजर गर्दै पाठ्यक्रम तथा पाठ्यपुस्तक तयार पारी कार्यान्वयन गरिन्छ। समाज र त्यसको आकाङ्क्षा र आवश्यकतालाई सम्बोधन गर्नकै लागि राज्यले सोही अनुसार शिक्षा नीतिको अवलम्बन गरी शैक्षिक योजनाहरू निर्माण गरी कार्यान्वयन गर्दछ। त्यस किसिमका शैक्षिक योजनाहरूभित्र पाठ्यक्रम तथा पाठ्यपुस्तकको निर्माण तथा परिमार्जन गर्ने कार्य पनि पर्दछ। स्थानीय आवश्यकतालाई पाठ्यपुस्तकले सम्बोधन गर्न नसकेमा पाठ्यपुस्तक उपयोगी र सान्दर्भिक बन्न सक्दैन। 'खस भाषा र संस्कृति' कक्षा तीनको पाठ्यपुस्तकले स्थानीय आवश्यकतालाई सम्बोधन के कसरी गरेको छ भन्ने विषयलाई पनि अनुसन्धानमा विश्लेषण गरिएको छ।

सिँजा गाउँपालिकाले तयार पारेको खस भाषाको पाट्यपुस्तक 'खस भाषा र संस्कृति' पाठ्यपुस्तकमा 'रोपाइको चुड्किलो', 'तित्थ जाँदाको चुड्किलो', 'झ्यादेव', 'हुड्क्या नाच', 'देउडा', 'राडीपाखी', 'जडीबुटी' जस्ता शीर्षकका पाठहरू समाविष्ट गरिएको छ। यी पाठहरूले खस संस्कृति, रीतिरिवाज, परम्पराको पहिचानलाई उजागर गरेको तथा स्थानीय उत्पादन र घरेलु उद्योग, प्राकृतिक स्रोत साधनको महत्त्व प्रस्तुत गरेको देखिन्छ त्यस्तै 'यक्ष र तन्तुकार', 'चुफ्या' लगायतका कथाले कर्णाली तथा खस क्षेत्रको साइतर संस्कृतिलाई बुझाउन र विस्तार गर्न खोजेको देखिन्छ।

स्थानीय भाषा संस्कृति, परम्परा, घरेलु उद्यम तथा स्थानीय स्रोत साधनको विषय ओझेलमा पर्ने खतरा बढेका बेला त्यसको प्रचारप्रसार र संरक्षणको अभ्यास गर्नु नै स्थानीय आवश्यकता हो। यसरी स्थानीय आवश्यकताका आधारमा नै खस भाषा, सांस्कृतिक विषय, स्थानीय उत्पादन र घरेलु उद्योग,

प्राकृतिक स्रोत र साधन जस्ता क्षेत्रको पहिचान, प्रसार र विकास गर्ने उद्देश्यले त्यस किसिमका विषयवस्तुहरू पाठ्यपुस्तकमा समावेश गरिँदा पाठ्यपुस्तकलाई सान्दर्भिक बनाएको छ।

अनुसन्धेय पाठ्यपुस्तकलाई स्थानीय आवश्यकताअनुकूल छ वा छैन भन्ने सवालमा अनुसन्धानका सहभागी 'ङ' भन्छन् " लोकल भाषा यहाँका लागि आवश्यक छ। अन्तको लागि नहोला यो जुम्लाका लागि विशेष गरी सिँजाका लागि खसभाषामा अनिवार्य आवश्यक छ। स्थानीय आवश्यकता पनि हो। यसले सिँजाको भाषा संस्कृतिको जगेर्ना हुन्छ" (अन्तर्वार्ता शिक्षक)। सहभागीको धारणा अनुसार खस भाषाको पाठ्यपुस्तक सिँजाको लागि आवश्यक देखिन्छ। यसले सिँजाको संस्कृति र परम्परालाई सम्बोधन गर्ने भएकाले स्थानीय आवश्यकतामा आधारित रहेको देखिन्छ।

स्थानीय तथा मातृभाषा विषयका पाठ्यपुस्तकहरूले स्थानीय आवश्यकता र स्थानीय समस्याहरूलाई समेट्न सक्नुपर्दछ। पाठ्यक्रम विकास केन्द्र (२०७६) अनुसार "स्थानीय पाठ्यक्रमले स्थानीय आवश्यकता समेट्न सक्नुपर्दछ। स्थानीय समुदायको आवश्यकतालाई पहिचान गरी विकास गरिएको पाठ्यक्रमलाई मात्र स्थानीय पाठ्यक्रम भन्न सकिन्छ" (पृ.७)। यसरी स्थानीय आवश्यकतालाई आधार बनाएर निर्माण गरिएको पाठ्यक्रमका आधारमा स्थानीय पाठ्यपुस्तक तयार गरिए मात्र सान्दर्भिक हुने देखिन्छ। पाठ्यपुस्तक स्थानीय आवश्यकता अनुकूलको रहे नरहेको सम्बन्धमा अनुसन्धानका सहभागी 'ज्ञ' ले अन्तर्वार्ताका क्रममा आफ्नो धारणा राख्दै भनेकी छन् :

> "संस्कृति, हाम्रो खस भाषा, हाम्रो रहनसहनका लागि किताबको आवश्यकता हो। किन भने भाषा र संस्कृति नबिसौँ। हाम्रो आवश्यकताका कुराहरू पनि यो किताब भित्र छ त ! राडी बुन्न सिकाएको छ। जडीबुटीको औषधीको कुरा छ। आजकल हाम्रो देउडा, मागल, झोडा, चुड्किला विर्सिंदै गाछ नी पप गित न्यापगित त्यो त हामी न चाहियानन्। संस्कृतिका विषयहरू यस पाठ्यपुस्तकभित्र छन् त ? (अन्तर्वार्ता शिक्षिका)

सहभागी शिक्षिकाका अनुसार पाठ्यपुस्तक स्थानीय आवश्यकतामा आधारित भएर तयार पारिएको स्पष्ट हुन्छ। स्थानीय विषयवस्तुलाई समावेश गरेर स्थानीय जनसमुदाय र सरोकारवालालाई अपनत्वको आभाष दिन पाठ्यपुस्तक सफल रहेको देखिन्छ।

स्थानीय विषयवस्तुलाई पुस्तकले अङ्गीकार गरेको विषयमा स्थानीय अभिभावक तथा अनुसन्धानका सहभागी 'ड' आफ्नो अभिमत यसरी राखेका छन् "यसले हाम्रै त कुराहरू समेटेको छ। मैले भने त हाम्रा संस्कृतिका परम्पराका खेतिपातीका विषयहरू समेटेकै छ। त्यसैले यो पुस्तक हाम्रै हो हाम्रा बालबालिकाका लागि नै हो। यसलाई लागु गर्नुपर्छ। अहिले पढाएको देख्दैन हेर्नुस्" (अन्तर्वार्ता, अभिभावक)। सहभागी अभिभावकको विचार तथा धारणालाई हेर्ने हो भने पाठ्यपुस्तक खस समाजका विभिन्न आयामहरूलाई समेटन सफल भएको मान्न सकिन्छ।

पाठ्यपुस्तक समाजका लागि हुन्छ। सामाजिक विषयवस्तुहरू पाठ्यपुस्तकमा अटाउनुपर्छ। त्यसैले हरेक पाठ्यपुस्तक स्थानीय समाजमैत्री र समाजअनुकूल हुनुपर्छ। स्थानीय समाजको आवश्यकतालाई अङ्गीकार गरेको पाठ्यपुस्तक सफल र उपयोगी हुन्छ। पाठ्यपुस्तक स्थानीय आवश्यकता अनुसारकै रहेको र यसले अझै निरन्तरता पाओस् र विकसित हुने र महत्त्व बढ्ने अवस्थामा पुगोस् भन्ने कामना गर्दै स्थानीय अभिभावक तथा सहभागी 'ढ' ले आफ्नो प्रतिबद्धता र शुभेच्छा यसरी प्रस्तुत गरेका छन् "अझै पनि विकसित होस्। यो आवश्यक छ। मैले अघि पनि भने नि खस भाषा हाम्रो हराउनु भएन। जडीबुटीबारे किताबमा पनि आयो। यो राम्रो कुरा हो। हाम्रो ठाउँलाई चिनाउने भएकाले हामी पूरै सपोर्टमा छौँ" (अन्तर्वार्ता अभिभावक)। सहभागीको भनाइले पाठ्यपुस्तक स्थानीय आवश्यकता अनुकूल रहेको सङ्केत गरेको छ।

सबै सहभागीको धारणा तथा विचारलाई हेर्ने हो भने सिँजा गाउँपालिकाले तयार पारेर कार्यान्वयन अभ्यास गरेको खस भाषा र संस्कृति पाठ्यपुस्तक सिँजाको स्थानीय जीवनशैली, क्रियाकलाप, प्राकृतिक स्रोत तथा सम्पदा, धर्म संस्कृति र परम्परालाई समेट्ने खालका विषयवस्तुमा आधारित भएकाले स्थानीय विषयवस्तुका दृष्टिले स्थानीय आवश्यकतामा आधारित सान्दर्भिक पाठ्यपुस्तक हो भन्न सकिन्छ।

भाषिक सांस्कृतिक पहिचान

स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकहरू तयार पार्दा स्थानीय भाषा, संस्कृति, मान्यता र परम्परा लगायतका स्थानीय विषयवस्तुलाई प्राथमिकतामा राख्ने गरिन्छ। स्थानीय धर्म, संस्कृति, परम्परा,

रीतिरिवाज, मान्यता, प्राकृतिक तथा ऐतिहासिक विषयवस्तुलाई समावेश गरेर त्यसको विकास, संरक्षण र प्रचारप्रसार गर्न स्थानीय पाठ्यपुस्तकको महत्त्वपूर्ण भूमिका रहन्छ । खस भाषामा रहेको 'खस भाषा र संस्कृति' पाठ्यपुस्तकले खस संस्कृति र भाषाको पहिचानलाई स्थापित गर्न गरेको प्रयत्नलाई अनुसन्धानमा विश्लेषण गरिएको छ ।

स्थानीय पाठ्यपुस्तकमा समावेश गरिने विषयवस्तुका सम्बन्धमा पाठ्यक्रम विकास केन्द्र (२०७६) को अवधारणा र सिद्धान्त अनुसार "मातृभाषा, स्थानीय भाषा, संस्कृति, ऐतिहासिक विषयवस्तु, स्थानीय सिपमध्येबाटै विषयवस्तु समावेश गर्न सकिन्छ तर ती विषयवस्तु स्थानीय समुदायसँग सम्बन्धित हुनुपर्दछ" (पृ. ७) । स्थानीय पाठ्यक्रम विकास निर्देशिकाले पाठ्यक्रम निर्माण गर्दा स्थानीय भाषा, संस्कृति, ऐतिहासिक विषयस्तु, स्थानीय सिप कला, उद्यम आदि क्षेत्रलाई समेट्नुपर्ने मार्गनिर्देश गरेअनुसार खस भाषा र संस्कृति कक्षा तीनको पाठ्यपुस्तकमा त्यसखाले विषयवस्तु के कसरी समावेश गरिएको छ र यसको सान्दर्भिकता के छ ? भन्ने विषयमा अनुसन्धानमा विशेष विश्लेषण गरिएको छ ।

अनुसन्धेय पाठ्यपुस्तकको माध्यम भाषा नै खस भएकाले खस भाषाको पहिचानका लागि पुस्तक महत्त्वपूर्ण मानिएको छ । पुस्तकमा सिँजा लगायत खस क्षेत्रमा प्रयोग व्यवहारमा रहेको खस भाषालाई पाठ्यपुस्तकको माध्यम भाषा बनाइनु भाषा पहिचानको लागि नयाँ अध्यायको आरम्भ नै मान्न सकिन्छ । त्यस्तै खस संस्कृति सम्बन्धी पाठ्यवस्तु समावेश गर्ने क्रममा 'तित्थ जाँदाको चुड्किलो', 'रोपाइको चुड्किलो', 'झ्यादेव', 'देउडा', 'हुड्क्या नाच' जस्ता पाठलाई समावेश गरिएको छ । कर्णाली तथा जुम्लाको सिँजा लगायतका क्षेत्रमा शुभकार्य तथा उत्सवहरू हुँदा चुड्किलो स्वरूप मङ्गल गान गाउने संस्कार तथा संस्कृतिलाई उजार गर्न पाठ्यपुस्तकमा त्यस खाले विषयवस्तु समावेश गरेर खस संस्कृति र सभ्यताको पहिचानमा योगदान दिने प्रयत्न गरेको देखिन्छ ।

त्यस्तै देउडा र हुड्क्या नाच कर्णालीका विशेष सांस्कृतिक पक्ष हुन् जसलाई पाठ्यपुस्तकमा समावेश गर्नु सांस्कृतिक पहिचानलाई व्यापक बनाउने कार्यको रूपमा व्याख्या गर्न सकिन्छ । जुम्ला लगायतका खस क्षेत्रमा लोक कथाको रूपमा सुनाइने साइतरहरूको प्रतिनिधित्व स्वरूप 'चुफ्या', 'काल्या

र साप', 'यक्ष र तन्तुकार' साइतरलाई कथाको रूपमा समाविष्ट गरी साइतर वाचन संस्कृतिलाई परिचित गराउन गर्न खोज्नु सान्दर्भिक देखिन्छ।

खस भाषा र संस्कृति खसहरूको मात्र भाषा तथा संस्कृति नभएर नेपालीको जननी भाषा र जननी संस्कृति हो भन्दा फरक पर्दैन। यस किसिमले ऐतिहासिक पहिचान बोकेको खस भाषा र संस्कृतिका विषयहरू पाठ्यपुस्तकमा समावेश गरिएको सन्दर्भमा सहभागी 'ज्ञ' को भनाइ यस्तो छ "यसमा देउडा. मागल, चुड्किला छ। हाम्रो संस्कृतिलाई सानैदेखि बच्चाले यही रहेछ भनेर बिर्सने भयन त सर ! यो भएन भने त चटक्कै उनीहरूले पप गित गाउन सक्छन्। देउडा भनेपछि हाम्रो संस्कृति भनेर बुझ्ने भए त कम्तीमा सर"(अन्तर्वार्ता शिक्षिका) ! सहभागीका अनुसार खस संस्कृतिका विषयहरू पाठ्यपुस्तकमा हुनु राम्रो पक्ष रहेको र यसले संस्कृतिको पहिचान, प्रसार, विकास र पुस्तान्तरण हुने उल्लेख छ।

कुनै पनि समुदायको भाषा र संस्कृतिले त्यस समुदायलाई पहिचान दिएको हुन्छ भने इतिहाससँग जोडेको हुन्छ। खस भाषा र संस्कृतिले खसहरूको पहिचान र इतिहासलाई जोड्ने काम गर्दछ। खस भाषा र संस्कृति नेपालीकरण हुँदै सङ्कटको अवस्थामा पुगिरहेको बेला पाठ्यपुस्तकमा समावेश गरी नयाँ पुस्तालाई सिकाउने अभियान थाल्नुलाई नै एउटा पुनर्जागरणको सुरुवात मान्न सकिन्छ।

खस भाषा र संस्कृतिको पहिचान र विकासमा पाठ्युस्तकले पुऱ्याएको योगदानका सन्दर्भमा सहभागी 'ठ' ले आफ्नो विचारलाई यसरी प्रस्तुत गरेका छन् "आफ्नो पुरानो संस्कृतिलाई, पुरानो भाषालाई संरक्षण गर्ने कुरा जगेर्ना गर्ने कुरा सबैबाट राम्रो हो भन्ने कुरा आएको छ। अनि नबुझेका मान्छेहरू सरकन राम्रो भाषा सिकाउन भनिकन पठाएऔँ उही पुरानो नेउणो कोछया जुगलो पढाउँदा भनिकन अलि राम्रो नै मान्नैनन्" (अन्तर्वार्ता शिक्षक)। खस भाषा र संस्कृतिको महत्त्व बुझेका सबैले पाठ्यपुस्तकमा खस भाषा र संस्कृतिका विषयहरू समेटिनु राम्रो भएको यसले खस भाषा र संस्कृतिको पहिचान र विकासमा योगदान पुग्ने प्रतिक्रिया दिएको देखिन्छ भने केही नबुझेका मानिसहरूले आफ्नो भाषा र संस्कृतिको महत्त्व बुझ्न नसकेको कुरा सहभागीले स्पष्ट पारेका छन्।

खस भाषामा तयार पारिएको पाठ्यपुस्तकले खस भाषा र संस्कृतिको पहिचान र संरक्षणमा योगदान दिएको उल्लेख गर्दै सहभागी 'ड' ले भनेका छन् "जहिलेसम्म यहाँको संस्कृति रहिरहन्छ, खस

भाषा जहिलेसम्म रहिरहन्छ तब यसको मूल्य र मान्यता छ। विस्तारै विस्तारै पश्चिमा संस्कृतिले त यताकताबाट आक्रमण गरेर यही भाषा नै लोप होला जस्तो परिस्थिति भया हुनाले यो पुस्तकले राम्रो गरेको छ" (अन्तर्वार्ता शिक्षक)। सहभागीले आगन्तुक संस्कृतिका कारण खस भाषा र संस्कृतिको पहिचान सङ्कटमा परेको वर्तमान अवस्थामा 'खस भाषा र संस्कृति' पाठ्यपुस्तकले महत्त्वपूर्ण भुमिका खेलेको बताएका छन्।

खस भाषा र संस्कृतिका विषयवस्तुले सान्दर्भिक बनेको पाठ्यपुस्तकका सम्बन्धमा सहभागीका धारणा तथा पाठ्यपुस्तकमा रहेका पाठ्यवस्तुको समीक्षा गर्दा खस भाषा र संस्कृतिको पहिचान, संरक्षण र विकासका लागि अनुसन्धेय पाठ्यपुस्तकको योगदान अविस्मरणीय भएको प्रस्ट हुन्छ। यसरी खस भाषा र संस्कृतिको पहिचानका लागि सकरात्मक भूमिका खेलेको पाठ्यपुस्तकको प्रयोग निरन्तरताका विषयमा भने स्थानीय सरकार तथा सरोकारवाला सबै जिम्मेवार र सक्रिय भई आवश्यक परिमार्जनसहित पुनः प्रयोग गर्न सकिएमा सान्दर्भिक हुने देखिएको छ।

शिक्षक अभिभावकको अनुभव

शिक्षक, विद्यार्थी, अभिभावक तथा सरोकारवालाहरूले उपयुक्त अनुभव गरेको पाठ्यपुस्तक नै सार्थक र उपयोगी हुन्छ। पाठ्यपुस्तकको सान्दर्भिकता त्यतिखेर पुष्टि हुन्छ जतिखेर शिक्षक, विद्यार्थी, अभिभावक लगायतका सरोकारवालाहरूले पुस्तकलाई सहर्स स्वीकार गरेर उपलब्धिको अनुभव गर्न सक्दछन्। शिक्षण क्रियाका लागि सहयोगी र ज्ञान प्रसारणको साधन, विद्यार्थीमा रूचि पैदा गर्न सक्ने, सामाजको भावना र आदर्श समेटिएको पाठ्यपुस्तक नै सफल र स्तरीय बन्न सक्दछ।

शिक्षक तथा अभिभावकले गरेको अनुभवका आधारमा खस भाषा र संस्कृति पाठ्यपुस्तकको समीक्षा तथा मूल्याङ्कन गर्ने सन्दर्भमा सहभागी शिक्षक 'ङ' ले पाठ्यपुस्तक पढाउँदा आफूलाई पनि खुसी लागेको र विद्यार्थीहरूले पनि रूचि देखाएको बताएका छन्। उनले व्यक्त गरेको धारणा यस्तो छ "उनीहरूले स्थानीय खस भाषाको कक्षा कतिखेर आउला सर कतिखेर पढाउनुहुन्छ भनेर पर्खिने गरेको, कक्षाका लागि खुसी हुने गरेको र उत्साहित हुने गरेका थिए। स्थानीय गीतहरू भए, खेलहरू, झोडा मागल, देउडा, रोपाइ चुड्किला हुड्के नाचहरूका बारे त देखाएरै पढाएँ" (अन्तर्वार्ता, शिक्षक)। सहभागी शिक्षकका अनुभवमा विद्यार्थीहरू खस भाषाको पाठ्यपुस्तक पढ्नमा रूचि देखाउने गरेको र आफूलाई

पनि देउडा, मागल, चुड्किला जस्ता विषयहरू प्रत्यक्ष रूपमै देखाएर पढाउन सहज भएको पाइयो। यसरी स्थानीय मातृभाषामा तयार पारिको पाठ्यपुस्तकमा स्थानीय भाषा र स्थानीय विषयवस्तु नै हुने भएकाले विद्यार्थीले पनि चासो राख्ने र शिक्षकलाई पनि सिकाउन सहज हुने देखिन्छ।

पाठ्यपुस्तकको प्रयोग पश्चात् शिक्षकहरूले गरेको अनुभवहरू सुनाउँदै अनुसन्धानका सहभागी 'ज' ले भनेकी छन् "वाक्यमा प्रयोग गर्ने भनेको छ। प्रश्नको उत्तर देऊ भनेको छ। खाली ठाउँ भर भनेको छ। शब्द दिएर वाक्य प्रयोग गर भनेको छ तर अर्थ समेत दिएको भए वाक्यमा प्रयोग गर्न सजिलो हुन्थ्यो। यही कुराले अलि कठिनाइ बनाएको छ" (अन्तर्वार्ता शिक्षक)। पाठ्यपुस्तक रूचिपूर्ण भए पनि विद्यार्थीको स्तरभन्दा कठिन भएको र शब्दार्थ नदिंदा विद्यार्थीलाई बुझाउन र बुझ्न केही समस्या रहेको पाइएको छ। यस्तै अनुसन्धानका सहभागी 'ञ' ले आफ्नो अनुभव यसरी व्यक्त गरेकी छन् :

> " राडीपाखी छ, भेडापालन भयो आदि भएकाले चासो त राखे तर विषयवस्तु भास्ट छ। कक्षा तीनसम्मको लागि गाह्रो छ। पाँच छ पढ्नेहरूको लागि छ। छोटोछोटो छ तर पनि विषयवस्तु भास्ट छ ३ सम्मका बच्चाले का बुझ्छन् र ठुलाले पो बुझ्छन् ? साना बच्चाहरूलाई देउडा यो काँ बुझ्छन्" (अन्तर्वार्ता शिक्षिका)।

पाठ्यपुस्तकमा स्थानीय विषयवस्तु भएकाले विद्यार्थीहरूले रूचि राखेको तर स्तरभन्दा केही कठिन रहेकाले समस्या भएको अनुभव सहभागीको छ। आफ्नै भाषा, संस्कृति र परम्पराका विषयवस्तु भएकाले विद्यार्थीले केही सहज अनुभूतिका साथ चासो राखेको देखिए पनि कठिनाइ स्तरका कारण केही असहजता हुने गरेको पाइएको छ। पाठ्यपुस्तक शिक्षणका अनुभव सुनाउँदै सहभागी 'ज' भन्छिन्

> मैले कक्षा ३ को खस भाषा र संस्कृति भन्ने विषय पढाइराख्या छु। यहाँ पढाइ भैराख्या छ। मेरो घर सुर्खेत भएकाले यो पढाउँदा पहिला अलि कठिन भएको थियो। मैले विस्तारै सिक्दै सिकाउँदै गरे। मलाइ खम्बा वा देवलको विषयमा पढाउँदा अलि गार्हो भएको थियो। खम्बाका विषयमा विद्यार्थीलाई अलि बुझाउन गाह्रो भयो। त्यस्तो खम्बा यहाँ माथि पनि छ। यहाँका मान्छेहरू यसलाई चाइनाले आक्रमण गरेर सिमानाको रूपमा यसलाई बनाएको भन्ने बताए। यसबारे यकिन नहुँदा ठ्याक्कै धारणा दिन गाह्रो भयो (अन्तर्वार्ता शिक्षिका)।

सहभागीका अनुसार पाठ्यपुस्तकमा समाविष्ट केही विषयहरूमा विद्यार्थीहरूलाई धारणा बसाउन गाह्रो हुने गरेको देखिन्छ । स्थानीय शिक्षकलाई केही सहज हुने भए पनि विमातृभाषी शिक्षकलाई केही समस्या हुने आफ्नो अनुभव उल्लेख गरेकी छन् । त्यस्तै पाठ्यपुस्तकका विषयमा आफ्नो विचार राख्दै अभिभावक तथा सहभागी 'ढ' ले भनेका छन् "मेरो छोरी पनि ३ पढेर अहिले ४ मा गैराछन् । उसले राम्रै पढ्थिन । किताबमा भएको जडीबुटी, राडीपाखी बुनेको चित्रहरू देखाउँथिन् । पढाइ राम्रो थियो । राम्रै भइराछ" (अन्तर्वार्ता, अभिभावक) । अभिभावकका अनुसार पाठ्यपुस्तकप्रति विद्यार्थीले चासो राखेर अभिभावकसँग विषयवस्तुका बारे छलफल गर्ने गरेको र आफूलाई पनि उत्साहित बनाएको पाइन्छ ।

अनुसन्धानका अर्का सहभागी 'ड' ले बालबालिकाले पुस्तकप्रति देखाएको व्यवहारबारे आफ्नो अनुभवलाई यसरी उल्लेख गरेका छन् "बालबालिकाहरूमा रुचि त थियो हेर्नुहोस् त्यतिखेर त्यही किताब बढी पढ्न खोज्ने र त्यसमा भएका मागल, चुड्किलाहरू हामीलाई भन्न लगाउने अनि राडीपाखी बुन्ने कुराका बारे सोध्ने गर्थे हेर्नुस् । केटाकेटीहरू खुसी देखिन्थे" (अन्तर्वार्ता अभिभावक) । सहभागी अभिभावकका अनुभवमा स्थानीय भाषा, सांस्कृतिक विषय, स्थानीय सिप, कला र उद्यम लगायतका विषयहरू भएकाले पाठ्यपुस्तक पठनमा चासो राख्नुका साथै अभिभावसँग अन्तर्क्रिया गर्न उत्सुक रहेको देखाइएको छ ।

समग्रमा भन्नुपर्दा अभिभावक र शिक्षकका अनुभवमा पाठ्यपुस्तकमा स्थानीय धर्म, भाषा, संस्कृति, स्थानीय उद्यम तथा प्राकृतिक साधन स्रोत आदि विषयहरू समावेश गरिएकाले रूचिपूर्ण रूपमा ग्रहण गरेको पाइएको छ । तर विद्यार्थीको स्तरभन्दा पुस्तक केही कठिन रहेको र यसलाई पुनः प्रकाशन गर्दा ख्याल गरिनुपर्ने निष्कर्ष प्राप्त भएको छ । शिक्षकहरूले पाठ्यपुस्तक केही कठिन रहेको अनुभव गरेका छन् भने अभिभावकहरूले स्थानीय विषयवस्तु भएकाले विद्यार्थीले रूचि राख्ने गरेको यसले अभिभावक आफूलाई पनि खुसी बनाएको अनुभव प्रस्तुत गरेका छन् । समग्रमा पुस्तक परिमार्जनसहित प्रयोगमा ल्याउन योग्य रहेको अनुभव प्राप्त भएको देखिन्छ ।

पाठ्यपुस्तकको उपयोगिता

विद्यार्थीको सिकाइका लागि महत्त्वपूर्ण पाठ्यसामाग्रीको रूपमा प्रयोग हुने पाठ्यपुस्तक सिकाइ उपलब्धि हाँसिल गराउनका लागि योग्य र उपयोगी हुन जरुरी छ । उपयुक्त पाठ्यपुस्तकबाट मात्र

विद्यार्थीको सिकाइ उपलब्धि हाँसिल हुन्छ भने पाठ्यक्रमले राखेका उद्देश्य र समुदाय र राष्ट्रले राखेका अपेक्षा पूरा हुन सक्छन् । पाठ्यपुस्तक निर्माण गर्दा उपयोगिताको आकलन तथा पूर्व परीक्षण गरी प्रयोग गरिनुपर्छ । पाठ्यपुस्तकको प्रयोग गर्न विद्यार्थीहरू कक्षा कोठामा के कति सक्रिय भएर सिकाइमा सहभागी भए , सिकाइ उपलब्धिमा के भिन्नता देखियो , विद्यार्थीहरूमा रूचि र उत्सुकतामा देखियो या देखिएन, शिक्षकहरूमा के कस्तो शिक्षण सहजता ल्यायो , शिक्षकहरू के कति सन्तुष्ट भए जस्ता विषयका आधारमा पाठ्यपुस्तकको उपयोगिता पहिल्याउन सकिन्छ ।

अनुसन्धानमा समाविष्ट पाठ्यपुस्तकको उपयोगिता तथा प्रभावका सन्दर्भमा सहभागी ‘ङ’ ले भनेका छन् “ आफ्नै बोली भाषा भएकाले विद्यार्थीले सहजै सिक्न सकेको देखियो । पढेको र बोलीचालीमा रहेको गाउँघरमा रहेका कुराहरूको तालमेल हुने हुँदा राम्रो प्रभाव परेको देखिन्छ । किताबमा पढेको र व्यवहारमा गाउँघरमा देखेको विषय एउटै हुने हुनाले यो रहेछ भनेर बुझ्छन् ” (अन्तर्वार्ता, शिक्षक) । सहभागीले दिएको प्रतिक्रियाअनुसार विद्यार्थीहरूको मातृभाषा खस भएका कारण सिकाइमा रूचि र सहजता ल्याएको देखिन्छ । पाठ्यपुस्तकको सकरात्मक प्रभाव विद्यार्थीहरूमा परेको बताउँदै विद्यार्थीहरूको रूचि पाठ्यपुस्तकप्रति रहेको विषयमा सहभागी 'ङ' थप्छन् :

> यसमा स्थानीय विषयवस्तुहरू समावेश गरिएको भएकाले विद्यार्थीहरूका लागि रूचिको विषय भएको देखिएको छ । यसमा स्थानीय गीतहरू भए, बाजाहरू भए, खेलहरू, झोडा मागल, देउडा, रोपाइ चुड्किला छन् । यस्ता विषयहरू समेटिएको पाठ्यपुस्तक भएकाले विद्यार्थीहरूले यसखाले कुरा हाम्रो गाउँघरमा पनि हुन्छ भनेर जिज्ञासु र उत्साहित हुने गरेको देखिएको हो (अन्तर्वार्ता, शिक्षक) ।

सहभागीकाअनुसार स्थानीय भाषा तथा पाठ्यपुस्तकमा समाविष्ट विषयवस्तु पनि स्थानीय रहेकाले विद्यार्थीहरूमा रूचि पैदा गरेको र विद्यार्थीहरू सिकाइका लागि सक्रिय र जिज्ञासु रहेको देखिन्छ । आफ्नै भाषा तथा सामाजिक सांस्कृतिक परिवेशका विषयवस्तुले विद्यार्थीहरूलाई समाज तथा परिवारकारका अन्य व्यक्तिसँग अन्तर्क्रिया गरेजस्तै शिक्षकसँग सहजै अन्तरघुलनका साथ सिकाइमा सहभागी हुने देखिन्छ । यस किसिमको अन्तरघुलनको अवस्थालाई भिगोत्सकीको सामाजिक निर्माणवादको विकासको अधिकतम क्षेत्र जेट. पि. डी. को रूपमा लिन सकिन्छ । भट्टराई (२०६८) ले आफ्नो

पुस्तकमा उल्लेख गरेअनुसार " ZPD एउटा अवधारणा हो जसको माध्यमबाट बालकले आफ्नो सम्भावित विकासको तहलाई सहकार्य वा योग्य व्यक्तिको सहयोगको आधारमा प्राप्त गर्दछ" (पृ . ३१३) । यसरी शिक्षकको सहयोग लिन तयार हुने, रूचि राख्ने तथा जिज्ञासु बन्ने सन्दर्भमा सहभागी 'ङ' अझै थप भन्छन् :

> स्थानीय गीतहरू भए, बाजाहरू भए, खेलहरू, झोडा मागल, देउडा, रोपाइ चुड्किला छन् । यस्ता विषयहरू समेटिएको पाठ्यपुस्तक भएकाले विद्यार्थीहरूले यसखाले कुरा हाम्रो गाउँघरमा पनि हुन्छ भनेर जिज्ञासु र उत्साहित हुने गरेको देखिएको हो । उनीहरूले स्थानीय खस भाषाको कक्षा कतिखेर आउला सर कतिखेर आउनु हुन्छ र पढाउनुहुन्छ भनेर पर्खिने गरेको, कक्षाका लागि खुसी हुने गरेको र उत्साहित हुने गरेको देखिएको थियो (अन्तर्वार्ता, शिक्षक)

यसरी शिक्षकसँग सहकार्य गर्न तयार भएर विद्यार्थीमा रूचि र जिज्ञासा पैदा गराउने पाठ्यपुस्तक सिकाइका लागि उपयोगी नै मानिन्छ । सहभागीका अनुसार स्थानीय गीत, बाजा, खेल, देउडा, रोपाइको चुड्किलो आदिले विद्यार्थीहरूको सिकाइमा रूचि जाग्नुका साथै सिकाइ क्रियाकलापमा सक्रिय बनाउन भूमिका खेलेको बुझ्न सकिन्छ । भिगोत्सकीको सामाजिक निर्माणवादका अनुसार पनि बालबालिकाको ज्ञान निर्माणमा सामाजिक अन्तर्क्रिया तथा सामाजिक सांस्कृतिक पक्ष र विद्यार्थीहरूको भाषाले प्रभाव पार्ने पुष्टि हुन्छ । भट्टराई (२०६८) ले आफ्नो पुस्तकमा उल्लेख गरेअनुसार " ज्ञानको निर्माणमा समाजको भूमिका महत्त्वपूर्ण हुन्छ । व्यक्तिका क्रियाकलाप, उसको दिमाग वा संज्ञानलाई सामाजिक तथा सांस्कृतिक तत्त्वहरूले आकार दिन्छ" (पृ. ३१०) । सामाजिक तथा सांस्कृतिक तत्त्वहरूले ज्ञान निर्माणमा भूमिका खेल्ने तथा सिकाइमा सहजता ल्याउने भएकाले खस भाषा, संस्कृति र खस समाजका विविध विषयवस्तु समेटिएको अनुसन्धेय पाठ्यपुस्तकप्रति विद्यार्थीको रूचि देखिएको मान्न सकिन्छ ।

पाठ्यपुस्तकप्रति विद्यार्थीको रूचि कस्तो थियो भन्ने सवालमा सिँजा ४ का अभिभावक सहभागी 'ड' ले राखेको धारणा यस्तो छ " रुचि त थियो हेर्नुहोस् त्यतिखेर त्यही किताब बढी पढ्न खोज्ने र त्यसमा भएका मागल, चुड्किलाहरू हामीलाई भन्न लगाउने अनि राडीपाखी बुन्ने कुराका बारे सोध्ने गर्थे हेर्नुस् । बच्चाबुच्ची खुसी देखिन्थे " (अन्तर्वार्ता, शिक्षक) । सहभागी अभिभावकका दृष्टिमा

पनि विद्यार्थीहरूले रूचि देखाएको तथा जिज्ञासु बनेको बुझ्न सकिन्छ । सहभागी 'ज' तथा रुघा आविका विषय शिक्षिकाले विद्यार्थीको रुचिका विषयमा राखेको अभिमत यस्तो छ :

> पढ्दा बुझ्दाखेरी अलि रोचक तरिकाले मजाले सुन्छन् पढाउँदा आनन्द मान्छन् के ! अरू विषय पढाउनुभन्दा खस भाषामा एकदम आनन्द मान्छन् के ! गीत गाउँ भने गाउने चुट्किला भन भने भन्ने चुट्किला त कण्ठ नै पार्छन् । आमाले घरमा गाउँछन् नि त खेतको चुट्किला भन त भन्ने हो भन्ने देउडा गीत आज नाच्ने भन्ने जेहोस रमाइलो मानिराछन् (अन्तर्वार्ता, महिला शिक्षक) ।

यसरी सहभागीहरूको विचार तथा अनुभवलाई हेर्दा विद्यार्थीको रूचि, स्थानीय विषयवस्तुको समावेशिताका दृष्टिबाट पाठ्यपुस्तक उपयोगी नै मानिन्छ ।

यस्तै भैरव मावि सिँजा ३ का शिक्षक सहभागी 'ठ' ले भनेका छन् " रमाइलोको निमित्त बच्चाहरू रूचि राख्छन् यो चाँहि ठिक छ । तर लेखन सिपमा भने अलिकति यसले सहयोग गरेन जस्तो लाग्यो । किन की लिपिमा समस्या छ " (अन्तर्वार्ता, शिक्षक) । उनका अनुसार विद्यार्थीहरू पढाइमा राम्रो र जिज्ञासु रहे पनि लेखाइमा केही समस्या र अलमलमा परेको देखिन्छ । यस प्रकारले लेखाइ सिपमा समस्या आउनमा लिपि तथा वर्णले प्रभाव पारेको देखिन्छ । त्यस्तै छलफलकै क्रममा अर्का शिक्षक सहभागी 'ट' थप्छन् :

> यो पढ्दाखेरी पनि अलिकति यो अलमलिएको जस्तो लाग्छ । भाषामा जो हामी पढाइराख्या हुन्छौँ , बोलाइको भाषाका शब्द प्रस्ट बुझ्छन् तर यसको भाषाले गर्दाखेरी अलि तिनीहरूलाई गाह्रो हुन्छ । बोलीचालीमा नभएका कारणले पनि हुन सक्छ । हामी र हामीभन्दा पुरानाले बुझ्न सक्दछन् । तर पछिल्लो पीढीका बालबालिकाहरू छन नि अहिलेका केही केही शब्दहरू अलि बुझ्न सक्दैनन् । जस्तै कुस्हुँणी भन्या के हो ? स्हुपो भन्या के हो ? स्हापी भन्या के हो ? स्ह्वाइनी भन्या के हो ? यो बुझ्दैन " (अन्तर्वार्ता, शिक्षक) ।

सहभागीहरूका अनुसार विद्यार्थीमा लिपि तथा केही पुराना शब्द जो अहिले व्यापक प्रयोगमा छैनन् त्यसको प्रयोगमा केही समस्या देखिएको पाइएको छ । खस भाषाका शब्दहरू आफैमा केही कठिन हुनु र वर्णको स्पष्टता नहुँदा पाठ्यपुस्तकको उपयोगितामा प्रश्न गर्ने ठाउँ रहेको देख्न सकिन्छ । त्यस्तै

विद्यार्थीको सहभागिता र रूचिका विषयमा फुटाशील आधारभूत विद्यालयकी शिक्षिका सहभागी 'ञ' को धारणा यस्तो रहेको छ :

> विद्यार्थीहरू सुरुसुरुमाभन्दा पछि जिज्ञासु बने माथिको पाठ्यक्रम अनुसार त शुद्ध भाषामा हुन्छ हाम्रो यो जुम्लाको भाषा त अशद्ध नै मानिन्छ त ! नेपालीको तुलनामा अशुद्ध मानियो। बुझ्न त पछिपछि बुझे चासो राखे। पछि हाम्रै भाषामा हो भन्ने भएपछि जस्तै गाउँघरमा आमाहरूले पनि यही भाषामा बोल्छन् नि त्यसैले पछि खासै गाह्रो मानेनन्। कोही कोही विद्यार्थी त उत्साहित खुबै हुन्थे सर (अन्तर्वार्ता, महिला शिक्षक)।

सहभागीले बताएअनुसार सुरुमा विद्यार्थीहरू केही अलमल परेको, केही अप्ठ्यारो महसुस गरेको र पछि जिज्ञासु भएर सिकाइमा सहभागि भएको बुझ्न सकिन्छ। पाठ्यपुस्तक प्रति विद्यार्थीको धारणा, अनुभव तथा रुचिबारे बुझ्नका लागि तपाईहरूलाई कुन पुस्तक पढन मन लाग्छ भन्ने सवालमा सहभागी विद्यार्थी 'द' प्रतिक्रिया दिन्छन् " सेरोफेरो र विज्ञान " त्यस्तै सहभागी 'ड', 'ढ' र 'थ' भन्छन् "सेरोफेरो र खस भाषा" त्यस्तै सहभागी 'ण' भन्छन् "मलाई सेरोफेरो र नेपाली" सहभागीमध्ये सहभागी 'त' भन्छन् " मलाई खस भाषा र अङ्ग्रेजी" (समूह छलफल, विद्यार्थी)। यसरी सहभागी विद्यार्थीहरूको प्रतिक्रियालाई हेर्दा सुरुको रोजाइ सेरोफेरो रहेको र त्यसपछि मात्र खस भाषाको पाठ्यपुस्तक रहेको बुझ्न सकिन्छ। खस भाषा विद्यार्थीहरूको पहिलो रोजाइमा खस भाषाकै पुस्तक नपर्नुमा कठिनाइ स्तर कारक भएको अनुमान गर्न सकिन्छ। पाठ्यपुस्तकको कठिनाइ स्तरका सम्बन्धमा सहभागी 'ञ' को धारणा यस्तो छ :

> राडीपाखी छ, भेडापालन भयो आदि भएकाले चासो त राखे तर विषयवस्तु भास्ट छ। तीनसम्मको लागि गाह्रो छ। पाँच छ पढ्नेहरूको लागि छ। छोटोछोटो छ त पनि विषयवस्तु भास्ट छ ३ सम्मका बच्चाले का बुझ्छन् र ? ठुलाले पो बुझ्छन्। साना बच्चाहरूलाई देउडा यो काँ बुझ्छन्। यो भास्टै छ। सानो भए पनि कठिन छ (अन्तर्वार्ता, महिला शिक्षक) ।

सहभागीको प्रतिक्रियालाई हेर्दा पाठ्यपुस्तक कठिन रहेको जुन कक्षा ३ का विद्यार्थीअनुकूल नरहेको स्पष्ट हुन्छ। त्यस्तै कठिनाइ स्तरका दृष्टिले पाठ्यपुस्तक कस्तो लाग्छ भन्ने सवालमा सहभागी 'ज' को धारणा यस्तो छ :

अलिकति कठिन नै लाग्यो। यो ५/६ कक्षाको भए ठिकै हुन्थ्यो होला। शब्दभण्डारका सन्दर्भमा शब्दार्थ छैन र शब्दार्थ भएको भए शब्दार्थ बुझेर शब्दको वाक्यमा प्रयोग गर्थे। हामीलाई पनि आउँदैन शब्दकोश हेर्छौँ। अस्ती भनेनी त्यो कुरूवा भन्ने शब्द यहा भइदिया भए कति राम्रो हुन्थ्यो खोज्दै सोद्धै हैरान भयो (अन्तर्वार्ता, महिला शिक्षक)।

उपर्युक्त सहभागीहरूको धारणालाई हेर्दा पाठ्यपुस्तक विद्यार्थीको स्तर र क्षमताभन्दा कठिन रहेको पाइन्छ। कठिनाइ स्तरबारे अझै उनी भन्छिन् " मैले अघि भनेनि त यही देवलका विषय स्तम्भ खम्बाका यहाँ पाउँदैनन् अलि कठिन छ। एउटा फेरि सिँजा गाउँपालिकाको राजनीतिक संरचना नराख्नुपर्थ्यो। यो कठिन छ। यो त बुझ्दै बुझ्दैनन्" (अन्तर्वार्ता, महिला शिक्षक)। यसरी उनले पाठ्यपुस्तक विद्यार्थीको स्तरअनुसार अलि कठिन भएको बताइरहँदा छलफलमा सहभागी विद्यालयका प्रअ तथा सहभागी 'झ' थप्छन् " किताब चाहीँ अलि भास्ट छ। स्तर अनुसार भास्ट नै छ " (अन्तर्वार्ता, शिक्षक)। पाठ्यपुस्तक कक्षा तीनका विद्यार्थीहरूको स्तरभन्दा कठिन भएको सहभागीले बताएका छन्। यसरी कठिनाइ स्तरका दृष्टिले पाठ्यपुस्तक पूर्ण रूपमा उपयोगी हुन सकेको देखिँदैन। सहभागी विद्यार्थीलाई सजिलो कुन किताब लाग्छ भन्दा धेरैले फेरि भन्छन् " सेरोफेरो" सहभागी 'ढ' भने फरक मत राख्दै भन्छिन् " मलाई यही खस लाग्छ"। केही भन्छन् "सेरोफेरो र यो"। उनीहरू आफ्नै धुनमा कविता पल्टाएर पढ्न थाल्छन् :

खोज्दै गया यइ सिँजा खोलाकै चित्र

सबैभन्दा यहि मेरो आपनै मनभित्र (लक्षित समूह छलफल, विद्यार्थी)

यहाँ पनि विद्यार्थीहरूले खसलाई भन्दा सेरोफेरोको नाम पहिले लिएकाले सेरोफेरोको तुलनामा खसलाई सजिलो नठानेको बुझ्न सकिन्छ। यस्तै कालिका आवि सिँजा २ का शिक्षक तथा सहभागी 'च' भन्छन् " विद्यार्थीहरूलाई भने काटेकुटेका शब्दहरू हुने भएकाले केही कठिन हुने देखिन्छ " (अन्तर्वार्ता, शिक्षक)। खस भाषाका शब्दहरू नै अलि कठिन हुने सङ्केत सहभागीले गरेका छन्। त्यस्तै मालिका मावि धापाका शिक्षक तथा अर्का सहभागी 'छ' को भनाइ यस्तो देखिन्छ :

खस भाषा भनेको छ। स्तरअनुसार भएन। जस्तै याँ तीनको पुस्तक भनेको छ। याँ झोडा मागल छ उसले बुझ्ने कि नबुझ्ने भन्ने हो। बरु यो पुस्तक ६/७ को विद्यार्थीलाई ठिक्क छ। उनीहरूले अली इन्टेस्ट दिन्छन्। झोडा भनेको के हो ? मागल भनेको के हो ? १-३ बच्चालाई त अलिकति

रमाइला खस भाषाकै कविता जस्तो खस भाषामै ठ्याक्कै चिन्ने खालको नातागोता, फलफूल सामान्य किसिमको विषयवस्तु हुनुपर्थ्यो (अन्तर्वार्ता, शिक्षक)।

यसरी सहभागी 'छ' को भनाइहरूलाई मनन गर्दा पाठ्यपुस्तक विद्यार्थीहरूको स्तरभन्दा कठिन रहेकाले विद्यार्थीको स्तर सापेक्षतामा अनुपयोगी देखिन्छ। उनीहरूको रूचिअनुसारका सामान्य विषयहरू पुस्तकमा समावेश नभको स्पष्ट हुन्छ। तर पनि आफ्नै भाषा संस्कृति र रीतिरिवाजका विषय भएकाले पढाइमा रूचि भने राख्ने गरेको पाइएको छ। कक्षामा पाठ्यपुस्तक शिक्षण गर्दा शिक्षकलाई के कति सहजता भयो या भएन र विद्यार्थीको सिकाइ उपलब्धिमा कस्तो प्रभाव पर्‍यो भन्ने सवालमा सहभागी ‘च’ को भनाइ यस्तो छ “ यहाँ नतिजा पनि राम्रै थियो। स्थानीय परिवेश र आफ्नै बोलीचालीको भाषा प्रयोगमा हुने भएकाले नतिजा ठिकै थियो। घरकै अनुसार हुने भएकाले नतिजा राम्रै थियो ” (अन्तर्वार्ता, शिक्षक)।

सहभागी 'च' ले नतिजा भने राम्रो नै भएको बनाएका छन्। त्यस्तै सहभागी ‘ज’ ले सिकाइ उपलब्धि कस्तो छ भन्ने प्रश्नमा भनेकी छन् :

> उपलब्धि ठिकै छ। नदेखेको कुरा लेखेका हुँदैनन सर जस्तै मैले हिजो अस्ती जडीबुटीका बारे भने उनीहरूले जे देख्याछन् त्यही मात्र लेख्याछन्। जस्तै खाली ठाउँ भर्ने छ नी त्यसमा हातेकाञ्छी लेखेकै हुन्नन्। वाक्य बनाउन सक्दैनन्। त्यस्तै स्थान अनुसारको भेदको कारणले पनि केही प्रभाव पारेको देखिन्छ। लवजमा फरक परेको देखिन्छ। लेखकहरू नराकोट साइटका भएकाले थोरै किताबमा त्यतैको लवज अनुसारको वाक्य संरचना देखिन्छ। तर शैक्षिक उपलब्धि यसमा राम्रो छ। नेपालीमा भन्दा यसमा राम्रो छ (अन्तर्वार्ता, महिला शिक्षक)।

सहभागीको उपर्युक्त धारणाअनुसार विद्यार्थीहरूको नतिजा राम्रो रहेको तर केही सन्दर्भमा खाली ठाउँ भर्ने, वाक्य बनाउने जस्ता समस्याहरू अझै समाधान गर्न नसकेको देखिन्छ। विद्यार्थीहरूले कस्तो उपलब्धि हात पारेका छन् भन्ने जिज्ञासामा सबैभन्दा राम्रो नम्बर कुन विषयमा आउँछ भन्दा सहभागी विद्यार्थी 'द' भन्छन् " सेरोफेरोमा मेरो ४४ यइको ४० यइको ४३ अनि यइको ४६ आयो"। अनि यो (खस) विषयमा कति कति आयो भन्ने प्रश्नको प्रतिक्रियामा फेरि सहभागी 'द' भन्छन् " सेरोफेरोमा ४६

अङक ल्याउने सहभागी 'ड' लाइ देखाउँदै यइको ३४ फस्ट हो मेरो ३२ " (लक्षित समूह छलफल, विद्यार्थी)।

सहभागी विद्यार्थीको प्रतिक्रियालाई हेर्दा सेरोफेरोभन्दा खस भाषाको पाठ्यपुस्तकमा नतिजा कमजोर देखिएको छ। सेरोफेरोभन्दा यो खस विषयमा किन कम आयो त गाह्रो भएर हो कि ? भन्दा "गाह्रा त छैनन् तर काइ काइ अलि एउटा जानेपछि कहिले ३ अनि ४ दिन्छन् त्यही भएर, सजिलो त लाग्छ" (लक्षित समूह छलफल, विद्यार्थी)। विद्यार्थीहरूले गाह्रो नभएको बताएपनि विद्यार्थीहरूको नतिजा सेरोफेरोभन्दा कम देखिनु र यस अघि सेरोफेरोलाई नै पहिलो रोजाइ गरेकाले खस भाषाको पाठ्यपुस्तक केही कठिन भएका कारण 'खस भाषा र संस्कृति' विषयमा विद्यार्थीको नतिजा केही कमजोर हुने स्पष्ट बुझ्न सकिन्छ। यसरी पाठ्यपुस्तक कठिनाइ स्तरका कारण पूर्ण रूपमा उपयोगी बन्न नसकेको देखिन्छ।

सिकाइ उपलब्धि तथा नतिजाका सवालमा अनुसन्धानमा सहभागी ‘ञ’ को भनाइ यस्तो रहेको छ “ जाने नजाने पनि विद्यार्थीले अन्तिमको मूल्याङ्कनसम्म केही उपलब्धि भयो त ” (अन्तर्वार्ता, महिला शिक्षक)। सुरुमा विद्यार्थीहरूले केही असहजता महसुस गरेको बाताउने सहभागीले अन्तिममा विद्यार्थीहरूमा सिकाइ उपलब्धि हाँसिल भएको उल्लेख गरेकी छन् भने सहभागी ‘च’ ले आफ्नो विद्यालयका विद्यार्थीहरूको शैक्षिक उपलब्धिका विषयमा भनेका छन् “ यहाँ नतिजा पनि ठिकै थियो। स्थानीय परिवेश र आफ्नै बोलीचालीको भाषा प्रयोगमा हुने भएकाले नतिजा ठिकै थियो। घरकै अनुसार हुने भएकाले नतिजा राम्रै थियो ” (अन्तर्वार्ता, शिक्षक)। पाठ्यपुस्तक केही कठिन भए पनि सहभागीका अनुसार विद्यार्थीको रूचि राम्रो रहेको र शैक्षिक उपलब्धि पनि राम्रो रहेको देखिन्छ। समग्रमा पाठ्यपुस्तक कक्षा ३ को विद्यार्थीहरूको स्तरभन्दा कठिन रहेको र उपलब्धि स्तर राम्रो भनिए पनि केही प्रतिकूल प्रभाव परेको पाइएको छ।

शिक्षकहरूका लागि शिक्षण सहजता र सन्तुष्टिका आधारमा पाठ्यपुस्तकको विश्लेषण गर्दा सहभागी ‘च’ ले भनेका छन् “ सजिलो महसुस भएको छ। केही परिवेश बुझेकै भएका कारणले सहज छ ” (अन्तर्वार्ता, शिक्षक)। सहभागीले शिक्षणकार्यका लागि पाठ्यपुस्तक सहज भएको बताएका छन्। त्यस्तै सहभागी ‘झ’ ले आफ्नो बुझाइ र अनुभवलाई यसरी व्यक्त गरेका छन् “ म त यहीको स्थानीय

भएको नाताले एकदम सही लाग्या छ। राम्रो छ। किनकि जुन भाषा गाउँमा बोलिन्छ त्यही भाषामा पढाउन पाउँदा खुसी छु र विद्यार्थीहरू पनि रमाउँछन् " (अन्तर्वार्ता, शिक्षक)। सहभागीले शिक्षणमा सहज भएको र सन्तुष्ट रहेको बताइरहँदा शिक्षक आफूले बोल्ने अनि पढाउने भाषा र विद्यार्थीहरूले घरमा बोल्ने अनि पढ्ने भाषा एउटै हुँदा शिक्षणमा सहज हुने स्पष्ट भएको छ। शिक्षण गर्न कत्तिको सहज महसुस भयो भन्ने सवालमा सहभागी 'ञ' को उत्तर यस्तो रहेको देखिन्छ :

> सहज त क्या भनूँ बच्चाबच्चीले पुरानो संस्कृति पूरै बिर्सिसके उनीहरूलाई नयाँ तरिकाले परिवर्तन गर्न अलि असहज नै हुने रहेछ। केटाकेटीहरूले भाषा त अलिकति सिके पाठ्यक्रम अनुसार शैक्षिक सामग्री पनि भएन। विद्यार्थीहरूलाई शुद्ध बोल भनेर सिकाएको यो त आफ्नै खस भाषामा फेरि फर्काउँदा अलि असहज हुने रहेछ। जुम्लामा तराइको भन्दा त सजिलो हुने भैगो तर धेरै सजिलो पनि भएन (अन्तर्वार्ता, महिला शिक्षक)।

सहभागी 'ञ' अनुसार खस भाषाका विद्यार्थीहरू परिष्कृत नेपाली भाषामा अभ्यस्त हुने क्रममा भएकाले नेपाली भाषामा अशुद्ध र अपरिष्कृत भनिएको लाई नै खसमा शुद्ध मानेर सिकाउँदा फेरि उल्टो बाटो हिनेजस्तो हुने हुँदा केही असहज हुने देखिएको छ। त्यस्तै सहभागी 'ठ' ले सिकाइको लेखन अभ्यासमा असहजता देखिएको उल्लेख गर्दै भनेका छन् " रमाइलोको निमित्त बच्चाहरू रूचि राख्छन् यो चाँहि ठिक छ। तर लेखन सिपमा भने अलिकति यसले सहयोग गरेन जस्तो लाग्यो। किन कि लिपिमा समस्या छ " (अन्तर्वार्ता, शिक्षक) ।

यसरी विभिन्न सहभागीहरूका आआफ्नै अनुभव र विचारलाई मूल्याङ्कन गर्दा सुनाइ , बोलाइ र पढाइमाका क्षेत्रमा शिक्षण गर्न सहज र विद्यार्थीको सिकाइ उपलब्धि देखिने तर लेखन सिपमा भने लिपि शब्दार्थ लगायतका विविध कारणले केही असहजता देखिएको पाउन सकिन्छ। विद्यार्थीको स्तर अनुसारको पाठ्यवस्तु छनोटमा ख्याल नगरिँदा पनि पाठ्युस्तक शैक्षणिक उपयोगिताका दृष्टिमा केही कमजोर रहेको देखिन्छ। पाठ्यपुस्तकप्रति विद्यार्थीको रूचि, भाषिक निकटता, समाजिक सांस्कृतिक अपनत्व तथा संस्कृति, इतिहास र स्थानीय घरेलु उद्यमको प्रचारप्रसार र संरक्षणमा भूमिका खेल्ने दृष्टिकोणबाट पाठ्यपुस्तक उपयोगी देखिन्छ।

पाठ्यपुस्तकको सान्दर्भिकता

पाठ्यपुस्तकले पाठ्यक्रमको उद्देश्य र विद्यार्थीमा अपेक्षित सिकाइ उपलब्धि हाँसिल गराउन सक्नुपर्छ। पाठ्यक्रमका उद्देश्यलाई पूरा गर्न सक्ने पाठ्यपुस्तक नै उपयुक्त र सान्दर्भिक मानिन्छन्। पाठ्यपुस्तकले कस्तो समुदायका विद्यार्थीहरूको प्रतिनिधित्व गर्छ र उनीहरूको उमेर , स्तर , क्षमता र सामाजिक सांस्कृतिक वातावरणलाई समेट्न सक्छ वा सक्दैन भन्ने कोणबाट पनि त्यसको प्रयोग सान्दर्भिकता पहिल्याउन जरुरी हुन्छ। त्यस्तै समाज र सरोकारवालाले अपनत्व लिएको र स्वीकार गरेको पाठ्यपुस्तक सान्दर्भिक मानिन्छ। खस भाषी विद्यार्थीलाई केन्द्रित गरेर निर्माण भएको ‘ खस भाषा र संस्कृति ’ कक्षा तीनको पाठ्यपुस्तकको स्थानीय आवश्यकता, भाषिक सांस्कृतिक पहिचान, शिक्षक अभिभावकको अनुभव र विद्यार्थीको सिकाइ स्तरका आधारमा सान्दर्भिकता विश्लेषण गरिएको छ। पाठ्यपुस्तकको सान्दर्भिकताको सवालमा सिँजा गाउँपालिकाका शिक्षा प्रमुख सहभागी (क) ले भनेका छन् :

> मुख्य कुरा के छ भने स्थानीय सरकारलाई स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गरेर कार्यान्वयन गर्ने अधिकार भएकाले हामीले पनि हाम्रो स्थानीय तहको आवश्यकताका आधारमा सिँजाको भाषा तथा संस्कृतिको संरक्षण तथा संवर्धनका लागि नै यो पाठ्यपुस्तकको निर्माण गरिएको हो। विद्यार्थीलाई आफ्नो भाषामा पढ्न पाउने र सहजै सिक्न पाउने अधिकारलाई सुनिश्चित गर्नका लागि पनि यो पाठ्यपुस्तक निर्माण गरिएको हो। खस क्षेत्रमा खस भाषाको पाठ्यपुस्तक कार्यान्वयन गर्नु आफैमा सान्दर्भिक देखिन्छ। यसले विद्यार्थीको सिकाइलाई सहज तुल्याउँ छ। विद्यार्थीले आफ्नो भाषा र संस्कृति बुझ्ने अवसर पाउँछन् त्यसैले यो सान्दर्भिक नै छ सर (अन्तर्वार्ता, शिक्षा अधिकृत) ।

सहभागीको प्रतिक्रियाले खस भाषाको पाठ्यपुस्तक स्थानीय आवश्यकताका आधारमा तयार पारिएको र सिँजाका बालबालिकालाई सिँजाको भाषा, संस्कृति तथा सभ्यताबारे बुझाउनका लागि र खस भाषा संस्कृतिको जगेर्ना गर्नका लागि निर्माण गरिएको देखिन्छ। त्यसै गरी सहभागी ‘ड’ ले पाठ्यपुस्तकमा समावेश भाषा, संस्कृतिक विषयमा यसरी प्रस्ट पारेका छन् :

> यहाको भाषा संस्कृति परम्पराका विषयहरू यसमा छन् । यसले यहाँको भाषा, संस्कृति, परम्परा, रीतिरिवाज, मान्यता र चाललचनका कुराहरूलाई समेटेको छ । यो राम्रो कुरा हो । जस्तै अहिले त पुराना कुराहरू विस्तारै हराउँदै जाने अवस्था छ नि हो त्यही भएर त्यसलाई जगेर्ना गर्नका लागि पनि यस किसिमको पुस्तक लागु हुनु आवश्यक छ । यो राम्रो काम हो राम्रो कामको हामीले राम्रो भन्न पनि सिक्नुपड्डो छ । पारी विष्टवाडाका देवल भए त्यस्तै अरू देवलको कुरा छ । जाँचको झ्यादेउको बारेमा छ । त्यस्तै राडीपाखी बुन्ने विषयमा छ । यहाको जडीबुटीका विषयमा छ । त्यस्तै चुड्किला मागलहरू छन् । यसरी यहीकै विषयहरू राखेर पुस्तक बनाइनु धेरै राम्रो हो नि ! (अन्तर्वार्ता, अभिभावक) ।

सहभागीको धारणालाई मूल्याङ्कन गर्दा पाठ्यपुस्तकमा स्थानीय भाषा संस्कृति र स्थानीय परिवेशलाई समेटेकाले सान्दर्भिक रहेको बताएका छन् । स्थानीय संस्कृति, परम्परा र मान्यताको जगेर्ना गर्न तथा स्थानीय स्रोत साधनको संरक्षण र प्रचार गर्नका लागि पनि पाठ्यपुस्तक महत्त्वपूर्ण रहेको सहभागीको धारणाबाट स्पष्ट हुन्छ । अर्का अभिभावक सिँजा २ विष्टवाडाका सहभागी ‘घ’ ले पुस्तकको उपयुक्तता र सान्दर्भिकताका सवालमा यसो प्रतिक्रिया दिएका छन् :

> ट्वाट्किको विषयमा भन्यौ नि हामीले जस्तै बाबाले भन्या जति अर्थ हामीले सिकिराछौँ । खेती गन्या, पाती गन्या, पढाइ गन्या, यस्तो गन्या भनिकन सिकिराछौँ । अनि हामीले भन्या कुणा भोली केटाहरू सिक्न्या छन् । केटाहरू सिकनन् ति केटाहरूका केटकेटी त हुनन् तीनका पनि बच्चा हुनन नि भोली आफ्नो संस्कार विगाण्येर त गर्नु भएन । भनेपछि त्यको लागि पनि जायज नै हो । अहिले तिमी हाम्मा ठाउका मान्छ्या भयौ र सबै कुणाकानी सोध्न पाया छौ । हो अरू नबुझ्ने भाषा भएको भए त हुनैन नि । आया छिया, गया छिया भन्ने खस भाषा हाम्रो नेपालमा सिँजा उत्पत्ति भएको भन्ने कुणाकानी सुन्या हुनाले यो हुनुपर्छ (अन्तर्वार्ता, अभिभावक) ।

सहभागीको उपर्युक्त भनाइअनुसार संस्कृति र रीतिरिवाजको पुस्तान्तरणका लागि पनि पाठ्यपुस्तक सान्दर्भिक छ । आफ्नो संस्कारलाई बचाउनका लागि, सुरक्षित राख्नका लागि पनि पाठ्यपुस्तक आवश्यक रहेको धारणा व्यक्त गरेका छन् । यस सन्दर्भमा उनी अझै थप्छन् :

हाम्रो संस्कृति चालचलन बचाउनका लागि पनि यो भाषाको पुस्तक आवश्यक छ। अहिलेका बुहारी पनि बुबा ममी भन्ने भइन ससुरा सासु भन्ने हो नि ! अब छोरी राइने न बुहारी राइने ! छोराकी जोइले बुवा भन्ने हो ? बुहारीले बुबा भनेपछि आफ्नी छोरीले के भन्या ? त्यो साइदुवा शब्द ल्याया छन् त्यसैले पुरानो चालचलन संस्कृति पनि बिग्रेको छ। यसलाई सही बनाउन पनि यो पुस्तक आवश्यक छ (अन्तर्वार्ता, अभिभावक)।

संस्कृति , चालचलन र मान्यताहरूमा बिचलन आइरहेकोमा चिन्ता व्यक्त गर्दै सहभागीले त्यसको सही प्रयोग, बचाउ तथा पुस्तान्तरणका लागि पनि पाठ्यपुस्तकको प्रयोग सान्दर्भिक र उपयुक्तता औँल्याइएको देखिन्छ। यस विषयमा सहभागी 'ट' ले पनि आफ्नो भनाइ यसरी राखेका छन् :

यो जस्तो खस भाषाको उद्गम स्थल सिँजाबाटै भनेर खसको नाताले परिचित छौँ। त्यही भएको नाताले यस भाषाको जगेर्ना गरी राख्न, संस्कृति बचाइ राख्नका लागि हामीले विद्यालयबाट मात्रै होइन कि सबै ठाउँबाट संरक्षण गर्नुपर्छ। केही नभए पनि आधारभूत तह कक्षा ५ सम्म पनि यो अनिवार्य हुन आवश्यक छ (अन्तर्वार्ता, शिक्षक)।

सहभागीले भाषा संस्कृतिको पहिचान कायम राख्न भए पनि यसलाई कक्षा ५ सम्म लागु गरिनुपर्ने विचार व्यक्त गरेका छन्। त्यस्तै सहभागी 'ञ' ले भनेकी छन् " हाम्रो खस भाषाको उद्गम थलो त सिँजा नै हो। हाम्रै बच्चाले यो खस भाषा बिर्सेर गएपछि के औचित्य भो त ? हाम्रो खस साम्राज्य हो त्यो खस भाषा र संस्कृतिलाई नबिर्सुन भनेर यो पाठ्यपुस्तक आवश्यक छ " (अन्तर्वार्ता, महिला शिक्षक)। उनका अनुसार खस भाषा संस्कृतिको जगेर्ना र इतिहासको पहिचानका लागि पाठ्यपुस्तक उपयुक्त र सान्दर्भिक रहेको छ।

शिक्षकको अनुभवका आधारमा पाठ्यपुस्तकको सान्दर्भिकता पहिल्याउने सन्दर्भमा सहभागी 'झ' भन्छन् " यहाँको अब खस भाषाको उद्गम स्थल पनि भएको र यहाँको विशेषगरी गाउँघरतिर यही भाषामा बोलिने भया हुनाले उनीहरूको मातृभाषा यही हुने भया हुनाले उनीहरूले छिटो छरितो बुझ्ने, कथा कहानीहरू बुझ्ने भएकाले सान्दर्भिक छ " (अन्तर्वार्ता, शिक्षक) । उनको भनाइमाथि थप्दै सोही विद्यालयकी कक्षा तीन खस भाषा र संस्कृति विषय शिक्षिका सहभागी 'ज' जोड्छिन् " यहाँको रहनसहन भयो। पुर्खाको सम्झना पनि भयो यसले पढाइमा सहज नै हुन्छ त्यसैले यो सान्दर्भिक नै छ "

(अन्तर्वार्ता, महिला शिक्षक) । यसरी सहभागीले स्थानीय भाषा र संस्कृतिका कारण विद्यार्थीको सिकाइमा समेत सकारात्मक प्रभाव पार्ने भएकाले सान्दर्भिक रहेको बताएका छन् ।

त्यस्तै सहभागी 'च' ले पाठ्यपुस्तकको सान्दर्भिकताका सम्बन्धमा व्यक्त गरेको धारणा यस्तो छ " भाषालाई जगेर्ना त गर्नुपर्यो बिउ नै उखेलेर फालेपछि त कहाबाट होला र ? अघिल्लो कुरा सबै बिर्सनुपर्छ भन्ने छैन् । सबै बिर्सियो भने त काँ बाट हुन्छ । त्यसैले पुस्तकको आवश्यकता अनिवार्य छ " (अन्तर्वार्ता, शिक्षक) । अनुसन्धानका अर्का सहभागी 'ढ' तथा रुघा ६ का अभिभावकले पाठ्यपुस्तकको सान्दर्भिकताका सम्बन्धमा व्यक्त गरेको धारणा यस्तो छ " यसबाट नानीबाबुहरूले पनि एउटा ज्ञान सिकोस् यसको संरक्षण गर्नुपर्छ यस किसिमको सिप गर्नुपर्छ भन्ने आशा राख्छु । खस भाषाको पाठ्यपुस्तक पढाउन आवश्यक छ । सान्दर्भिक छ सर " (अन्तर्वार्ता, अभिभावक) । नानीबाबुहरूले पनि ज्ञान सिक्ने भाषाको संरक्षण हुने भएकाले सान्दर्भिक रहेको सहभागी 'ढ' ले बताइरहँदा अभिभावक तथा अर्का सहभागी 'घ' को पाठ्यपुस्तकको उपयोगिता र सान्दर्भिकताका सम्बन्धी अभिमत यस्तो छ :

> बोब बाजेले यस्तै सिक्या रछन् जस्तै अब हामीले साइतर सिक्या छौ नी ! बोब बाज्याले भनेर पो साइतर सिक्यौँ न भुन्या भया त साइतर सिक्तैन छयौँ नि । यो पाठ पढे भनेपछि ट्वाटकिले यो पनि हाम्रो संस्कृति रछ यो हाम्रो भाषा रछ सिँजाको भाषा रछ भन्ने हुन्या भयो पहिल्यै उत्पत्ति भएको नेपालको भन्ना नी सबैभन्दा सिँजाबाट भाषा उत्पत्ति भयो भन्ने छ नि । अब त्यो नाम रहिराछ त त्यस्तै अव हामीले किताब पढेपछि हाम्रो संस्कारै बसाउनुपर्छ भन्ने भया नि केटाहरू (अन्तर्वार्ता, अभिभावक) ।

सहभागी अभिभावकहरूले पाठ्यपुस्तकमा आफ्नै स्थानीय संस्कृति र भाषा हुनु राम्रो पक्ष रहेको जसले संस्कृति र रीतिरिवाजको पुस्तान्तरण गर्ने, बालबालिकाको पढाइमा पनि सहायता गर्ने देखिएको बताएका छन् ।

यसरी सबै सहभागीका धारणा तथा भनाइहरूलाई आधार मान्दा अधिकतम सहभागीले भाषा संस्कृतिको पहिचान र जगेर्नाका लागि, परम्परा र रीतिरिवाजलाई पुस्तान्तरण गर्नका लागि तथा विद्यार्थीको सिकाइमा रूचि जगाउन पाठ्यपुस्तक सान्दर्भिक रहेको बताएका छन् ।

पाठ्यपुस्तकमा समावेश धार्मिक, सांस्कृतिक विषय, स्थानीय उद्यम तथा जडीबुटी जस्ता

विषयवस्तुका कारण पुस्तकप्रति सहभागीले अपनत्वको महसुस गरेको देख्न सकिन्छ । सहभागीले व्यक्त गरेका मतका आधारमा शैक्षणिक दृष्टिले विद्यार्थीको स्तर अनुकूल हुनेगरी परिमार्जन गरिनुपर्ने भए पनि सामाजिक पक्ष , सांस्कृतिक पक्ष , रीतिरिवाज , मूल्य मान्यता आदिको संरक्षण , स्थानीय उद्यम तथा प्राकृतिक स्रोत सम्बन्धी विषयवस्तुहरू समेटिएकाले पुस्तक सामाजिक स्वीकृति र अवनत्वका दृष्टिले सान्दर्भिक रहेको पाइएको छ ।

समग्रमा विश्लेषित अध्यायमा खस भाषा र संस्कृति पाठ्यपुस्तकको निर्माण प्रक्रिया, प्रयोगको अवस्था, कार्यान्वयनका चुनौती, स्थानीय आवश्यकता, भाषिक सांस्कृतिक पहिचान, पाठ्यपुस्तकको उपयोगिता र सान्दर्भिकताबारे छलफल विश्लेषण गरिएको छ । पाठ्यपुस्तकको निर्माण प्रक्रियामा सहभागिताको सवाल, प्रक्रिया र चरणबारे स्पष्टता, प्रयोगको वर्तमान अवस्थको वस्तुस्थिति, कार्यान्वयनमा देखा परेका मुख्य चुनौतीहरूको पहिचान, पाठ्यपुस्तकको स्थानीय आवश्यकताबारे समीक्षा, पाठ्यपुस्तकले समेटेका सामाजिक, सांस्कृतिक तथा भाषिक पक्षको लेखाजोखा गर्ने काम यस अध्यायमा गरिएको छ ।

अध्याय छ

नतिजा र छलफल

प्रस्तुत अध्याय छमा पाठ्यपुस्तकको स्वरूप, पाठ्यपुस्तकको निर्माण प्रक्रिया र सहभागिता, पाठ्यपुस्तकको प्रयोग अवस्था, पाठ्यपुस्तकको उपयोगिता र सान्दर्भिकता उपशीर्षकमा रहेर नतिजामा छलफल गरिएको छ। यस अध्यायमा अध्याय पाँचमा रहेका उपशीर्षकहरू दोहोरिए जस्तो भए पनि यसलाई सारांशको रूपमा छलफल गरिएको छ। छलफल गर्दा विभिन्न अनुसन्धानसँग अन्तरसम्बन्धित गर्दै सन्दर्भाङ्कनसहित विश्लेषण गरिएको छ।

पाठ्यपुस्तकको स्वरूप

पाठ्यपुस्तकको स्वरूपका बारेमा विश्लेषण तथा समीक्षा गर्नका लागि पाठ्यपुस्तकलाई आन्तरिक तथा बाह्य संरचनाका आधारमा मूल्याङ्कन गरिएको छ। आन्तरिक संरचनाका दृष्टिले विश्लेषण गर्दा पाठ्यवस्तुको रूपमा कक्षा तीनको खस भाषाको पाठ्यपुस्तकमा स्थानीय विषयलाई पर्याप्त समेटिएको पाइएको छ। पाठ्यपुस्तकमा प्रस्तुत पाठ्यवस्तुका सम्बन्धमा पौडेल (२०७७) ले पाठ्यवस्तु सरलबाट जटिलको क्रममा राख्दै आभ्यासिक , सूचनामूलक र सकारात्मक हुनुपर्ने भने पनि विश्लेषित पुस्तकका पाठ्यवस्तुहरू सरलदेखि जटिलको क्रममा भएको पाइएन। तसर्थ पाठ्यवस्तु रखाइ तथा स्तरणमा विशेष सचेत हुनुपर्ने आवश्यकता देखिन्छ।

स्थानीय भूगोल , संस्कृति , परम्परा र स्रोतहरूको उचित समायोजन भएका पाठ्यवस्तु हुनु पाठ्यपुस्तकको सकारात्मक पक्ष मानिएको छ। आकर्षक चित्रहरूले विद्यार्थीहरूको ध्यानाकर्षण गर्न पाठ्यपुस्तक सक्षम देखिएको छ। चित्रका सन्दर्भमा पौडेल (२०७९) ले सानो आकार र अनाकर्षक रङहरूले विद्यार्थीको मनलाई खिच्न नसक्ने भएकाले प्रारम्भिक तहमा उपयोग गरिने चित्रहरू रङ्गीन , स्पष्ट , ठुला र वस्तुगत हुनुपर्ने बताए जस्तै पाठ्यपुस्तकमा चित्रहरू विद्यार्थीको उमेर र स्तर अनुसार आकर्षक , रङ्गीन र उचित आकारका रहेका छन्। विषयवस्तुको पूर्ण भाव बुझाउन पर्याप्त मात्रामा चित्रहरू नहुनु पाठ्यपुस्तकको सीमितता मान्न सकिन्छ।

'आराम खेल' र 'देउडा' पाठका चित्रहरूमा विषयगत उत्तरदायित्वको कमी देखिएको छ भने अन्य पाठमा रहेका चित्रहरूले विषयवस्तुलाई सम्बोधन गर्ने खोजेको देखिन्छ । चित्रहरूको अपर्याप्तताले पाठ्यवस्तुको पूर्णभाव प्रकट सीमित चित्रबाट हुन सकेको देखिँदैन । त्यसैले विषयवस्तुको भार बोक्न सक्नेगरी पाठहरूमा पर्याप्त चित्रहरू समावेश गर्न आवश्यक देखिन्छ । ढुङ्गेल (सन २०२५) ले रङ्गीन चित्रहरूको प्रयोग गर्नु सबल पक्ष रहेको भए पनि मसीको उपयुक्त संयोजन नहुँदा कतिपय चित्रहरू स्पष्ट हुन नसक्नु कमजोर पक्ष रहेको उल्लेख गरेजस्तै अनुसन्धेय पाठ्यपुस्तकको 'आराम खेल' पाठको चित्रले रङ्गीन चित्रको प्रतिनिधित्व गरे पनि विषय र भावलाई पूर्ण रूपमा बोक्न सकेको देखिँदैन । त्यस्तै चित्रको उचित रखाइमा समेत ध्यान दिनुपर्ने देखिन्छ । भावलाई ग्रहण गर्नेसक्ने दृष्टिबाट चित्रहरू मध्यम स्तरका देखिन्छन् । पाठहरूमा विषयवस्तुको भावलाई पूर्ण रूपमा व्यक्त गर्न सक्ने गरी चित्रहरूको समायोजन गर्नुपर्ने देखिन्छ ।

विषयवस्तुको छनौट र स्तरणको विशेष ख्याल गरेर तयार पारिएमा मात्र पाठ्यपुस्तक उपयुक्त बन्न सक्छ । विद्यार्थीको क्षमता, स्तर र उमेर अनुसारको पाठ्यपुस्तकबाट नै सिकाइ प्रभावकारी हुनसक्छ । ढकाल (२०७३) ले कक्षाको स्तर, विषयको प्रकृति, उमेर आदिको समुचित सन्तुलन मिलाएर पाठ्यपुस्तकको छनोट गरिनुपर्ने धारणाको विपरित पुस्तकको छनोटमा यी विषयहरूमा ख्याल गरिएको पाइएन । पुस्तकमा धेरैभन्दा धेरै धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा स्थानीय विषयवस्तुहरू समेटिएका पाठ्यवस्तु छनोट गरिएको पाइएको छ । विद्यार्थीको क्षमता, स्तर र मनोविज्ञानलाई ख्याल गरिएका पाठ्यवस्तुहरूको कमी देखिएकाले पुस्तक निर्माण गर्दा यस विषयमा ध्यान दिनु पर्ने देखिन्छ । पौडेल (२०७९) ले भाषा पाठ्यपुस्तकमा स्तरण गर्दा विषयवस्तु चक्रिय स्तरणका आधारमा राखिनुपर्ने, सरलदेखि जटिको क्रमा व्यवस्थित गरिनुपर्ने , विषयवस्तुलाई एक आपसमा अन्तरसम्बन्धित गरिनुपर्ने उल्लेख गरे पनि पुस्तकमा त्यसलाई पूर्ण रूपमा पालना गरिएको पाइएन । पुस्तकमा रहेका हरेक पहिलो पाठहरू पछिल्लो पाठसँग भिन्न रहेको तथा सबै पाठहरू एउटै कठिनाइ स्तरका देखिएका छन् । त्यसैले भाषा पाठ्यपुस्तक निर्माण गर्दा स्तरणलाई विशेष ख्याल गरिनुपर्ने देखिन्छ ।

विद्यार्थीको सिकाइलाई दीर्घकालीन र प्रभावकारी बनाउनका लागि पाठ्यपुस्तकमा उपयुक्त अभ्यासहरूको संयोजन गरिनु पर्छ । पाठ्यपुस्तकमा अभ्यासहरूको उपयुक्त संयोजन गरिएमा मात्र

विद्यार्थीहरूको सिकाइलाई अझ मजबुत बनाउन सकिन्छ । कस्ता अभ्यासहरूले पाठ्यपुस्तक उपयोगी र विद्यार्थीको सिकाइ मैत्री हुन्छ भन्ने विषयलाई महत्त्वका साथ हेरिनुपर्छ । पौडेल (२०७२) ले भाषा पाठ्यपुस्तकमा पाठहरूभन्दा अभ्यासात्मक क्रियाकलापहरूको आकार ठुलो हुनुपर्ने र अभ्यासहरूले सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपको विकास गराउन सक्नुपर्ने , अभ्यासमा विविधता देखिनुपर्ने बताएका छन् । विश्लेष्य पुस्तकमा यस किसिमको अभ्यासमा पर्याप्तता, सबै भाषिक सिपलाई सम्बोधन गर्ने अभ्यासहरू पाइँदैन । त्यस्तै भण्डारी (२०७७) ले आफ्नो अनुसन्धानमा अभ्यासहरूलाई विधागत रूपमा विश्लेषण गरेर ज्ञान, बोध, प्रयोग तथा उच्च तहका प्रश्नको रूपमा वर्गीकरण गरेको पाइएको र बोध तहका प्रश्नहरू बढी र ज्ञान तहका न्यून रहेको उल्लेख गरेजस्तै अनुसन्धेय पुस्तकमा ज्ञान र बोधसँग सम्बन्धित अभ्यासहरू केही भए पनि प्रयोग तहका अभ्यासहरूको न्यूनता देखिन्छ । सबै पाठहरूमा शब्दार्थको जोडा मिलाउने, शब्दबाट वाक्य बनाउने, मिल्ने शब्दलाई खाली ठाउँमा भर्ने, सवालको जवाफ देऊ जस्ता अभ्यासहरू बाहेक अभ्यासगत विविधता पाइँदैन । शब्दभण्डार क्षमताको विकससँग सम्बन्धित अभ्यासहरूलाई मात्र बढी जोड दिइएको पाठ्यपुस्तकमा अभ्यासका प्रकृतिमा विविधता ल्याउनुपर्ने, अभ्यासहरू पर्याप्त बनाउनु पर्ने , भाषिक सिपका सबै पक्ष समेटिएका अभ्यासहरू राख्नुपर्ने आदि देखिन्छ ।

विद्यार्थीहरूमा नयाँ शब्द ज्ञानको विकासका लागि पाठ्यपुस्तकमा उचित तरिकाले शब्दभण्डारको व्यवस्थाको आवश्यकता रहन्छ । पाठ्यपुस्तकलाई स्तरीय बनाउनका लागि उपयुक्त शब्दहरूको प्रयोग गरेर विद्यार्थीको स्तर र क्षमताअनुसारका वाक्य संयोजन गरिनुपर्छ । पाठ्यवस्तुको मेरुदण्डका रूपमा रहने शब्दभण्डार र वाक्य संरचनाकै आधारमा विद्यार्थीहरूले सिकाइ हासिल गर्ने भएकाले पाठ्यपुस्तक निर्माण गर्दा शब्दभण्डार वाक्य संरचनालाई पनि ख्याल गरिनुपर्छ । ढकाल (२०७३) को पाठ्यपुस्तक निर्माण गर्दा पाठहरूमा पुराना शब्दहरूको आवृत्ति र नयाँ शब्दको प्रयोगमा समुचित समन्वय हुनुपर्ने र २० प्रतिशत नयाँ र ८० प्रतिशत पुराना शन्दहरू हुनु उचित हुने मान्यता रहे पनि पुस्तकमा यसको ठिक विपरित शब्दहरू अत्यधिक नयाँ र सीमित मात्रामा मात्र पुराना शब्दहरूको आवृत्ति भएको देख्न सकिन्छ । त्यस्तै पाठ्यपुस्तकमा वाक्यहरू पनि थोरै शब्दले बनेका सरल वाक्य हुनुपर्नेमा पाँचदेखि बाह्र शब्दसम्म प्रयोग भएका वाक्यहरू अत्यधिक रहेका देखिन्छन् । पाठ्यपुस्तकमा

शब्दको आवृत्ति तथा नयाँ शब्द थपोटमा ख्याल गरिनुपर्ने र कम शब्दहरू प्रयोग भएका सरल वाक्ययुक्त पाठको संयोजनमा ध्यान दिनुपर्ने देखिन्छ ।

बाह्य संरचनाको रूपमा रहने बनोटलाई पनि पाठ्पयुस्तक निर्माणका क्रममा उचित ध्यान दिन जरुरी हुन्छ । आवरणले पनि अन्तरणको सङ्केत गर्ने भएकाले बनोटमा उचित ख्याल गरी पाठ्यपुस्तक निर्माण गरिनुपर्छ । पौडेल (२०७९) ले पाठ्यपुस्तकको आवरण देख्ने वित्तिकै विद्यार्थीले पढौँ पढौँ लाग्ने आकर्षक र कम्तीमा पनि एक शैक्षिक शत्रसम्म टिक्ने किसिमको हुनुपर्ने उल्लेख गरे जस्तै अनुसन्धान गरिएको पाठ्यपुस्तकको आवरण तथा बनोट आकर्षक रहेको छ । रङ्गीन, बाक्लो पलास्टिक कोडेड गाता भएको , पानीले नभिज्ने र नखुम्चिने किसिमको स्तरीय कागजको प्रयोग भएको, जतन गरेमा एक शैक्षिक सत्रभन्दा धैरै टिक्न सक्ने भएकाले पुस्तकको बनोट उपयुक्त भएको पाइएको छ । यसरी हरेक पाठ्यपुस्तक निर्माण गर्दा यसरी नै बनोटलाई महत्त्व दिनुपर्ने देखिन्छ ।

छपाइ तथा बँधाइको स्तरीयताले पाठ्यपुस्तकलाई स्पष्ट र टिकाउ बनाउँछ । स्तरीय छपाइ हुँदा मसी लत्पतिएर अक्षरहरू अस्पष्ट हुने खतरा हुँदैन भने स्तरीय बँधाइले पाठ्यपुस्तकका पानाहरू तथा गाता उप्किने समस्या आउँदैन । पौडेल (२०७२) ले पूर्वप्राथिमक तथा प्राथमिक तहका पाठ्यपुस्तकहरूको छपाइ गर्दा विभिन्न रङका मसी प्रयोग गरिने भए पनि कालो नै उपयुक्त हुने र शीर्षक उपशीर्षकमा गाढा बनाएर चहक दिनुपर्ने तथा अन्तराल तथा किनारा छोडाइलाई पनि विशेष ध्यान दिएर स्पष्ट छपाइ गर्नुपर्ने एवम् बँधाइ पनि मजबुत बनाउनुपर्ने उल्लेख गरका छन् । विश्लेष्य पुस्तकमा भने पाठका मूल अक्षरहरूमा कालो मसी प्रयोग गरिए पनि शीर्षक र उपशीर्षकमा अन्य रङहरूको प्रयोग भएको पाइएको छ । त्यस्तै शीर्षक उपशीर्षकको भुइँमा विभिन्न फरक रङको प्रयोग गरिएको पाइएको छ । पुस्तकको बँधाइ उपयुक्त रहेको देखिन्छ । पुस्तक सामान्य तथा पातलो नै भएकाले स्टिज राम्रोसँग लागेको मजबुत देखिन्छ । समग्रमा पाठ्यपुस्तकको बँधाइ तथा छपाइ उपयुक्त रहेको स्पष्ट गर्न सकिन्छ ।

गुणस्तरीय पाठ्यपुस्तक बनाउनका लागि कागजको स्तरीयतालाई पनि उत्तिकै ख्याल गरिनुपर्छ । पाठ्यपुस्तकमा समावेश विषयवस्तु स्तरीय भएर मात्र पूर्णता हुँदैन । विषयवस्तु प्रस्तुत गरिने साधनको रूपमा रहने कागजको स्तरीयताले पनि पाठ्यपुस्तकप्रति पाठकको अभिरूचि र पाठ्यपुस्तकको टिकाउमा प्रत्यक्ष असर पर्न जान्छ । लामिछाने (२०७५) ले पाठ्यपुस्तकमा प्रयोग हुने कागज चिल्लो, सेतो र

वाक्लो हुनुपर्ने र प्राथमिक तहका पाठ्यपुस्तमा झनै विद्यार्थीहरूका मनमा पढूँ पढूँ लाग्ने किसिमको अझै बलियो , राम्रो र चिल्लो कागजको प्रयोग हुनुपर्ने बताएका छन् । विश्लेष्य पाठ्यपुस्तकमा प्रयोग भएको कागजको स्तर पनि राम्रो, चिल्लो र बलियो किसिमको भएको पाइएको छ । यसरी पाठ्यपुस्तक निर्माण गर्दा विषयवस्तुलाई प्रस्तुत गरिने महत्त्वपूर्ण साधन कागजको स्तरीय प्रयोगमा विशेष ध्यान दिनु पर्ने देखिन्छ ।

पाठ्यपुस्तक विद्यार्थीहरूको पहुँचयोग्य हुनुपर्ने हुन्छ । उचित मूल्य र सुलभ प्राप्तिले नै विद्यार्थीहरू पाठ्यपुस्तकको पहुँचमा रहन सक्दछन् । हरेक पाठ्यपुस्तक तयार पार्दा विद्यार्थीको आर्थिक क्षमतालाई समेत मध्यनजर गर्नुपर्ने हुन्छ । त्यस्तै खोजेको बखत प्राप्त हुने वातावरण पनि बन्नुपर्छ । पौडेल (२०६९) ले सकभर विद्यालय तहका पाठ्यपुस्तकहरू सरकारले निशुल्क वितरण गर्दा राम्रो हुने र विद्यार्थीले पुस्तकका लागि बारबार धाइरहनु नपर्नेगरी जतिखेर पनि जहाँ पनि पाउने अवस्था हुनुपर्ने उल्लेख गरेजस्तै विश्लेष्य पुस्तक पनि सिँजा गाउँपालिकाले आफ्नै स्रोतले निर्माण गरी पहिलो एक पटक निशुल्क वितरण गरेको पाइएको छ । अनुसन्धानका सहभागी ‘ट’ तथा भैरव माविका शिक्षिक, जनज्योति आवि रुघाका शिक्षक तथा सहभागी ‘ज’ हरूले फेरि पाठ्यपुस्तक नपाएको उल्लेख गरेका छन् । उनीहरूका अनुसार पाठ्यपुस्तक विद्यार्थीहरूले पुनः पाएमा पुस्तक हेर्न र सिक्न पनि सजिलो हुने, पाठ्यपुस्तकको कार्यान्वयनमा पनि सहजता आउने बताएका छन् तर कार्यान्वयनको पहिलो वर्ष विद्यालय विद्यालयमै पुऱ्याएर निशुल्क वितरण गरिएका पुस्तक त्यसपछि पालिकाले वितरण गरेको पाइएन । त्यसैले पाठ्यपुस्तकलाई आवश्यक संशोधन गरी पुनः विद्यार्थीहरूका लागि सौहुलियत र सुलभ रूपमा पाउने व्यवस्था गर्नुपर्ने देखिन्छ ।

पाठ्यपुस्तक निर्माण प्रक्रिया र सहभागिता

विभिन्न आन्तरिक तथा बाह्य संरचनामा स्तरीयताको ख्याल गरी तयार पारिने पाठ्यपुस्तकको निर्माण विभिन्न चरणहरू पार गर्दै निश्चित विधि र प्रक्रिया अपनाएर गरिन्छ । विभिन्न चरण र प्रक्रियाबाट निखारिएर बनेको पाठ्यक्रम तथा पाठ्यपुस्तक मात्र स्तरीय बन्न सक्छ । नेपाल सरकार (२०७६) ले पाठ्यक्रम तथा पाठ्यसामग्रीको रूपमा पाठ्यपुस्तक निर्माण गर्दा राय सुझाव सङ्कलन गरी मस्यौदा तयार पार्नका लागि निर्माण कार्यदल बनाउने, विद्यार्थीको स्तर, क्षमता र आवश्यकताका

आधारमा यकिन गर्नका लागि शिक्षक कार्यशाला बनाउने उल्लेख छ । त्यसपछि विषयगत समिति, समन्वय तथा सम्पादन समिति , विज्ञ सूची र प्रतिस्पर्धाबाट नमुना पाठ मूल्याङ्कन, पाठ्यपुस्तकको स्वीकृति र मुद्रण तथा वितरण समिति जस्ता विभिन्न संरचनाहरूबाट आवश्यक प्रक्रियाहरू पुरा गरेर पाठ्यपुस्तकको विकास गर्ने उल्लेख छ ।

विश्लेष्य पुस्तक यी कुनै पनि प्रक्रिया पूरा गरी निर्माण भएको पाइँदैन । स्थानीय शिक्षा अधिकृत तथा सहभागी 'क' ले अघिल्लो सरकार र अघिल्ला कर्मचारीहरूको पालामा भएकाले आफू यस विषयमा अनभिज्ञ रहेको तर शिक्षकहरूले अपनत्वको महसुस नगर्दा कार्यान्वयनमा समस्या आएको बताएका छन् । लेखक तथा सम्पादक रहेका सहभागी 'ख' ले पनि बढी नै काठमाडौँका विज्ञबाट सुझावहरू लिएको स्वीकारोक्ति गरेका र माविका प्रअ तथा सहभागी 'ग' लागायतका प्राय सबै सहभागी शिक्षकहरूले विश्लेषित पाठ्यपुस्तक निर्माण गर्दा शिक्षकहरूसँग सरोकार नराखेको बताएका छन् । ढुङ्गाना (२०७९) ले पाठ्यपुस्तकको लेखन, छलफल, पुनर्लेखन, संशोधन, परीक्षण जस्ता कार्य प्रक्रियाहरू गर्नुपर्ने, अन्तिमीकरण गर्नुपूर्व आधिकारिक निकायमा पेस गरी विषय विज्ञद्वारा मूल्याङ्कन गरि दिइएको सुझावको संशोधन गर्नुपर्ने उल्लेख गरेका छन् । संशोधनका लागि सुझाव सम्बोधन भएको प्रमाण पेस गरी आधिकारिक निकायबाट स्वीकृत भएको प्रमाण लिएपछि मात्र पुस्तकको रूपमा छपाइमा जाने अधिकार प्राप्त हुन्छ भन्दै पाठ्यपुस्तक निर्माणका विभिन्न प्रक्रियागत चरणका बारेमा उल्लेख गरेका छन् ।

विभिन्न अनुसन्धानका निष्कर्ष तथा नीतिगत व्यवस्थाहरूले विधिवत् प्रक्रियाहरू पूरा गरेर मात्र पाठ्यपुस्तकको निर्माण गरिनुपर्ने प्रस्ट पारेको भए पनि विश्लेष्य पाठ्यपुस्तक निर्माण गर्दा प्रअ बैठक र कार्यपालिकाको निर्णयबाहेक कुनै प्रक्रिया पूरा गरेको देखिँदैन । सबै सहभागीका अनुसार पाठ्यपुस्तक निर्माणमा विश्वसनीय तरिकाले प्रक्रिया पूरा नगरी सरोकारवालालाई समेत बेवास्ता गर्दा पुस्तकको प्रयोगमा समेत समस्या आएको बुझ्न सकिन्छ ।

विभिन्न प्रक्रिया र चरणहरू पार गरेर पाठ्यपुस्तक निर्माण गर्ने क्रममा विभिन्न सरोकारवालाहरूको सहभागिता उत्तिकै महत्त्वपूर्ण हुन्छ । सरोकारवाला सबैको सहभागिताले पाठ्यपुस्तकलाई गुणस्तरीय बनाउनुका साथै अपनत्त्वको पनि विकास गराउँछ । विश्लेषित

पाठ्यपुस्तकका सन्दर्भमा सरोकारवाला सबैलाई पर्याप्त सहभागी गराइएको देखिँदैन। अनुसन्धानका सहभागी 'ङ' , सहभागी 'च' , सहभागी सहभागी 'ग' सहभागी 'छ' लगायत अधिकांश सहभागीका अनुसार पाठ्यपुस्तक निर्माणमा समुदायका केही व्यक्तिको राय सुझाव लिनेबाहेक शिक्षणका लागि उपयुक्त पाठ्यवस्तु छनोटमा सघाउन सक्ने र शैक्षणिक उपयुक्तताका विषयमा राय दिन सक्ने शिक्षकहरूलाई छलफल, परामर्श वा निर्माणको कुनै पनि प्रक्रियामा सहभागी गराइएको पाइँदैन।

सरोकारवालाको सहभागिताका सन्दर्भमा पौडेल (२०६९) ले पाठ्यपुस्तकको निर्माण गर्दा कुन लक्षित समूहका लागि तयार पारिँदैछ , निर्माणमा कुन क्षेत्रका कतिजनाको सहयोग चाहिन्छ , कसलाई के जिम्मा दिने यकिन गरेर प्रक्रिया थाल्नुपर्ने बताएका छन्। त्यस्तैगरी अबुबकारी र हसन (सन २०१६) ले घानामा आधारभूत शिक्षा सेवाप्रवाह तथा पाठ्यपुस्तकको विकासका सवालमा शिक्षा मन्त्रालय, घाना शिक्षा सेवा, महानगर/नगरपालिका/जिल्ला सभाहरू, महानगर / नगरपालिका / जिल्ला शिक्षा कार्यालयहरू, विद्यालय व्यवस्थापन समितिहरू/अभिभावक शिक्षक सङ्घहरू र परम्परागत अधिकारीहरू र नागरिक समाज, आदि जस्ता शिक्षामा सरोकारवालाहरूले शिक्षा सेवा प्रदानमा महत्त्वपूर्ण भूमिका खेल्ने गरेको बताएका छन्।

विभिन्न अनुसन्धानका नतिजा तथा नीतिगत व्यवस्थाहरूले विभिन्न सरोकारवालालाई पाठ्यपुस्तक निर्माणमा सहभागी गराउनुपर्ने उल्लेख भएको सन्दर्भमा सबै सहभागीहरूमध्ये सहभागी 'ज' र 'झ' ले मात्र पाठ्यपुस्तक निर्माणका समयमा शिक्षकहरूलाई सहभागी गराइएका छलफलमा आफुहरू पनि सहभागी भएको बताएका छन्। यता सहभागी 'छ' ले सहभागिताका बारे अनभिज्ञता प्रकट गर्दै कतै फोन कन्ट्याक्टबाट भयो होला सर हामीलाई थाह भएन भन्नुले सीमित सम्पर्कका शिक्षक तथा सरोकारवालसँग मात्र सुझाव सङ्कलन तथा सरोकार राखिएको हो कि भन्ने तर्कलाई पुष्टि गरेको देखिन्छ। यसरी हेर्दा पाठ्यपुस्तकका विविध पक्षका सन्दर्भमा काठमाडौँ केन्द्रित विज्ञहरूको सुझाव लिने काम भए पनि स्थानीय शिक्षक अभिभावकलाई निर्माण प्रक्रियामा पर्याप्त सहभागी गराएको पाइँदैन।

सहभागी 'ग' र 'ङ' लगायतका अनुसार प्रअ बैठबाट विज्ञ छनोट गर्ने बाहेक पाठ्यवस्तु छनोट, पाठ्यपुस्तकको स्तरीयता र सान्दर्भिकताका सवालमा स्थानीय शिक्षक अभिभावकसँग सरोकार राखेको पाइएन। पौड्ल (२०६९) ले पाठ्यपुस्तक निर्माणमा शिक्षक तथा विद्यालयलाई पाठ्य सामग्री छनोट गर्ने

अवसर नदिँदा शिक्षणीय प्रतिस्पर्धा र गुणात्मकताको वृद्धि पनि नहुने र पाठ्यपुस्तक 'खाए खा नखाए घिच' अवस्थाको बन्ने उल्लेख गरे जस्तै तरिकाले विश्लेष्य पाठ्यपुस्तक तयार पारिएको पाइन्छ। स्थानीय शिक्षकहरूले नै निर्माण प्रक्रियाको अपनत्व लिन नपाउँदा यसको कार्यान्वयनमा समेत असर परेको स्पष्ट छ। पाठ्यपुस्तकलाई सबैले स्वीकार गर्न सकिने स्थिति नआउनु दुखद नै मानिएको छ। त्यसैले पाठ्यपुस्तक निर्माण प्रक्रियामा सरोकारवाला सबैलाई सहभागी गराई यसमा मेरो पनि लगानी र सहभागिता छ भन्ने बोध गराउनुपर्ने देखिन्छ।

पाठ्यपुस्तकको प्रयोग अवस्था

विद्यार्थीहरूमा लक्षित ज्ञान सिपको विकास गराउन तथा पाठ्यक्रमले राखेका उद्देश्यहरू पूरा गर्नका लागि पाठ्यपुस्तकलाई प्रयोगमा ल्याइन्छ। गुणस्तरीय र उपयोगी पाठ्यपुस्तकहरू एक पटक कार्यान्वयमा आइसकेपछि पाठ्यक्रम परिवर्तन नहुन्जेल नियमअनुसार प्रयोगमा रहिरहन्छन्। पौडेल (२०६९) ले पाठ्यपुस्तक उपयोगका विभिन्न समस्याहरू निर्माण प्रक्रियाका समस्यासँगै आउने भएकाले शिक्षण प्रशिक्षणको अभाव, शिक्षण निर्देशनको अभाव, सिर्जनात्मकताको अभाव, अभ्यासमा विविधताको अभाव, स्तरणमा बेवास्ता, मानक भाषामा अलमल जस्ता विषयहरूमा ध्यान दिएर मात्र पाठ्य सामग्रीको प्रयोगमा ल्याएर समस्या समाधान गर्न सकिने बताए पनि विश्लेष्य पाठ्यपुस्तक यिनै विषयहरूमा कमजोर रहेको पाइएको छ।

विश्लेष्य पाठ्यपुस्तकमा पनि शिक्षण प्रशिक्षणको अभाव, अभ्यासमा विविधताको कमी देखिएको छ। स्तरणमा बेवास्ता गरिएको देखिन्छ। रङ्गीन र आकर्षक चित्रहरूको प्रयोग गरिए पनि कतिपय चित्रको रखाइ नमिलेको तथा चित्रहरू विषयवस्तुअनुसार अपर्याप्त रहेका पाइएको छ। विद्यार्थीको क्षमता र स्तरअनुसारको पाठ्यवस्तु चयनदेखि शब्दभण्डारको व्यवस्थापन जस्ता क्षेत्रमा समेत कमजोरी रहेको छ। यी तमाम कमजोरीका कारण पाठ्यपुस्तकको प्रयोगमा समस्या आएको पाइन्छ।

सहभागीका अनुसार पाठ्यपुस्तक सुरुवात भएको सीमित वर्ष प्रयोगमा आए पनि वर्तमान समयमा सहभागी 'ज' र 'झ' को एउटै विद्यालय जनज्योति आविमा बाहेक अन्त प्रयोगमा नरहेको पाइएको हो। अन्य सहभागीहरूले पाठ्यपुस्तक विद्यार्थीको स्तरभन्दा कठिन रहेको, शब्दभण्डार,

पाठ्यवस्तु र अभ्यासहरू पनि स्तर अनुकूल नरहेको, शिक्षकहरूलाई पाठ्यपुस्तक निर्माण गर्दा सहभागी नगराइएको, स्थानीय सरकार पनि सक्रिय नदेखिएको आदि कारणले पाठ्यपुस्तक कार्यान्वयनमा आउन नसकेको प्रतिक्रिया जनाएका छन् ।

कार्यान्वयन गरिरहेको विद्यालयका सहभागी ‘ज’ र ‘झ’ ले पाठ्यपुस्तक निर्माणमा शिक्षकहरूसँग पनि परामर्श गरेको र आफूहरू पनि सहभागी भएको धारणा राखेकाले सीमित शिक्षकहरूसँग सरोकार राखिएको र जसलाई सरोकार राखियो उनीहरूले कार्यान्वयन गरिरहेको र अन्य शिक्षकहरूले कार्यन्वयनकै चरणदेखि असहयोग गर्दै सीमित वर्षमा मात्र प्रयोग गरेर त्यसपछि प्रयोग गर्न स्वीकार नगरेको देखिन्छ । पुस्तक निर्माणको छलफलमा सहभागी भएको बताउने तथा पुस्तकको निरन्तर कार्यान्वयन गर्ने सहभागी ‘ज’ र ‘झ’ ले समेत पुस्तक केही कठिन रहेको बताएकाले पुस्तक स्तर अनुकूल पनि देखिँदैन ।

यसरी विश्लेषण गर्दा प्राविधिक दृष्टिबाट पाठ्यपुस्तक स्तर प्रतिकूल रहेको, पाठ्यपुस्तकको बाह्य पक्ष आकर्षक बनाउने कोशिस गरे पनि विशेष गरी आन्तरिक संरचनामा स्तरीय बनाउन ख्याल नगरिनु, पाठ्यपुस्तक निर्माणमा आवश्यक विधि र प्रक्रियाको अवलम्बन नगरिनु, स्थानीय सरकार सक्रिय नदेखिनु, मुख्य सरोकारवाला शिक्षकहरूलाई समेत पुस्तक निर्माण प्रक्रियामा सामेल नगरी बेवास्ता गरिनु आदि कारणले पाठ्यपुस्तकको सफल प्रयोग हुन नसकेको देखिन्छ । फिलिप र मुन (सन २०१३) ले विद्यार्थीहरूले व्यापक रूपमा स्वीकार गरेर पाठ्यपुस्तकामा आधारित सिकाइ सहभागिता जनाउनका लागि यसको लागत, प्राकृतिकता, आकर्षकता र प्रभावकारिता सुधार गर्नु आवश्यक रहेको बताएका छन् ।

प्रस्तुत अनुसन्धेय पाठ्यपुस्तकमा स्थानीय विषयवस्तु, स्थानीय भाषा तथा संस्कृतिका विषयहरू भएकाले विद्यार्थीले पठन रूचि राखेको भने देखिन्छ । पूर्ण रूपमा कार्यन्वयनमा नआएको पाठ्यपुस्तकलाई सफल रूपमा प्रयोगमा ल्याउनका लागि पाठ्यपुस्तकको आन्तरिक संरचनाका रूपमा रहने पाठ्यवस्तुको छनोट, शब्दभण्डारको व्यवस्था, चित्रहरूको उचित व्यवस्थापन, अभ्यासमा विविधता, स्तरण आदिमा ध्यान दिनुपर्ने देखिन्छ । त्यसै गरी बाह्य संरचनाको रूपमा रहने बनोट, आकार, छपाइ र बँधाइ लगायतका क्षेत्रमा पुस्तक सन्तोषजनक रहे पनि शिक्षक, अभिभावकलगायत

सरोकारवाला सबैलाई निर्माण प्रक्रियामा सहभागी गराइ अपनत्व लिने अवसर दिनु सान्दर्भिक मानिएको छ । त्यस्तै पाठ्यपुस्तक निर्माण गर्दा आवश्यक विधि र प्रक्रिया अवलम्बन गर्नुका साथै स्थानीय सरकार पनि सक्रिय र जवाफदेही बन्नुपर्ने देखिन्छ ।

उपयोगिता र सान्दर्भिकता

विभिन्न नीतिगत प्रक्रिया, निर्माणको सिद्धान्तका आधारमा निर्माण भएको पाठ्यपुस्तक नै गुणस्तरीय, उपयोगी र सान्दर्भिक बन्न सक्छ । यसरी नीतिगत तथा सैद्धान्तिक आधारलाई अंगालेर तयार पारिएको पाठ्यपुस्तकमा सरोकारवालाहरूको व्यापक सहभागितामा लक्षित समुदायको भावनालाई समेटिएको र विद्यार्थीको रूचि, क्षमता र स्तरअनुकूल हुनेगरी बनाइने भएकाले पाठ्पुस्तक उपयोगी बन्न सक्दछ । त्यसैले पाठ्यपुस्तक निर्माण गर्दा यस्ता विषयमा विशेष ख्याल गरी पाठ्यपुस्तकलाई उपयोगी र सान्दर्भिक बनाउने प्रयत्न गरिन्छ । रिचार्ड (सन २००१) लाई उदृत गर्दै हेर्लिन्डा (सन २०१४) भनेअनुसार आफै शुद्ध नजान्ने अङ्ग्रेजी पहिलो भाषा नभएका शिक्षकहरूका लागि पाठ्यपुस्तकले सहयोग पुर्‍याएको बताएका छन् । विद्यार्थीको भाषिक, सामाजिक तथा सांस्कृतिक पृष्ठभूमि अनुकूल भएमा शिक्षकका लागि समेत अति उपयोगी हुने पाठ्यपुस्तकले विद्यार्थीको सिकाइका लागि महत्त्वपूर्ण भूमिका खेल्न सक्दछ ।

विद्यार्थीमैत्री पाठ्यपुस्तकका सम्बन्धमा बम (सन २०२१) ले विद्यार्थीले आफ्नै भाषामा रमाएर सिक्न पाउने , स्थानीय संस्कृति रीतिरिवाजको संरक्षणका लागि पनि मातृभाषामा आधारित पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गरिनु सान्दर्भिक हुने बताए जस्तै अनुसन्धानमा समावेश पाठ्यपुस्तक केही हदसम्म सान्दर्भिक देखिन्छ । नीतिगत तथा कानुनी रूपमा हरेक बालबालिकाले आफ्नो मातृभाषामा पढ्न पाउने अधिकार नेपालको संविधान २०७२ को धारा ३१ को (५), शिक्षा ऐन २०२८ को दफा ७ को (क) लगायतका कानुनी तथा नीतिगत दस्तावेजहरूमा उल्लेख छ । कानुनी व्यवस्थाको धरातलमा खस भाषा र संस्कृति कक्षा तीनको पाठ्यपुस्तक तयार पारेर प्रयोग अभ्यासमा ल्याइनु उपयोगी र सान्दर्भिक भएको स्पष्ट पार्न सकिन्छ ।

आफ्नो मातृ भाषामा आफ्नै रहनसहन, संस्कृति र रीतिरिवाजका विषयमा आफ्नै मातृ भाषामा पढ्न विद्यार्थीहरूका लागि अवश्य रूचिकर हुन जान्छ । समूह छलफलका क्रममा सहभागी

विद्यार्थीहरूले पाठ्यपुस्तक सजिलो र राम्रो रहेको तथा पढ्न मन लाग्ने बताएका छन्। भिगोत्सीको सामाजिक निर्माणवादी सिद्धान्तले पनि समाजिक सांस्कृतिक विषयवस्तुले बालबालिकाको ज्ञान निर्माणमा विशेष भूमिका खेल्ने कुरालाई जोड दिन्छ। " ..ज्ञान सामाजिक अन्तर्क्रिया र अनुभवका आधारमा निर्माण हुने गर्दछ। ज्ञानले बाह्य संसारलाई प्रतिबिम्वित गर्दछ। ज्ञानको निर्माणमा अरूसंगको अन्तर्क्रिया, प्रत्यक्ष शिक्षण , विश्वास, भाषा, संस्कृति, चिन्तन, तालिम , निर्देशित खोजीका साथै व्यक्तिको पूर्वज्ञान, विश्वास तथा चिन्तन आदिले प्रभाव पार्दछ" (भट्टराई,२०६८, पृ. ३०८)। अनुसन्धेयय पुस्तकका सवालमा पनि बालबालिकाको सामाजिक, सांस्कृतिक, भाषिक पक्षका साथै सामाजिक अन्तर्क्रियाले कठिन स्तरको पाठ्यपुस्तक हुँदा पनि बालबालिकाहरूको सिकाइमा सक्रियता रहेको पाइएको छ।

हुमारिया र अन्य (सन २०२३) ले आफ्नो अनुसन्धानको निष्कर्षमा स्थानीय सामग्रीमा आधारित पाठ्यपुस्तक प्रयोग गरेर विद्यार्थीहरूले अङ्ग्रेजी सिकाइमा ठुलो प्रगति गरेको, विद्यार्थीहरूको ज्ञान, प्रेरणा, साहस, सक्रियता र सिकाइप्रतिको रुचि बृद्धि भएको उल्लेख गरेका छन्। प्रस्तुत अनुसन्धानको तथ्य अनुसार स्थानीय विषयवस्तु तथा सन्दर्भ स्रोतका कारण पाठ्यपुस्तकमा विद्यार्थीको रूचि तथा जागरण उत्साहजनक रहेको पाइएको छ। फुटाशिल आविका शिक्षिका तथा सहभागी ‘ञ’ , जनज्योति आवि रुघाका शिक्षिका तथा सहभागी ‘झ’ त्यस्तै सहभागी ‘ङ’ समूह छलफलमा सहभागी विद्यार्थी लगायत अधिकांश सहभागीहरूको भनाइ तथा धारणालाई हेर्दा पाठ्यपुस्तक विद्यार्थीको स्तरभन्दा केही कठिन भए पनि आफ्नै भाषामा, आफ्नै संस्कृति, रीतिरिवाज, जीवनशैली जस्ता विषयवस्तुले पढाइप्रति विद्यार्थीको रूचि बढाउने, सिकाइमा सक्रिय हुन प्रेरित गर्ने भएकाले पाठ्यपुस्तक मातृभाषा शिक्षाको सैद्धान्तिक तथा व्यावहारिक दृष्टिबाट पनि उपयोगी र सान्दर्भिक भएको उल्लेख गर्न सकिन्छ।

पाठ्यपुस्तकमा विद्यार्थी आफैले प्रयोग गर्ने स्थानीय खस भाषाको प्रयोग गरिएको, विद्यार्थीलाई सहज अन्तर्क्रिया गर्न तथा सिकाइमा सक्रिय हुन प्रेरित गर्ने प्रकृतिको भएकाले पाठ्यपुस्तक उपयोगी र सान्दर्भिक भएको हो। सहभागीको प्रतिक्रिया तथा पाठ्यपुस्तकको विश्लेषणअनुसार पुस्तकलाई अझै उपयोगी र सान्दर्भिक बनाउनका लागि बाल व्यवहार, बाल रूचि, बाल क्रियाकलाप तथा बाल

गतिविधिलाई सम्बोधन गर्ने गरी बालमनोविज्ञान अनुसारका सामान्य पाठ्यवस्तु समावेश गरिनुपर्ने देखिन्छ। त्यस्तै विद्यार्थीको स्तर र क्षमतालाई मध्यनजर गर्दै पाठ्यवस्तु छनौट गरेमा , शब्दभण्डार र वाक्य संरचनालाई विद्यार्थीको स्तर अनुकूल बनाइ पाठ्यपुस्तकको स्तरण र छनोटमा विशेष ध्यान दिएर पाठ्यपुस्तक निर्माणको आधारभूत सिद्धान्तअनुसार तयार पारेमा मात्र पाठ्यपुस्तक उपयोगी र सान्दर्भिक बन्ने छ।

चित्रको पर्याप्त व्यवस्थापन तथा विषयवस्तुको भाव र मर्मलाई ग्रहण गर्न सक्ने बनाउनु पर्ने, अभ्यासलाई भाषिक सिपका सबै पक्षको विकास हुनेगरी पर्याप्त बनाइनुपर्ने हुनुका साथै अभ्यासहरू विभेदीकरणको आधारमा बहु प्रकृतिका हुनु आवश्यक छ। स्थानीय विषयवस्तुहरू 'रोपाइको चुड्किलो', 'तित्थ जाँदाको चुड्किलो', 'प्राचीन सिँजा', 'पुराना देवल', 'राडी पाखी', 'जडीबुटी', 'आराम खेल', 'झ्यादेव', 'हुड्क्या नाच' जस्ता शीर्षकका पाठहरू समावेश गरिनुले पाठ्यपुस्तकको उपयुक्तता झल्काएको छ। पाठ्यपुस्तकका माध्यमबाट स्थानीय भाषा, संस्कृति , परम्परा , मान्यता र रीतिरिवाज, ऐतिहासिक पहिचान, स्थानीय उद्यम तथा प्राकृतिक स्रोत सम्बन्धी विषयवस्तुलाई प्राथमिकता दिइएकाले स्थानीय सामाजिक, सांस्कृतिक, धार्मिक, ऐतिहासिक दृष्टिबाट पाठ्यपुस्तक उपयोगी र सान्दर्भिक रहेको छ।

पाठ्यपुस्तकहरू निर्माणको आधारभूत सैद्धान्तिक विधि र प्रक्रिया पूरा गरेर निर्माण गरिन्छन्। नेपालका पाठ्यपुस्तकहरू पाठ्यक्रमको मार्ग निर्देशन, राष्ट्रिय पुस्तक नीति २०८१ को मर्मअनुसार तयार पारिन्छन्। प्रस्तुत 'खस भाषा र संस्कृति' कक्षा तीनको पाठ्यपुस्तक बाह्य संरचनाक दृष्टिले छपाइ बँधाइ, बनोट, कागजको स्तर, मूल्य र सुलभता, अक्षर र ठाउँ छोडाइ आदि क्षेत्रमा उपयुक्त भएकाले पाठ्यपुस्तक निर्माणको प्राविधिक पक्ष बलियो भएको स्पष्ट छ। बाह्य संरचनाका हिसावले पाठ्यपुस्तक कक्षा तीनका विद्यार्थीहरूक लागि उपयोगी र सान्दर्भिक भएको पाइएको छ।

पाठ्यपुस्तकको आन्तरिक संरचनाका दृष्टिकोणबाट विद्यार्थीको स्तर तथा क्षमता अनुकूलका पाठ्यवस्तु समायोजन गरी बाल रूचि तथा बाल व्यवहार र गतिविधि समेटेर बालमनोभावना र सिकाइ अनुकूल बनाउनुपर्ने देखिन्छ। स्तरण तथा विषयवस्तुको छनौटलाई पनि कक्षा तिनका विद्यार्थी अनुकूलता अनुसार नभएको देखिएकाले विद्यार्थीको स्तर र क्षमताअनुकूल बनाउनुका साथै

पाठ्यपुस्तकमा व्यवस्था गरिएका अभ्यासहरूलाई पनि विविधतापूर्ण र पर्याप्त बनाउन सकेमा पाठ्यपुस्तक सार्थक र उपयोगी हुने छ। शब्दभण्डारमा विशेष ध्यान दिनुका साथै वाक्य संयोजनमा पनि कमजोरी देखिएकाले शब्दभण्डार र वाक्य संरचनाका दृष्टिले पाठ्यपुस्तक त्यति उपयोगी र सान्दर्भिक देखिँदैन। सामाजिक सांस्कृतिक तथा ऐतिहासिक विषयवस्तु समायोजनका दृष्टिले उपयोगी देखिएको पाठ्यपुस्तकलाई शिक्षक तथा अभिभावक लगायत सबैका शैक्षणिक सुझावहरू समेटेर सबैलाई अपनत्वको महसुस हुनेगरी विधि र प्रक्रिया पूरा गरी परिमार्जन गरेमा मात्र पाठ्यपुस्तक सान्दर्भिक हुने नतिजा प्राप्त भएको छ।

पाठ्यपुस्तकलाई सान्दर्भिक र उपयोगी बनाउनका लागि ठोस रूपमा 'जडीबुटी' पाठको विषयवस्तुलाई केही विस्तार सान्दर्भिक बनाउनुपर्ने तथा कम्तिमा एउटा चित्र थप्नुपर्ने आवश्यकता छ। 'देउडा' पाठको सुरुमा देउडाको परिचयात्मक पृष्ठानुच्छेद आवश्यक छ। 'बाल कविता'मा भाव अनुसारको चित्र राखेमा, 'आराम खेल' पाठमा भावलाई बुझाउने तथा अर्थपूर्ण हुने चित्र राखेमा पाठ्यपुस्तक सान्दर्भिक र उपयोगी हुने प्रस्ट भएको छ। पाठ्यपुस्तकलाई उपयोगी र सान्दर्भिक बनाउनका लागि 'तित्थ जाँदाको चुड्किलो', 'बाठो बाख्रो', 'रोपाइको चुड्किलो', 'यक्ष र तन्तुकार', 'काल्या साप' र 'चुफ्या' कथामा कम्तीमा एउटा चित्रहरू थप्नुपर्ने आवश्यकता छ।

वर्तमान समयमा देशभरी नै भाषा तथा संस्कृतिको जागरणको अभियान नै थालनी भएको छ। यस किसिमको परिवेशमा खस भाषाको जननी स्थानबाट खस भाषा र संस्कृतिको संरक्षण र विकास गर्न तथा विद्यार्थीको सहज सिकाइको मार्ग आत्मसात् गर्नका लागि पनि खस भाषाको पाठ्यपुस्तक प्रयोगमा ल्याउन उपयोगी र सान्दर्भिक हुने देखिन्छ। पाठ्यपुस्तकको उपयोगिताको सन्दर्भलाई जोड्दै सहभागी 'ठ' ले भनेका छन् "यहाको संस्कृति, यहाँको भाषा, यहाँको चालचलन रीतिरिवाज, सबै त्यो चाही बचिरहला हामी बहुभाषिक बहुसांस्कृतिका हामी धनी मानिने हुँ नत्र हामीसँग भएको जो सम्पत्ति नै हरायो भनेपछि यसक्षेत्रको भविष्य पनि चाहिँ छैन" (अन्तर्वार्ता)। सहभागीका अनुसार खस क्षेत्रको चालचलन, रीतिरिवाज बचाए मात्र खस क्षेत्रको भविष्य पनि बच्न सक्दछ। यसरी खस क्षेत्रका विद्यार्थीहरूलाई आफ्नो भाषा, संस्कृति, परम्परा, मान्यता र रीतिरिवाजको ज्ञान तथा पुस्तान्तरणका लागि पाठ्यपुस्तक उपयोगी र सान्दर्भिक हुने देखिन्छ।

यसरी खस भाषाको पाठ्यपुस्तकको पूर्ण कार्यान्वयन गर्नका लागि सरोकारवाला सबैलाई सम्बोधन गर्दै स्थानीय सरकार जिम्मेवार बनी पाठ्यपुस्तक निर्माणका नीतिगत विधि र प्रक्रियाहरू अपनाइ सक्रिय कार्ययोजनाका साथ अघि बढ्नुपर्ने देखिन्छ । त्यस्तै पाठ्यपुस्तकको आधारभूत सिद्धान्तको आधारमा आन्तरिक तथा बाह्य संरचनाका विविध विषयहरूमा परिमार्जन गरी पुनः मुद्रणका साथ कार्यान्वयन गरेमा मात्र पाठ्यपुस्तक उपयोगी र सान्दर्भिक हुने अनुसन्धानबाट पुष्टि भएको छ ।

विश्लेषित अध्याय छ मा पाठ्यपुस्तकको स्वरूपमा पाठ्यपुस्तकको आन्तरिक तथा बाह्य संरचनाहरूबारे छलफल गरिएको छ । विभिन्न अनुसन्धानसँग अन्तरसम्बन्धित गर्दै गरिएको छलफलमा पाठ्यपुस्तक निर्माण प्रक्रिया र निर्माण प्रक्रियामा सहभागीहरूको अवस्थालाई सारमा प्रस्तुत गरिएको छ । त्यस्तै पाठ्यपुस्तकको प्रयोग अवस्था, पाठ्यपुस्तकको उपयोगिता र सान्दर्भिकताको अवस्थालाई पनि त्यसै गरी प्रस्तुत गरिएको छ ।

अध्याय सात

निष्कर्ष र सुझाव

निष्कर्ष

पाठ्यपुस्तकमा सिँजा लगायतका खस क्षेत्रका धार्मिक , सांस्कृतिक पक्ष , सिँजाको ऐतिहासिक पक्ष , सिँजा क्षेत्रमा पाइने जडीबुटी र त्यसको औषधीय उपयोगिता , स्थानीय उद्यम तथा व्यवसाय , बालबालिकाले खेल्ने स्थानीय खेल आदि विषयसँग सम्बन्धित पाठ्यवस्तुहरू समावेश गरिएको छ । पाठहरू छोटा र अपूर्ण जस्ता देखिन्छन् । पाठ्यवस्तुले बालमनोविज्ञानलाई पूर्ण रूपमा समेट्न नसकेको देखिन्छ भने बालबालिकाको स्तर र क्षमताभन्दा माथिको विषयवस्तुलाई जोड दिइएको पाइएको छ । पाठ्यपुस्तकमा प्रयोग गरिएका चित्रहरू रङ्गीन र आकर्षक देखिन्छन् । चित्रहरूको बनोटलाई हेर्दा आकर्षक देखिएका छन् भने कतिपय चित्रहरू वास्तविक तस्वीरलाई नै प्रयोग गरिएको छ । कविताको पाठमा चित्र नै छैन भने दुईओटा चित्रहरू रहेका पाठको बाहुल्य देखिन्छ । उचित आकार, स्पष्ट र आकर्षक छपाइ भए पनि विषयवस्तुलाई पूर्ण रूपमा सम्बोधन गर्न , भावलाई बुझाउन तथा स्तरलाई सम्बोधन गर्न पाठ्यपुस्तकमा चित्रहरू अपर्याप्त देखिएका छन् ।

पाठ्यपुस्तकमा छनोट गरिएका विषयवस्तुहरू मध्ययमा स्तरका देखिन्छन् । धेरै भन्दा धेरै संस्कृति , रीतिरिवाज , मान्यता र परम्परा र इतिहासलाई समेट्ने विषयवस्तु छनोट गरिएको पाइएको छ । छनोट गरिएका विषयवस्तुले बालमनोविज्ञानको महत्त्वलाई नजरअन्दाज गरेको देखिन्छ भने बालबालिकाको स्तर र उमेर क्षमतालाई महत्त्व दिएको पाइँदैन । स्तरणका दृष्टिमा त अझै अव्यवस्थित देखिन्छ । हरेक अघिल्लो पाठदेखि पछिल्लो पाठसँग कुनै साइनो देखिँदैनन् । अघिल्लो पाठबाट पछिल्लो पाठमा दोहोरिने शब्दहरू अति न्यून देखिन्छन् । पाठहरू अघिल्लो पाठभन्दा क्रमश सरलदेखि जटिलको क्रममा हुनुपर्नेमा पुस्तकमा सबै पाठको कठिनाइ स्तर समान किसिमको देखिन्छ । त्यसैले स्तरणमा ख्याल गरेर पाठ्यपुस्तक निर्माण गर्नु नै उपयुक्त छ ।

पाठ्यपुस्तकमा शब्दभण्डार तथा वाक्य संरचनालाई पनि ख्याल गरिएको देखिँदैन । वाक्यहरू बालबालिकाको क्षमता र स्तरभन्दा कठिन देखिन्छन् । हरेक पाठमा पाँचदेखि बाह्र शब्दसम्मबाट बनेका वाक्यहरूको बाहुल्य देखिन्छ । सबैभन्दा धेरै एक्काइस शब्दबाट बनेका जटिल वाक्य संरचना भएका

पाठहरू समेत रहेका छन् । पाठहरूमा शब्दार्थको व्यवस्था हुनुपर्नेमा त्यो देखिँदैन । विद्यार्थीको क्षमता र स्तरभन्दा कठिन शब्द र वाक्यबाट पाठहरू निर्माण भएका देखिन्छन् । हरेक पाठहरूमा रहेका अभ्यासहरू शब्दभण्डार क्षमताको विकासमा बढी जोड दिने प्रकृतिका देखिन्छन् । भाषिक सिप विकासका लागि सुनाइ , बोलाइ , पढाइ र लेखाइको विकास गराउने किसिमका अभ्यासहरूको कमी देखिन्छ । एउटा पाठमा कुनै एउटा मात्र भाषिक सिपसँग सम्बन्धित एउटा सानो मात्र अभ्यासको व्यवस्था देखिन्छ । सृजनात्मकता तथा विद्यार्थीका मौलिकताको विकासका लागि अध्यासहरू कमै देखिन्छन् । उपलब्ध अभ्यासहरू भाग पुगाउने किसिमका अपर्याप्त रहेको देखिन्छ ।

आन्तरिक संरचनामा केही कमजोर रहेको पुस्तकका अभ्यासहरू शब्दभण्डार क्षमता विकासमा मात्र केन्द्रित हुनुका साथै अपर्याप्त छन् । अभ्यासहरूले सबै क्षेत्रलाई समेटन सकेको देखिँदैन । चित्रहरू आकर्षक भए पनि रखाइमा केही नमिलेका र अपर्याप्त देखिन्छन् भने विषयवस्तुहरूले बालबालिकाको मनोविज्ञान र स्तरलाई महत्त्व दिइएको देखिँदैन । बाह्य संरचनाका दृष्टिमा आकर्षक आवरण भएको बाक्लो र रङ्गीन पलास्टिक कोडेठ गाता प्रयोग भएको पुस्तकको बनोट उपयुक्त देखिन्छ । बँधाइ तथा छपाइ पनि पानाहरू नउप्किने, नदोब्रिने तथा मसीको उचित प्रयोगले उपयुक्त भएको पाइएको छ । कागजको स्तर गुणस्तरीय छ । चिल्लो तथा रङ्गीन पानाहरू रहेको पुस्तकको कागजमा कुनै खोट देखिँदैन । त्यस्तै पुस्तक गाउँपालिकाले निशुल्क रूपमा वितरण गर्ने भएकाले विद्यार्थीहरूका लागि सुलभ र सहुलियतपूर्ण देखिन्छ ।

आन्तरिक संरचनाका दृष्टिले केही कमजोर र बाह्य संरचनाका दृष्टिले सन्तोषजनक देखिएको पाठ्यपुस्तक निर्माण गर्दा गर्दा कुनै विधि र कानुनी प्रक्रियाहरू पूरा गरेको देखिँदैन । स्थानीय पालिकाका अध्यक्षको चासोमा विद्यालयहरूका प्रधानाध्यापकहरूलाई चिठि मार्फत भेला गराइ पाठ्यक्रम तथा पाठ्यपुस्तक तयार पार्ने निर्णय गरी केही स्थानीय शिक्षकलाई प्रअहरूको कुनै एउटा बैठकबाट लेखक तथा सम्पादकहरूको छनोट गरी काम अघि बढेको देखिन्छ । त्यस्तै विज्ञहरूले शिक्षकहरूबाट एकदमै कम सुझावहरू लिएको र समुदायबाट सीमित केही सुझाव तथा परामर्श लिएको देखिन्छ भने धेरै काठमाडौँका विज्ञ केन्द्रित छलफल तथा परामर्शहरू गरेको पाइएको छ । विज्ञहरूको सर्वाधिकारमा तयार पारिएको पुस्तकलाई मुद्रण गरी स्थानीय सरकारको कार्यपालिकाको निर्णयबाट कार्यान्वयन गरेको

देखिन्छ । आपसी विश्वास र समझदारीका आधारमा पुस्तक निर्माण गरिए पनि विधिवत् प्रक्रिया पूरा गरिएको पाइएन ।

पुस्तक निर्माणको विधि र प्रक्रियाहरू पूरा नै नगरेपछि निर्माणमा सरोकारवालाको सहभागितामा पनि कमी आएको देख्न सकिन्छ । सरोकारवालाहरूमा शिक्षक , अभिभावक , समाजका अग्रज , धार्मिक तथा सांस्कृतिक जानकारहरू लगायत बालबालिकाको सिकाइका लागि कस्तो पाठ्यपुस्तक बनाउने भन्ने विषयमा शिक्षकहरूलाई सहभागी गराएर पर्याप्त सुझावहरू लिनुपर्नेमा त्यसो भएको देखिँदैन । धार्मिक तथा सांस्कृतिक विषयहरू राख्दा केही गाउँका जनसमुदायबाट केही सुझाव तथा स्रोत सङ्कलन गरेको भए पनि व्यापक जनसहभागिता भएको पाइएन । सैद्धान्तिक तथा प्राविधिक सल्लाहका लागि काठमाडौँ केन्द्रित विज्ञलाई सहभागी गराइएको देखिन्छ भने खुल्ला विज्ञानपनबाट विज्ञ छनोट तथा खुल्ला बहस गर्ने र अधिक जनसमुदायबाट सुझावहरू सङ्कलन गर्ने कार्य भएको देखिँदैन ।

सरोकारवालको सहभागितालाई व्यापक नबनाउँदा कार्यान्वयनमा समेत चुनौती देखिएर पाठ्यपुस्तकको प्रयोग प्रभावकारी रूपमा भएको पाइँदैन । कार्यान्वयनकै समयमा शिक्षकहरूको असन्तुष्टि र असहयोग हुँदा पाठ्यपुस्तकको प्रयोग एक दुई वर्षभन्दा बढी हुन सकेको देखिँदैन भने अपवादमा एउटा विद्यालयबाहेक अरू विद्यालयहरूमा पूर्ण र पुनः प्रयोग भएको पाइएन । पाठ्यपुस्तकको प्रयोगमा समस्या आउनुको मुख्य कारण शिक्षकलगायत सरोकारवालाई पुस्तक निर्माणमा सहभागी नगराउनु, उनीहरूसँग छलफल तथा परामर्श नगरिनु, पाठ्यपुस्तकलाई आन्तरिक तथा बाह्य संरचनाका दृष्टिले गुणस्तरीय बनाउन नसक्नु, विद्यार्थीको क्षमता र स्तरभन्दा कठिन हुनु, स्थानीय तह सक्रिय र जवाफदेही नहुनु आदि रहेका देखिन्छन् । यसरी सरोकारवाला सबैको सहभागिता सुनिश्चित गरी पाठ्यवस्तुको छनोट र स्तरणदेखि अभ्यासको विविधतासम्म, शब्दभण्डार र वाक्य संरचनाको उचित संयोजनसम्मका कार्यहरू गरी बाह्य संरचनामा समेत विशेष ख्याल गरेर परिमार्जन सहित प्रयोगमा ल्याउन उपयोगी देखिन्छ ।

प्रयोग अवस्थाका दृष्टिले असफल सावित भएको पाठ्यपुस्तक कक्षा तीनका विद्यार्थीको क्षमताभन्दा कठिन तथा स्तर अनुकूल नभएकाले सिकाइ प्रभावकारी नहुने देखिन्छ । पाठ्यपुस्तक स्तर अनुकूल नभए पनि भिगोत्सीको सामाजिक निर्माणवादको सिद्धान्तले केही हदसम्म काम गरेको देखिन्छ ।

भिगोत्सीको सामाजिक निर्माणवादको प्रभाव स्वरूप विद्यार्थीहरूले समाजसँग गरेको अन्तर्क्रिया तथा उनीहरूले हाँसिल गरेको सामाजिक, सांस्कृतिक अनुभव तथा भाषिक पृष्ठभूमिकका कारण विद्यार्थीहरूले पाठ्यपुस्तकलाई रुचाएको देखिन्छ। विद्यार्थीहरूले प्रयोग गर्ने स्थानीय भाषामा पाठ्यपुस्तक हुनु, विद्यार्थीहरूले देखे सुनेका स्थानीय विषयवस्तुहरू पाठमा समावेश गरिएको तथा ती स्थानीय विषयहरूले विद्यार्थीहरूको ज्ञानलाई प्रतिबिम्वित गर्ने भएकाले पाठ्यपुस्तकप्रति विद्यार्थीले केही रुचि देखिएको तथा सिकाइमा सहभागी हुन इच्छुक रहेको पाइएको हो। विद्यार्थीहरूको नतिजा सामान्य उपलब्धिमूलक देखिए पनि विद्यार्थीहरूको स्तरलाई ख्याल गरेर पाठ्यवस्तु छनोट नगरेसम्म पाठ्यपुस्तक पूर्ण रूपले उपयोगी हुने देखिँदैन। पाठ्यपुस्तकमा बालमनोविज्ञानलाई पनि उचित ख्याल नगरिएकाले यही अवस्थामा कार्यन्वयन गर्न त्यति सान्दर्भिक र उपयोगी देखिँदैन।

कठिनाइ स्तर र स्थानीय तहको स्पष्ट नीतिगत तथा कानुनी प्रक्रियाको कमी, स्थानीय तहको ठोस कार्ययोजना र पूर्ण कार्यान्वयनको तदारूकताको कमी, सरोकारवालाहरूमा विषयवस्तुले अपनत्व महसुस गराए पनि निर्माण सहभागिताको अपनत्व महसुसको अभावले शिक्षकहरू पूर्ण सन्तुष्ट बन्न नसकेको आदि विविध कारणले पाठ्यपुस्तकको पूर्ण कार्यन्वयनमा चुनौतीपूर्ण देखिएको छ। सामाजिक सरोकारका विषयवस्तु , धार्मिक सांस्कृतिक विषयवस्तुका कारण समाजले पुस्तकलाई स्विकार्ने देखिएकाले सामाजिक स्वीकृति र अपनत्वका दृष्टिले पाठ्यपुस्तक सान्दर्भिक देखिए पनि शैक्षणिक गुण र विशेषताका आधारमा पाठ्यपुस्तकलाई पूर्ण रूपमा उपयोगी र सान्दर्भिक मान्न सकिने देखिँदैन। पाठ्यपुस्तकलाई उपयोगी बनाउनका लागि पाठ्यपुस्तकमा हुनुपर्ने आन्तरिक गुणका आधारमा गुणस्तरीय बनाउनु पर्ने तथा बाह्य गुण एवम् संरचनाका आधारमा समेत पाठ्यपुस्तक स्तरीय बनाउनुपर्ने देखिन्छ। त्यसका साथै पाठ्यपुस्तकलाई उपयोगी र सान्दर्भिक बनाउनका लागि पाठ्यपुस्तक निर्माण गर्दा खुल्ला रूपमा प्रतिस्पर्धात्मक विधिबाट विज्ञ छनोट गरी सरोकारवाला सबैसँग राय सुझावहरू सङ्कलन गरेर सरोकारवाला सबैको अपनत्व लिन सक्ने बनाउनुपर्ने देखिन्छ।

समग्रमा पाठ्यपुस्तक निर्माण गर्दा आन्तरिक तथा बाह्य संरचना र विशेषताका दृष्टिले गुणस्तरीय उपयोगी बनाउन पर्ने देखिन्छ। बालमनोविज्ञानदेखि सामाजिक सांस्कृतिक सबै पक्षलाई

समेट्ने विषयवस्तु समावेश गर्नुका साथै सरोकारवाला सबैलाई समेटेर सबैले अपनत्व लिन सक्ने पाठ्यपुस्तक निर्माण गर्न सकेमा पाठ्यपुस्तक उपयोगी र सान्दर्भिक बनाउन सकिन्छ।

सुझाव

पाठ्यपुस्तक आन्तरिक संरचनाका दृष्टिले मध्यम तथा केही कमजोर देखिन्छ। पाठ्यवस्तुमा प्रस्तुत गरिएको विषयवस्तुमध्ये धार्मिक, सामाजिक , सांस्कृतिक, ऐतिहासिक विषय, स्थानीय स्रोत साधान र स्थानीय उद्यम तथा उपचार विधि सम्बन्धी विषयका आधारमा उपयोगी भए पनि बालमनोविज्ञानको सम्बोधनका दृष्टिले उपयोगी देखिँदैन। बालव्यवहार, बालक्रियाकलाप, बाल रूचि आदि भएका विषयवस्तुको कमी देखिन्छ। चित्रहरू रङ्गीन तथा आकर्षक भएका कारण बालबालिका अनुकूल तथा उपयोगी देखिए पनि एकातिर अपर्याप्तता देखिन्छ भने अर्कोतर्फ 'आराम खेल' तथा 'रोपाइको चुड्किलो' जस्ता पाठका चित्रहरू विषयवस्तुको भाव र अर्थसँग सम्बन्धित बन्न नसकेकाले पूर्ण रूपमा उपयोगी बन्न सकेका देखिँदैनन्। त्यसैले पाठ्यपुस्तकमा बाल रूचि र बाल व्यवहारलाई सम्बोधन गरी बालमनोविज्ञानका विषयलाई समेट्ने विषयवस्तुको व्यवस्था गर्न र चित्रहरू पर्याप्त र भाव बोधका दृष्टिले उपयोगी बनाउनुपर्ने देखिएको छ।

विविधताको कमी, अपर्याप्तताको कारण अभ्यासहरूले विद्यार्थीहरूको सर्वाङ्गीण विकासमा टेवा पुऱ्याउन नसक्ने रहेको पाइएकाले अभ्यासमा पर्याप्तता र विविधताको व्यवस्थापन गर्नुपर्ने देखिन्छ। शब्दभण्डारका दृष्टिले हरेक पाठहरूमा नयाँ शब्दहरू थुपार्ने काम अत्यधिक भएको र स्तरण तथा विषयवस्तुको छनौटमा विशेष ध्यान नपुग्दा पाठ्यपुस्तक विद्यार्थीको स्तर र क्षमताअनुकूल बन्न नसकेकाले शब्दभण्डार, स्तरण तथा विषयवस्तु छनौटमा विशेष ध्यान दिनुपर्ने देखिन्छ। यसरी आन्तरिक दृष्टिले पुस्तक पूर्ण रूपमा उपयोगी बन्न नसकेकाले पूर्ण उपयोगी बनाउन आन्तरिक संरचनाअन्तर्गत अभ्यास, शब्दभण्डार, चित्र, स्तरण तथा विषयवस्तुको छनौटमा आवश्यक परिमार्जन गर्नुपर्ने सुझाव पेस गरिएको छ। पाठ्यपुस्तकको बनोट , छपाइ बँधाइ , कागजको स्तर , अन्तराल र ठाउँ छोडाइ आदिका दृष्टिले पाठ्यपुस्तक उपयुक्त रहेको पाइएको छ। सामाजिक, सांस्कृतिक, ऐतिहासिक तथा स्थानीय स्रोत साधनका विषयलाई महत्त्वका साथ समावेश गरिनु उपयुक्त भए पनि त्यस किसिमका विषयवस्तुलाई विद्यार्थी अनुकूलका बनाउन सकिएमा शैक्षणिक दृष्टिमा पनि प्रभावकारी हुने देखिन्छ।

सहभागी शिक्षक तथा अभिभावकका अनुसार सिकाइ उपलब्धि तथा नतिजामा सकरात्मक प्रभाव परी अन्य विषयको भन्दा केही राम्रो रहेको देखिएकाले पाठ्यपुस्तकको शैक्षणिक उपयोगिता मध्यम स्तरको देखिन्छ। शिक्षकहरूलाई पाठ्यपुस्तक निर्माणमा व्यापक सहभागी नगराउँदा शिक्षकहरूले पाठ्यपुस्तकको अपनत्व लिन नसकेको र शिक्षकहरू पाठ्यपुस्तकमा पूर्ण रूपमा सन्तुष्ट हुन नसकेको पाइएकाले परिमार्जित पाठ्यपुस्तक निर्माण गर्दा शिक्षक लगायत सरोकारवाल सबैलाई पाठ्यपुस्तक निर्माणमा सहभागी बनाउँदा उपयुक्त र प्रभावकारी हुने देखिन्छ।

'रोपाइको चुड्किलो', 'तित्थ जाँदाको चुड्किलो', 'प्राचीन सिँजा', 'पुराना देवल', 'राडी पाखी', 'जडीबुटी', 'आराम खेल', 'इ्यादेव', 'हुड्क्या नाच' जस्ता शीर्षकका पाठका माध्यमबाट धर्म, भाषा, संस्कृति , परम्परा , मान्यत र रीतिरिवाज ,ऐतिहासिक पहिचान, स्थानीय उद्यम तथा प्राकृतिक स्रोत सम्बन्धी विषयवस्तुलाई प्राथमिकता दिइनु उपयुक्त देखिएकाले परिमार्जित संस्करणमा पनि यस किसिमका विषयवस्तुलाई निरन्तरता दिनुका साथै त्यस किसिमका विषयवस्तुलाई विद्यार्थीको स्तर क्षमता अनुकूल बनाउनमा केन्द्रित हुनुपर्ने देखिन्छ। पाठ्यपुस्तक निर्माणको विधिवत् प्रक्रिया नअपनाउँदा पनि पाठ्यपुस्तकको गुणस्तर र प्रयोगमा प्रभाव परेको देखिएकाले स्थानीय तहले उचित प्रक्रिया र विधिको प्रयोग गर्दै सरोकारवाला सबैलाई समेट्नुपर्ने देखिन्छ।

समग्रमा पाठ्यवस्तुको छनौट, शब्दभण्डार, अभ्यास, चित्रको संयोजन, स्तरण तथा विषयवस्तुको छनौट जस्ता पाठ्यपुस्तकको आन्तरिक संरचनात्मक पक्षमा उचित परिमार्जन सहित सुधार गर्नुपर्ने सुझाव दिन सकिन्छ। स्थानीय तहलाई आगामी दिनमा पाठ्यपुस्तकको परिमार्जन गर्दा वा पाठ्यपुस्तक नयाँ निर्माण गर्दा नीतिगत प्रक्रियाका अपनाइ बालमनोविज्ञान र बालबालिकाको क्षमतालाई नजिकबाट बुझ्नसक्ने शिक्षकहरू लगायत सरोकारवाला सबैलाई सहभागी बनाउन आवश्यक रहेको सुझाव पेस गर्न सकिन्छ। सरोकावालको असन्तुष्टि र अस्विकृति, स्थानीय तहको प्रयोग निरन्तरताका लागि रूचिको अभाव, अति न्यून प्रयोग अवस्था, विद्यार्थीको क्षमता र स्तर प्रतिकूलता, उचित विषयवस्तुको समायोजनको अभाव आदि विविध कारणले पाठ्यपुस्तक पूर्ण रूपले प्रयोगयोग्य नदेखिएकाले यी सबै पक्षमा विशेष ख्याल गर्दै पाठ्यपुस्तक परिमार्जन गरी पुनः मुद्रणका साथ कार्यान्वयन गर्ने सुझाव पेस गरिएको छ।

सन्दर्भ सामग्री

अबुबकारी, ए र हसन, एस. एआई (सन् २०१६), एसेसिङ द कन्ट्रिब्यूसन अफ स्टेकहोल्डरस टु बेसिक एजुकेसन सर्भिस इन जोङ्गो कम्यूनिटिज इन ब्रोड अहाफो रिजन घाना, यु, *डि. एस. इनटरनेस्नल जर्नल अफ डेभलपमेन्ट*, ३(१) पृ.पृ. ५१-६५ । https://doi.org/10.47740/99.UDSIJD6i

अहमेद, सिर्वाना खालिद (सन् २०२४), हाउ टु चुज अ स्याम्पलिङ टेक्निक एण्ड डिटरमाइन स्याम्पल साइज फर रिसर्च : *अ सिम्प्लिफाइड गाइड फर रिसर्चर्स ओरल अनकोलोजी रिपोर्ड*, भाग १२, https://doi.org/10.1016/j.oor.2024.100662

आचार्य, ओमप्रकाश (सन् २०२५), अनुसन्धानमा पूर्वकार्यको पुनरवलोकन पद्धति, *डिपान* भाग ६, पृ. १३४ ।

आचार्य, लक्ष्मी (२०८१), नेपाली भाषा पाठ्यपुस्तकमा विषयवस्तुको समावेशिता , *विकासको निम्ति शिक्षा* वर्ष २७ अङ्क १ ।

आचार्य, लक्ष्मी (२०८२), कक्षा दशको नेपाली पाठ्यपुस्तकमा समावेशिता , *विकासको निम्ति शिक्षा* वर्ष २८ अङ्क १ । https://doi.org/10.3126/bns.v28i1.76208

आचार्य, लक्ष्मीप्रसाद (२०८१*), नेपाली भाषा शिक्षणमा शिक्षक विद्यार्थी अन्तर्क्रिया*, अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

आचार्य र अन्य (२०८०), *माध्यमिक तह शिक्षक सफलताको साथी*, विद्याविकास पब्लिकसन ।

आधारभूत विद्यालय शिक्षक (२०८२), *स्थलगत अध्ययनको मौखिक अभिव्यक्ति*, फुटाशीला आधारभूत विद्यालय ।

आराम, डोरिट र अन्य (२०१७), अन्डरस्ट्यान्डिङ प्यारेन्स् एट्टिच्यूड टुवार्ड कम्प्लेक्सटी इन चिल्ड्रेनस बुक्स, *जर्नल अफ लिट्रेसी एण्ड ल्याङ्गोएज आर्टस,* भाग ५६, पृ.पृ. २६-४४। https://scholarworks.wmich.edu/reading_horizons/vol56/iss4/3

इलिस, जेरी एल र हार्ट, डेविड एल (सन् २०२३), स्ट्रेन्थिङ द चोइस फर ब जेनेरिक क्वालिटिटिभ रिसर्च डिजाइन, द *क्वालिटेटिभ रिपोर्ट, भोलुम २८*, पृ १७५९-१७६८, https://doi.org/10.46743/2160-3715/2023.5474

एलेम, डिवेकुलु दवाइट (सन् २०२०), एन ओवरभ्यू अफ डाटा एनालाइसिस एण्ड इन्टरप्रिटेइसन इन रिसर्च, *एकाडेमिक रिसर्च जर्नल*, भाग ८, पृ.पृ.१-२७। 10.14662/IJARER2020.015

ओझा, लक्ष्मीराज (२०७३), *कक्षा नौको नयाँ (२०७३) र पुरानो (२०६४) नेपाली पाठ्यपुस्तकको तुलनात्मक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर।

कोइराला, कमल र खत्री, विष्णुबहादुर (सन् २०२५), कल्चरली रेलेभेन्ट साइन्स टिचिङ : पोसिवल कनेक्सन अफ सोसियो कल्चरल नलेज उइथ प्रिजेन्ट साइन्स करिकुलम अफ नेपाल, *डिस्कभर एजुकेसन,* भाग ४ , https://doi.org/10.1007/s44217-024-00356-8

क्यूरोगा, पत्रिक अगुइरी (सन् २०१६), कल्चरल कन्टेन्ट इन इएफएल टेक्स्टबुक, *गटबोर्गस युनिभर्सिटी,* पृ. १६।

क्यूसिरकोभा, नटालिया र फ्लेओइट, रोसिया (सन् २०२२), अन्डरस्ट्यान्डिङ प्यारेन्टस कन्फिलिक्टिङ विलिफस एबाउट चिल्ड्रेनस डिजिटल बुक रिडिङ*, जर्नल अफ अर्ली चाइल्डहुड लिट्रेसी*, भाग २२(२), पृ.पृ. १५७-१८१। https://doi.org/10.1177/1468798420930361

खनाल, पेशल (२०८०), *शैक्षिक अनुसन्धान पद्धति*, सनलाइट पब्लिकेसन।

खनाल, राजेन्द्र (सन् २०२४), माध्यमिक नेपाली भाषापाठ्यपुस्तकका अभ्यासमा पर्याशैक्षणिक दृष्टि, *सोलुखुम्बु मल्टिपल क्याम्पस रिसर्च जर्नल* भोलुम -६, पृ. २१८।

खान, इनाम उल्लाह र साह, लिअक्वाट हुसेइन (सन् २०२४), रोल अफ इङ्लिस टेक्स्टबुक इन ल्याङ्गोइज स्किल डेभलभमेन्ट : अ केस स्टडी अफ खैवर पाक्तुनखुवा, *पाकिस्तान ल्याङ्गोएज एण्ड ह्युमानिटिज रिभ्यू* , भाग ८(३), पृ.पृ. ३३९-३४७। https://doi.org/10.47205/plhr.2024(8-III)31

गिरी, मधुसूधन (सन् २०२१), खस जातिको लोकसाहित्य र संस्कृतिका बिच खन्तर्सम्बन्ध, *सरस्वती सदन।*

गौतम, देविप्रसाद र चौलागाई, प्रेमप्रसाद (२०७०), *भाषाविज्ञान*, पाठ्यसामग्री प्रकाशन।

घिमिरे, कोमल कुमारी (२०७५), *कक्षा आठको नेपाली पाठ्यपुस्तक (२०७२) मा समाविष्ट अभ्यासको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर।

घिमिरे, दिनेश (२०७६*), ऐतिहासिक र वर्तमान परिप्रेक्षमा नेपाली भाषा पाठ्यपुस्तक*, अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर।

चम्लागाई, डिल्लीराम (२०७५), *कक्षा छको नेपाली र वैखरी पाठ्यपुस्तकको तुलनात्मक अध्यन*, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर।

चौकासे, आकाश (सन् २०१७), स्टडी अफ टेक्स्टबुक डेवलभमेन्ट प्रोसेस इन महाराष्ट्र एण्ड ट्रान्सेक्सन अफ कन्टेन इन स्कुल स्टुडेन्ट, *जर्नल अफ एजुकेसन एण्ड डेभलपमेन्ट*, जनवरी १३ पृ.पृ. ३-२५।

चौलागाईँ, मदनप्रसाद (२०७७), *कक्षा चारको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधाको भाषिक विश्लेषण,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर।

छाब्रा, अनामिका र अन्य (सन् २०१५), फ्रेमओर्क फर टेक्स्टबुक इनहेन्समेन्ट एण्ड लर्निङ युजिङ क्राउडसोर्सेड एनोटेसनस्, arXiv:1503.06009v1 [cs.CY] 20 Mar 2015

जेइन, पुल्कित (सन् २०२६), ह्वाट इज डाटा कलेक्सन : मेथडस, टाइपस, टुल्स, https://www.simplilearn.com/what-is-data-collection-article

ज्याङ्ग, छेन्जलिङ र अन्य (सन् २०२१), टिचरस एडब्सन अफ एन ओपन एण्ड इन्ट्रयाक्टिक ई बुक फर टिचिङ के- टुबेल स्टुड्न्टस आर्टिफिसियल इन्टेलिजेन्स : अ मिक्स्ड मेथोडस इन्क्वाइरी, स्मार्ट लर्निङ इन्भाइरोमेन्ट, भाग ८, पृ.पृ. १-२० । https://doi.org/10.1186/s40561-021-00176-5

टिन, वाङ र अन्य (सन् २०२५), अपरचुनेटिज टु लर्न म्याथमेटिकल मोडेलिङ इन एनएमसी प्राइमरी टेक्स्टबुक : अ केस स्टडी अफ एनएमसी टेक्स्टबुक फर ग्रेड ६ एजुकेसन इनोभेइसन इन्स्टिच्यूड, *बैइजिङ नर्मल युनिभर्सिटी झुवाई चाइना*, पृ.पृ. २४-३० । 10.1007/978-981-97-8426-4_4

टिम, डोभेतातील इडिरोरियल (सन् २०२३), डाडा सोर्सेस इन रिसर्च : अ कुइक गाइड, https://dovetail.com/research/what-is-a-data-source/

डेनियल्स, डेबोरा र अन्य (सन् २०२३), प्यारेन्स् बुक चोइस : हाउ डु प्यारेन्स् सेलेक्ट बुक्स टु सेअर उइथ इनफ्यान्टस एण्ड टुडलेअर्स उइथ ल्याङ्गोइझ इम्पाइरमेन्ट, जनवरी भाग २२(२), पृ.पृ. २७९-३०७। 10.1177/1468798420985668

डेहन, बर्दे र अन्य (सन् २००७), *नेवाडाज टेक्स्टबुक एडप्सन पोलिसी, द रोल एण्ड इन्फुलुयन्स अफ प्यारेन्टस् एण्ड ग्रुप*, थेसिस इन मास्टर्स अफ पब्लिक एड्मिनिस्ट्रेसन, युनिभर्सिटी अफ नेवाडा लस भेगस ।

